# आर्थिक वर्ष २०७७/७८ को
# बजेटको वार्षिक प्रगति मूल्याङ्कन प्रतिवेदन

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरवार, काठमाडौं
२०७८ कार्तिक

# आर्थिक वर्ष  २०७७/७८ को
# बजेटको वार्षिक प्रगति मूल्याङ्कन प्रतिवेदन

(आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २३ को उपदफा (५) बमोजिम तयार पारिएको वार्षिक प्रगति मूल्याङ्कन प्रतिवेदन, २०७७/७८)

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरवार, काठमाडौं
२०७८ कार्तिक

# मन्तव्य

नेपाल सरकारको आर्थिक वर्ष २०७७/७८ को बजेट कार्यान्वयन र राजस्व संकलनको विश्लेषण, सार्वजनिक खर्च प्रणालीमा देखिएका समस्या र समाधानका लागि गरिएका प्रयास एवम् सुधार र आगामी दिनमा सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी एवम् गुणस्तरीय बनाउन अवलम्वन गर्नुपर्ने विषयहरू समावेश गरी वार्षिक प्रगति मूल्याङ्कन प्रतिवेदन तयार गरिएको छ।

विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को महामारीको बहुआयामिक असरलाई न्यूनीकरण गर्दै नागरिकको दैनिक जीवनयापन सहज बनाउनका लागि मुलुकको आर्थिक र सामाजिक गतिविधिलाई सामान्यीकरण गर्न सरकारले उपलब्ध गराएको राहत, सहुलियत, छुट एवम् अन्य विभिन्न वित्तीय तथा मौद्रिक उपायहरूको अवलम्बनले अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग पुगेको देखिन्छ।

बढ्दो व्यापार घाटा र प्रशासनिक खर्च, न्यून र कम गुणस्तरको पुँजीगत खर्च, आयातमुखी राजस्व एवम् विप्रेषणमाथिको निर्भरता जस्ता परम्परागत चुनौति कायमै रहेका छन्। सार्वजनिक वित्त व्यवस्थापनलाई थप प्रभावकारी बनाउन आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली, सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने मापदण्ड एवम् आयोजनाको बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्ड जारी गरिएकोले वित्तीय एवम् बजेट अनुशासन कायम गर्नमा सहयोग पुगेको देखिन्छ। नागरिकको जीवन रक्षालाई उच्च प्राथमिकता दिइ लागु गरिएका बन्दाबन्दी र निषेधाज्ञालगायतका कदमले मानवीय, आर्थिक तथा सामाजिक लगायतका क्षेत्रको क्षति, नोक्सानी र त्रासदीलाई न्यून स्तरमा राख्दै आर्थिक गतिविधिलाई क्रियाशील तुल्याउन गरिएका प्रयत्नले सरकार प्रतिको नागरिक विश्वास कायमै रहेको छ। लक्ष्य अनुसार राजस्व सङ्कलनमा देखिएको न्यूनता, विकास सहायतामा आएको संकुचन तथा कोभिड-१९ विरुद्धको खोप खरिद र व्यवस्थापनले स्रोत व्यवस्थापन माथि थप दवाव सृजना गरे तापनि विवेकशील नीति र कार्यान्वयनको प्रभावकारिताले सर्वसञ्चित कोष बचतमा रहेको छ।

कोभिड-१९ को महामारीबाट प्रभावित अर्थतन्त्रलाई लयमा फर्काउँदै दिगो विकास लक्ष्य प्राप्ति, देशलाई विकासशील मुलुकमा स्तरोन्नती र मध्यम आय भएको मुलुकमा रुपान्तरण गर्ने प्रतिवद्धतासहित सुशासन, विकास र समृद्धिको राष्ट्रिय चाहनालाई साकार बनाउन समग्र सार्वजनिक वित्त व्यवस्थापनमा निरन्तरको दिगो र उन्नतशील सुधार आवश्यक देखिन्छ। यस प्रतिवेदनमा उल्लिखित विषयले आगामी दिनमा समग्र अर्थतन्त्रको सुधारका लागि सम्वद्ध सबै पक्षलाई मार्गदर्शन गर्ने अपेक्षा लिएको छ।

अन्त्यमा, प्रस्तुत प्रतिवेदन तयारीमा सहयोग पुऱ्याउने सबै निकाय र कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु।

जनार्दन शर्मा "प्रभाकर"
अर्थमन्त्री

## विषय सूची

| विषय | पाना नं. |
|---|---|

### परिच्छेद एक
### देशको समष्टिगत आर्थिक तथा वित्तीय स्थिति


१.१ वास्तविक क्षेत्र ........ १
१.२ मद्रास्फीति ........ २
१.३ बाह्य क्षेत्र ........ २
१.४ मौद्रिक स्थिति ........ ४
१.५ पुँजी बजार ........ ७
१.६ बीमा ........ ७
१.७ निक्षेप सुरक्षण ........ ७
१.८ कर्जा सुरक्षण ........ ८


### परिच्छेद दुई
### राजस्व परिचालन


२.१ राजस्व संकलन ........ ९
२.२ कर राजस्वको शीर्षकगत विश्लेषण ........ ९
२.३ गैरकर राजस्व ........ १३
२.४ करको दायरा विस्तार ........ १३
२.५ आर्थिक वर्ष **२०७७/७८** मा सम्पादन गरिएका मुख्य कामहरू ........ १४


### परिच्छेद तीन
### बजेट विनियोजन र खर्च स्थिति


३.१ पृष्ठभूमि ........ १७
३.२ आन्तरिक र वैदेशिक सहायतातर्फ खर्चको स्रोतगत विश्लेषण ........ १८
३.३ शीर्षकगत खर्चको स्थिति ........ २०
३.४ कार्यगत खर्च स्थिति ........ २२
३.५ पाँच आर्थिक वर्षको चालु, पुँजीगत र वित्तीय व्यवस्थातर्फ बजेट विनियोजन र खर्चको विवरण ........ २३
३.६ मन्त्रालयगत विनियोजन र खर्चको स्थिति ........ २४
३.७ लैङ्गिक उत्तरदायी बजेट तथा खर्च ........ २६
३.८ जलवायु परिवर्तन बजेट तथा खर्च ........ २६
३.९ विकास सहायताको प्रतिवद्धता र प्राप्तिको स्थिति विश्लेषण ........ २७
३.१० आन्तरिक ऋण र कुल ऋण भार ........ २८
३.११ नेपाल सरकारको केन्द्रीय कोषको स्थिति ........ २८
३.१२ निष्कर्ष ........ २८


### परिच्छेद चार
### प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरण


४.१ पृष्ठभूमि ........ २९

४.२ वित्तीय हस्तान्तरणका प्रमुख औजारहरू ........ २९
४.३ अन्तर-सरकारी वित्तीय हस्तान्तरणको क्रममा देखिएका चुनौती तथा सुधारका क्षेत्र ........ ३२

## परिच्छेद पाँच

## राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति विवरण

५.१ सिक्टा सिँचाइ आयोजना ........ ३७
५.२ बबई सिँचाइ आयोजना ........ ३७
५.३ रानी जमरा कुलरीया सिँचाइ आयोजना ........ ३८
५.४ भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना ........ ३९
५.५ माथिल्लो तामाकोशी जलविद्युत आयोजना ........ ३९
५.६ बुढीगण्डकी जलविद्युत आयोजना ........ ३९
५.७ पश्चिम सेती जलविद्युत आयोजना ........ ४०
५.८ सुनकोशी मरिन डाइभर्सन बहुउद्देशीय आयोजना ........ ४०
५.९ महाकाली सिँचाइ आयोजना ........ ४१
५.१० गौतम बुद्ध अन्तर्राष्ट्रिय बिमानस्थल ........ ४१
५.११ पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय बिमानस्थल ........ ४२
५.१२ निजगढ अन्तर्राष्ट्रिय बिमानस्थल ........ ४२
५.१३ पशुपति क्षेत्र विकास कोष ........ ४३
५.१४ लुम्बिनी क्षेत्र विकास कोष ........ ४३
५.१५ पुष्पलाल (मध्यपहाडी) लोकमार्ग ........ ४४
५.१६ रेल, मेट्रो रेल तथा मोनो रेल विकास आयोजना ........ ४४
५.१७ हुलाकी राजमार्ग ........ ४५
५.१८ उत्तर दक्षिण लोकमार्ग (कोशी) ........ ४५
५.१९ उत्तर दक्षिण लोकमार्ग (कालीगण्डकी कोरिडोर) ........ ४५
५.२० उत्तर दक्षिण लोकमार्ग (कर्णाली कोरिडोर) ........ ४६
५.२१ काठमाण्डौ-तराई/मधेस द्रुत मार्ग ........ ४६
५.२२ गल्छी-त्रिशुली-मैलुङ्ग-स्याफ्रुबेसी-रसुवागढी सडक ........ ४७
५.२३ मेलम्ची खानेपानी आयोजना ........ ४७
५.२४ राष्ट्रपति चुरे संरक्षण कार्यक्रम ........ ४८
५.२५ मिलिनियम च्यालेन्ज एकाउण्ट नेपाल ........ ४८

## परिच्छेद छ

## भुकम्प पछिको पुनर्निर्माणको प्रगति अवस्था

६.१ आर्थिक वर्ष २०७७/७८ को शुरु विनियोजन, खुद विनियोजन र खर्चको स्थिति ........ ५०
६.२ पुनर्निर्माणको हालसम्मको प्रगति विवरण ........ ५१
६.३ पुनर्निर्माणका समस्या तथा चुनौतीहरू ........ ५४

## परिच्छेद सात

## क्षेत्रगत मन्त्रालय/निकायको प्रगतिको अवस्था

७.१ अर्थ मन्त्रालय ........ ५५

७.२ उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय ..... ५५
७.३ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ..... ५६
७.४ कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय ..... ५७
७.५ कृषि तथा पशुपन्छी विकास मन्त्रालय ..... ५८
७.६ खानेपानी मन्त्रालय ..... ६०
७.७ गृह मन्त्रालय ..... ६१
७.८ परराष्ट्र मन्त्रालय ..... ६१
७.९ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ..... ६२
७.१० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय ..... ६३
७.११ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ..... ६५
७.१२ महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय ..... ६५
७.१३ युवा तथा खेलकूद मन्त्रालय ..... ६६
७.१४ रक्षा मन्त्रालय ..... ६७
७.१५ राष्ट्रिय योजना आयोग ..... ६८
७.१६ वन तथा वातावरण मन्त्रालय ..... ६८
७.१७ शहरी विकास मन्त्रालय ..... ६९
७.१८ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय ..... ७०
७.१९ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ..... ७१
७.२० संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ..... ७२
७.२१ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ..... ७३
७.२२ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ..... ७५
७.२३ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ..... ७७

## परिच्छेद आठ
## कोभिड-१९ को संक्रमण, रोकथाम तथा नियन्त्रण

८.१ आर्थिक पुनरूत्थान, रोजगारी सिर्जना र राहतका लागि गरिएका प्रबन्ध ..... ७९
८.२ रोजगारी सिर्जना गर्न वित्तीय साधनको उपलब्धता प्राथमिकता प्राप्त क्षेत्रतर्फ बढाउने, मुलुकभित्र रोजगारी सिर्जना र उद्यमशीलता विकास गर्न प्रोत्साहन गर्ने ..... ८०
८.३ कोभिड-१९ बाट प्रभावित क्षेत्र, पेशा, व्यवसायलाई वित्तीय सहुलियत तथा राहत उपलब्ध गराउने .. ८०
८.४ कर सहुलियत, सुविधा तथा छुट ..... ८१
८.५ खर्च व्यवस्थापनमा गरिएका प्रबन्ध ..... ८२

## परिच्छेद नौ
## बजेट तर्जुमा र कार्यान्वयनमा देखिएका समस्या र समाधानका सुझावहरू

९.१ बजेट तर्जुमामा देखिएका समस्या ..... ८४
९.२ बजेट कार्यान्वयनमा देखिएका समस्या ..... ८६
९.३ लेखा प्रणाली तथा अभिलेख व्यवस्थापनका समस्या ..... ८६
९.४ बजेट तर्जुमामा गर्नुपर्ने सुधार ..... ८७
९.५ बजेट कार्यान्वयनमा गर्नुपर्ने सुधार ..... ८८

९.६ राष्ट्रिय गौरवका आयोजना कार्यान्वयनका समस्या र समाधानका उपाय .................................. ८९
निष्कर्ष ९२

## अनुसूचीहरू

**तालिका सूची**

तालिका १.१ कुल गार्हस्थ्य उत्पादनमा विगत ३ वर्षको क्षेत्रगत योगदान १
तालिका १.२ बाह्य क्षेत्रको स्थिति (वैदेशिक व्यापारतर्फ) ३
तालिका १.३ बाह्य क्षेत्रको स्थिति (चालु खाता एवम् शोधानान्तर स्थिति) ३
तालिका १.४ कर्जा सुरक्षण ८
तालिका २.१ राजस्व संकलन ९
तालिका २.२ आयकर संकलन विवरण १०
तालिका २.३ संस्थागत आयकर संकलन विवरण १०
तालिका २.४ व्यक्तिगत आयकर संकलन विवरण ११
तालिका २.५ लगानीको आयकर संकलन विवरण ११
तालिका २.६ आन्तरिक मूल्य अभिवृद्धि कर संकलनको स्थिति ११
तालिका २.७ अन्तःशुल्कको तुलनात्मक स्थिति १२
तालिका २.८ भन्सार महसुल संकलनको स्थिति १३
तालिका २.९ गैर कर राजस्व संकलनको स्थिति १३
तालिका २.१० व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण १४
तालिका ३.१ आर्थिक वर्ष २०७७/७८ को विनियोजन र खर्च १८
तालिका ३.२ आर्थिक वर्ष २०७७/७८ को स्रोतगत खर्चको विवरण १९
तालिका ३.३ चालु खर्चको शीर्षकगत विश्लेषण २०
तालिका ३.४ पुँजीगत खर्चतर्फको शीर्षकगत विश्लेषण २१
तालिका ३.५ वित्तीय व्यवस्थातर्फ शीर्षकगत विश्लेषण २२
तालिका ३.६ कार्यगत खर्च स्थितिको विवरण २२
तालिका ३.७ विगत पाँच वर्षको बजेट विनियोजन र खर्चको विवरण २३
तालिका ३.८ मन्त्रालय/निकायको खुद विनियोजन र खर्चको विवरण २४
तालिका ३.९ लैङ्गिक उत्तरदायी बजेट विनियोजन तथा खर्च २६
तालिका ३.१० जलवायु परिवर्तन बजेट तथा खर्च २६
तालिका ४.१ आर्थिक वर्ष २०७७/७८ मा भएको यथार्थ राजस्व बाँडफाँट विवरण ३०
तालिका ४.२ विगत चार अर्थिक वर्षमा प्रदेश र स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको विवरण ३२
तालिका ५.१ राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति विवरण ३६
तालिका ६.१ राष्ट्रिय पुनर्निर्माणको विनियोजन र खर्चको विवरण ५०
तालिका ६.२ निजी आवास पुनर्निर्माण तथा अनुदान वितरणको विवरण ५१
तालिका ६.३ पुनरावेदनको प्रगति अवस्था ५२
तालिका ६.४ क्षतिग्रस्त संरचनाको पुनर्निर्माणमा भएको प्रगति ५३
तालिका ७.१ उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय ५५
तालिका ७.२ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ५६
तालिका ७.३ कृषि तथा पशुपन्छी विकास मन्त्रालय ५८

तालिका ७.४ खानेपानी मन्त्रालय ६०
तालिका ७.५ गृह मन्त्रालय ६१
तालिका ७.६ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ६२
तालिका ७.७ भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय ६३
तालिका ७.८ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय ६५
तालिका ७.९ युवा तथा खेलकूद मन्त्रालय ६६
तालिका ७.१० वन तथा वातावरण मन्त्रालय ६८
तालिका ७.११ शहरी विकास मन्त्रालय ६९
तालिका ७.१२ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय ७०
तालिका ७.१३ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ७१
तालिका ७.१४ संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय ७२
तालिका ७.१५ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय ७३
तालिका ७.१६ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ७५
तालिका ७.१७ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय ७७
तालिका ८.१ कोरोना नियन्त्रण तथा उपचारमा भएको खर्चको विवरण ८३

**रेखाचित्रको सूची**

रेखाचित्र १ खर्चको स्रोतगत अवस्था १९
रेखाचित्र २ विगत पाँच वर्षको बजेट विनियोजन र खर्चको तुलनात्मक विवरण २४

**अनुसूचीहरू**

१. आर्थिक वर्ष २०७७/७८ को राजस्वको लक्ष्य तथा असुली विवरण
२. आ.व. २०७६/७७ र २०७७/७८ को राजस्व असुलीको तुलनात्मक विवरण
३. चालु, पुँजीगत र वित्तीय व्यवस्थातर्फ कुल विनियोजन र खर्चको विवरण
४. आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ को कुल खर्चको तुलनात्मक विवरण
५. आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ को तुलनात्मक खर्च विवरण
६. आर्थिक वर्ष २०७७/७८ को आर्थिक वर्गीकरण अनुसार शीर्षकगत खर्चको विवरण
७. आर्थिक वर्ष २०७७/७८ को नेपाल सरकार र बैदेशिक स्रोततर्फको खर्चको विवरण
८. आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ को शीर्षकगत खर्चको तुलनात्मक विवरण
९. आर्थिक वर्ष २०७७/७८ को कार्यगत खर्च विवरण
१०. आर्थिक वर्ष २०७७/७८ को मन्त्रालय/आयोग/निकायगत विनियोजन र खर्च विवरण
११. आर्थिक वर्ष २०७७/७८ को मन्त्रालय/निकायगत चालु, पुँजीगत र वित्तीय व्यवस्थाको विनियोजन र खर्चको विवरण
१२. आर्थिक वर्ष २०७७/७८ को राष्ट्रिय गौरवका आयोजनाहरूको विनियोजन र खर्च विवरण
१३. आर्थिक वर्ष २०७७/७८ को लैङ्गिक उत्तरदायी बजेटको सेवा तथा कार्यगत खर्चको विवरण
१४. आर्थिक वर्ष २०७७/७८ को गरिवी न्यूनीकरण बजेटको सेवा तथा कार्यगत खर्चको विवरण
१५. आर्थिक वर्ष २०७७/७८ को जलवायु परिवर्तन बजेटको सेवा तथा कार्यगत खर्चको विवरण
१६. अन्तर्राष्ट्रिय आर्थिक सहायता प्रतिवद्धता - क्षेत्रगत विवरण
१७. अन्तर्राष्ट्रिय आर्थिक सहायता प्रतिवद्धता - परियोजनागत विवरण
१८. अन्तर्राष्ट्रिय आर्थिक सहायता प्रतिवद्धता - दातृ निकायगत विवरण

# परिच्छेद एक
# देशको समष्टिगत आर्थिक तथा वित्तीय स्थिति

## १.१ वास्तविक क्षेत्र

- विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ महामारीको कारण आर्थिक तथा स्वास्थ्य क्षेत्रमा नकारात्मक असर पर्न गएको छ। आर्थिक वर्ष २०७७/७८ को पहिलो त्रैमासमा तुलनात्मक रुपमा कोभिडको असर क्रमशः कम हुँदै गएको थियो। कोभिड-१९ को पहिलो लहरबाट सिर्जित असरको कमीसँगै चलायमान हुँदै गरेको अर्थतन्त्र, नयाँ वर्ष २०७८ को शुरुवातसँगै फैलिएको कोभिड-१९ को दोस्रो लहरबाट पुनः आक्रान्त हुन पुगेको छ। मुलुकको विभिन्न भागमा पुनः लागु भएको निषेधाज्ञाको कारण उत्पादन, रोजगारी तथा समग्र आर्थिक क्षेत्रमा असर पर्न गएको छ।
- केन्द्रीय तथ्याङ्क विभागका अनुसार आर्थिक वर्ष २०७७/७८ मा ४.०१ प्रतिशत आर्थिक वृद्धि भएको अनुमान छ। केन्द्रीय तथ्याङ्क विभागले अनुमान गरेभन्दा लामो समयसम्म निशेधाज्ञा तथा बन्दाबन्दी रहेकोले अनुमानित आर्थिक वृद्धि हासिल गर्न कठिनाई हुने देखिएको छ।
- केन्द्रीय तथ्याङ्क विभागका अनुसार कृषि क्षेत्रको वृद्धि २.६४ प्रतिशत, उद्योग क्षेत्रको ५.०५ प्रतिशत तथा सेवा क्षेत्रको वृद्धि ४.४३ प्रतिशत रहेको अनुमान छ। कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको अंश क्रमशः २५.८३ प्रतिशत, १३.११ प्रतिशत र ६१.०६ प्रतिशत रहेको छ (तालिका १)। कृषि क्षेत्रतर्फ धानको उत्पादन १.२८ प्रतिशतले वृद्धि भई ५६,२१,७१० मेट्रिक टन रहेको अनुमान छ।
- आर्थिक वर्ष २०७७/७८ मा कुल गार्हस्थ्य बचत कुल गार्हस्थ्य उत्पादनको ६.६२ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७७/७८ मा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन रू.१ लाख ४० हजार ८ सय १९ (अमेरिकी डलर ११९१) रहेको अनुमान छ। साथै कुल राष्ट्रिय आय अमेरिकी डलर १ हजार १ सय ९६ तथा कुल खर्च योग्य आय अमेरिकी डलर १ हजार ४ सय ८६ रहेको अनुमान छ।
- आर्थिक वर्ष २०७७/७८ मा कुल जलविद्युतको जडित क्षमता वृद्धि भई १ हजार ४ सय ५८ मेगावाट पुगेको छ। माथिल्लो तामाकोशी आयोजनाबाट विद्युत उत्पादन शुरु भएको छ। आर्थिक वर्ष २०७७/७८ सम्म ९३ प्रतिशत जनसंख्यामा विद्युत पहुँच पुगेको छ भने प्रतिव्यक्ति विद्युत खपत २ सय ६० युनिट पुगेको छ।
- विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ महामारीको कारण अन्तर्राष्ट्रिय आवागमन ठप्प प्राय रह्यो र आन्तरिक घुमफिरमासमेत कठिनाई उत्पन्न भयो। एकपछि अर्को गर्दै दोहोरिएको संक्रमणका कारण पर्यटकीय गतिविधिमा कमी आई कुल पर्यटक आगमन संख्यामा ९०.९४ प्रतिशतले गिरावट भई पर्यटक संख्या ७० हजार १ सय २३ कायम भयो।

**तालिका १.१ कुल गार्हस्थ्य उत्पादनमा विगत ३ वर्षको क्षेत्रगत योगदान** (प्रतिशतमा)

| क्षेत्र | आ.व.२०७५/७६ | आ.व.२०७६/७७ सं | आ.व.२०७७/७८ प्रा. |
|---|---|---|---|
| कृषि* | २४.९२ | २६.२१ | २५.८३ |
| उद्योग | १५.०२ | १३.३७ | १३.११ |
| सेवा | ६०.०६ | ६०.४२ | ६१.०६ |

| यथार्थ कुल गार्हस्थ्य उत्पादनको वृद्धिदर | | | |
|---|---|---|---|
| आर्थिक वृद्धिदर | **६.६६** | **-२.०९** | **४.०१** |
| कृषि* | ५.१६ | २.२३ | २.६४ |
| उद्योग | ७.३८ | -३.६९ | ५.०५ |
| सेवा | ६.७६ | -३.९७ | ४.४३ |
| *कृषि, वन तथा मत्स्यपालन प्रा. प्रारम्भिक अनुमान सं. संशोधित अनुमान<br>स्रोतः केन्द्रीय तथ्याङ्क विभाग | | | |

## १.२ मद्रास्फीति

### उपभोक्ता मुद्रास्फीति

- आर्थिक वर्ष २०७७/७८ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ३.६० प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष यस्तो मुद्रास्फीति ६.१५ प्रतिशत रहेको थियो।

### थोक मुद्रास्फीति

- आर्थिक वर्ष २०७७/७८ मा वार्षिक औसत थोक मुद्रास्फीति ७.६१ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्ष यस्तो मुद्रास्फीति ६.८७ प्रतिशत रहेको थियो।

## १.३ बाह्य क्षेत्र

### १.३.१ वैदेशिक व्यापार

- आर्थिक वर्ष २०७७/७८ मा कुल वस्तु निर्यात ४४.४ प्रतिशतले वृद्धि भई रू.१ खर्ब ४१ अर्ब १२ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो निर्यात ०.६ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा गन्तव्यका आधारमा भारत तथा अन्य मुलुकतर्फ क्रमशः ५१.७ प्रतिशत र २७.७ प्रतिशतले निर्यात वृद्धि भएको छ भने चीनतर्फको निर्यातमा १४.७ प्रतिशतले कमी आएको छ। वस्तुगत आधारमा सोयाविन तेल, अलैंची, धागो (पोलिष्टर तथा अन्य), जुटका सामान, ऊनी गलैंचालगायतका वस्तुको निर्यात बढेको छ भने पाम तेल, दाल, जस्तापाता, तार, चोकरलगायतका वस्तुको निर्यात घटेको छ।
- आर्थिक वर्ष २०७७/७८ मा कुल वस्तु आयात २८.७ प्रतिशतले वृद्धि भई रू.१५ खर्ब ३९ अर्ब ८४ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आयात १५.६ प्रतिशतले घटेको थियो। वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन तथा अन्य मुलुकबाट भएको आयात क्रमशः ३२.१ प्रतिशत, २८.६ प्रतिशत र १९.६ प्रतिशतले वृद्धि भएको छ। वस्तुगत आधारमा यातायातका साधन तथा पार्टपुर्जा, कच्चा सोयाविन तेल, एम.एस. बिलेट, चामल, सुनलगायतका वस्तुको आयात बढेको छ भने हवाईजहाजका पार्टपुर्जा, कच्चा पाम तेल, भिडियो, टेलिभिजन तथा पार्टपूर्जा, कोल्ड रोल्ड सिट इन्क्वाइल, सुपारीलगायतका वस्तुको आयात घटेको छ।
- आर्थिक वर्ष २०७७/७८ मा कुल वस्तु व्यापार घाटा २७.३ प्रतिशतले वृद्धि भई रू.१३ खर्ब ९८ अर्ब ७१ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो घाटा १६.८ प्रतिशतले घटेको थियो।

**तालिका १.२ बाह्य क्षेत्रको स्थिति (वैदेशिक व्यापारतर्फ)**

(कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात)

| विवरण | आ.व.२०७५/७६ | आ.व.२०७६/७७ | आ.व.२०७७/७८ |
|---|---|---|---|
| वस्तु निर्यात | २.५ | २.५ | ३.३ |
| वस्तु आयात | ३६.८ | ३०.६ | ३६.१ |
| व्यापार घाटा | -३४.२ | -२८.१ | -३२.८ |
| कुल वस्तु व्यापार | ३९.३ | ३३.१ | ३९.४ |

स्रोतः नेपाल राष्ट्र बैंक

### १.३.२ विप्रेषण आप्रवाह

- आर्थिक वर्ष २०७७/७८ मा विप्रेषण आप्रवाहमा ९.८ प्रतिशतले वृद्धि भई रू.९ खर्ब ६१ अर्ब ५ करोड रहेको छ। अघिल्लो वर्ष विप्रेषण आप्रवाह ०.५ प्रतिशतले घटेको थियो। विप्रेषण आप्रवाहको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात अघिल्लो वर्ष २२.४ प्रतिशत रहेकोमा समीक्षा अवधिमा उक्त अनुपात २२.५ प्रतिशत रहेको छ। समीक्षा अवधिमा खुद ट्रान्सफर आयमा ९.१ प्रतिशतले वृद्धि भई रू.१० खर्ब ७१ अर्ब ३५ करोड रहेको छ। अघिल्लो वर्ष यस्तो ट्रान्सफर १.५ प्रतिशतले घटेको थियो।
- आर्थिक वर्ष २०७७/७८ मा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ र वैधानिकीकरण) लिने नेपालीको संख्या ६२.८ प्रतिशतले घटेको छ। अघिल्लो वर्ष यस्तो संख्या २०.५ प्रतिशतले घटेको थियो। वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा अवधिमा ४६.८ प्रतिशतले घटेको छ। अघिल्लो वर्ष यस्तो संख्या ३४.७ प्रतिशतले घटेको थियो।

### १.३.३ चालु खाता एवम् शोधानान्तर स्थिति

- आर्थिक वर्ष २०७७/७८ मा चालु खाता घाटा रू.३ खर्ब ३३ अर्ब ६७ करोड रहेको छ। अघिल्लो वर्ष यस्तो घाटा रू.३३ अर्ब ७६ करोड रहेको थियो।
- समीक्षा अवधिमा शोधानान्तर स्थिति रू.१ अर्ब २३ करोडले बचतमा रहेको छ। अघिल्लो वर्ष शोधानान्तर स्थिति रू.२ खर्ब ८२ अर्ब ४१ करोडले बचतमा रहेको थियो।
- समीक्षा अवधिमा पुँजीगत ट्रान्सफर ७.४ प्रतिशतले वृद्धि भई रू.१५ अर्ब २६ करोड रहेको छ भने खुद प्रत्यक्ष वैदेशिक लगानी ०.२ प्रतिशतले वृद्धि भई रू.१९ अर्ब ५१ करोड पुगेको छ। अघिल्लो वर्ष पुँजीगत ट्रान्सफर रू.१४ अर्ब २१ करोड र खुद प्रत्यक्ष वैदेशिक लगानी रू.१९ अर्ब ४८ करोड रहेको थियो।

**तालिका १.३ बाह्य क्षेत्रको स्थिति (चालु खाता एवम् शोधानान्तर स्थिति)**

(कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात)

| विवरण | आ.व.२०७५/७६ | आ.व.२०७६/७७ | आ.व.२०७७/७८ |
|---|---|---|---|
| भ्रमण आय | १.९ | १.६ | ०.२ |
| विप्रेषण आप्रवाह | २२.८ | २२.४ | २२.५ |
| चालु खाता सन्तुलन | -६.९ | -०.९ | -७.८ |
| विदेशी विनिमय सञ्चिति | २६.९ | ३५.८ | ३२.८ |

स्रोत- नेपाल राष्ट्र बैंक

#### १.३.४ विदेशी विनिमय सञ्चिति

२०७७ असार मसान्तमा रू.१४ खर्ब १ अर्ब ८४ करोड बराबर रहेको कुल विदेशी विनिमय सञ्चिति २०७८ असार मसान्तमा ०.२ प्रतिशतले कमी भई रू.१३ खर्ब ९९ अर्ब ३ करोड कायम भएको छ। कुल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २४ प्रतिशत रहेको छ। कुल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७७ असार मसान्तमा रू.१२ खर्ब २६ अर्ब १२ करोड रहेकोमा २०७८ असार मसान्तमा रू.१२ खर्ब ४४ अर्ब ६३ करोड रहेको छ। बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति २०७७ असार मसान्तमा रू.१ खर्ब ७५ अर्ब ७१ करोड रहेकोमा २०७८ असार मसान्तमा रू.१ खर्ब ५४ अर्ब ३९ करोड रहेको छ। आर्थिक वर्ष २०७७/७८ को आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति ११.२ महिनाको वस्तु आयात र १०.२ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ।

### १.४ मौद्रिक स्थिति

#### १.४.१ मुद्राप्रदाय

- २०७७ असार मसान्तमा रू.४२ खर्ब ३० अर्ब ९७ करोड रहेको विस्तृत मुद्राप्रदाय आर्थिक वर्ष २०७७/७८ मा २१.८ प्रतिशतले वृद्धि भई २०७८ असार मसान्तमा रू.५१ खर्ब ५४ अर्ब ८५ करोड पुगेको छ। अघिल्लो वर्ष उक्त मुद्राप्रदाय १८.१ प्रतिशतले बढेको थियो।
- समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रू.१ अर्ब २३ करोड (०.१ प्रतिशत) ले बढेको छ। अघिल्लो वर्ष उक्त सम्पत्ति रू.२ खर्ब ८२ अर्ब ४१ करोड (२८.७ प्रतिशत) ले बढेको थियो।
- समीक्षा अवधिमा सञ्चित मुद्रा ५.२ प्रतिशतले बढेको छ। अघिल्लो वर्ष यस्तो मुद्रा २६.७ प्रतिशतले बढेको थियो।

#### १.४.२ कुल आन्तरिक कर्जा

- २०७७ असार मसान्तमा रू.३७ खर्ब ९२ अर्ब ६२ करोड रहेको कुल आन्तरिक कर्जा आर्थिक वर्ष २०७७/७८ मा २६.८ प्रतिशतले वृद्धि भई २०७८ असार मसान्तमा रू.४८ खर्ब १० अर्ब ६३ करोड पुगेको छ। अघिल्लो वर्ष उक्त कर्जा १३.६ प्रतिशतले बढेको थियो।
- २०७७ असार मसान्तमा रू.३२ खर्ब ७६ अर्ब ८९ करोड रहेको मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी आर्थिक वर्ष २०७७/७८ मा २६.३ प्रतिशतले वृद्धि भई २०७८ असार मसान्तमा रू.४१ खर्ब ३९ अर्ब ५६ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो दावी १२.६ प्रतिशतले बढेको थियो।

#### १.४.३ निक्षेप परिचालन

- बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप २०७७ असार मसान्तमा रू.३८ खर्ब ३९ अर्ब ७३ करोड भएकोमा आर्थिक वर्ष २०७७/७८ मा २१.४ प्रतिशतले वृद्धि भई २०७८ असार मसान्तमा रू.४६ खर्ब ६२ अर्ब ७३ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो निक्षेप १८.७ प्रतिशतले बढेको थियो।

- २०७८ असारमा बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेपमा चल्ती, बचत र मुद्दतीको अंश क्रमशः १०.४ प्रतिशत, ३४.२ प्रतिशत र ४७ प्रतिशत रहेको छ। अघिल्लो वर्ष यस्तो अंश क्रमशः १० प्रतिशत, ३१.९ प्रतिशत र ४८.६ प्रतिशत रहेको थियो।

### १.४.४ कर्जा प्रवाह

- बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाह भएको कर्जा २०७७ असार मसान्तमा रू.३२ खर्ब ९ अर्ब ७९ करोड भएकोमा आर्थिक वर्ष २०७७/७८ मा २७.३ प्रतिशतले वृद्धि भई २०७८ असार मसान्तमा रू.४० खर्ब ८४ अर्ब ८१ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो कर्जा १२ प्रतिशतले बढेको थियो।
- समीक्षा अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरूको कर्जा प्रवाह २७.८ प्रतिशतले, विकास बैंकहरूको कर्जा प्रवाह ३०.५ प्रतिशतले बढेको छ भने वित्त कम्पनीहरूको कर्जा प्रवाह ६.३ प्रतिशतले घटेको छ।
- आर्थिक वर्ष २०७७/७८ मा बैंक तथा वित्तीय संस्थाहरूको कृषि क्षेत्रतर्फको ४३.६ प्रतिशतले, औद्योगिक उत्पादन क्षेत्रतर्फको २०.६ प्रतिशतले, निर्माण क्षेत्रतर्फको १८.४ प्रतिशतले, यातायात, संचार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको २०.४ प्रतिशतले, थोक तथा खुद्रा व्यापार क्षेत्रतर्फको २६.२ प्रतिशतले र सेवा उद्योग क्षेत्रतर्फको २०.९ प्रतिशतले कर्जा बढेको छ।
- समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाहित आवधिक कर्जा २९.७ प्रतिशतले, ओभरड्राफ्ट कर्जा २९.८ प्रतिशतले, ट्रष्ट रिसिट (आयात) कर्जा ४८.७ प्रतिशतले, डिमान्ड तथा चालु पुँजी कर्जा २५.४ प्रतिशतले, रियल स्टेट (व्यक्तिगत आवासीय घर कर्जासमेत) कर्जा १५.८ प्रतिशतले र मार्जिन प्रकृति कर्जा ११०.८ प्रतिशतले बढेको छ भने हायर पर्चेज कर्जा ७.७ प्रतिशतले कर्जा घटेको छ।

### १.४.५ तरलता व्यवस्थापन

- आर्थिक वर्ष २०७७/७८ मा रिभर्स रिपोमार्फत रू.१ खर्ब ९ अर्ब ५४ करोड र निक्षेप संकलन बोलकबोलमार्फत रू.१ खर्ब ९३ अर्ब ७५ करोड गरी कुल रू.३ खर्ब ३ अर्ब २९ करोड तरलता प्रशोचन गरिएको छ। अघिल्लो वर्ष रू.७८ अर्ब तरलता प्रशोचन भएको थियो।
- आर्थिक वर्ष २०७७/७८ मा रिपोमार्फत रू.६७ अर्ब ९४ करोड र स्थायी तरलता सुविधामार्फत रू.३ खर्ब ७० अर्ब ३४ करोड गरी कुल रू.४ खर्ब ३८ अर्ब २८ करोड तरलता प्रवाह गरिएको छ। अघिल्लो वर्ष रू.२ खर्ब १९ अर्ब १६ करोड तरलता प्रवाह भएको थियो।
- समीक्षा अवधिमा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर ३ अर्ब ६२ करोड खुद खरिद गरी रू.४ खर्ब २८ अर्ब ५४ करोड तरलता प्रवाह भएको छ। अघिल्लो वर्ष विदेशी विनिमय बजारबाट अमेरिकी डलर ४ अर्ब २१ करोड खरिद गरी रू.४ खर्ब ९२ अर्ब २४ करोड तरलता प्रवाह गरिएको थियो।
- समीक्षा अवधिमा अमेरिकी डलर ४ अर्ब ५४ करोड बिक्री गरी रू.५ खर्ब ३५ अर्ब २३ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको छ। अघिल्लो वर्ष अमेरिकी डलर ३ अर्ब ८२ करोडलगायत अन्य विदेशी मुद्रा बिक्री गरी रू.४ खर्ब ४२ अर्ब १३ करोड बराबरको भारतीय रुपैयाँ खरिद भएको थियो।

### १.४.६ पुनरकर्जा, सहुलियतपूर्ण कर्जा र व्यवसाय निरन्तरता कर्जा

- आर्थिक वर्ष २०७७/७८ मा नेपाल राष्ट्र बैंकबाट सहुलियत ब्याजदरमा प्रदान गरिने पुनरकर्जा कुल रू.१ खर्ब ४८ अर्ब ७५ करोड स्वीकृत भएकोमा २०७८ असार मसान्तमा रू.१ खर्ब २२ अर्ब ७० करोड लगानीमा रहेको छ।
- उत्पादन अभिवृद्धि, रोजगारी सिर्जना र उद्यमशीलता विकासका लागि नेपाल सरकारको ब्याज अनुदानमा सञ्चालित सहुलियतपूर्ण कर्जा कार्यक्रमअन्तर्गत २०७८ असारसम्ममा १ लाख ४ हजार १ सय ९ ऋणीलाई रू.१ खर्ब ६१ अर्ब ४४ करोड कर्जा प्रवाह भएको छ। यसमध्ये कृषि तथा पशुपन्छी व्यवसायमा ४६ हजार ५७ ऋणीलाई रू.१ खर्ब ६ अर्ब ९८ करोड र ५५ हजार ५ सय ५१ महिला उद्यमीलाई रू.५० अर्ब ९८ करोड कर्जा लगानी भएको छ। सहुलियतपूर्ण कर्जाका अन्य ८ शीर्षकअन्तर्गत २ हजार ५ सय १ ऋणीहरूसँग रू.३ अर्ब ४८ करोड कर्जा लगानीमा रहेको छ।
- “व्यावसायिक निरन्तरता कर्जा प्रवाह कार्यविधि, २०७७” बमोजिम कोभिड-१९ प्रभावित पर्यटन र घरेलु, साना तथा मझौला उद्यम क्षेत्रको व्यवसाय निरन्तरतामा सहयोग पुऱ्याउन ती क्षेत्रका श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानीका लागि व्यवस्था गरिएको कर्जा २०७८ असार मसान्तसम्ममा रू.९५ करोड ६७ लाख स्वीकृत भएको छ।

### १.४.७ ब्याजदर

- २०७७ असारमा ९१ दिने ट्रेजरी बीलको भारित औसत ब्याजदर १.२७ प्रतिशत रहेकोमा २०७८ असारमा ४.५५ प्रतिशत रहेको छ। वाणिज्य बैंकहरूबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७७ असारमा ०.३५ प्रतिशत रहेकोमा २०७८ असारमा ४.१२ प्रतिशत रहेको छ।
- वाणिज्य बैंकहरूको औसत आधार दर २०७७ असारमा ८.५० प्रतिशत रहेकोमा २०७८ असारमा ६.८६ प्रतिशत कायम भएको छ। २०७७ असारमा वाणिज्य बैंकहरूको निक्षेपको भारित औसत ब्याजदर ६.०१ प्रतिशत रहेकोमा २०७८ असारमा ४.६५ प्रतिशत कायम भएको छ। २०७७ असारमा वाणिज्य बैंकहरूको कर्जाको भारित औसत ब्याजदर १०.११ प्रतिशत रहेकोमा २०७८ असारमा ८.४३ प्रतिशतमा झरेको छ।

### १.४.८ वित्तीय पहुँच

- आर्थिक वर्ष २०७७/७८ मा वित्तीय पहुँच विस्तार भएको छ। बैंक तथा वित्तीय संस्थाहरूको शाखा संख्या २०७७ असार मसान्तमा ९ हजार ७ सय ६५ रहेकोमा २०७८ असार मसान्तमा १० हजार ६ सय ८३ पुगेको छ। उक्त अवधिमा जनसंख्या प्रति बैंक शाखा ३ हजार ७२ बाट घटेर २ हजार ८ सय ४४ कायम भएको छ।
- आर्थिक वर्ष २०७७/७८ मा बैंक शाखा नपुगेका थप ३ स्थानीय तहमा शाखा विस्तार भई कुल ७ सय ५३ स्थानीय तहमध्ये ७ सय ५० तहमा वाणिज्य बैंकका शाखा विस्तार भएका छन्। वाणिज्य बैंकका शाखा पुग्न बाँकी स्थानीय तहमा धादिङ्ग जिल्लाको रुवीभ्याली, जाजरकोटको जुनीचाँदे र बझाङको साईपाल गाउँपालिका रहेका छन्।

## १.५ पुँजी बजार

- २०७७ असार मसान्तमा १३६२.४ रहेको नेप्से सूचकाङ्क २०७८ असार मसान्तमा २८८३.४ पुगेको छ।
- २०७८ असार मसान्तमा धितोपत्र बजार पुँजीकरण रू.४० खर्ब १० अर्ब ९६ करोड पुगेको छ। २०७७ असार मसान्तमा बजार पुँजीकरण रू.१७ खर्ब ९२ अर्ब ७६ करोड रहेको थियो।
- २०७८ असारमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २ सय १९ पुगेको छ। सूचीकृत कम्पनीहरूमध्ये १ सय ४३ बैंक तथा वित्तीय संस्था र बीमा कम्पनी रहेका छन् भने ४० जलविद्युत् कम्पनी, १९ उत्पादन तथा प्रशोधन उद्योग, ५ होटल, ५ लगानी कम्पनी, ४ व्यापारिक संस्था र ३ अन्य समूहका रहेका छन्। २०७७ असारमा सूचीकृत कम्पनीहरूको संख्या २ सय १२ रहेको थियो।
- सूचीकृत कम्पनीहरूमध्ये बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीको धितोपत्र बजार पुँजीकरणको हिस्सा ६८.९ प्रतिशत रहेको छ। त्यसैगरी, जलविद्युत कम्पनीको हिस्सा ८.४ प्रतिशत, लगानी कम्पनीको ८.१ प्रतिशत, उत्पादन तथा प्रशोधन उद्योगको हिस्सा ३.७ प्रतिशत, होटेलको हिस्सा १.५ प्रतिशत, व्यापारिक संस्थाको हिस्सा ०.५ प्रतिशत तथा अन्य समूहका कम्पनीहरूको हिस्सा ८.९ प्रतिशत रहेको छ।

## १.६ बीमा

- जीवन बीमा १९, निर्जीवन बीमा २० र पुनर्बीमा कम्पनी २ गरी नेपालमा कुल ४१ वटा बीमा कम्पनी रहेका छन्।
- आर्थिक वर्ष २०७६/७७ को असार मसान्तसम्म कुल जीवन बीमालेख संख्या ८५ लाख ७७ हजार ९ सय ८० रहेकोमा आर्थिक वर्ष २०७७/७८ को असार मसान्तसम्म ८६ लाख १२ हजार ८ सय ५० रही ०.४१ प्रतिशतले वृद्धि भएको छ। त्यस्तै, आर्थिक वर्ष २०७६/७७ मा कुल निर्जीवन बीमालेख संख्या २२ लाख ६ हजार ३ सय ३८ रहेकोमा आर्थिक वर्ष २०७७/७८ को असार मसान्तसम्म २७ लाख ३१ हजार ७ सय ७३ हुन गई २३.८१ प्रतिशतले वृद्धि भएको छ।
- आर्थिक वर्ष २०७६/७७ मा बीमाको दायरामा आएको जनसंख्या २२.६१ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७७/७८ मा २४.०२ प्रतिशत पुगेको छ।

## १.७ निक्षेप सुरक्षण

आर्थिक वर्ष २०७६/७७ को असार मसान्तसम्म ७३ वटा बैंक तथा वित्तीय संस्थाहरूबाट २ करोड ६० लाख निक्षेपकर्ताहरूको रू.६ खर्ब ८९ अर्ब निक्षेप सुरक्षण गरी रू.१ अर्ब ५ करोड बराबरको सुरक्षण शुल्क प्राप्त भएकोमा चालु आर्थिक वर्षको सोही अवधिमा ६६ वटा बैंक तथा वित्तीय संस्थाहरूबाट ३ करोड १ लाख निक्षेपकर्ताहरूको रू.८ खर्ब १२ अर्ब निक्षेप सुरक्षण गरी रू.१ अर्ब २३ करोड बराबरको निक्षेप सुरक्षण शुल्क प्राप्त भई गत वर्षको सोही अवधिको तुलनामा निक्षेप रकममा १७.८५ प्रतिशतले र सुरक्षण शुल्कमा १४.६३ प्रतिशतले वृद्धि भएको छ।

## १.८ कर्जा सुरक्षण

आर्थिक वर्ष २०७६/७७ र आर्थिक वर्ष २०७७/७८ को कर्जा सुरक्षणको तुलनात्मक विवरण

**तालिका १.४ कर्जा सुरक्षण** (रू.हजारमा)

| विवरण | आ.व.२०७६/७७ | आ.व.२०७७/७८ | वृद्धि प्रतिशत |
|---|---|---|---|
| पशुधन सुरक्षण क्षेत्र | ३५५९० | २२३३० | -३७.२६ |
| विपन्न तथा लघु कर्जा क्षेत्र | ५०७०७० | ८२५७९१ | ६२.८६ |
| कृषि कर्जा क्षेत्र | १३७४८ | १८०४८ | ३१.२८ |
| साना तथा मझौला उद्यम क्षेत्र | ९९८४ | १७९१५ | ७९.४३ |
| शैक्षिक क्षेत्र | ११ | ० | ० |
| सहुलियत पूर्ण क्षेत्र | २१७०९ | १२१७३८ | ४६०.७७ |
| **जम्मा** | ५८८११३ | १००५८२२ | ७१.०३ |

स्रोतः निक्षेप तथा कर्जा सुरक्षण कोष

# परिच्छेद दुई
# राजस्व परिचालन

## २.१ राजस्व संकलन

आर्थिक वर्ष २०७७/७८ मा रू.१० खर्ब ११ अर्ब ७५ करोड ८४ लाख राजस्व संकलनको अनुमान गरिएको थियो। सो अनुमानबाट संघीय सरकारको सञ्चित कोषमा रू.८ खर्ब ८९ अर्ब ६१ करोड ८४ लाख र रू.१ खर्ब २२ अर्ब १४ करोड राजस्व बाँडफाँटमार्फत प्रदेश र स्थानीय तहलाई हन्तान्तरण गर्ने लक्ष्य लिइएको थियो।

आर्थिक वर्ष २०७७/७८ मा रू.९ खर्ब ७८ अर्ब ७५ करोड ४१ लाख राजस्व (अन्य प्राप्तिसमेत) संकलन भएको छ, जुन वार्षिक अनुमानको ९६.७४ प्रतिशत प्रगति हो र गत वर्षको तुलनामा करिब १६.३४ प्रतिशतले बढी हो। यस अवधिमा विभिन्न राजस्व शीर्षकहरूमा संकलन भएको राजस्वको तुलनात्मक विवरण तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २.१ राजस्व संकलन** (रू.लाखमा)

| क.सं. | कर शीर्षक/क्षेत्र | लक्ष्य | असुली | | वृद्धिदर (प्रतिशत) |
|---|---|---|---|---|---|
| | | २०७७/७८ को वार्षिक लक्ष्य | आर्थिक वर्ष २०७६/७७ | आर्थिक वर्ष २०७७/७८ | |
| १ | भन्सार महशुल | १९३५५४७ | १३७९९०३ | २०१३८९६ | ४५.९४ |
| २ | मूल्य अभिवृद्धि कर | ३०२१६८७ | २२४०१६५ | २८२०१९१ | २५.८९ |
| | उत्पादन, बिक्री, सेवा | ११२०३६२ | ९८२०९७ | ११६५३५७ | १८.६६ |
| | पैठारी | १९०१३२५ | १२५८०६८ | १६५४८३४ | ३१.५४ |
| ३ | अन्तःशुल्क | १५५५०४१ | १००६२६९ | १३३७८०५ | ३२.९५ |
| | आन्तरिक उत्पादन | ९८९२२९ | ६४९७९८ | ८१५८५५ | २५.५६ |
| | पैठारी | ५६५८१२ | ३५६४७१ | ५२१९५० | ४६.४२ |
| ४ | शिक्षा सेवा शुल्क | १३४९७ | ५८३८ | ३६७६ | -३७.०३ |
| ५ | आयकर | २३८०३८७ | २१९७४१२ | २३००७७३ | ४.७० |
| ६ | अन्य कर | २२३३४३ | १७०९६८ | २२४७२५ | ३१.४४ |
| | कर राजस्व जम्मा | ९१२९४९० | ७०००५५५ | ८७०१०६७ | २४.२९ |
| ७ | गैर कर जम्मा | ९८८०९४ | ९३६९१२ | ६८२१४५ | -२७.१९ |
| | कुल राजस्व जम्मा | १०११७५८४ | ७९३७४६६ | ९३८३२११ | १८.२१ |
| ८ | अन्य प्राप्ति | 0 | ४७५६५८ | ४०४३३० | -१५.०० |
| | जम्मा राजस्व/प्राप्ति | **१०११७५८४** | **८४१३१२४** | **९७८७५४१** | **१६.३४** |

स्रोतः महालेखा नियन्त्रक कार्यालय/राजस्व व्यवस्थापन महाशाखा, अर्थ मन्त्रालय

## २.२ कर राजस्वको शीर्षकगत विश्लेषण

आर्थिक वर्ष २०७७/७८ मा कर राजस्व संकलनतर्फ रू.८ खर्ब ७० अर्ब १० करोड ६६ लाख असुल भएको छ, जुन लक्ष्यको तुलनामा ९५.३१ प्रतिशत प्रगति हो। आर्थिक वर्ष २०७६/७७ को संकलनको तुलनामा २४.२९ प्रतिशतले बढी हो। गत आर्थिक वर्षमा विश्वव्यापी रूपमा फैलिएको

कोभिड-१९ को कारण आर्थिक वर्षको चैत्र महिनादेखि जेठ महिनासम्म भएको लकडाउन र त्यसपछिको निषेधाज्ञाको समयमा अत्यावश्यकबाहेकका अन्य क्षेत्रमा आर्थिक गतिविधि ठप्प रहेको र आयातको परिमाणमासमेत कमी आएको कारण भन्सार विन्दुमा संकलन हुने राजस्वको वृद्धिदरसमेत नकारात्मक रहँदा समग्र कर राजस्वको वृद्धिदर ऋणात्मक देखिएकोमा यस अवधिमा कोभिड-१९ को प्रभाव केही कम भएको, खोपको शुरुवात भएको तथा आर्थिक गतिविधिहरूमा आएको सुधारबाट भन्सार विन्दुमा भएको राजस्वलगायत कर राजस्वका शीर्षकहरूमा सकारात्मक वृद्धिदर हासिल हुन गएको छ।

### २.२.१ आयकर

आर्थिक वर्ष २०७७/७८ मा आयकरतर्फ रू.२ खर्ब ३० अर्ब ७ करोड ७३ लाख संकलन भएको छ। सो रकम गत आर्थिक वर्षको तुलनामा ४.७० प्रतिशतले बढी हो भने लक्ष्यको तुलनामा ९६.६६ प्रतिशत हो। आयकरतर्फ क्षेत्रगत विश्लेषण गर्दा संस्थागत आयकरतर्फ अघिल्लो आर्थिक वर्षको तुलनामा १५.०५ प्रतिशत घटी राजस्व संकलन भएको छ, व्यक्तिगत आयकरतर्फ करिब ४४.२१ प्रतिशतको वृद्धिदर हासिल भएको छ। त्यसैगरी, लगानीतर्फको आयकरमा अघिल्लो वर्षको तुलनामा ३.७० प्रतिशतको वृद्धिदर हासिल भएको छ। संस्थागत आयकरतर्फ सरकारी संस्थानहरूले दाखिला गर्ने आयकरमा ४९.८८ प्रतिशतले ह्रास आएको छ। पब्लिक लिमिटेड कम्पनीतर्फको आयकरमा भने ९.५८ प्रतिशत र प्राइभेट लिमिटेड कम्पनीतर्फको १८.६३ प्रतिशतको वृद्धिदर रहेको छ। निकायको पुँजीगत लाभमा प्राप्त हुने आयकरमा भने ९७.०३ प्रतिशतको ऋणात्मक वृद्धिदर रहेको छ जसको प्रमुख कारण आर्थिक वर्ष २०७६/७७ मा एनसेल प्रा.लि.बाट ठूलो रकम पुँजीगत लाभकरबापत संकलन हुनु हो। व्यक्तिगत आयकरतर्फ एकलौटी फर्म, पारिश्रमिक तथा व्यक्तिगत पुँजीगत लाभकरतर्फ सबैमा सकारात्मक वृद्धिदर हासिल भएको छ। आयकरतर्फ संकलन भएको राजस्वको विश्लेषण देहाय बमोजिम तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २.२ आयकर संकलन विवरण** (रू.लाखमा)

| विवरण | आ.व.२०७६/७७ | आ.व.२०७७/७८ | वृद्धिदर |
|---|---:|---:|---:|
| संस्थागत आयकर | १२३१५१२ | १०४६१८८ | -१५.०५ |
| व्यक्तिगत आयकर | ५७९२७८ | ८३५३८५ | ४४.२१ |
| लगानीको आयकर | ३२१५४० | ३३३४४२ | ३.७ |

**तालिका २.३ संस्थागत आयकर संकलन विवरण** (रू.लाखमा)

| संस्थागत आयकर | आ.व.२०७६/७७ | आ.व.२०७७/७८ | वृद्धिदर |
|---|---:|---:|---:|
| सरकारी कम्पनी | ११०२४७ | ५५२५९ | -४९.८८ |
| पब्लिक लिमिटेड कम्पनी | ४७२००० | ५१७२३७ | ९.५८ |
| प्राइभेट लिमिटेड | ३२३७९२ | ३८४१०३ | १८.६३ |
| अन्य कम्पनी | ८८६०३ | ८२५५५ | -६.८३ |
| पुँजीगत लाभकर | २३६८७० | ७०३५ | -९७.०३ |

**तालिका २.४ व्यक्तिगत आयकर संकलन विवरण** (रू.लाखमा)

| व्यक्तिगत आयकर | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | वृद्धिदर |
|---|---|---|---|
| एकलौटी फर्म तथा व्यक्तिगत आयकर | २३६५२५ | २७८४४१ | १७.७२ |
| पारिश्रमिक कर | २५००४६ | २६९३१८ | ७.७१ |
| पुँजीगत लाभ कर | ९२७०८ | २८७६२६ | २१०.२ |
| सामाजिक सुरक्षा कर | ६५०८१ | ६८८९६ | ५.८६ |

**तालिका २.५ लगानीको आयकर संकलन विवरण** (रू.लाखमा)

| लगानीको आयकर | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | वृद्धिदर |
|---|---|---|---|
| घरबहाल | २६५४० | २८८१४ | ८.५७ |
| ब्याज | २१९९७१ | २२३०५८ | १.४ |
| लाभांश | ५९३८० | ६४७९१ | ९.११ |
| लगानीको अन्य आय | ६८१ | १००० | ४६.८४ |
| आकस्मिक लाभ | २६९२ | १८८९ | -२९.८३ |
| अन्य आयकर | १२२७५ | १३८९० | १३.१६ |

### २.२.२ मूल्य अभिवृद्धि कर

आर्थिक वर्ष २०७७/७८ मा मूल्य अभिवृद्धि करतर्फ रू.२ खर्ब ८२ अर्ब १ करोड ९१ लाख असुल भएको छ। यो लक्ष्यको तुलनामा ९३.३३ प्रतिशत हो भने गत आर्थिक वर्षको तुलनामा २५.८९ प्रतिशतको वृद्धि हो। आन्तरिक मूल्य अभिवृद्धि करतर्फ रू.१ खर्ब १६ अर्ब ५३ करोड ५७ लाख र पैठारीतर्फ रू.१ खर्ब ६५ अर्ब ४८ करोड ३४ लाख संकलन भएको छ। आन्तरिक मूल्य अभिवृद्धि करतर्फ १८.६६ प्रतिशत र पैठारीतर्फ ३१.५४ प्रतिशतको वृद्धिदर हासिल भएको छ। विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को महामारीको कारण पर्यटन व्यवसायमा पर्न गएको प्रत्यक्ष असरको प्रभाव राजस्व संकलनमासमेत परेको हुँदा पर्यटन क्षेत्रको वृद्धिदर ६५.५७ प्रतिशतले ऋणात्मक रहेको छ भने अन्यमा सकारात्मक वृद्धिदर देखिएको छ। मूल्य अभिवृद्धि करतर्फ संकलन भएको राजस्वको तुलना देहायको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २.६ आन्तरिक मूल्य अभिवृद्धि कर संकलनको स्थिति** (रू.लाखमा)

| शीर्षक | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | वृद्धिदर |
|---|---|---|---|
| उत्पादन | २७६१६९ | ३५१४६० | २७.२६ |
| आयात | १२५८०६८ | १६५४८४० | ३१.५४ |
| बिक्री वितरण | २२४२५८ | २७६४७६ | २३.२८ |
| ठेक्का र परामर्श | ३१८११८ | ३५०७९१ | १०.२७ |
| पर्यटन | २०२६८ | ६९७८ | -६५.५७ |
| दूरसंचार, बीमा र अन्य सेवा | ९६९९३ | १२७४६० | ३१.४१ |
| बेदर्तावाल (रिभर्स चार्ज) | ४५१६० | ५०९६७ | १२.८६ |

### २.२.३ अन्तःशुल्क

आर्थिक वर्ष २०७७/७८ मा अन्तःशुल्कतर्फ रू.१ खर्ब ३३ अर्ब ७८ करोड ५ लाख असुल भएको छ। असुल भएको कुल अन्तःशुल्कमध्ये आन्तरिक उत्पादनतर्फ रू.८१ अर्ब ५८ करोड ५५ लाख र पैठारीतर्फ रू.५२ अर्ब १९ करोड ५० लाख रहेको छ। गत आर्थिक वर्षको तुलनामा आन्तरिक अन्तःशुल्कतर्फ २५.५६ प्रतिशत र पैठारीतर्फ ४६.४२ प्रतिशतको वृद्धिदर हासिल भएको छ। समीक्षा अवधिमा चुरोट तथा सूर्तीजन्य पदार्थबाट संकलन भएको अन्तःशुल्क संकलनमा करीब १० प्रतिशत र वियरमा ४१.७६ प्रतिशतको वृद्धिदर रहेको देखिन्छ। मदिरा आयातमा लगाइएको प्रतिबन्ध फुकुवा, आर्थिक ऐन, २०७७ बाट अन्तःशुल्कका दरहरूमा गरिएका परिवर्तन, वर्षको मध्य अवधिमा कोभिड-१९ को प्रभावमा आएको केही सहजतालगायतका कारणबाट आयात तथा आन्तरिकतर्फ समेत अन्तःशुल्क संकलनको तुलनात्मक वृद्धिदर सकारात्मक रहेको देखिन्छ। अन्तःशुल्कतर्फ संकलन भएको राजस्वको स्थिति देहायको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २.७ अन्तःशुल्कको तुलनात्मक स्थिति** (रू.लाखमा)

| शीर्षक | आ.व. २०७६/७७ को असुली | आ.व. २०७७/७८ को असुली | वृद्धिदर |
|---|---|---|---|
| पैठारी | ३५६४७१ | ५२१९५० | ४६.४२ |
| चुरोट र सुर्ती | १८५५३२ | २०३९४१ | ९.९२ |
| मदिरा | २००७६३ | २४३२७५ | २१.१८ |
| वियर | १४८२०९ | २१००९७ | ४१.७६ |
| अन्य उत्पादन | ११५२९४ | १५८९८५ | ३७.९ |

### २.२.४ भन्सार महसुल

आर्थिक वर्ष २०७७/७८ मा भन्सार महसुल रू.२ खर्ब १ अर्ब ३८ करोड ९६ लाख असुल भएको छ जुन गत वर्षको तुलनामा करिब ४५.९४ प्रतिशतले बढी हो। गत वर्षको तुलनामा समीक्षा अवधिमा आयातमा संकलन भएको भन्सार महसुल संकलनमा ४३.०३ प्रतिशत तथा निर्यातमा संकलन भएको भन्सार महसुलमा १५५.४८ प्रतिशतले वृद्धि भएको देखिन्छ। कोभिड-१९ का कारण गत आर्थिक वर्षको अन्त्यमा भएको लकडाउन, समीक्षा अवधिको प्रारम्भिक महिनाहरूमा कायम रहेको निषेधाज्ञा लगायतका कारण रोकिएका औद्योगिक कच्चा पदार्थ, उपभोग्य वस्तु तथा अन्य सामग्रीसमेत यस अवधिमा पैठारी भएका कारणसमेतबाट भन्सार महसुल संकलनमा सकारात्मक प्रभाव परेको देखिन्छ। यस अवधिमा डिजेल, एम.एस.विलेट, भटमासको कच्चा तेल, मोबाइल टेलिफोन, एल पि ग्याँस, पेट्रोल, तयारी कपडा, पोलीथिन दाना, चामल, सुनलगायतका वस्तु प्रमुख पैठारी भएका वस्तुको सूचीमा परेको देखिन्छ। भन्सार महसुलतर्फ संकलन भएको राजस्वको स्थिति देहायको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २.८ भन्सार महसुल संकलनको स्थिति** (रू.लाखमा)

| शीर्षक | आ.व. २०७६/७७ को असुली | आ.व. २०७७/७८ को असुली | वृद्धिदर |
|---|---|---|---|
| भन्सार महसुल आयात | ११७५८५६ | १६८१८५२ | ४३.०३ |
| भन्सार महसुल निर्यात | ११२४ | २८७१ | १५५.४ |
| वैदेशिक व्यापारमा आधारित अन्य कर | ६०९२४ | १०४८०० | ७२.०२ |
| पूर्वाधार सेवाको उपयोग तथा सवारी साधनमा लाग्ने कर | २७६७३३ | ४०८५७६ | ४७.६४ |

## २.३ गैरकर राजस्व

आर्थिक वर्ष २०७७/७८ मा गैरकर राजस्वतर्फ रू.६८ अर्ब २१ करोड ४४ लाख असुली भएको छ जुन गत वर्षको तुलनामा २७.१९ प्रतिशतले घटी हो। कोभिड-१९ को कारणले गरिएको लकडाउन तथा निषेधाज्ञाका कारण सरकारी सेवा प्रवाह बन्द हुन जाँदा सेवा शुल्क संकलन कम हुन गएको, आर्थिक क्रियाकलापमा आएको संकुचनका कारण सार्वजनिक संस्थानहरूको लाभांश रकमसमेत कम प्राप्त भएको कारणले गैरकर राजस्व संकलनमा असर परेको देखिन्छ। यसैगरी, गत आर्थिक वर्षमा नेपाल दूरसञ्चार प्राधिकरणलगायतका सरकारी निकायमा रहेको कोषबाट रू.२१ अर्ब रकम गैरकर राजस्वमा दाखिला भएको तर समीक्षा अवधिमा त्यस्ता कोषबाट कुनै रकम जम्मा नभएका कारणसमेत समीक्षा अवधिमा गैरकर राजस्व संकलन न्यून देखिएको छ। गैरकर राजस्वतर्फ संकलन भएको राजस्वको स्थिति देहायको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका २.९ गैर कर राजस्व संकलनको स्थिति** (रू.लाखमा)

| शीर्षक | आ.व. २०७६/७७ को असुली | आ.व. २०७७/७८ को असुली | वृद्धिदर |
|---|---|---|---|
| सम्पत्तिवाट प्राप्त आय | ३८३३१४ | ३२७२६९ | -१४.६२ |
| वस्तु र सेवा बिक्रीबाट प्राप्त रकम | २६४२२१ | २५४०४६ | -३.८५१ |
| दण्ड जरिवाना र जफत | २१४८९ | २५५६३ | १८.९६ |
| विविध राजस्व | २६७८८३ | ७५२०३ | -७१.९३ |

## २.४ करको दायरा विस्तार

आर्थिक वर्ष २०७७/७८ सम्ममा व्यावसायिक स्थायी लेखा नम्बर लिने करदाताको संख्या १६ लाख ४ हजार ६ सय ९४, व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाताको संख्या २४ लाख ९२ हजार ३ सय १५ र करकट्टी गर्ने निकायले लिएको ९ हजार ९ सय ९९ सहित जम्मा स्थायी लेखा नम्वर लिनेको संख्या ४१ लाख ७ हजार ८ पुगेको छ। मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरूको संख्या २ लाख ९३ हजार ९ सय २८ र अन्तःशुल्क ईजाजत प्रमाण पत्र लिने करदाताको संख्या १ लाख ९ हजार २ सय ४६ पुगेको छ। उल्लिखित संख्यामा खारेजी वा स्थगन गरिएकाबाहेकका सक्रिय संख्या मात्र समावेश रहेको छ।

तालिका २.१० व्यक्तिगत तथा व्यावसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण (रू.लाखमा)

| दर्ताको प्रकार | २०७७ असार मसान्तसम्म | २०७७ श्रावणदेखि २०७८ असार मसान्तसम्म थप | २०७८ असारसम्म जम्मा | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर (B-PAN) | १३५८९३४ | २४५७६० | १६०४६९४ | १८.०८ |
| व्यक्तिगत स्थायी लेखा नम्बर (P-PAN) | १९७३४५२ | ५१८८६३ | २४९२३१५ | २६.२९ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर (WPAN) | ५१०६ | ४८९३ | ९९९९ | ९५.८३ |
| **जम्मा स्थायी लेखा नम्बर** | **३३३७४९२** | **७६९५१६** | **४१०७००८** | **२३.०५** |
| मूल्य अभिवृद्धि कर (VAT) | २५५९६३ | ३७९६५ | २९३९२८ | १४.८३ |
| अन्तःशुल्क (Excise) | ९४२९२ | १४९५४ | १०९२४६ | १५.८६ |

स्रोतः राजस्व व्यवस्थापन महाशाखा, अर्थ मन्त्रालय

## २.५ आर्थिक वर्ष २०७७/७८ मा सम्पादन गरिएका मुख्य कामहरू

- नेपाल सरकारलाई राजस्व नीति, कानून, प्रणाली तथा प्रशासनमा गर्नुपर्ने सुधारका लागि सुझाव दिन स्थायी संयन्त्रको रुपमा नेपाल राजस्व परामर्श विकास समिति गठन भई उक्त समितिले आफ्नो कार्य सुचारु गरेको।
- राजस्व व्यवस्थापन सूचना प्रणालीमा विद्युतीय भुक्तानी सम्बन्धी सेवाप्रदायक संस्थालाई आबद्ध गर्ने निर्देशिका, २०७७ स्वीकृत भई कार्यान्वयनमा ल्याइएको। मोबाइल वालेटबाट कर दाखिला गर्न सक्ने प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइएको।
- आर्थिक ऐन, २०७७ को दफा १८(१) बमोजिम देहायका वस्तुमा कायम रहेको शुल्क वा करको विद्यमान दरमा देहाय बमोजिम छुट गरिएकोः-
    - गहुँको पैठारीमा लाग्ने ९ प्रतिशत कृषि सुधार शुल्कलाई घटाई ५ प्रतिशत कायम गरिएको।
    - लगानी बोर्ड तथा विद्युत विकास विभागको सिफारीसमा जलविद्युत उत्पादन कम्पनीले पैठारी गर्ने स्टील सिटमा लाग्ने मूल्य अभिवृद्धि कर पुरै छुट दिइएको।
    - औषधि व्यवस्था विभागको सिफारिसमा औषधि उद्योगले औषधि उत्पादनका लागि पैठारी गर्ने माड (स्वेतसार), जडिबुटीको सार, ल्याक्टोज, डेक्स्ट्रोज, प्याराफिन, कोटिङ्ग मेटिरियल्स, टुइन एसएलएस, एसिटेड र प्राथमिक रुपका सिलिकनमा लाग्ने मूल्य अभिवृद्धि कर छुट दिइएको।
    - विद्युतीय सवारी साधनमा पिकपावर क्षमताको आधारमा लाग्ने अन्तःशुल्कमा २५ देखि ८० प्रतिशतसम्म छुट दिइएको।
    - विदेशी प्रकाशकद्वारा प्रकाशित पुस्तक तथा पत्रिकाको पैठारीमा साविक बमोजिमको भन्सार महसुल नलाग्ने व्यवस्था कायम गर्न लाग्ने भन्सार महसुल पूर्ण रुपमा छुट दिइएको।
- संगठन तथा व्यवस्थापन सर्वेक्षण भई स्वीकृत नयाँ संरचना अनुसार आन्तरिक राजस्व विभागअन्तर्गत आर्थिक वर्ष २०७६/७७ मा थप भएका ५ वटा आन्तरिक राजस्व कार्यालय र २० वटा करदाता सेवा कार्यालयहरूमा भौतिक पूर्वाधार र जनशक्तिको व्यवस्थापन गरी सञ्चालनमा ल्याइएको।
- वार्षिक रू.२० लाखसम्म कारोबार गर्ने साना करदाताले आय विवरण र सो विवरण बमोजिमको बुझाउनु पर्ने कर मोबाइल एप्सलगायत अन्य विद्युतीय माध्यमबाट बुझाउन सकिने व्यवस्था गरिएको।

बैंकमार्फत कर भुक्तानी गर्दा आय विवरणसमेत बुझाउन सक्ने व्यवस्था मिलाइएको।

- नेपाल सरकारलाई बुझाउनु पर्ने कर बक्यौता नरहेका पूर्वानुमानित आय विवरण (डे. ०१ विवरण) दाखिला गर्ने करदाताले पेश गरेको आय विवरण अनुसारको कर चुक्ता प्रमाणपत्र स्वचालित प्रणालीबाट करदाता स्वयंले लिन पाउने व्यवस्था मिलाइएको।
- औषधि उद्योगलाई आवश्यक पर्ने कच्चापदार्थ, सहायक कच्चापदार्थ र प्याकिङ्ग मेटेरियल स्वदेशी उद्योगबाट खरिद गर्दा तिरेको मूल्य अभिवृद्धि कर फिर्ता दिने सम्बन्धी कार्यविधि तर्जुमा गरी कर फिर्ता गर्ने व्यवस्था मिलाइएको।
- लगातार चार महिनासम्म मिलान गर्दा मिलान हुन नसकी बढी दाखिला भएको ठेक्का सम्झौता वा करारअन्तर्गत आपूर्ति भएको वस्तु वा सेवा बापतको भुक्तानीमा कट्टा गरिएको मूल्य अभिवृद्धि कर फिर्ताको कार्यविधि तर्जुमा गरी कर फिर्ता गर्ने व्यवस्था मिलाइएको।
- करदाता दर्ता प्रणालीलाई व्यवस्थित र भरपर्दो बनाउन बायोमेट्रिक दर्ता प्रणाली अवलम्बन गरिएको। २०७८ असार मसान्तसम्ममा १ लाख ५६ हजार ६ सय ८३ करदातालाई यस प्रणालीमा आबद्ध गरिएको छ।
- आन्तरिक राजस्वतर्फ साविकको SITC Code लाई परिमार्जन गरी सबै किसिमका व्यवसायलाई समेट्न परिमार्जित व्यावसायिक सङ्केत (Nepal Standard Industrial Classification -NSIC) तयार गरी कार्यान्वयनमा ल्याइएको।
- करदाता दर्ता प्रणालीमा One Time Password (OTP) प्रणाली तथा SMS एवम् Email बाट PAN दर्ताको जानकारी दिने प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइएको।
- व्यक्तिगत स्थायी लेखा नम्बर अनलाइन प्रणालीबाट प्राप्त गर्न मिल्ने गरी प्रणालीको विकास गरी कार्यान्वयनमा ल्याइएको।
- विद्युतीय माध्यमबाट पेश हुने अग्रिम करकट्टीको विवरण (e-TDS) करकट्टीकर्ता स्वयंले Verify गर्न सक्ने गरी एकीकृत कर प्रणालीमा सुधार गरिएको।
- करदाता स्वंयले नै आयकर ऐन, २०५८ को व्यवस्था बमोजिम आय विवरण पेश गर्ने म्याद थप गर्न सक्ने गरी प्रणालीमा सुधार गरी कार्यान्वयनमा ल्याइएको।
- आयकर निर्देशिका, २०६६ (तेस्रो संशोधन, २०७७) तथा स्थायी संस्थापन (PEs) सम्बन्धी निर्देशिका स्वीकृत गरी जारी गरिएको।
- करदाता तथा अन्य सम्बद्ध पक्षहरूलाई कर सम्बन्धी विषयमा जानकारी उपलब्ध गराउन अग्रिम करकट्टी तथा अग्रिम कर संकलन र कर छुट तथा सुविधा सम्बन्धी व्यवस्थाहरू समेटिएको जानकारीमूलक पुस्तिका प्रकाशन गरिएको।
- आन्तरिक राजस्व विभाग र मातहत कार्यालयका सबै बेरुजूको अभिलेख कम्प्युटर प्रणालीमा प्रविष्ट गरी ITS प्रणालीमा अद्यावधिक गरिएको।
- आन्तरिक राजस्व विभागको ITS को PAN Information लाई महालेखा नियन्त्रक कार्यालयले कार्यान्वयनमा ल्याएको CGAS + प्रणालीसँग अन्तरआबद्धता कायम गरिएको।
- विभिन्न आन्तरिक राजस्व कार्यालयमार्फत ७ सय ५१ करदाता शिक्षा तथा करसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन भई २० हजार भन्दा बढी करदातालाई कर सम्बन्धी प्रशिक्षण प्रदान गरिएको।
- Exim Code दर्ता वा नवीकरणका लागि सेवाग्राहीले विद्युतीय प्रणालीमार्फत निवेदन दिन, नवीकरण गर्दा लाग्ने दस्तुर e-Payment मार्फत भुक्तानी गर्न र प्रणालीबाटै Exim Code को प्रमाणपत्रसमेत प्राप्त गर्न सक्ने व्यवस्था गरिएको।
- नेपाल राष्ट्रिय एकद्वार प्रणाली (Nepal National Single Window -NNSW) कार्यान्वयन गर्ने सम्बन्धमा

पहिलो चरणअन्तर्गत खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, पशु सेवा विभाग र प्लान्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रसँग समझदारी पत्रमा हस्ताक्षर भई परीक्षणका रुपमा कार्यान्वयनमा ल्याइएको।

- निष्क्रिय प्रज्ञापनपत्र (Pending SAD) फरफारक गर्ने कार्यलाई प्रभावकारी बनाउन निष्क्रिय प्रज्ञापनपत्र फरफारक गर्ने सम्बन्धी निर्देशिका, २०७७ जारी गरी कार्यान्वयनमा ल्याइएको।
- ६ सय ६० नयाँ भन्सार एजेन्टको संख्या थप गर्ने सम्बन्धमा भन्सार एजेन्ट छनौट (परीक्षा सञ्चालन) कार्यविधि, २०७७ तथा लिखित परीक्षाको पाठ्यक्रम तयार गरी विज्ञापन प्रकाशन गरिएको।
- वीरगञ्जस्थित सुख्खा बन्दरगाह भन्सार कार्यालय नजिकको ६२ बिगाहा जग्गा प्राप्ति गर्ने सिलसिलामा मुआब्जा वितरणको कार्य शुरु भएको।
- भन्सार विभागमा Digital Documentation Center स्थापना गरि भन्सारसँग सम्वन्धित अभिलेख Digitize गरिएको।
- आर्थिक वर्ष २०७७/७८ मा कुल वस्तु पैठारी आर्थिक वर्ष २०७६/७७ को रू.११ खर्ब ९६ अर्ब ८० करोडको तुलनामा २८.६६ प्रतिशतले वृद्धि भई रू.१५ खर्ब ३९ अर्ब ८४ करोड पुगेको। यसैगरी, निकासीतर्फ रू.९७ अर्ब ७१ करोडको तुलनामा ४४.४३ प्रतिशतले भई रू.१ खर्ब ४१ अर्ब १२ करोड पुगेको। वैदेशिक व्यापारका क्रममा प्राप्त हुने राजस्वसमेत गत आर्थिक वर्षको तुलनामा ४५.१६ प्रतिशतले वृद्धि भएको।

**आर्थिक वर्ष २०७७/७८ मा भएको निकासी पैठारीको तुलनात्मक विवरण** (रू.करोडमा)

| विवरण | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | परिवर्तन प्रतिशत |
|---|---|---|---|
| पैठारी | ११९६८० | १५३९८४ | २८.६६ |
| निकासी | ९७७१ | १४११२ | ४४.४३ |
| प्राप्त राजस्व | ३०५३७ | ४४३२६ | ४५.१६ |

# परिच्छेद तीन
# बजेट विनियोजन र खर्च स्थिति

## ३.१ पृष्ठभूमि

आर्थिक वर्ष २०७७/७८ मा संक्रामकलगायत सबै प्रकारका रोग र विपद्बाट नागरिकको जीवन रक्षा गर्दै जनजीवनलाई सहज र सुरक्षित बनाउने, उपलब्ध साधन, स्रोत, अवसर र क्षमताको उच्चतम परिचालन गरी शीघ्र आर्थिक पुनरुत्थान गर्दै विकासको गतिलाई निरन्तरता दिने, नागरिकका मौलिक हक र अधिकारका रूपमा रहेका आवश्यकता परिपूर्ति मार्फत राज्यको लोककल्याणकारी भूमिका बढाउने र सामाजिक, आर्थिक र भौतिक पूर्वाधार विकास मार्फत उत्थानशील, समुन्नत, स्वाधीन, समृद्ध एवम् समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्दै जाने उद्देश्यसहित बजेट प्रस्तुत भएको थियो।

बजेटले कोरोनालगायत सबै प्रकारका स्वास्थ्य जोखिमबाट नागरिकलाई सुरक्षित राख्न र गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ बनाउन स्वास्थ्य सेवाको दायरा विस्तार, स्वास्थ्य पूर्वाधार निर्माण तथा स्तरोन्नती र स्वास्थ्य जनशक्ति विकास, कोरोना भाइरस संक्रमणको रोकथाम तथा नियन्त्रणका लागि चालिएका कदमबाट टुटेको उत्पादन र आपूर्ति श्रृङ्खलालाई पुनर्स्थापना गर्दै कृषि, उद्योग, पर्यटन, निर्माणलगायत प्रभावित व्यवसायको पुनरुत्थान, नागरिकका लागि काम र रोजगारीका अवसर, खाद्य सुरक्षा, सुरक्षित आवास, सामाजिक सुरक्षा र संरक्षण, विकासको शीघ्र प्रतिफल प्राप्त हुने र आगामी वर्ष भित्र सम्पन्न हुने अधुरा आयोजना कार्यान्वयन, गुणस्तरीय र जीवनोपयोगी शिक्षा, सूचना प्रविधिको विस्तार, आधारभूत खानेपानीलगायतका सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधारको विकास तथा निर्माण र संघीयता कार्यान्वयन, गुणस्तरीय तथा पहुँचयुक्त सार्वजनिक सेवा र उत्तरदायी तथा पारदर्शी शासन व्यवस्थाको सुदृढीकरण गर्ने गरी प्राथमिकता निर्धारण गरेको थियो।

गत आर्थिक वर्षको अन्तिम चौमासिकदेखि नै शुरू भई विश्वव्यापी महामारीका रूपमा फैलिएको कोभिड-१९ को दोश्रो लहरका कारण समग्र अर्थतन्त्र नै शिथिल हुन पुग्यो। नागरिकको जीवन सुरक्षालाई उच्च प्राथमिकतामा राखी चालिएका बन्दाबन्दी र निषेधाज्ञालगायतका कदमका कारण यस आर्थिक वर्षमा अपेक्षित आर्थिक वृद्धि हासिल हुन नसकेता पनि मानवीय, आर्थिक, सामाजिकलगायतको क्षति, नोक्सानी र त्रासदीलाई न्यूनीकरण गर्दै नागरिकको विश्वासलाई ढल्न नदिन सरकारले गरेका प्रयासले अर्थतन्त्र चलायमान बनाउन सहयोग पुगेको देखिन्छ। बन्दाबन्दी र अन्तर्राष्ट्रिय सीमा नाका अवरुद्ध हुँदा त्यसको प्रत्यक्ष प्रभाव राजस्व परिचालनमासमेत देखा पर्‍यो। लक्ष्य अनुसार राजस्व संकलनमा देखिएको न्यूनता, विकास सहायतामा आएको संकुचन तथा कोभिड-१९ को रोकथाम, प्रतिकार्य, नियन्त्रण एवम् खोप खरिदलगायत उपचारमा स्रोत व्यवस्थापन गर्नुपर्नाले सार्वजनिक वित्तमा सन्तुलन कायम गर्न कठिनाईको सामना गर्नु पर्‍यो। तथापि, सार्वजनिक खर्च व्यवस्थापनमा अवलम्वन गरिएका विवेकशील नीति र सोही अनुसारका कार्यक्रमको कार्यान्वयनमा अपनाइएको सजकता र सतर्कता एवम् सार्वजनिक वित्तको कुशल व्यवस्थापन गरी संचित कोषको परिचालन गरिएका कारण यस आर्थिक वर्षमा सर्वसंचित कोष बचतमा रहन पुग्यो।

**तालिका ३.१ आर्थिक वर्ष २०७७/७८ को विनियोजन र खर्च** (रू.लाखमा)

| विवरण | विनियोजन | विनियोजन प्रतिशत | खर्च | खर्च प्रतिशत | विनियोजनको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| चालु | ९४८९४०६ | ६४.३५ | ८४६१२१७ | ७०.७१ | ८९.१६ |
| पुँजीगत | ३५२९१७५ | २३.९३ | २२८८५८७ | १९.१३ | ६४.८५ |
| वित्तीय व्यवस्था | १७२७८७३ | ११.७२ | १२१६२२६ | १०.१६ | ७०.३९ |
| जम्मा | १४७४६४५४ | १००.०० | ११९६६०३० | १००.०० | ८१.१५ |

स्रोत- LMBIS/महालेखा नियन्त्रक कार्यालय

तालिका ३.१ मा उल्लेख भए बमोजिम यस आर्थिक वर्षमा शुरू विनियोजनको ८१.१५ प्रतिशत खर्च भएको छ। चालु, पुँजीगत र वित्तीय व्यवस्थातर्फ क्रमशः ८९.१६ प्रतिशत, ६४.८५ प्रतिशत र ७०.३९ प्रतिशत खर्च भएको देखिन्छ। खास गरी कोभिड-१९ संक्रमण जोखिम नियन्त्रण गर्न अवलम्वन गरिएको बन्दाबन्दीलगायतका क्रियाकलापका कारण बजेटमा समावेश भएका कार्यक्रम/आयोजनाको कार्यान्वयन प्रभावित भएकोले कुल खर्चमा अपेक्षित सुधार आउन सकेको देखिँदैन। सामाजिक सुरक्षा, वित्तीय हस्तान्तरण, ऋणको व्याज भुक्तानी जस्ता अनिवार्य दायित्वका खर्चहरूमा कमी नआएका कारण चालु खर्चमा कमी आउन सकेन। पुँजीगत खर्चमा सुधार नहुनुमा खरिद ठेक्का व्यवस्थापन, वन क्षेत्रको प्राप्ति, जग्गा प्राप्ति, निर्माण सामाग्रीको उपलव्धता, निर्माण व्यवसायीबाट हुने ढिलासुस्ती, आयोजना प्रभावितसँगको विवाद, कानुनी विवाद र दक्ष जनशक्तिको अभाव जस्ता परम्परागत कारणहरू चालु आर्थिक वर्षमा पनि कायमै रहेको देखिन्छ। तयारी/सम्झौता नै नभएका आयोजना बजेटमा समावेश हुनु, न्यून बजेट विनियोजन हुनु, सम्वद्ध निकायको क्रियाशिलतामा कमी, आयोजना कार्यान्वयन दस्तावेज तयारीमा ढिलाई, कार्यान्वयन प्रक्रिया निर्धारण एवम् कर्मचारी व्यवस्थापनमा देखिने ढिलासुस्ती जस्ता विषयहरू नै वैदेशिक सहायता समावेश भएका आयोजनाहरूमा खर्च नहुने प्रमुख कारण रहेका देखिन्छन्। सार्वजनिक संस्थानमा शेयर लगानीमा भएको वृद्धिले गर्दा समग्रमा वित्तीय व्यवस्थातर्फ सीमान्त वृद्धि भएको छ।

## ३.२ आन्तरिक र वैदेशिक सहायतातर्फ खर्चको स्रोतगत विश्लेषण

आर्थिक वर्ष २०७७/७८ को कुल विनियोजन रू.१४ खर्ब ७४ अर्ब ६४ करोड ५४ लाखमध्ये रू.११ खर्ब १४ अर्ब ६१ करोड ८४ लाख नेपाल सरकारको स्रोततर्फबाट खर्च व्यहोर्ने अनुमान गरिएकोमा रू.९ खर्ब ८५ अर्ब ५ करोड ५४ लाख खर्च भएको छ। यो रकम कुल विनियोजनको तुलनामा ८८.३८ प्रतिशत र कुल खर्चको तुलनामा ८२.३२ प्रतिशत हो। अन्तर्राष्ट्रिय विकास सहायतातर्फ ऋण तथा अनुदानमा कुल रू.३ खर्ब ६० अर्ब २ करोड ७० लाख परिचालन हुने अनुमान गरिएकोमा रू.२ खर्ब ११ अर्ब ५४ करोड ७६ लाख अर्थात् अनुमानको ५८.७५ प्रतिशत परिचालन भएको छ। यो कुल खर्चको तुलनामा १७.६८ प्रतिशत हो। विकास सहायतामध्ये अनुदान स्रोतबाट रू.६० अर्ब ५२ करोड ७७ लाख परिचालन हुने अनुमान गरिएकोमा रू.३६ अर्ब ३२ करोड १ लाख परिचालन भएको छ। यो रकम कुल अनुमानको तुलनामा ६०.०१ प्रतिशत र कुल खर्चको तुलनामा ३.०४ प्रतिशत हो। बहुपक्षीय तथा द्विपक्षीय विकास साझेदारहरूबाट रू.२ खर्ब ९९ अर्ब ४९ करोड ९३ लाख ऋण परिचालन हुने अनुमान गरिएकोमा जम्मा रू.१ खर्ब ७५ अर्ब २२ करोड ७५ लाख अर्थात् अनुमानको ५८.५१ प्रतिशत परिचालन भएको छ। यो कुल खर्चको १४.६४

प्रतिशत रहेको छ। नेपाल सरकार र वैदेशिक स्रोततर्फको खर्चको विवरण अनुसूची ७ मा राखिएको छ।

**तालिका ३.२ आर्थिक वर्ष २०७७/७८ को स्रोतगत खर्चको विवरण** (रू.लाखमा)

| स्रोत | कुल विनियोजन | | कुल खर्च | | विनियोजनको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| | रकम | प्रतिशत | रकम | प्रतिशत | |
| नेपाल सरकार | ११११४६१८४ | ७५.५९ | ९८५०५५४ | ८२.३२ | ८८.३८ |
| वैदेशिक अनुदान | ६०५२७७ | ४.१० | ३६३२०१ | ३.०४ | ६०.०१ |
| वैदेशिक ऋण | २९९४९९३ | २०.३१ | १७५२२७५ | १४.६४ | ५८.५१ |
| जम्मा | १४७४६४५४ | १००.०० | ११९६६०३० | १००.०० | ८१.१५ |

★ आन्तरिक ऋणसमेत समावेश गरिएको।

स्रोत- LMBIS/महालेखा नियन्त्रक कार्यालय

**रेखाचित्र १ खर्चको स्रोतगत अवस्था**




स्रोतः महालेखा नियन्त्रक कार्यालय

## ३.३ शीर्षकगत खर्चको स्थिति

**तालिका ३.३ चालु खर्चको शीर्षकगत विश्लेषण** (रू.लाखमा)

| क्र.सं. | खर्च शीर्षक | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | तलव भत्ता | ११६६७४१ | ११७६६०७ | ०.८५ |
| २ | कर्मचारीको सामाजिक सुरक्षा खर्च | ११५७६ | १४६६९ | २६.७२ |
| ३ | सेवा महसुल | २५०८० | २६४४६ | ५.४५ |
| ४ | पुँजीगत सम्पत्तिको सञ्चालन र सम्भार खर्च | ५५४३७ | ५७०२९ | २.८७ |
| ५ | कार्यालय सामान तथा सेवाहरू | ३२४३० | ३४६३५ | ६.८० |
| ६ | सेवा तथा परामर्श खर्च | ९८५५१ | ९००६३ | (८.६१) |
| ७ | कार्यक्रम सम्बन्धी  खर्चहरू | ९८१३० | ११४९४५ | १७.१४ |
| ८ | अनुगमन,मूल्यांकन र भ्रमण खर्च | २४६४१ | २१४९७ | (१२.७६) |
| ९ | विविध खर्च | १४९७१ | २४१०८ | ६१.०३ |
| १० | वैदेशिक ऋणको व्याज | ५२३७५ | ६२८०६ | १९.९२ |
| ११ | आन्तरिक ऋणको व्याज, सेवा शुल्क तथा बैंक कमिसन | २०८२२६ | २८४६०६ | ३६.६८ |
| १२ | सार्वजनिक  संस्थानहरूलाई सहायता | १०४७१ | ११४६२ | ९.४६ |
| १३ | व्यवसायहरूलाई सहायता | २१४१ | १०८० | (४९.५६) |
| १४ | अन्य सहायता | १६० | १३३ | (१६.८८) |
| १५ | अन्तर्राष्ट्रिय संस्थाहरूलाई अनुदान | ३७५२ | २५८७ | (३१.०४) |
| १६ | अन्य तहका सरकारहरूलाई अनुदान | ३६३६७७६ | ३९७१७१३ | ९.२१ |
| १७ | सामाजिक सेवा अनुदान | ९०५६९५ | ९७९१४२ | ८.११ |
| १८ | सामाजिक सुरक्षा | ६९८२५२ | ७७९१०६ | ११.५८ |
| १९ | सामाजिक सहायता | ५८००७ | ९३७२७ | ६१.५८ |
| २० | कर्मचारी सामाजिक लाभ सम्बन्धि खर्च | ७१६७८० | ६९२०९२ | (३.४४) |
| २१ | सम्पत्ति सम्बन्धी खर्च | २०७६१ | २१८८८ | ५.४३ |
| २२ | फिर्ता खर्च | १९६१ | ८७७ | (५५.३०) |
| | **जम्मा** | **७८४२९१४** | **८४६१२१७** | **७.८८** |

स्रोतः LMBIS/महालेखा नियन्त्रक कार्यालय

तालिका नं. ३.३ मा शीर्षकगत चालु खर्च देखाइएको छ। चालु खर्चतर्फ समग्रमा गत आर्थिक वर्ष भन्दा ७.८८ प्रतिशत वृद्धि भएको देखिन्छ। कर्मचारी सामाजिक सुरक्षा खर्च, कार्यक्रम खर्च, विविध खर्च, आन्तरिक ऋणको व्याज, सेवा शुल्क तथा बैंक कमिसन, वैदेशिक ऋणको व्याज, सामाजिक सुरक्षा, वित्तीय हस्तान्तरण, सामाजिक सेवा अनुदान जस्ता खर्चमा भएको वृद्धिले चालु खर्च बढेको देखिन्छ। सार्वजनिका ऋण (आन्तरिक तथा बाह्य) मा भएको निरन्तरको वृद्धिले व्याज भुक्तानी प्रत्येक वर्ष बढ्दै गएको देखिन्छ। चालु आर्थिक वर्षमा वैदेशिक ऋणको व्याज करिब २० प्रतिशत र आन्तरिक ऋणको व्याज करिब ३७ प्रतिशतले वृद्धि भएको देखिन्छ। आर्थिक विकास र समृद्धिका लागि लगानीको  न्यूनतालाई पूर्ति गर्न आन्तरिक तथा वैदेशिक ऋणको परिमाण बढ्दै जाँदा ब्याज

भुक्तानीको दायित्वसमेत बढ्दै जाने देखिन्छ। तसर्थ, सार्वजनिक ऋणको उत्पादनशील उपयोगमा सम्वेदनशील हुनु पर्ने देखिन्छ। त्यसैगरी, सामाजिक न्याय, समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संवैधानिक संकल्पलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्दै जाने क्रममा वृहत्तर सामाजिक सुरक्षाको प्रबन्ध गर्नुपर्ने नै हुँदा आगामी दिनमा सामाजिक सुरक्षा र सहायता खर्चमा निरन्तर बढोत्तरी हुने नै देखिन्छ। वास्तविक लाभग्राहीको यकिन विवरण र दोहोरो सुविधा वितरणलाई नियन्त्रण गरी सामाजिक सुरक्षा वितरणलाई व्यवस्थित र यथार्थपरक बनाउन आवश्यक देखिएको छ। वित्तीय संघीयता कार्यान्वयनलाई थप प्रभावकारी बनाउन वित्तीय हस्तान्तरणको परिमाणमा वृद्धि गरिदै लगिएको छ। वित्तीय हस्तान्तरणबाट हुने सबै पुँजीगत खर्चसमेत चालु खर्चमा नै वर्गीकरण गर्नुपर्ने स्वीकृत मापदण्डका कारण चालु खर्चमा वृद्धि भएको देखिन्छ। चालु खर्चलाई वाञ्छित सीमाभित्र राख्न अवलम्वन गरिएका नीतिगत प्रयासका वावजूद चालु खर्चमा निरन्तर वृद्धि भइरहेको देखिन्छ। बजेट र वित्तीय अनुशासन कायम गर्ने प्रयोजनका लागि चालु खर्चमा थप मितव्ययी हुनु पर्ने देखिन्छ।

**तालिका ३.४ पुँजीगत खर्चतर्फको शीर्षकगत विश्लेषण** (रू.लाखमा)

| क्र.सं. | खर्च शीर्षक | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | भवन तथा संरचना | ३६००३८ | ४७१८८८ | ३१.०७ |
| २ | सवारी साधन तथा मेशिनरी औजार | १०९६९३ | १२५००४ | १३.९६ |
| ३ | अन्य पुँजीगत खर्च | १५००५ | ९४३० | (३७.१६) |
| ४ | सुरक्षा उपकरण | ३२०२७ | २०३७४ | (३६.३८) |
| ५ | सार्वजनिक निर्माण | ११७१७४७ | १४५८४७३ | २४.४७ |
| ६ | निर्मित संरचनाको सुधार खर्च | ० | ५०३७ | ० |
| ७ | पुँजीगत सुधार खर्च | ९०१४१ | ११०३७६ | २२.४५ |
| ८ | जग्गा प्राप्ति | ११२६९८ | ८७९३४ | (२१.९७) |
| ९ | अदृष्य सम्पत्ती प्रासी खर्च | ५२ | ७२ | ३८.४६ |
| | जम्मा | १८९१४०१ | २२८८५८८ | २१.०० |

स्रोतः LMBIS/महालेखा नियन्त्रक कार्यालय

कोभिड-१९ को प्रतिकुल अवस्थामासमेत स्वास्थ्य मापदण्डको उचित पालनाको प्रबन्ध गरी विकास व्यवस्थापनलाई अगाडी बढाएकोले पुँजीगत खर्चमा २१ प्रतिशतको सिमान्त वृद्धि भएको देखिन्छ। आर्थिक विकासको प्रारम्भिक चरणमा उल्लेख्य पुँजीगत खर्च हुनु पर्नेमा एकातर्फ पुँजीगत खर्चको परिमाण सन्तोषजनक छैन भने अर्कोतर्फ पुँजीगत खर्चको गुणस्तरमासमेत पूर्ण रूपमा आश्वस्त हुन सक्ने अवस्थासमेत छैन। शीर्षकगत रूपमा हेर्दा प्रत्यक्ष रूपमा पुँजी निर्माणमा सहयोग गर्ने खर्च शीर्षकमाभन्दा भवन निर्माण, सवारी साधन, कम्प्युटर तथा ल्यावटप जस्ता मेशिनरी औजारमा खर्च वृद्धि भएको देखिन्छ। निश्चित मापदण्डको अभावमा शक्ति र प्रभावका आधारमा यस्ता शीर्षकमा बजेट विनियोजन, रकमान्तर र खर्च हुने प्रवृत्तिमा सुधार गर्न आवश्यक देखिन्छ। सडक, पुल, सिँचाइ, खानेपानी तथा अन्य संरचना निर्माणमा विनियोजित बजेट खर्च नहुने तर त्यस्तो बजेट खर्च गर्न सहज हुने अन्य खर्च शीर्षकमा रकमान्तर गर्ने/गराउने प्रवृत्तिले सार्वजनिक खर्चको उपयोगिता र प्रभावकारितामा समेत नकरात्मक असर परिरहेको छ। अनुसन्धान तथा विकास र पुँजीगत परामर्शमा

बजेट वृद्धि हुँदै गएको छ। जटिल संरचना निर्माण गर्दा यस्तो खर्च आवश्यक भए तापनि अहिले सामान्य कामका लागि समेत परामर्श सेवा लिने प्रवृत्ति बढेको छ। जग्गा प्राप्तिमा हुने विवाद र बजार मूल्यभन्दा अत्याधिक धेरै मुआब्जाको माग समग्र आयोजना व्यवस्थापनमा चुनौतिको रूपमा रहेको देखिन्छ।

**तालिका ३.५ वित्तीय व्यवस्थातर्फ शीर्षकगत विश्लेषण** (रू.लाखमा)

| क्र.सं. | खर्च शीर्षक | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | सार्वजनिक संस्थानमा ऋण लगानी | ४७६३६९ | ३४४२५० | (२७.७३) |
| २ | संस्थानमा शेयर लगानी | १२४३७६ | २६७७५६ | ११५.२८ |
| ३ | वैदेशिक शेयर लगानी | २८९९ | १९१७ | (३३.८६) |
| ४ | ऋणपत्र मार्फत प्राप्त ऋण साँवा भुक्तानी | ३३९७६७ | ३६९०११ | ८.६१ |
| ५ | वैदेशिक ऋण साँवा भुक्तानी | २३५६०५ | २३३२९२ | (०.९८) |
| **जम्मा** | | ११७९०१६ | १२१६२२६ | ३.१६ |

स्रोतः LMBIS/महालेखा नियन्त्रक कार्यालय

वित्तीय व्यवस्थातर्फ मूलतः नेपाल विद्युत प्राधिकरण र यसका सहायक कम्पनीमार्फत ग्रामिण विद्युतीकरण प्रशारण लाइन निर्माण र केही जलविद्युत उत्पादनमा उच्च लगानी गरिएको तथा नेपाल नागरिक उडयन प्राधिकरणमार्फत केही ठूलो बिमानस्थलहरू निर्माणका क्रम जारी रहेकोले संस्थानमा हुने ऋण तथा शेयर लगानीमा उच्च वृद्धि हुँदै गएको छ। १३२ के.भी. तथा अन्य प्रसारण लाईन विस्तार, सामुदायिक तथा अन्य ग्रामीण विद्युतीकरण र सासेक- विद्युत प्रशारण तथा वितरण प्रणाली सुदृढीकरण आयोजनामा शेयर लगानीको रकममा वृद्धि भएको देखिन्छ। निर्माणाधीन ठूला पूर्वाधार निर्माण सम्पन्न भएपछि लगानीमा कमी आउन सक्ने देखिन्छ। वैदेशिक ऋणको साँवा भुक्तानीको परिमाणसमेत वृद्धि हुँदै गएको छ।

## ३.४ कार्यगत खर्च स्थिति

**तालिका ३.६ कार्यगत खर्च स्थितिको विवरण** रू.लाखमा

| क्र.सं. | सेवा तथा कार्य | चालु | पुँजीगत/वित्तीय | जम्मा | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| १ | सामान्य सार्वजनिक सेवा | ४८६१४२८ | ९६९२०५ | ५८३०६३२ | ४८.७३ |
| २ | रक्षा | ४३७९९० | ८११४८ | ५१९१३८ | ४.३४ |
| ३ | सार्वजनिक शान्ति सुरक्षा | ४७२८०७ | ९७६३५ | ५७०४४१ | ४.७७ |
| ४ | आर्थिक मामिला | ६१२१९२ | १७८९५०७ | २४०१६९९ | २०.०७ |
| ५ | वातावरण संरक्षण | १०१८४ | ५५७७५ | ६५९५९ | ०.५५ |
| ६ | आवास तथा सामुदायिक सुविधा | ३२५८४ | ४१७९२६ | ४५०५१० | ३.७६ |
| ७ | स्वास्थ्य | ४१६००५ | ८०१३१ | ४९६१३६ | ४.१५ |
| ८ | मनोरञ्जन, संस्कृति तथा धर्म | ३१४७० | ९१३३ | ४०६०२ | ०.३४ |
| ९ | शिक्षा | ३६६४६१ | ३३५५ | ३६९८१७ | ३.०९ |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | सामाजिक सुरक्षा | १२२००९६ | ९९९ | १२२१०९५ | १०.२० |
| | जम्मा | ८४६१२१७ | ३५०४८१३ | ११९६६०३० | १००.०० |

स्रोतः LMBIS/महालेखा नियन्त्रक कार्यालय

अन्तर्राष्ट्रिय वित्तीय मानकका आधारमा सार्वजनिक खर्चलाई सामान्य सार्वजनिक सेवा, रक्षा, सार्वजनिक शान्ति सुरक्षा, आर्थिक मामिला, वातावरण संरक्षण, आवास तथा सामुदायिक सुविधा, स्वास्थ्य, मनोरञ्जन संस्कृति तथा धर्म, शिक्षा र सामाजिक सुरक्षा गरी १० प्रकारको कार्यगत खर्चमा वर्गीकरण गरिएको छ। यसरी वर्गीकरण भए अनुसार आर्थिक वर्ष २०७७/७८ मा सामान्य सार्वजनिक सेवामा सबैभन्दा बढी कुल खर्चको ४८.७३ प्रतिशत र मनोरञ्जन संस्कृति तथा धर्ममा सबैभन्दा कम ०.३४ प्रतिशत खर्च भएको देखिन्छ।

## ३.५ पाँच आर्थिक वर्षको चालु, पुँजीगत र वित्तीय व्यवस्थातर्फ बजेट विनियोजन र खर्चको विवरण

**तालिका ३.७ विगत पाँच वर्षको बजेट विनियोजन र खर्चको विवरण** (रू.लाखमा)

| शिर्षक | आर्थिक वर्ष २०७३/७४ | आर्थिक वर्ष २०७४/७५ | आर्थिक वर्ष २०७५/७६ | आर्थिक वर्ष २०७६/७७ | आर्थिक वर्ष २०७७/७८ |
|---|---|---|---|---|---|
| **बजेट विनियोजन** | | | | | |
| चालु | ६१७१६४१ | ८०३५३१४ | ८४५४४७५ | ९५७१०१४ | ९४८९४०६ |
| पुँजीगत | ३११९४६३ | ३३५१७६० | ३१३९९८२ | ४०८००५९ | ३५२९१७५ |
| वित्तीय व्यवस्था | ११९८१०९ | १४०२८७४ | १५५७१६० | १६७८५९८ | १७२७८७३ |
| **जम्मा** | **१०४८९२१३** | **१२७८९९४८** | **१३१५१६१७** | **१५३२९६७१** | **१४७४६४५४** |
| **खर्च** | | | | | |
| चालु | ५१८६१५७ | ६९६९१९६ | ७१६४१७८ | ७८४२९१४ | ८४६१२१७ |
| पुँजीगत | २०८७४८३ | २७०७१३७ | २४१५६२३ | १८९१४०१ | २२८८५८७ |
| वित्तीय व्यवस्था | १०३७९२२ | ११९६४६६ | १५२४७७० | ११७९०१६ | १२१६२२६ |
| **जम्मा** | **८३११५६२** | **१०८७२७९९** | **१११०४५७१** | **१०९१३३३१** | **११९६६०३०** |
| **क्षेत्रगत खर्च प्रतिशत** | | | | | |
| चालु | ६२.४० | ६४.१० | ६४.५२ | ७१.८७ | ७०.७१ |
| पुँजीगत | २५.१२ | २४.९० | २१.७५ | १७.३३ | १९.१३ |
| वित्तीय व्यवस्था | १२.४९ | ११.०० | १३.७३ | १०.८० | १०.१६ |
| **जम्मा** | **१००.००** | **१००.००** | **१००.००** | **१००.००** | **१००.००** |
| **विगत वर्षको तुलनामा खर्च प्रतिशत** | | | | | |
| चालु | | ३४.३८ | २.८० | ९.४७ | ७.८८ |
| पुँजीगत | | २९.६८ | (१०.७७) | (२१.७०) | २१.०० |
| वित्तीय व्यवस्था | | १५.२८ | २७.४४ | (२२.६८) | ३.१६ |
| **जम्मा** | | **३०.८२** | **२.१३** | **(१.७२)** | **९.६५** |

स्रोतः LMBIS/महालेखा नियन्त्रक कार्यालय

विगत ५ वर्षको कुल विनियोजन र खर्चको अवस्था विश्लेषण गर्दा क्षेत्रगत रूपमा (चालु, पुँजीगत र वित्तीय व्यवस्था) खर्चको प्रवृतिमा खासै भिन्नता रहेको देखिदैन। सार्वजनिक खर्चमा ठूलो हिस्सा चालु

खर्चले ओगट्नाले अपेक्षित रूपमा पुँजी निर्माणमा कम खर्च हुने अवस्था सिर्जना भएको छ। तलब, भत्ता, सामाजिक सुरक्षा र सहायता खर्च एवम् वित्तीय हस्तान्तरणले गर्दा चालु खर्चको परिमाण कम हुने अवस्था देखिदैन।

गत आर्थिक वर्षको तुलनामा कुल खर्चमा ९.६५ प्रतिशतले वृद्धि भएको छ। चालु आर्थिक वर्षको अन्तिम चौमासिकदेखि आवागमनमा भएको सुधार र आर्थिक क्रियाकलापमा भएको बढोत्तरी एवम् सरकारको प्रयासले पुँजीगत खर्चमा गत आर्थिक वर्षको तुलनामा २१ प्रतिशतले वृद्धि भएको छ। अनुत्पादक चालु खर्च कटौतीमा गरिएको कडाईका कारण चालु खर्च वृद्धि एकल अंकमा सीमित भएको छ। वित्तीय व्यवस्थातर्फ सार्वजनिक संस्थानमा शेयर लगानी बढेका कारण ३.१६ प्रतिशतको वृद्धि भएको छ। पुँजीगत खर्चमा भएको वृद्धिले कोभिड-१९ ले शिथिल बनाउँदै लगेको अर्थतन्त्रमा गतिशिलता आई नागरिकमा आशाको संचार भएको देखिन्छ।

**रेखाचित्र २: विगत पाँच वर्षको बजेट विनियोजन र खर्चको तुलनात्मक विवरण**




## ३.६ मन्त्रालयगत विनियोजन र खर्चको स्थिति

निकायगत रूपमा तोकिएको सेवा र कार्यका लागि आर्थिक वर्ष २०७७/७८ को स्वीकृत बजेट तथा कार्यक्रमका लागि सम्वद्ध मन्त्रालयहरूले गरेको खर्चको विवरण निम्नानुसार रहेको छ।

**तालिका ३.८ मन्त्रालय/निकायको खुद विनियोजन र खर्चको विवरण** (रू.लाखमा)

| | मन्त्रालय | खुद विनियोजन | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| क | भौतिक पूर्वाधार | | | |
| | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | १४८२८९८ | १०२३६८६ | ६९.०३ |
| | शहरी विकास मन्त्रालय | ३०८५९७ | २४५५६१ | ७९.५७ |
| | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | ४१८२९८ | २४४९२१ | ५८.५५ |
| | खानेपानी मन्त्रालय | २५३३१० | १२१९८९ | ४८.१६ |
| | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २७७८७२ | १५७६३० | ५६.७३ |

| | | | | |
|---|---|---|---|---|
| | राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | ६९३३७७ | ५२९६७४ | ७६.३९ |
| | **जम्मा** | **३४३४३५२** | **२३२३४६१** | **६७.६५** |
| ख | आर्थिक पूर्वाधार | | | |
| | अर्थ मन्त्रालय | ३१५५७८ | १४३५२१ | ४५.४८ |
| | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ९४२७० | ५४९०३ | ५८.२४ |
| | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | २८६२३६ | २३००६६ | ८०.३८ |
| | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ५९७२० | ४५२८७ | ७५.८३ |
| | वन तथा वातावरण मन्त्रालय | १२७९२० | १००६४३ | ७८.६८ |
| | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | ८१३१६ | ५५९८७ | ६८.८५ |
| | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ७३७३३ | ६३६९८ | ८६.३९ |
| | **जम्मा** | **१०३८७७४** | **६९४१०६** | **६६.८२** |
| ग | सामाजिक विकास | | | |
| | महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय | ६७६० | ४९६६ | ७३.४६ |
| | युवा तथा खेलकूद मन्त्रालय | २०५७६ | १३९५२ | ६७.८१ |
| | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ४७७५४२ | ३६७१५२ | ७६.८८ |
| | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ६२३६७३ | ४१५०१६ | ६६.५४ |
| | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ३१७३८ | १६२३१ | ५१.१४ |
| | **जम्मा** | **११६०२९०** | **८१७३१६** | **७०.४४** |
| घ | सार्वजनिक प्रशासन | | | |
| | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ४३८११ | ३०३०५ | ६९.१७ |
| | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ४९६२ | २८५९ | ५७.६१ |
| | गृह मन्त्रालय | १४६०३९४ | १३५३५७८ | ९२.६९ |
| | परराष्ट्र मन्त्रालय | ६८२४७ | ६०५०९ | ८८.६६ |
| | रक्षा मन्त्रालय | ५४७६९५ | ५२६५४२ | ९६.१४ |
| | **जम्मा** | **२१२५१०९** | **१९७३७९३** | **९२.८८** |

स्रोतः LMBIS/महालेखा नियन्त्रक कार्यालय

पुँजीगत खर्च गर्ने पूर्वाधारसँग सम्बन्धित मन्त्रालयहरूको खर्चमा अपेक्षित सुधार हुन सकेको देखिदैन। खर्च गर्ने क्षमताको न्यूनताले वैदेशिक सहायता सम्वद्ध आयोजनाहरूको प्रगतिसमेत न्यून हुनाले समग्र पुँजीगत खर्चको अवस्था सन्तोषजनक देखिदैन। पुँजीगत खर्चको हिस्सा ठूलो नहुने सार्वजनिक प्रशासन एवम् सामाजिक विकाससँग सम्बन्धित मन्त्रालयहरूको खर्च तुलनात्मक रूपमा बढी देखिन्छ।

## ३.७ लैङ्गिक उत्तरदायी बजेट तथा खर्च

योजना तर्जुमा र कार्यान्वयनमा महिला सहभागिता, क्षमता अभिवृद्धि, लाभ तथा नियन्त्रण सुनिश्चित, रोजगारी, आय आर्जन अभिवृद्धि र महिलाहरूको समयको प्रयोगमा गुणात्मक सुधार तथा कार्यबोझमा कमी ल्याउने उद्देश्यले लैङ्गिक उत्तरदायी बजेटको व्यवस्था गरिएको छ। लैङ्गिक उत्तरदायी बजेटको विनियोजन तथा खर्च निम्नानुसार रहेको छ।

**तालिका ३.९ लैङ्गिक उत्तरदायी बजेट तथा खर्च** (रू.लाखमा)

| विवरण | विनियोजन | खर्च | विनियोजन प्रतिशत | खर्च प्रतिशत |
|---|---|---|---|---|
| प्रत्यक्ष लाभ | ५६२६९२५ | ५४५६८९४ | ३८.१६ | ९६.९८ |
| अप्रत्यक्ष लाभ | ५१७९४५० | ३३९३३२२ | ३५.१२ | ६५.५२ |
| तटस्थ | ३९४००७९ | ३११५८१४ | २६.७२ | ७९.०८ |
| **जम्मा** | **१४७४६४५४** | **११९६६०३०** | **१००.००** | **८१.१५** |

स्रोतः LMBIS/महालेखा नियन्त्रक कार्यालय

आर्थिक वर्ष २०६२/६३ देखि प्रारम्भ गरिएको लैङ्गिक उत्तरदायी बजेटको अवधारणा कार्यान्वयनमा रहेको छ। आर्थिक वर्ष २०७७/७८ को कुल विनियोजित बजेटमध्ये महिलाहरूले प्रत्यक्ष लाभ पाउने क्रियाकलापमा रू.५ खर्ब ६२ अर्ब ६९ करोड २५ लाख (३८.१६ प्रतिशत) बजेट विनियोजन भएकोमा रू.५ खर्ब ४५ अर्ब ६८ करोड ९४ लाख (९६.९८ प्रतिशत) खर्च भएको र अप्रत्यक्ष लाभ पाउने क्रियाकलापमा रू.५ खर्ब १७ अर्ब ९४ करोड ५० लाख (३५.१२ प्रतिशत) बजेट विनियोजन भएकोमा रू.३ खर्ब ३९ अर्ब ३३ करोड २२ लाख (६५.५२ प्रतिशत) खर्च भएको छ। लैङ्गिक दृष्टिले छुट्याउन नमिल्ने सबैले बराबर लाभ पाउन सक्ने तटस्थमा रू.३ खर्ब ९४ अर्ब ७९ लाख (२६.७२ प्रतिशत) बजेट विनियोजन भएकोमा रू.३ खर्ब ११ अर्ब ५८ करोड १४ लाख (७९.०८ प्रतिशत) खर्च भएको छ। लैङ्गिक उत्तरदायी बजेट प्रणालीबाट महिलाहरूको आर्थिक तथा सामाजिक सशक्तिकरण, रोजगारी सिर्जना, आय आर्जन, सीप आर्जन क्षमता अभिवृद्धि तथा जीवनस्तर सुधारमा उल्लेखनीय योगदान पुगेको छ। लैङ्गिक उत्तरदायी बजेटको खर्च स्थितिलाई अनुसूची-१३ मा प्रस्तुत गरिएको छ।

## ३.८ जलवायु परिवर्तन बजेट तथा खर्च

**जलवायु परिवर्तन बजेट तथा खर्च निम्नानुसार रहेको छ।**

तालिका ३.१० जलवायु परिवर्तन बजेट तथा खर्च (रू.लाखमा)

| विवरण | विनियोजन | खर्च | विनियोजन प्रतिशत | खर्च प्रतिशत |
|---|---|---|---|---|
| प्रत्यक्ष लाभ | ७९०९३२ | ४०५०७५ | ५.३६ | ५१.२१ |
| अप्रत्यक्ष लाभ | ३९९७४२६ | ३०५४९४२ | २७.११ | ७६.४२ |
| तटस्थ | ९९५८०९६ | ८५०६०१३ | ६७.५३ | ८५.४२ |
| **जम्मा** | **१४७४६४५४** | **११९६६०३०** | **१००.००** | **८१.१५** |

स्रोतः LMBIS/महालेखा नियन्त्रक कार्यालय

जलवायु परिवर्तन सम्बन्धी अनुकूलन र न्यूनीकरणको अवस्था देखिने गरी बजेट अनुमान र यथार्थ खर्च सम्बन्धी विभिन्न प्रतिवेदन तयार गर्न सकिने पद्दतिको विकास गरिएको छ। आर्थिक वर्ष २०७७/७८ मा कुल विनियोजित बजेटमध्ये रू.७९ अर्ब ९ करोड ३२ लाख (५.३६ प्रतिशत) प्रत्यक्ष लाभ प्राप्त हुने क्रियाकलापमा विनियोजन भएकोमा रू.४० अर्ब ५० करोड ७५ लाख (५१.२१ प्रतिशत) खर्च भएको, अप्रत्यक्ष लाभ प्राप्त हुने क्रियाकलापमा रू.३ खर्ब ९९ अर्ब ७४ करोड २६ लाख (२७.११ प्रतिशत) विनियोजन भएकोमा रू.३ खर्ब ५ अर्ब ४९ करोड ४२ लाख (७६.४२ प्रतिशत) खर्च भएको र तटस्थ क्रियाकलापमा रू.९ खर्ब ९५ अर्ब ८० करोड ९६ लाख (६७.५३ प्रतिशत) विनियोजन भएकोमा रू.८ खर्ब ५० अर्ब ६० करोड १३ लाख (८५.४२ प्रतिशत) खर्च भएको छ। यस प्रकारका खर्चबाट बृहत जलाधार संरक्षण, पानी मुहान संरक्षण, बाढी पहिरो नियन्त्रण, वातावरण संरक्षण एवम् कार्वन उत्सर्जनमा कमी ल्याउनेलगायत जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरण सम्बन्धी कार्यहरू सम्पन्न भएका छन्। जलवायु परिवर्तन बजेटको खर्च सम्बन्धी विवरण अनुसूची-१५ मा प्रस्तुत गरिएको छ।

### ३.९ विकास सहायताको प्रतिवद्धता र प्राप्तिको स्थिति विश्लेषण

आर्थिक वर्ष २०७७/७८ मा अनुदान सहायता रू.२७ अर्ब ३८ करोड ६० लाख र ऋण रू.१ खर्ब ९७ अर्ब ९८ करोड ४१ लाख गरी जम्मा रू.२ खर्ब २५ अर्ब ३७ करोड ६ लाखको अन्तर्राष्ट्रिय आर्थिक सहायता प्रतिबद्धता प्राप्त भएको थियो। यो रकम अघिल्लो आर्थिक वर्ष २०७६/७७ मा प्रतिवद्धता भएको रू.२ खर्ब १९ अर्ब ८८ करोड ३२ लाखको तुलनामा २.४९ प्रतिशतले वढी हो। सम्झौता गरिएका परियोजना, सहायताको स्वरूपलगायतको विस्तृत विवरण अनुसूची १६, १७ र १८ मा रहेको छ।

आर्थिक वर्ष २०७७/७८ को कुल विनियोजनमा रू.३ खर्ब ६० अर्ब २ करोड ७० लाख विकास सहायता परिचालन गर्ने लक्ष्य राखिएकोमा रू.२ खर्ब ११ अर्ब ५४ करोड ७६ लाख अर्थात् अनुमानको ५८.७५ प्रतिशत परिचालन भएको छ। यसमा विकास सहायता नगद रू.१ खर्ब ७५ अर्ब २७ करोड ८० लाख छ भने वस्तुगत सहायता तथा सोझै भुक्तानीतर्फ रू.३६ अर्ब २६ करोड ९६ लाख देखिन्छ। विकास सहायताको शीर्षकगत खर्च विवरण अनुसूची ६ र ७ मा रहेको छ।

विकास साझेदारबाट प्रतिवद्धता गरिएको वैदेशिक सहायता रू.२ खर्ब २५ अर्ब ३७ करोड ७ लाख रहेकोमा रू.२ खर्ब ११ अर्ब ५४ करोड ७६ लाख परिचालन भएको छ। यो परिचालनको अंश ९३.८७ प्रतिशत रहेको छ। सम्झौता बमोजिमको विकास सहायता परिचालन गर्न नसक्दा आन्तरिक स्रोतमा चाप पर्नुका साथै थप सहायता प्राप्ति पनि चुनौतीपूर्ण हुँदै गएको छ। आर्थिक वर्ष २०७७/७८ मा अनुदानतर्फ रू.१५ अर्ब ७५ करोड ८९ लाख र ऋणतर्फ रू.५३ अर्ब ८३ करोड ७२ लाखसमेत जम्मा रू.६९ अर्ब ५९ करोड ६१ लाख शोधभर्ना प्राप्त भएको छ। आर्थिक वर्षको अन्तमा अनुदानतर्फ रू.११ अर्ब ६८ करोड ४८ लाख र ऋणतर्फ रू.१२ अर्ब ८५ करोड ४३ लाख गरी जम्मा रू.२४ अर्ब ५३ करोड ९१ लाख शोधभर्ना प्राप्त हुन बाँकी रहेको देखिन्छ। परियोजनाका कर्मचारीहरू छिटो छिटो सरुवा हुनु, सम्झौताको शर्त/मापदण्ड अनुसार लेखा नराख्नु र वित्तीय उत्तरदायित्वको व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन नहुनु जस्ता कारणले शोधभर्ना प्राप्त गर्न ढिलाई भइरहेको छ।

### ३.१० आन्तरिक ऋण र कुल ऋण भार

आर्थिक वर्ष २०७७/७८ मा रू.२ खर्ब २५ अर्ब आन्तरिक ऋण परिचालन गर्ने लक्ष्य रहेकोमा रू.२ खर्ब २४ अर्ब ९१ लाख परिचालन गरिएको थियो।

आर्थिक वर्ष २०७७/७८ सम्म भुक्तानी गर्न बाँकी कुल ऋण रू.१७ खर्ब ३७ अर्ब ८ करोड ८७ लाख पुगेको छ। यसमध्ये आन्तरिक ऋण रू.८ खर्ब २ अर्ब ९४ करोड १६ लाख र वैदेशिक ऋण रू.९ खर्ब ३४ अर्ब १४ करोड ७१ लाख रहेको छ। कुल गार्हस्थ्य उत्पादनसँग ऋणको अनुपात करिब ४०.७२ प्रतिशत रहेको छ। यो अनुपात अन्य मुलुकहरूको तुलनामा न्यून रहेको छ। पछिल्ला वर्षहरूमा अमेरिकी डलरसँग नेपाली रुपैयाँको अवमूल्यन हुँदै गएको कारणले नेपाल सरकारको ऋणभार बढेको देखिन्छ। त्यसैगरी, पुँजीगत खर्चमा बढोत्तरी गर्नुपर्ने आवश्यकतालाई सम्बोधन गर्न पछिल्ला वर्षहरूमा आन्तरिक ऋणको हिस्सा बढ्दै गएको देखिन्छ।(स्रोतःसार्वजनिक खर्च व्यवस्थापन कार्यालय)

### ३.११ नेपाल सरकारको केन्द्रीय कोषको स्थिति

आर्थिक वर्ष २०७७/७८ मा संघीय संचित कोषमा रू.१२ खर्ब ६७ अर्ब ४९ करोड ८८ लाख प्राप्त (सोझै भुक्तानीबाहेक) भई खर्च रू.११ खर्ब ६० अर्ब ३३ करोड ३३ लाख (सोझै भुक्तानी वाहेक) हुन गई कोषको अवस्था रू.१ खर्ब ७ अर्ब १६ करोड ५४ लाखले धनात्मक रहेको छ। आर्थिक वर्ष २०७६/७७ सम्मको कुल संचित कोष रू.२ खर्ब १६ अर्ब ५९ करोड ५५ लाखले ऋणात्मक रहेकोमा चालु आर्थिक वर्षको अन्त्यमा रू.१ खर्ब ९ अर्ब ४३ करोड १ लाखले ऋणात्मक रहेको छ।

### ३.१२ निष्कर्ष

सरकारी वित्तीय तथ्याङ्क प्रतिवेदन प्रणालीका आधारमा सार्वजनिक खर्चको लेखाङ्कन गर्दा कुल बजेटमा पुँजीगत खर्चको तुलनामा चालु खर्चको हिस्सा बढी देखिएको छ। प्रदेश र स्थानीय तहमा हुने वित्तीय हस्तान्तरण, कृषि उत्पादन बढाउन प्रदान गरिने अनुदान साथै शिक्षा, स्वास्थ्यलगायतका क्षेत्रमा सञ्चालित अधिकांश कार्यक्रमहरूमा हुने पूर्वाधार निर्माण, मानव पुँजी र सामाजिक पुँजी निर्माण गर्ने प्रकृतिका खर्चलाईसमेत चालुतर्फ लेखाङ्कन गर्ने विश्वव्यापी मान्यताका कारण यो स्थिति देखिएको हो। तसर्थ, चालु खर्चतर्फ विनियोजित तर पुँजी निर्माणमा खर्च हुने बजेटलाई छुट्याएर मात्र समग्र खर्चको विश्लेषण गर्न सकिएमा यथार्थ खर्चको अवस्था प्रतिविम्बित हुन सक्ने छ।

# परिच्छेद चार
# प्रदेश र स्थानीय तहमा वित्तीय हस्तान्तरण

## ४.१ पृष्ठभूमि

संघीय शासन प्रणालीको प्रमुख आधारस्तम्भमध्ये वित्तीय संघीयता पनि एक हो। नेपालमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको राजनीतिक संरचना रहेका छन्। तीनै तहको लागि आवश्यक पर्ने स्रोतको पहिचान, राजस्व संकलन र बाँडफाँट, आयोजना तथा कार्यक्रम सञ्चालनका लागि गरिने वित्तीय हस्तान्तरण, खर्च, सोको तथ्याङ्क एवम् अभिलेख व्यवस्थापन, लेखापरीक्षण र तीनै तहको सञ्चित कोष व्यवस्थापनको समग्रतालाई वित्तीय संघीयताको रुपमा बुझिन्छ। नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहको आर्थिक अधिकार र खर्च जिम्मेवारी निर्धारण गरेको छ। सात वटै प्रदेश र ७ सय ५३ स्थानीय तहमा आ-आफ्नो आर्थिक कार्य प्रणाली कार्यान्वयनमा छन्। संविधान र अन्य प्रचलित कानून बमोजिम प्रदेश र स्थानीय तहहरूले सम्पादन गर्नुपर्ने प्रशासनिक र विकासजन्य क्रियाकलायहरूको लागि तत् तत् तहका आन्तरिक स्रोतको अलावा वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान उपलब्ध गराउने व्यवस्था मिलाइएको छ। साथै, संघीय सरकारले निश्चित स्रोतबाट परिचालन गर्ने राजस्व तीनै तहमा बाँडफाँट हुने व्यवस्था गरिएको छ। वित्तीय संघीयता कार्यान्वयन सम्बन्धी ऐन, कानून र कार्यविधिहरूमा समसामयिक संशोधनको प्रक्रिया अगाडि बढाइएको छ। अन्तरसरकारी वित्त व्यवस्थापनको कार्यान्वयन अवस्था र त्यसमा आईपरेका समस्या सम्बन्धमा छलफल गरी समाधान गर्न नियमित रूपमा अन्तरसरकारी वित्त परिषद्को बैठक आयोजना गर्ने गरिएको छ। प्रदेश र स्थानीय तहहरूको बजेट तर्जुमा, कार्यान्वयन, प्रतिवेदन एवम् तथ्याङ्क व्यवस्थित बनाउनको लागि प्रदेशहरूमा प्रादेशिक मन्त्रालयगत बजेट सूचना प्रणाली (PLMBIS) र स्थानीय तहमा स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SuTRA) कार्यान्वयमा ल्याइएको छ।

## ४.२ वित्तीय हस्तान्तरणका प्रमुख औजारहरू

क) राजस्व बाँडफाँटः

- मूल्य अभिवृद्धि कर बाँडफाँट,
- अन्तःशुल्क (आन्तरिक उत्पादन) को बाँडफाँट र
- प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी (पर्वतारोहण, वन, विद्युत, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक स्रोत) को बाँडफाँट।

ख) वित्तीय अनुदानः

- वित्तीय समानीकरण अनुदान,
- सशर्त अनुदान,
- समपूरक अनुदान र
- विशेष अनुदान।

**राजस्व बाडँफाँटः**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्क बापत प्राप्त रकम संघीय विभाज्य कोषमा जम्मा गरी ७० प्रतिशत संघीय सञ्चित कोषमा जम्मा हुने एवम् प्रदेश र स्थानीय तह बीचमा १५/१५ प्रतिशत प्रत्येक महिना बाँडफाँट गर्ने

व्यवस्था गरिएको छ। यसरी बाडँफाँट हुने रकमको हिसाब आर्थिक वर्षको असार मसान्तमा मिलान गरिने व्यवस्था गरिएको छ। आर्थिक वर्ष २०७७/७८ को असार २० गते सम्ममा मूल्य अभिवृद्धि कर बाँडफाँट बापत प्रदेशले रू.३९ अर्ब ४८ करोड २२ लाख र स्थानीय तहले रू.३९ अर्ब ४८ करोड २२ लाख गरी जम्मा रू.७८ अर्ब ९६ करोड ४४ लाख राजस्व प्राप्त गरेका छन्। त्यसैगरी, आन्तरिक उत्पादनमा संकलित अन्तःशुल्कबाट सोही अवधिमा प्रदेशले रू.११ अर्ब ६५ करोड ५३ लाख र स्थानीय तहले रू.११ अर्ब ६५ करोड ५३ लाख गरी जम्मा रू.२३ अर्ब ३१ करोड ६ लाख राजस्व प्राप्त गरेका छन्।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ७ बमोजिम पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी संघीय विभाज्य कोषमा जम्मा हुने व्यवस्था गरिएको छ। यसरी संघीय विभाज्य कोषमा जम्मा हुने कुल रोयल्टीमध्ये ५० प्रतिशत संघ, २५ प्रतिशत प्रदेश र २५ प्रतिशत स्थानीय तहबीच बाडँफाँट गर्ने व्यवस्था छ। आर्थिक वर्ष २०७७/७८ मा संकलित रोयल्टी आर्थिक वर्ष २०७७/७८ मा प्रदेशलाई रू.१ अर्ब २१ करोड ६६ लाख र स्थानीय तहलाई रू.१ अर्ब २१ करोड ६६ लाख गरी जम्मा रू.२ अर्ब ४३ करोड ३२ लाख बाँडफाँट गरी पठाइएको छ।

आर्थिक वर्ष २०७७/७८ मा राजस्व बाँडफाँट बापत प्रदेशले र स्थानीय तहले जम्मा रू.१ खर्ब ४ अर्ब ७० करोड ८० लाख राजस्व प्राप्त गरेका छन्।

**तालिका ४.१ आर्थिक वर्ष २०७७/७८ मा भएको यथार्थ राजस्व बाँडफाँट विवरण** (रू.लाखमा)

| शीर्षक | प्रदेश | स्थानीय तह | जम्मा |
|---|---|---|---|
| मु.अ.कर बाँडफाँट* | ३९४८२२ | ३९४८२२ | ७८९६४४ |
| अन्तःशुल्क बाँडफाँट* | ११६५५३ | ११६५५३ | २३३१०६ |
| रोयल्टी बाँडफाँट ** | १२१६६ | १२१६६ | २४३३२ |
| **जम्मा** | **५२३५४०** | **५२३५४०** | **१०४७०८०** |

** आ.व. २०७७/७८ को असार २० गते सम्ममा संकलित राजस्वबाट प्रदेश तथा स्थानीय तहमा बाँडफाँट गरिएको।*

** आ.व.२०७७/७८ मा संकलित रोयल्टी रकम आ.व. २०७७/७८ मा बाँडफाँट गरिएको।

स्रोतः अर्थ मन्त्रालय, वित्तीय संघीयता समन्वय महाशाखा

### वित्तीय समानीकरण अनुदानः

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्रदेश तथा स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्ने व्यवस्था गरिएको छ। वित्तीय समानीकरण अनुदान निर्धारण गर्दा प्रदेश तथा स्थानीय तहमा रहेको शिक्षा, स्वास्थ्य, खानेपानी, पूर्वाधार विकास जस्ता मानव विकास सूचकाङ्क, प्रदेश र स्थानीय तहको सन्तुलित विकासको अवस्था तथा तहाँ रहेको आर्थिक, सामाजिक विभेदको अवस्था, प्रदेश तथा स्थानीय तहले जनतालाई पुर्‍याउनु पर्ने सेवा, प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता, राजस्वको अवस्था र उठाउन सक्ने क्षमतालाई आधार लिइएको छ। आर्थिक वर्ष २०७७/७८ मा प्रदेशलाई रू.५५ अर्ब १९ करोड ५०

लाख र स्थानीय तहलाई रू.८९ अर्ब ९४ करोड ८६ लाख गरी जम्मा रू.१ खर्ब ४५ अर्ब १४ करोड ३६ लाख वित्तीय समानीकरण अनुदान उपलब्ध गराइएको छ।

**सशर्त अनुदानः**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश वा स्थानीय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले संविधानको धारा २५१ को उपधारा (१) को खण्ड (ग) मा उल्लेखित विषयलाई आधार लिई सिफारिस गरे बमोजिम प्रदेश तथा स्थानीय तहलाई सशर्त अनुदान प्रदान गर्ने व्यवस्था छ। यो अनुदान प्रदान गर्दा नेपाल सरकारले योजना कार्यान्वयन सम्बन्धमा शर्त तोक्न सक्ने र प्रदेश तथा स्थानीय तहले त्यस्तो शर्त पालना गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष २०७७/७८ मा नेपाल सरकारले प्रदेशलाई रू.४६ अर्ब ८५ करोड ४४ लाख र स्थानीय तहलाई रू.१ खर्ब ८५ अर्ब ११ करोड ४३ लाख गरी जम्मा रू.२ खर्ब ३१ अर्ब ९६ करोड ८७ लाख सशर्त अनुदान उपलब्ध गराइएको छ।

**समपूरक अनुदानः**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५(संशोधनसमेत) बमोजिम नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान प्रदान गर्ने व्यवस्था छ। यो अनुदान प्रदान गर्दा योजनाको सम्भाव्यता, योजनाको लागत, योजनाको प्रतिफल/लाभ, योजना कार्यान्वयन गर्न सक्ने वित्तीय/भौतिक क्षमता वा जनशक्ति, योजनाको आवश्यकता र प्राथमिकतालाई आधार लिने व्यवस्था छ। आर्थिक वर्ष २०७७/७८ मा प्रदेशलाई रू.५ अर्ब १८ करोड ३७ लाख र स्थानीय तहलाई रू.५ अर्ब २१ करोड २९ लाख गरी जम्मा रू.१० अर्ब ३९ करोड ६६ लाख समपूरक अनुदान वितरण गरिएको छ।

**विशेष अनुदानः**

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ (संशोधनसमेत) बमोजिम नेपाल सरकारले देहायका कुनै उद्देश्य राखी प्रदेश तथा स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजना/कार्यक्रमको लागि विशेष अनुदान प्रदान गर्न सक्ने व्यवस्था छ।

- शिक्षा, स्वास्थ्य, खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्ने,
- अन्तर प्रदेश वा अन्तर स्थानीय तहको सन्तुलित विकास गर्ने,
- आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदायको उत्थान वा विकास गर्ने आदि।

आर्थिक वर्ष २०७७/७८ मा नेपाल सरकारले प्रदेशलाई रू.३ अर्ब ११ करोड ५० लाख र स्थानीय तहलाई रू.५ अर्ब ९० करोड ५० लाख गरी जम्मा रू.९ अर्ब २ करोड विशेष अनुदान वितरण गरिएको छ।

**तालिका ४.२ विगत चार अर्थिक वर्षमा प्रदेश र स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको विवरण**

**विगत चार अर्थिक वर्षमा प्रदेशमा भएको वित्तीय हस्तान्तरणको विवरण** रू.लाखमा

| आर्थिक वर्ष | समानीकरण अनुदान | शसर्त अनुदान | विषेश अनुदान | समपुरक अनुदान | जम्मा |
|---|---|---|---|---|---|
| २०७४/७५ | ३९९३५ | ० | ० | ० | ३९९३५ |
| २०७५/७६ | ५०२८८५ | ५५८४४८ | ३७१३९ | ४८१०० | ११४६५७२ |
| २०७६/७७ | ५५२९८६ | ५५०६९९ | ४६००३ | ४८७८४ | ११९८४७२ |
| २०७७/७८ | ५५१९५० | ५००२५० | ३१३५० | ५१८६२ | ११३५४१२ |

**विगत चार अर्थिक वर्षमा स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको विवरण** रू.लाखमा

| आर्थिक वर्ष | समानीकरण अनुदान | शसर्त अनुदान | विषेश अनुदान | समपुरक अनुदान | जम्मा |
|---|---|---|---|---|---|
| २०७४/७५ | १४८७५२५ | ८८८१६६ | ० | ० | २३७५६९१ |
| २०७५/७६ | ८५२८७९ | १२५३४२७ | २१७७० | ३८५७३ | २१६६६५० |
| २०७६/७७ | ८९९६५२ | १५०९९४१ | ४८२८४ | ४७५४० | २५०५४१६ |
| २०७७/७८ | ९००५५० | १९२११७० | ६८९०३ | ६८०७७ | २९५८७०० |

**विगत चार अर्थिक वर्षमा प्रदेश र स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको विवरण** रू.लाखमा

| आर्थिक वर्ष | समानीकरण अनुदान | शसर्त अनुदान | विषेश अनुदान | समपुरक अनुदान | जम्मा |
|---|---|---|---|---|---|
| २०७४/७५ | १५२७४६० | ८८८१६६ | ० | ० | २४१५६२६ |
| २०७५/७६ | १३५५७६४ | १८११८७४ | ५८९१० | ८६६७३ | ३३१३२२२ |
| २०७६/७७ | १४५२६३८ | २०६०६४० | ९४२८६ | ९६३२४ | ३७०३८८८ |
| २०७७/७८ | १४५२५०० | २४२१४२० | १००२५३ | ११९९३९ | ४०९४११२ |

**स्रोतः LMBIS/**महालेखा नियन्त्रक कार्यालय

## ४.३ अन्तर-सरकारी वित्तीय हस्तान्तरणको क्रममा देखिएका चुनौती तथा सुधारका क्षेत्र

संघीय शासन प्रणालीको व्यवहारिक कार्यान्वयन पश्चातको पाँच वर्षको अवधिमा वित्तीय संघीयता कार्यान्वयनको समग्र अवस्था उत्साहजनक छ। विशेष गरी यस अवधिमा वित्तीय संघीयता कार्यान्वयनका लागि आवश्यक पर्ने विभिन्न नीतिगत एवम् संरचनागत व्यवस्था गरिएको छ। यद्यपी हालसम्मको कार्य अनुभवबाट अन्तर-सरकारी वित्तीय हस्तान्तरणको विषयमा केही चुनौती वा थप सुधारका क्षेत्रको पहिचानसमेत भएको छ। आगामी दिनमा त्यस्ता विषयहरूलाई सम्बोधन गर्दै जानु आवश्यक महशुस गरिएको छ।

- **वित्तीय अन्तरको आँकलनः** संविधानले गरेको व्यवस्था अनुसार नेपाल सरकारले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकता र राजस्व क्षमताको आधारमा वित्तीय अनुदान उपलब्ध गराउनेछ। राज्यकोतर्फबाट सम्पादन गरिनु पर्ने कार्यहरूको तहगत बाँडफाँटको प्रष्टता, ती कार्य सम्पादनको न्यूनतम राष्ट्रिय मानदण्ड, सम्पादन गरिनु पर्ने कार्यको आवश्यक इकाई र प्रति इकाई लागत जस्ता विषयले प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकताको सहि आँकलन गर्न मद्दत पुऱ्याउँछ। संविधानले व्यवस्था गरेको तीन तहका सरकारको अधिकारलाई थप व्याख्या गरी स्पष्ट पार्ने प्रयासका बावजुत केही अन्यौलता कायमै रहेको छ। त्यसैगरी, सम्पादन गरिने सबै कार्यको न्यूनतम मानदण्ड उपलब्ध नहुँदा प्रदेश तथा स्थानीय तहको खर्चको आवश्यकताको यथार्थ आँकलन गर्नु चुनौतीपूर्ण देखिएको छ। अतः आगामी दिनमा तहगत कार्य जिम्मेवारीमा थप स्पष्टता हासिल गर्नुका साथै सम्पादन गर्नुपर्ने कार्यको न्यूनतम मानदण्ड निर्धारण गरी तथ्यमा आधारित रहेर यथार्थ रूपमा खर्चको आवश्यकता आँकलन गर्नुपर्नेछ। त्यसैगरी, प्रदेश तथा स्थानीय तहको राजस्व क्षमतालाई पनि ती तहको राजस्व अधिकारका साथै सम्बन्धित क्षेत्रमा उपलब्ध राजस्वको आधार र राजस्व संकलनका लागि गरिनु पर्ने न्यूनतम प्रयास जस्ता विषयले निर्धारण गर्दछ। राजस्व अधिकारको विषयमा तुलनात्मक रूपमा स्पष्टता आईसकेको भए तापनि क्षेत्रगत रूपमा उपलब्ध राजस्व आधारको आँकलन चुनौतीपूर्ण छ। यसतर्फ आगामी दिनमा थप अध्ययन अनुसन्धान केन्द्रित हुनेछ।
- **वित्तीय हस्तान्तरणको उद्देश्यपरक उपयोगः** नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई उपलब्ध गराउने फरक-फरक वित्तीय अनुदान तथा राजस्व बाँडफाँट रकमको उपयोग उद्देश्यपरक ढङ्गबाट हुनु पर्दछ। हाल यी स्रोतको उपयोग बृहत्त रूपमा फरक-फरक उद्देश्यका लागि भए तापनि सुक्ष्मरूपमा हेर्दा समान प्रकृतिका कार्य वा एउटै परियोजनामा पनि एक भन्दा बढी स्रोतबाट प्राप्त अनुदान वा राजस्व बाँडफाँटको रकम प्रयोग गरिएबाट ती स्रोतको उपयोगिता, प्रभावकारिता, पारदर्शिता तथा औचित्यताका सम्बन्धमा प्रश्न उठ्ने गरेको छ। अतः फरक फरक अनुदान तथा राजस्व बाँडफाँटको रकमको उद्देश्य अनुरुप खर्च गरी प्रभावकारिता अभिवृद्धि गर्नु र यसका लागि स्पष्ट आधार तथा मापदण्ड बनाई कार्यान्वयन गर्नु आवश्यक देखिन्छ।
- **आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्डको कार्यान्वयनः** तीन तहका सरकारले सञ्चालन गर्ने आयोजनाहरूको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी स्वीकृत मापदण्डको कार्यान्वयन गर्नु/गराउनु चुनौतीपूर्ण भएको छ। विशेष गरी एउटै आयोजना वा समान प्रकृतिका आयोजना एक भन्दा बढी तहका सरकारको आयोजना बैंकमा सूचीकृत हुनु वा आयोजना कार्यान्वयनका लागि निवेदन प्राप्त हुनु र साविकमा केन्द्रबाट सञ्चालित आयोजनाहरू संघीयता कार्यान्वयनसँगै तल्लो तहमा हस्तान्तरण गर्न कतिपय विषयगत मन्त्रालयहरू तयार नभएबाट यो समस्या देखिएको छ। यस्तो प्रवृत्तिले गर्दा स्रोतको कुशल विनियोजना तथा प्रभावकारी कार्यान्वयन र अपेक्षित नतिजा प्राप्तिमा व्यवधान सिर्जना गर्दछ। यस किसिमको समस्याको समाधान गर्न सबै तहका सरकार र निकायहरूको संयुक्त प्रयास अपेक्षित छ।
- **अधुरा अपुरा आयोजना कार्यान्वयनको स्रोत व्यवस्थापन र सम्पादनः** साविकमा केन्द्र स्तरबाट निर्माण आरम्भ भई हाल कार्य विभाजन मापदण्ड बमोजिम प्रदेश वा स्थानीय तहमा हस्तान्तरण गरिएका कतिपय क्रमागत आयोजनाहरूको कार्यान्वयनलाई पूर्णता दिनु चुनौतीपूर्ण देखिएको छ। विशेष गरी आवश्यकताको तुलनामा न्यून बजेट विनियोजन हुने, विनियोजित बजेट पनि पूर्णरूपमा उपयोग हुन नसक्ने र आयोजनालाई लम्ब्याउँदै जाने प्रवृत्तिको अन्त्य नभएसम्म यस्ता आयोजनाले पूर्णता प्राप्त

गर्न सक्ने छैनन्। त्यसैगरी, पछिल्लो अवधिमा नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई निश्चित अवधिभित्र आयोजना वा कार्यक्रम सम्पन्न गर्न भनि विशेष अनुदान वा समपूरक अनुदान उपलब्ध गराएको हकमा पनि तोकिएको समयमा त्यस्ता आयोजना वा कार्यक्रम सम्पादन हुन नसकी हस्तान्तरित अनुदान रकम फ्रिज हुने र अर्को आर्थिक वर्षमा बजेट विनियोजन नहुँदा आयोजनाको सञ्चालनमा अन्यौलता उत्पन्न भई अधुरै रहने प्रवृत्ति बढ्दो छ। यस्तो अवस्था प्रति समयमा नै चनाखो रहि प्रदेश तथा स्थानीय तहको पूर्व स्वीकृति आयोजना सम्पन्न नभएसम्म नयाँ आयोजना स्वीकार नगर्ने र नेपाल सरकारले उपलब्ध गराएको अनुदानबाट निश्चित अवधिभित्र आयोजना सम्पन्न गर्न नसकेमा सोको पूर्णता दिने जिम्मेवारी अनुदान प्राप्त गर्ने सम्बन्धित प्रदेश वा स्थानीय तहमा नै हुने व्यवस्था गर्नु उपयुक्त हुन सक्छ।

- **राजस्व संकलनको आँकलन र संकलित राजस्वको बाँडफाँटः** मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्क बापत प्राप्त रकम संघीय विभाज्य कोषमा जम्मा गरी सो रकम संघ, प्रदेश र स्थानीय तह बीचमा प्रत्येक महिना बाँडफाँट गर्ने व्यवस्था गरिएको छ। तर यस प्रकारको रकम स्वचालित रुपमा बाँडफाँट हुने व्यवस्था गर्न सकिएको छैन। विशेषगरी, प्रत्येक आर्थिक वर्षको असार २० पश्चात संकलित राजस्व अर्को आर्थिक वर्षमा मात्र बाँडफाँट हुने अवस्थाले प्रदेश तथा स्थानीय तहले राजस्व बाँडफाँटको सम्पूर्ण रकम सम्बन्धित आर्थिक वर्ष भित्रै प्राप्त गर्न सकेका छैनन्। यस्तो परिस्थितिको समाधान गर्नका निमित्त राजस्व बाँडफाँटलाई स्वचालित प्रणालीमार्फत बाँडफाँट हुने व्यवस्था गर्नुपर्ने देखिन्छ।
- **रोयल्टी आयको वार्षिक रूपमा बाँडफाँट तथा वातावरण संरक्षणमा उपयोगः** अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी आयको वार्षिक रूपमा बाँडफाँट गर्नुपर्ने व्यवस्था गरेको छ। तर बाँडफाँट हुने रोयल्टीको स्रोतगत तथा एकीकृत विवरण समयमा नै तयार गर्न नसक्दा जुन आर्थिक वर्षमा रोयल्टी आय प्राप्त भएको हो, सोही आर्थिक वर्षमा त्यस्तो रोयल्टी आयलाई तीन तहका सरकारबिचमा बाँडफाँट गर्न सकिएको छैन। यसका लागि आगामी दिनमा रोयल्टी आय प्राप्त हुने सबै किसिमका प्राकृतिक स्रोतलाई निश्चित सङ्केतका आधारमा एकीकृत विद्युतीय प्रणालीमा सूचीकृत गर्ने र प्रत्येक स्रोतबाट प्राप्त रोयल्टी आयलाई यथार्थ समयमा नै विद्युतीय प्रणालीमा अभिलेख गरी सम्बन्धित आर्थिक वर्षभित्र नै स्वतः तीन तहका सरकारबिचमा बाँडफाँट भई सम्बन्धित तहको सञ्चित कोषमा जम्मा हुने प्रणालीको विकास गर्नुपर्ने देखिएको छ। अर्कोतर्फ, प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी आयको निश्चित अंश अनिवार्य रूपमा त्यस्तो प्राकृतिक स्रोत र समग्र वातावरण संरक्षणका कार्यमा प्रयोग गर्नुपर्ने नीतिगत व्यवस्था एवम् सोको कार्यान्वयन गर्नु आवश्यक छ।
- **एकल कर प्रशासनको प्रभावकारी कार्यान्वयनः** प्रदेश तथा स्थानीय दुवै तहको एकल कर अधिकारमा रहेका सवारी साधन कर, घरजग्गा रजिष्ट्रेसन शुल्क, मनोरञ्जन कर र विज्ञापन करको एकल कर प्रशासन गरी संकलित राजस्व तोकिएको अनुपातमा प्रदेश तथा स्थानीय तहबिचमा बाँडफाँट गर्ने कानुनी व्यवस्था छ। तर त्यसरी संकलन गरेको राजस्व रकमलाई प्रदेश र स्थानीय तहबिच समयमा नै बाँडफाँट हुने नगरेको गुनासो रहेको छ। यस्तो अवस्थालाई यथाशीघ्र सम्बोधन गरी तहगत सरकारबिचको आपसी समन्वय, सहकार्य र समझदारीलाई थप सुदृढ गर्नु/गराउनु आवश्यक देखिन्छ।

- **समयमा बजेट पेश तथा स्वीकृति र कार्यान्वयनः** संविधान तथा कानूनले तीन तहकै सरकारले बजेट पेश गर्ने र स्वीकृत गर्नुपर्ने मिति किटान गरिदिएको छ र अधिकांश अवस्थामा यसको पालनासमेत भएको छ। तर राज्यको पुनर्संरचना पश्चात निर्वाचित जनप्रतिनिधिले नेतृत्व सम्हालेको पाँचौं वर्षमा प्रवेश गर्दासमेत केही स्थानीय तहहरूले तोकिएको समयमा सम्बन्धित सभामा बजेट पेश गर्न र सभाबाट स्वीकृत गराई कार्यान्वयन गर्न सकेका छैनन्। यसमा आंशिक रूपमा ती स्थानीय तहको क्षमता विकास हुन नसकेको र अधिक रूपमा ती तहका जनप्रतिनिधिहरू संविधान एवम् कानूनको पालना गर्नमा उदासिन देखिएको सहज अनुमान गर्न सकिन्छ। तोकिएको समयमा नै सबै स्थानीय तहले सभामा बजेट पेश गरी विनियोजन ऐन तथा आर्थिक ऐन स्वीकृति गराएर मात्र बजेट कार्यान्वयनमा जाने अवस्थाको सुनिश्चितता गर्नुपर्ने देखिन्छ।

## परिच्छेद पाँच
## राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति विवरण

मुलुकको आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्ने वृहत र राष्ट्रिय रणनीतिक महत्वका आयोजनाहरूलाई उच्च प्राथमिकतामा राखी नेपाल सरकारले आर्थिक वर्ष २०६८/६९ देखि विभिन्न १७ वटा आयोजनाहरूलाई राष्ट्रिय गौरवका आयोजनाका रूपमा वर्गीकरण गरी कार्यान्वयन शुरू गरेकोमा आर्थिक वर्ष २०७७/७८ सम्ममा यस्ता आयोजनाको संख्या २३ वटा पुगेको छ। समग्र अर्थतन्त्रलाई गतिशिल बनाई आर्थिक वृद्धि र रोजगारी सिर्जनामार्फत आर्थिक सामाजिक रूपान्तरणमा वहुआयामिक प्रभाव पार्ने हुँदा यी आयोजनाहरू राष्ट्रिय अर्थतन्त्रका मेरूदण्डका रूपमा रहेका छन्। राष्ट्रिय विकास र समृद्धिमा महत्वपूर्ण योगदान पुर्‍याउन सक्ने उर्जा, हवाई मैदान, सडक, रेल, सिँचाइ, खानेपानी र पर्यटन क्षेत्रका आयोजनाहरूलाई उच्च महत्व एवम् प्राथमिकता दिई आवश्यक बजेट विनियोजन गर्ने गरिएको छ।

आयोजनाहरूको सघन अनुगमन गर्ने, राष्ट्रिय योजना आयोगबाट कार्यान्वयनमा आवश्यक समन्वय तथा सहजीकरण गर्ने र कार्यान्वयनका क्रममा आइपर्ने समस्याहरूको सम्बन्धमा राष्ट्रिय विकास समस्या समाधान समितिको बैठकबाट छलफल गरी त्यस्ता समस्या समाधान गर्ने गरिएको छ।

आर्थिक वर्ष २०७७/७८ मा राष्ट्रिय गौरवका आयोजनाहरूको लागि रू.९१ अर्ब ९१ करोड १९ लाख खुद बजेट विनियोजन गरिएकोमा रू.५७ अर्ब २९ करोड ७९ लाख खर्च भई वित्तीय प्रगति ६२.३४ प्रतिशत रहन गयो। विनियोजित बजेट र खर्चको विवरण अनुसूची १२ मा उल्लेख गरिएको छ।
राष्ट्रिय गौरवका आयोजनाहरूको आर्थिक वर्ष २०७७/७८ को वार्षिक भौतिक तथा वित्तीय प्रगति विवरण देहाय बमोजिम रहेको छ।

तालिका ५.१ राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति (रू.लाखमा)

| क्र.सं. | आयोजना | खुद विनियोजन | वित्तीय प्रगति (%) | भौतिक प्रगति (%) |
|---|---|---|---|---|
| १ | सिक्टा सिँचाइ आयोजना | १५६०५ | ६९.२४ | ८८.६३ |
| २ | बबई सिँचाइ आयोजना | १५००६ | ९५.४४ | ८५.०८ |
| ३ | रानी जमरा कुलरीया सिँचाइ आयोजना | २२७१७ | ५५.१४ | ६०.५४ |
| ४ | भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना | १५८८१ | ७६.४३ | ८७.२३ |
| ५ | माथिल्लो तामाकोशी जलविद्युत आयोजना | १०००० | १००.०० | ९९.८८ |
| ६ | बुढिगण्डकी जलविद्युत आयोजना | ७६८४४ | २१.५६ | |
| ७ | पश्चिम सेती जलविद्युत आयोजना | | | |
| ८ | सुनकोशी मरिन डाइभर्सन वहुउद्देशीय आयोजना | १८३८० | ६७.७६ | ६.३३ |
| ९ | महाकाली सिँचाइ आयोजना | ८९७३ | ९६.२८ | ९७.१५ |
| १० | दक्षिण एशिया पर्यटन पूर्वाधार विकास आयोजना (गौतम बुद्ध अन्तर्राष्ट्रिय बिमानस्थल, भैरहवा) | ४७२५० | ३६.२२ | ५० |
| ११ | पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय बिमानस्थल | १०७५०० | २८.५९ | ५० |

| | | | | |
|---|---|---|---|---|
| १२ | निजगढ अन्तर्राष्ट्रिय बिमानस्थल, बारा | ५००० | १००.०० | |
| १३ | पशुपति क्षेत्र विकास कोष | ६५९९ | ९९.२४ | ८५ |
| १४ | लुम्बिनी क्षेत्र विकास कोष | ९५६८ | ७३.५६ | ५५ |
| १५ | पुष्पलाल (मध्यपहाडी) लोकमार्ग | ७७५६८ | ९३.९० | ८०.९७ |
| १६ | रेल, मेट्रो रेल तथा मोनो रेल विकास आयोजना | ८२२५३ | ५६.१३ | ५७ |
| १७ | हुलाकी लोकमार्ग | १०६५३६ | ९५.७६ | ६८ |
| १८ | उत्तर दक्षिण (कोशी) लोकमार्ग | ८४२९ | ८९.८ | ८२ |
| १९ | उत्तर दक्षिण (कालीगण्डकी कोरिडोर) लोकमार्ग | १८५१४ | ७९.८२ | ६६.५४ |
| २० | उत्तर दक्षिण (कर्णाली) लोकमार्ग | ४३२४ | ६६.३६ | २२.७८ |
| २१ | काठमाण्डौ तराई—मधेस द्रुत मार्ग | ८९६८८ | ९७.३५ | ९७.७ |
| २२ | मेलम्ची खानेपानी आयोजना | ५०६९५ | | |
| | प्रथम चरण | | ७१.३५ | ८४.६४ |
| | दोस्रो चरण | | ९.७१ | ९.४५ |
| २३ | गल्छी-त्रिशुली-मैलुंङ्ग-स्याफ्रुवेसी-रसुवा सडक | २१४४२ | ९५.३६ | |
| २४ | राष्ट्रपति चुरे संरक्षण कार्यक्रम | १८२७८ | ८७.९३ | ९३.०१ |
| २५ | विद्युत प्रशारण आयोजना (मिलिनियम च्यालेन्ज) | ८२०७१ | २८.४१ | ८५.११ |
| जम्मा | | **९१९१२१** | **६२.३४** | |

स्रोतः LMBIS/महालेखा नियन्त्रक कार्यालय

राष्ट्रिय गौरवका आयोजनाहरूको प्रगति संक्षेपमा देहाय बमोजिम प्रस्तुत गरिएको छ।

### ५.१ सिक्टा सिँचाइ आयोजना

बाँके जिल्लाको पश्चिमतर्फ ३३ हजार ७ सय ६६ र राप्ती पूर्व बायाँतर्फ ९ हजार गरी जम्मा ४२ हजार ७ सय ६६ हेक्टर कृषि योग्य भूमिमा सिँचाइ सुविधा पु¥याउने लक्ष्यका साथ यो आयोजनाको निर्माण शुरु गरिएको थियो। आयोजनाले आयोजना आर्थिक वर्ष २०६१/६२ मा शुरु भई आर्थिक वर्ष २०७१/७२ मा सम्पन्न हुने लक्ष्य रहेकोमा तोकिएको अवधिमा सम्पन्न हुन नसकेकाले आर्थिक वर्ष २०८५/८६ मा सम्पन्न हुने गरी आयोजनाको म्याद थप गरिएको छ। शुरु लागत अनुमान रू.१२ अर्ब ८० करोड रहेकोमा आयोजनाको संशोधित लागत अनुमान रू.२५ अर्ब २ करोड पुगेको छ।

पुलसहित ३ सय १२ मी. लामो मूलबाँध सम्पन्न, ४५.२५ कि.मी.लामो पश्चिम मूलनहर सम्पन्न, पूर्वीमूलनहर ५३ कि.मी. सम्पन्न, पश्चिमतर्फका शाखाहरूको करिब ४० प्रतिशत निर्माण काम सम्पन्न र दोश्रो चरणको शाखा प्रशाखा ४० प्रतिशत (Coverage) सम्पन्न भएको छ।

आर्थिक वर्ष २०७७/७८ मा उक्त आयोजनाको लागि रू.१ अर्ब ५६ करोड ५ लाख विनियोजन भएकोमा भौतिक प्रगति ८८.६३ प्रतिशत र वित्तीय प्रगति ६९.२४ प्रतिशत रहेको छ। हालसम्मको समष्टिगत भौतिक प्रगति ६७.२१ प्रतिशत र वित्तीय प्रगति ७०.९० प्रतिशत रहेको छ।

### ५.२ बबई सिँचाइ आयोजना

बबई नदीमा बाँध निर्माण गरी बर्दिया जिल्लाका करिब ३६ हजार हेक्टर भूमिमा सिँचाइ सुविधा उपलब्ध गराउने उद्देश्य रहेको बबई सिँचाइ आयोजना आर्थिक वर्ष २०४५/४६ देखि सुरू भई

आर्थिक वर्ष २०७९/८० मा सम्पन्न गर्ने लक्ष्य राखिएको थियो। आयोजनाको प्रारम्भिक लागत अनुमान रू.२ अर्ब ८७ करोड रहेको थियो। आर्थिक वर्ष २०८२/८३ सम्म सम्पन्न हुने संशोधित लक्ष्य निर्धारण गरिनुका साथै कुल संशोधित लागत अनुमान रू.१८ अर्ब ९६ करोड कायम गरिएको छ। आर्थिक वर्ष २०७७/७८ मा निम्न बमोजिमका मुख्य क्रियाकलाप भएको छ।

| मुख्य क्रियाकलाप | आ.व. २०७७/७८ को उपलब्धी | हालसम्मको उपलब्धी |
|---|---|---|
| जग्गा अधिग्रहण | ०.५ हे. | ४२३.४७ हे. |
| सिंचित क्षेत्र /बढीबाट क्षतिग्रस्त क्षेत्र तथा संरचना संरक्षण (नदी नियन्त्रण सम्बन्धी कार्य ) | ४ कि.मि. | २१.९२ कि.मि. |
| मूल नहर निर्माण कार्य | ३.४ कि.मि. | ७९.६० कि.मि. |
| शाखा/उपशाखा/प्रशाखा नहर निर्मण कार्य | १७.५५ कि.मि. | २०८.८८ कि.मि. |
| हेडवकर्स निर्माण (सिभिल कार्य) | | १ वटा |
| सिंचित क्षेत्र | १००० हे. | २३६०० हे. |
| जग्गा उकास | ३.६५ हे. | २० हे. |
| साइफन निर्माण तथा बाढी बाट क्षतिग्रस्त साइफन पुनःनिर्माण | | १०० प्रतिशत |

आर्थिक वर्ष २०७७/७८ मा यस आयोजनाको लागि रू.१ अर्ब ५० करोड ६ लाख बजेट विनियोजन भएकोमा भौतिक प्रगति ८५.०८ प्रतिशत र वित्तीय प्रगति ९५.४४ प्रतिशत रहेको छ भने हाल सम्मको भौतिक प्रगति ५६.३८ प्रतिशत र वित्तीय प्रगति ५२.३२ प्रतिशत रहेको छ।

## ५.३ रानी जमरा कुलरीया सिँचाइ आयोजना

कैलाली जिल्लाका साविकका ८ वटा गा.वि.स. हालको जानकी गाउँपालिका, लम्कीचुहा न.पा. र टिकापुर नगरपालिकाको कुल २० हजार ३ सय हेक्टर कृषियोग्य भूमिमा सिँचाइ सुविधा पुर्‍याउने र ४.७ मेघावाट विद्युत उत्पादन गर्ने लक्ष्य रहेको आयोजना आर्थिक वर्ष २०६७/६८ बाट शुरु भई संशोधित कार्य तालिका अनुसार आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न हुने लक्ष्य रहेको छ। आयोजनाको शुरु लागत अनुमान रू.१२ अर्ब ६३ करोड रहेकोमा हाल रू.२७ अर्ब ७० करोड २४ लाख पुग्ने संशोधित अनुमान रहेको छ।

इन्टेकको गेट जडान तथा अटोमेशन कार्य सम्पन्न, जल विद्युत निर्माणतर्फ इलेक्ट्रोमेकानिकल तथा हाइड्रोमेकानिकल कार्यबाहेक अन्य सम्पूर्ण कार्य सम्पन्न, लम्की विस्तार नहरका सम्पूर्ण चेनेजमा नहर निर्माण कार्य शुरु एवम् संरचना निर्माण अन्तिम चरणमा, कर्णाली नदीका अति आवश्यक एवम् जोखिमयुक्त ठाउँमा नदी नियन्त्रण कार्य सम्पन्न (३.८२ कि.मी.), अन्य नदीहरूमा नदी नियन्त्रण कार्य सम्पन्न (डल्फिन एरिया:१.४३ कि.मी., चोरी र रोरा नदी: ७.७८ कि.मी.) विश्व बैंकको ऋण सहयोगमा संचालित सिंचित क्षेत्र बचावट कार्य, कमाण्ड क्षेत्र विकास कार्य र सुपरिवेक्षक कन्सल्टेन्ट कार्यका लागि अन्तर्राष्टिय स्तरको खरिद कार्य सम्पन्न भएको छ।

आर्थिक वर्ष २०७७/७८ मा रू.२ अर्ब २७ करोड १७ लाख विनियोजन भएकोमा भौतिक प्रगति ६०.५४ प्रतिशत र वित्तीय प्रगति ५५.१४ प्रतिशत रहेको छ भने हालसम्मको भौतिक प्रगति ५२.१ प्रतिशत र समष्टिगत वित्तीय प्रगति ५१.९४ प्रतिशत रहेको छ।

## ५.४ भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना

सुर्खेत जिल्लामा आयोजनास्थल रहेको भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना आर्थिक वर्ष २०६८/६९ मा शुरु भई आर्थिक वर्ष २०७६/७७ मा सम्पन्न गर्ने लक्ष्य रहेकोमा संशोधित कार्यतालिका अनुसार आर्थिक वर्ष २०७९/८० मा सम्पन्न हुने अपेक्षा गरिएको छ। यो आयोजनाबाट बाँके र बर्दिया जिल्लाको थप करिब ५१ हजार हेक्टर भूमिमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउने तथा करिब १ सय ५२ मिटर हेडको सदुपयोग गर्दै नियमित रूपमा ४८ मेघावाट जलविद्युत उत्पादन हुनेछ। आयोजनाको शुरू लागत अनुमान रू.१६ अर्ब ४३ करोड रहेकोमा हाल रू.३३ अर्ब १९ करोड लाग्ने संशोधित अनुमान रहेको छ।

आर्थिक वर्ष २०७५/७६ मा नेपालमा नै प्रथम पटक टनेल बोरिङ्ग प्रविधिको प्रयोगबाट १२.२ कि.मि. शुरुङ्ग ब्रेकथ्रु सम्पन्न भएको थियो। बाँध तथा विद्युत गृहको सिभिलतर्फको निर्माण कार्य भइरहेको छ। हाइड्रो मेकानिकल कार्य खरिद प्रक्रियामा रहेको र बाँध स्थलको जग्गा प्राप्तिको लागि मूल्य निर्धारण भई मुआब्जा वितरण भइरहेको छ। सामाजिक विकास तथा भेरी करिडोर उप-आयोजना अन्तर्गत सतह सिँचाइ निर्माण तथा पुनर्स्थापना एवम् लिफ्ट सिँचाइसम्बन्धी कार्यहरू भइरहेको छ।

Headworks मा 6 bays Spillwaysमध्ये 2 bays सम्मको निर्माण कार्य भैरहेको, Settling basin को लागि आर. सि. सि. ढलान कार्य सुचारु रहेको, Headwork Site मा Diversion Road सम्पन्न भएको ,चिप्ले खोल्सी Diversion निर्माणको पहिलो चरण सम्पन्न भई दोश्रो चरणको कार्यहरू भइरहेको, पावरहाउस निर्माण स्थलमा Excavation कार्य भईरहेको, Surge Shaft का लागि Access Road निर्माण तथा Excavation भइरहेको छ।

चालु आर्थिक वर्षमा रू.१ अर्ब ५८ करोड ८१ लाख विनियोजन भएकोमा सोको भौतिक प्रगति ८७.२३ प्रतिशत र वित्तीय प्रगति ७६.४३ प्रतिशत रहेको छ भने हालसम्मको भौतिक प्रगति ४९ प्रतिशत र समष्टिगत वित्तीय प्रगति ३८.९६ प्रतिशत रहेको छ।

## ५.५ माथिल्लो तामाकोशी जलविद्युत आयोजना

दोलखा जिल्लाको लामाबगरमा निर्माणाधीन यो आयोजना स्वदेशी लगानीमा सम्पन्न हुँदैछ। कुल ४ सय ५६ मेगावाट विद्युत उत्पादन क्षमता रहेको आयोजना आर्थिक वर्ष २०६७/६८ देखि शुरु भई आर्थिक वर्ष २०७२/७३ मा सम्पन्न हुने अनुमान रहेको भएतापनि भूकम्पलगायतका अन्य कारणले आयोजना आर्थिक वर्ष २०७७/७८ मा सम्पन्न हुने संशोधित अनुमान थियो। आयोजनाको प्रारम्भिक अनुमानित लागत रू.३५ अर्ब २९ करोड रहेकोमा निर्माण अवधि लम्बिन गई संशोधित लागत करिब रू.५२ अर्ब ८ करोड पुग्ने अनुमान गरिएको छ।

यस आर्थिक वर्ष २०७७/७८ को अषाढ मसान्तसम्ममा २ वटा युनिट ७६ मेघावाटका गरी १ सय ५२ मेघावाट राष्ट्रिय प्रशारण ग्रीडमा आबद्ध भई सञ्चालनमा आएको छ। बाँकीका चार युनिट (४*७६=३०४मेघावाट) तयारी अवस्थामा रहेको छ तर केही प्राविधिक कार्य बाँकी रहेकोले २०७८ भाद्र मसान्तसम्ममा राष्ट्रिय प्रशारण ग्रीडमा आबद्ध गरी पूर्ण क्षमतामा सञ्चालन गर्ने लक्ष्य रहेको छ। चालु आर्थिक वर्षमा रू.१ अर्ब विनियोजन भएकोमा शत प्रतिशत खर्च भएको छ।

## ५.६ बुढीगण्डकी जलविद्युत आयोजना

धादिङ्ग र गोरखा जिल्ला भई बग्ने बुढी गण्डकी नदीमा सञ्चालनमा रहेको आयोजनाबाट कुल १ हजार २ सय मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य राखिएको थियो। आर्थिक वर्ष २०६९/७० मा शुरू भई

आर्थिक वर्ष २०७७/७८ मा सम्पन्न हुने लक्ष्य रहेकोमा आर्थिक वर्ष २०८३/८४ मा सम्पन्न गर्ने संशोधित तालिका रहेको छ। आयोजनाको अनुमानित कुल लागत रू.२ खर्ब ६० अर्ब रहेको छ।

डुवान क्षेत्रमा पर्ने ५८ हजार १ सय ५३ रोपनी जग्गामध्ये यस आर्थिक वर्षमा ४८ हजार ८ सय ८४ रोपनी जग्गाको मुआब्जा बापत रू.३४ अर्ब २ लाख वितरण भई (८० प्रतिशत) जग्गाको मुआब्जा वितरण सम्पन्न भएको छ। हालसम्म निर्माण कार्यको Modality तय नहुँदा आयोजनाको निर्माणले गति लिन सकेको छैन। साथै, फिल्डबुकमा कायम भएका तर लालपुर्जा नभएका जग्गाको मुआब्जा वितरणमा कठिनाई तथा पुनर्वास/पुनर्स्थापना नीति नहुनु पनि समस्याको रुपमा देखिएका छन्।

चालु आर्थिक वर्षमा रू.७ अर्ब ६८ करोड ४४ लाख विनियोजन भएकोमा सोको वित्तीय प्रगति २१.५६ प्रतिशत रहेको छ।

### ५.७ पश्चिम सेती जलविद्युत आयोजना

सुदूरपश्चिम प्रदेशको बझाङ्ग, डँडेलधुरा, डोटी र बैतडी जिल्लामा निर्माण हुने पश्चिम सेती जलविद्युत परियोजना हालको अवस्थामा ७ सय ५० मेगावाट जलविद्युत उत्पादन हुने जलाशययुक्त (Reservoir) परियोजना हो। आयोजनाको कुल अनुमानित लागत रू.१ खर्ब ४८ अर्ब ७ करोड रहेको छ। आयोजनाको सम्भाव्यता अध्ययन नै सम्पन्न भई नसकेकाले यसको भौतिक तथा वित्तीय प्रगति प्राप्त हुन सकेको छैन। आयोजनाको निर्माण तथा लगानीका लागि लगानी बोर्डबाट काम अगाडि बढाइएको छ।

### ५.८ सुनकोशी मरिन डाइभर्सन बहुउद्देशीय आयोजना

सिन्धुली जिल्लाको खुर्कोट नजिक सुनकोशी-तामाकोशी दोभानबाट करिब १ कि.मि. तल सुनकोशी नदीमा व्यारेज निमार्णका साथै हेडरेगुलेटर, डिसेन्डर तथा १३.३ कि.मि. टनेलबाट सुनकोशी नदीको पानीमध्ये ६७ क्युमेक्स (६७ घनमिटर प्रति सेकेन्ड) पानी मरिन खोलामा खसाली विद्युत र सिँचाइ सुविधा उपलब्ध गराउने आयोजना आर्थिक वर्ष २०७३/७४ मा शुरू भई आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न हुने लक्ष्य रहेको छ।

बागमती सिँचाइ आयोजनाको मौजुदा सिंचित क्षेत्रसहित बारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषा जिल्लाका जम्मा १ लाख २२ हजार हेक्टर जमिनमा वर्षैभरि भरपर्दो सिँचाइ सेवा उपलब्ध गराउनुका साथै २८.६२ मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्यका साथ आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न हुने आयोजनाको कुल लागत रू.४६ खर्ब १९ अर्ब रहेको छ।

हेडवर्कस्, पावरहाउस, सर्जसाफ्ट आदिको Detailed Engineering Design कार्यको Final Report परामर्शदाता NEA Engineering Company बाट Final Report प्राप्त भई Review भइरहेको, सामाजिक विकासअन्तर्गतका कार्यहरू गर्नको निम्ति स्थलगत माग संकलनको कार्य भएको तथा प्रभावित क्षेत्रका वासिन्दालाई अवलोकन भ्रमण कार्य सम्पन्न भएको, ३ पटक सार्वजनिक सुनुवाइ (सिन्धुली- पावरहाउस साइट, कुसुमटार र डुवान क्षेत्र, खाल्टे तथा रामेछाप-डुवान क्षेत्र हात्तिटार) मा सम्पन्न भएको, हात्तिटार जमिन उकास कार्य, सुनकोशी नदी तथा तामाकोशी नदी नियन्त्रण कार्य, मरिन नदी नियन्त्रण कार्य तथा डुबान प्रभावित क्षेत्रमा लिफ्ट सिँचाइको अध्ययन कार्य सम्पन्न भएको, सिन्धुली सडकको Realignment को डिजाइनको कार्य भइरहेको छ।

यस आयोजनाका लागि आर्थिक वर्ष २०७७/७८ मा रू.१ अर्ब ८३ करोड ८० लाख बजेट विनियोजन भएकोमा भौतिक प्रगति ८२.४५ प्रतिशत र वित्तीय प्रगति ६७.७६ प्रतिशत रहेको छ। यस आयोजनाको हालसम्म भौतिक प्रगति ३.५ प्रतिशत र वित्तीय प्रगति ३.२१ प्रतिशत रहेकोमा छ।

## ५.९ महाकाली सिँचाइ आयोजना

नेपाल भारत बीच सन् १९९६ फेब्रवरी १२ मा भएको महाकाली नदी, शारदा ब्यारेज र टनकपुर व्यारेज तथा पञ्चेश्वर आयोजनासमेत एकीकृत विकास सन्धी अनुसार प्राप्त पानीबाट सुदूरपश्चिम प्रदेशको कञ्चनपुर र कैलाली जिल्लाका ७ वटा नगरपालिकाका ३५ हजार ५ सय २० हेक्टर खेतियोग्य जमिनमा सिँचाइ सुविधा उपलब्ध गराई गरिवी निवारणमा टेवा पुऱ्याउने उद्देश्यका साथ आयोजना शुरु गरिएको हो।

आयोजन आर्थिक वर्ष २०६३/६४ देखि शुरूवात गरी आर्थिक वर्ष २०८१/८२ मा सम्पन्न गर्ने लक्ष्य भएतापनि आर्थिक वर्ष २०८७/८८ मा सम्पन्न हुने गरी संशोधित कार्यतालिका तय गरिएको छ। आयोजनाको प्रारम्भिक लागत अनुमान रू.११ अर्ब २७ करोड भएतापनि संशोधित लागत अनुमान रू.३५ अर्ब पुगेको छ। आयोजनालाई मिति २०७७/८/३० को निर्णयानुसार राष्ट्रिय गौरवको आयोजनाको रूपमा सूचीकृत गरिएको हो।

आयोजनाबाट १५१.१८ कि.मि मूल नहर, १७२.०३ कि.मि. शाखा नहर, १०२३.५० कि.मि. प्रशाखा नहर, ५१ वटा नहर साइफन, १२२ वटा डे«"न साइफन, ६ वटा राजमार्ग पुल, १७४ वटा सडक पुल, ४३५ वटा ग्रामिण सडक पुल, ६ वटा एक्वाडक्ट, ७२ वटा स्केप स्ट«क्चर र ३९४ वटा डप स्ट«क्चर निर्माण एवम् १२०० हेक्टर जग्गा अधिग्रहण गर्ने लक्ष्य रहेको छ। आयोजनाबाट हालसम्म १२.६० कि.मि. मूल नहर, १४ वटा नहर साइफन, २० वटा डे«"न साइफन, ३ वटा राजमार्ग पुल, २ वटा सडक पुल, ३१ वटा ग्रामिण सडक पुल, १ वटा स्केप स्ट्रक्चर र १ वटा डप स्ट«क्चर निर्माण एवम् १ सय ६७ हेक्टर जग्गा अधिग्रहण गरिएको छ। त्यसैगरी, चालु आर्थिक वर्षमा १६.११ कि.मि. मूल नहर, १ वटा ड्रेन साइफन, ८ वटा ग्रामिण सडक पुल, ५ वटा एनिमल क्रसिङ्ग, १ वटा स्केप स्ट्रक्चर निर्माण एवम् ९० हेक्टर जग्गा अधिग्रहण गरिएको छ।

यस आयोजनाका लागि आर्थिक वर्ष २०७७/७८ मा रू.89 करोड 73 लाख विनियोजन भएकोमा सोको भौतिक प्रगति 97.15 प्रतिशत र वित्तीय प्रगति ९६.२८ प्रतिशत रहेको छ। यस आयोजनाको हालसम्म भौतिक प्रगति १३ प्रतिशत र वित्तीय प्रगति १२.८२ प्रतिशत रहेको छ।

## ५.१० गौतम बुद्ध अन्तर्राष्ट्रिय बिमानस्थल

देशमा रहेको एक मात्र अन्तर्राष्ट्रिय बिमानस्थलको हवाई चापलाई व्यवस्थापन गरी पर्यटन क्षेत्रको प्रवर्द्धन र विकासमा टेवा पुऱ्याउन उद्देश्यले वैकल्पिक अन्तर्राष्ट्रिय बिमानस्थलको रुपमा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थनको निर्माण कार्य शुरु गरिएको हो। लुम्बिनी प्रदेशको रूपन्देही जिल्लास्थित भैरहवामा रहेको आयोजना सन् २०१५ मा शुरु भई सन् २०१७ को डिसेम्बरमा सम्पन्न हुने अपेक्षा गरिएकोमा उक्त अवधिभित्र निर्माण कार्य सम्पन्न हुन नसकेको हुँदा संशोधित कार्यतालिकाअनुसार ३१ मार्च, २०२० मा सम्पन्न गर्ने लक्ष्य रहेको थियो। तर उक्त अवधि पुरा हुँदा पनि निर्माण कार्य सम्पन्न हुन नसकि म्याद थपको प्रक्रियामा रहेको छ।

यस आयोजनाको संशोधित लागत रू.६ अर्ब ८२ करोड पुग्ने अनुमान गरिएको छ। निर्माणमार्फत दिगो पर्यटन विकास गर्ने लक्ष्यसहित निर्माण गरिएको गौतम बुद्ध बिमानस्थलको धावनमार्ग (१५०० मी. x ३० मी.) स्तरोन्नति गरी (३००० मी.x४५ मी.) को नयाँ धावनमार्ग निर्माण, अन्तर्राष्ट्रिय भवन, एयरपोर्ट अपरेशन, प्रशासनिक भवन, कन्ट्रोल टावर, अग्नि नियन्त्रण तथा जीवनोद्धार भवनलगायत सञ्चार तथा पथ प्रदर्शक सामग्री जडान गरी अन्तर्राष्ट्रिय बिमानस्थलको रूपमा स्तरोन्नति गर्ने उद्देश्य रहेको छ।

यस आर्थिक वर्षमा धावन मार्ग, ट्याक्सी वे, पार्किङ्ग क्षेत्र (एप्रोन) को निर्माण कार्य सम्पन्न भई विद्युतीय कामसमेत सम्पन्न भइसकेको छ। प्रशासकीय भवन, कन्ट्रोल टावरको निर्माण कार्य सम्पन्न भई Equipment Installation Work समेत सम्पन्न भएको छ। अन्तर्राष्ट्रिय टर्मिनल भवनमा फिनिसिङ्ग तथा Equipment Installation को काम अन्तिम चरणमा पुगेको छ भने पेरिमिटर रोड, ड्रेनेज, फेन्सिङ्ग, पानी ट्याङ्की, कार पार्किङ्ग, फायर विल्डिङ्ग, पेरिमिटर रोडको कामसमेत भइसकेको छ। टर्मिनल भवनमा सञ्चार उपकरणहरूको जडान गर्ने कार्य सम्पन्न भई परीक्षणको कार्यमात्र बाँकि रहेको छ।

आयोजनाको लागि आर्थिक वर्ष २०७७/७८ मा रू.४ अर्ब ७२ करोड ५० लाख विनियोजन भएकोमा भौतिक प्रगति ६.३३ प्रतिशत र वित्तीय प्रगति ३६.२२ प्रतिशत रहेको छ भने समष्टिगत भौतिक प्रगति ९७.३३ प्रतिशत र वित्तीय प्रगति ७७ प्रतिशत रहेको छ।

## ५.११ पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय बिमानस्थल

देशकै प्रमुख पर्यटकीय क्षेत्रको रुपमा रहेको गण्डकी प्रदेशमा क्षेत्रीय अन्तर्राष्ट्रिय बिमानस्थल निर्माण गरी पर्यटन उद्योगको प्रवर्द्धन गर्ने उद्देश्यले कास्की जिल्लाको पोखरा महानगरपालिकामा आयोजनाको निर्माण कार्य शुरु गरिएको हो। आर्थिक वर्ष २०६८/६९ मा चीन सरकारको ऋण लगानीबाट स्रोत व्यवस्थापन गरी प्रारम्भ भएको यस आयोजनालाई आर्थिक वर्ष २०७८/७९ मा सक्ने लक्ष्य रहेको थियो। संशोधित कार्यतालिका अनुसार आर्थिक वर्ष २०७९/८० सम्ममा सम्पन्न गर्ने लक्ष्य राखिएको छ। यो आयोजनाको कुल अनुमानित लागत रू.२१ अर्ब ६० करोड रहेको छ।

समीक्षा अवधिमा Pavement को Joint मा Sealant, टर्मिनल भवन, ह्याङ्गर, कार्गो भवन, कन्ट्रोल टावरलगायतका सम्पुर्ण १४ वटा भवनहरूको Structural कार्य सम्पन्न Decoration, Finishing, Electrification, MEPF लगायतका कार्यहरू भइरहेको छ। साथै, Airport Fencing को ९०% कार्य सम्पन्न भइसकेको छ भने WAM System ,Glide Path, Localizer जडान काय अगाडि बढिहरेको छ। DVOR, DME, CCTV,Public Address System,Flight Information Display System (FIDS)लगायतका Equipment हरू निर्माणस्थलमा आइपुगेको अवस्था छ।

चालु आर्थिक वर्षमा बिमानस्थल निर्माण कार्यको लागि रू.१० अर्ब ७५ करोड विनियोजन भएकोमा भौतिक प्रगति ५० प्रतिशत र वित्तीय प्रगति २८.५९% प्रतिशत रहेको छ भने समष्टिगत भौतिक प्रगति ८१ प्रतिशत र वित्तीय प्रगति ५७.७२ प्रतिशत रहेको छ।

## ५.१२ निजगढ अन्तर्राष्ट्रिय बिमानस्थल

मुलुकको पर्यटकीय गतिविधि अभिवृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको बारा जिल्लामा प्रस्तावित दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल आयोजना आर्थिक वर्ष २०७१/७२ मा शुरु भई आर्थिक वर्ष २०७८/७९ मा सम्पन्न हुने अपेक्षा गरिएको थियो। तथापी, आयोजना निर्माणको मोडालिटी सम्बन्धमा निर्णय हुन नसक्दा हाल पूर्व तयारीका कार्यहरूमात्र भइरहेको छ। आयोजनाको कुल अनुमानित बजेट रू.१ खर्ब ६५ अर्ब रहेको छ। आयोजनाको मुख्य कामहरू सुरु नभइसकेको हुँदा प्रारम्भिक चरणका नदि नियन्त्रण, मुआब्जा वितरण, Preparation Of Updated Airport Master Plan लगायतका कार्यहरू भइरहेका छन्।

आयोजनाका लागि चालु आर्थिक वर्ष २०७७/७८ मा रू.५० करोड बजेट विनियोजन भएकोमा शत प्रतिशत खर्च भएको छ भने समष्टिगत भौतिक प्रगति २८ प्रतिशत रहेको छ।

## ५.१३ पशुपति क्षेत्र विकास कोष

पशुपति क्षेत्र विकास कोष ऐन, २०४४ अन्तर्गत अविच्छिन्न उत्तराधिकारवाला संगठित संस्थाको रुपमा काठमाण्डौको पशुपतिनाथ मन्दिर क्षेत्रलाई धार्मिक, सांस्कृतिक एवम् पर्या-पर्यटनको नमुना क्षेत्र तथा हिन्दूहरूको अन्तर्राष्ट्रिय तीर्थस्थलको रूपमा थप व्यवस्थित गर्ने उद्देश्यले आयोजना कार्यान्वयन भइरहेको छ। पशुपति क्षेत्र विकास कोषको गुरूयोजना अनुसार योजनाबद्ध रूपमा पशुपति क्षेत्रलाई धार्मिक, सांस्कृतिक एवम् पर्या–पर्यटनको नमूना क्षेत्रका रूपमा विकास गर्ने तथा पशुपति क्षेत्रलाई हिन्दुहरूको अन्तर्राष्ट्रिय तीर्थस्थलको रूपमा विकास गर्ने लक्ष्य लिएको छ। यो आयोजना आर्थिक वर्ष २०५७/५८ मा शुरू भएकोमा २०७०/७१ देखि मात्र राष्ट्रिय गौरवको आयोजनाको रूपमा कार्यान्वयनमा आएको हो। आर्थिक वर्ष २०७३/७४ सम्म सम्पन्न गर्ने लक्ष्य रहेको भएतापनि समयमा नै सम्पन्न हुन सकेको छैन। आयोजनाको शुरु लागत रू.१ अर्ब २७ करोड रहेकोमा संशोधित लागत रू.२ अर्ब २७ करोड पुग्ने अनुमान गरिएको छ।

समीक्षा अविधमा पशुपति क्षेत्रको वृहद् गुरुयोजना तयार गरी सरोकारवालासँग अन्तरक्रियासमेत भई नयाँ स्वरूपको गुरुयोजना तयार गर्ने कार्य अन्तिम चरणमा पुगेको छ। श्री पशुपतिनाथको नित्य भोग पकाउने सत्तल (भान्छाघर) र प्रत्येक पूर्णिमामा हुने महास्नानमा महाभोग पकाउने सत्तल जीर्णोद्दारको कार्य सम्पन्न भएको छ भने कम दाउराबाट शवदाह गर्ने मेशिन जडान गरी सञ्चालनमा ल्याइएको छ।

आर्थिक वर्ष २०७८/७९ मा कोषको लागि रू.६५ करोड ९९ लाख बजेट विनियोजन भएकोमा भौतिक प्रगति ८५ प्रतिशत र वित्तीय प्रगति ९९.२४ प्रतिशत रहेको छ। समष्टिगत भौतिक प्रगति ८० प्रतिशत र वित्तीय प्रगति ६०.४२ प्रतिशत पुगेको छ।

## ५.१४ लुम्बिनी क्षेत्र विकास कोष

लुम्बिनी गुरुयोजना तथा भगवान बुद्धको पवित्र जन्मस्थल लुम्बिनी तथा भगवान बुद्धको जीवनसँग प्रत्यक्ष वा परोक्षरुपमा सम्बन्ध रहन गएका तिलौराकोट (प्रचीन कपिलवस्तु), गोटीहवा, निग्लीहवा, सगरहवा, सिसनियाकोट, कुदान (कपिलवस्तु), देवदह (रुपन्देही), रामग्राम (नवलपरासी)लगायतका पुरातात्विक क्षेत्रहरूको अन्वेषण, उत्खनन्, संरक्षण तथा विकास गर्ने उद्देश्यले लुम्बिनी विकास कोष ऐन, २०४२ द्वारा लुम्बिनी विकास कोष गठन भई आयोजना कार्यान्वयनमा आएको हो।

सन् १९७८ मा निर्मित लुम्बिनी गुरुयोजनाले निर्दिष्ट गरेका निर्माणका कार्यहरू सन् १९९५ मा निर्माण सम्पन्न गर्ने गरी लक्ष्य राखिएकोमा अपेक्षित अन्तर्राष्ट्रिय सहयोग प्राप्त हुन नसक्दा हालसम्म पनि पूर्णरुपमा सम्पन्न हुन सकेको छैन। लुम्बिनी गुरुयोजनाको शुरु लागत अनुमान (सन् १९७८ मा) ५५ मिलियन यू.एस. डलर रहेको थियो। हाल बाँकी कार्यहरूको मात्र संशोधित अनुमान रू.७ अर्ब ३२ करोड रहेको छ भने गुरुयोजना अनुरुपको कार्य सम्पन्न गर्न जम्मा रू.१३ अर्ब २६ करोड संशोधित लागत लाग्ने अनुमान गरिएको छ। नेपाल सरकारले आर्थिक वर्ष २०८०/८१ भित्र गुरुयोजनाका बाँकी कार्य आफ्नै स्रोतमा निर्माण सम्पन्न गर्ने लक्ष्य लिएको छ। लुम्बिनीबाहेक लुम्बिनी विकास कोषले अन्वेषण, उत्खनन्, संरक्षण तथा विकास गर्ने गरी ऐनले तोकेका पुरातात्विक क्षेत्रहरू तिलौराकोट (प्रचीन कपिलवस्तु), गोटीहवा, निग्लीहवा, सगरहवा, सिसनियाकोट, कुदान (कपिलवस्तु), देवदह (रुपन्देही), रामग्राम (नवलपरासी)लाई समय सापेक्षरुपमा विकास गर्न बृहत्तर लुम्बिनी गुरुयोजना निर्माण कार्यसमेत भइरहेको हुनाले गुरुयोजना निर्माण भएपछि आयोजना थप विस्तृत लागत अनुमान खुल्ने देखिन्छ।

समीक्षा अविधमा लुम्बिनी गुरुयोजनाको उत्तरतर्फ रहेको नर्थ पोण्ड वरिपरि विशेष डिजाइनको कोलोन्याड निर्माण कार्य सम्पन्न भएको छ भने ५ हजार मानिस अट्ने क्षमता भएको सभा हलको पहिलो फेजको निर्माण कार्य पनि सम्पन्न भइसकेको छ। साथै, लुम्बिनी गुरुयोजना अनुसारको कर्मचारी आवास गृह निर्माण कार्यसमेत समीक्षा अवधिमा सम्पन्न भएको छ।

चालु आर्थिक वर्ष २०७७/७८ मा रू.९५ करोड ६८ लाख बजेट विनियोजन भएकोमा भौतिक प्रगति ५५ प्रतिशत र वित्तीय प्रगति ७३.५६ प्रतिशत रहेको छ भने समष्टिगत भौतिक प्रगति ८६ प्रतिशत र वित्तीय प्रगति ४४.८ प्रतिशत रहेको छ।

## ५.१५ पुष्पलाल (मध्यपहाडी) लोकमार्ग

राष्ट्रिय यातायात नीति २०५८ मा पूर्व-पश्चिम राजमार्गको विकल्पको रुपमा नेपालको मध्य-पहाड हुँदै पूर्वदेखि पश्चिमसम्म सडक निर्माण गर्न नेपाल सरकारबाट आर्थिक वर्ष २०६४/६५ देखि आयोजना कार्यान्वयन शुरु भएको हो। पाँचथरको चियोभञ्ज्याङदेखि बैतडीको झुलाघाटसम्मको मध्यपहाडी क्षेत्रका २६ जिल्लाका २ सय १५ बस्तीहरूका करिब १ करोड जनसंख्या यो लोकमार्गबाट लाभान्वित हुने छन्।

सडक निर्माणबाट मध्यपहाडी भूभागको आर्थिक, सामाजिक, सांस्कृतिक, पर्यटकीय, शैक्षिकलगायतका क्षेत्रको सन्तुलित विकास भई राष्ट्रिय विकासको समग्र लक्ष्य प्राप्तिमा समेत योगदान पुग्ने अपेक्षा गरिएको छ। आयोजनाको प्रारम्भिक लागत रू.७९ अर्ब १८ करोड रहेकोमा संशोधित कुल लागत करिब रू.८४ अर्ब ३३ करोड पुगेको छ।

लोकमार्गको कुल लम्बाई १ हजार ८ सय ७९ कि.मि.मध्ये १ हजार १ सय १३ कि.मि. कालोपत्रे सम्पन्न भइसकेको छ। कुल १ सय २९ पुलमध्ये ९१ वटा पुलको निर्माण सम्पन्न भएको छ।

आर्थिक वर्ष २०७७/७८ मा यस आयोजनाका लागि रू.७ अर्ब ७५ करोड ६८ लाख विनियोजन भएकोमा भौतिक प्रगति ८०.९७ प्रतिशत र वित्तीय प्रगति ९३.९० प्रतिशत रहेको छ।

## ५.१६ रेल, मेट्रो रेल तथा मोनो रेल विकास आयोजना

रेलमार्गको विकासबाट देशको आर्थिक, सामाजिक विकासमा टेवा पुर्‍याउने उद्देश्यसहित आर्थिक वर्ष २०६६/६७ देखि कार्यान्वयनमा आएको रेल तथा मेट्रो रेल विकास आयोजना मुलतः पूर्व-पश्चिम रेलमार्ग र सोको लिंक, केरूङ्ग-काठमाण्डौ-पोखरा रेलमार्ग, काठमाडौं-वीरगंज रेलमार्गलगायत अन्य रेलमार्ग एवम् मुख्य-मुख्य शहरहरूमा मेट्रो रेलको अध्ययन तथा निर्माण गर्ने गरी विभिन्न ६ स्थानमा अन्तरदेशीय रेलमार्ग निर्माणमा केन्द्रित रहेको छ।

रेलमार्गतर्फ बर्दिवास-निजगढ खण्ड (७० कि.मि.) को ४९ कि.मि. ट्र्याक निर्माण सम्पन्न भएको छ। मेची महाकाली रेलमार्ग (९ सय ४५ कि.मि., लिंकसहित १ हजार २६ कि.मि.) को विस्तृत अध्यन प्रतिवेदन तयार भएको छ र उक्त रेलमार्गको राष्ट्रिय निकुञ्जबाट जाने खण्डको पुनः अध्ययन कार्यको सुरुवात, निर्माणाधिन जयनगर-जनकपुर-बर्दिबास रेलमार्ग ६९ कि.मि.मध्ये जयनगर जनकपुर खण्डको ३४ कि.मि. निर्माण सम्पन्न भई हस्तान्तरणको प्रक्रिया अन्तिम चरणमा पुगेको छ साथै जनकपुर-विजलपुरा १७ कि.मि. खण्डको निर्माण अन्तिम चरणमा रहेको छ। रेल सेवा सञ्चालनका निम्ति Standard Operating Procedure(SOP) तयारी भई हस्ताक्षर हुने क्रममा राखेको र भारतीय कम्पनीसँग रेल सेवा सञ्चालनका आवश्यक सामाग्री एवम् जनशक्ति आदिका निम्ति सम्झौता भई कर्मचारी भर्नाको कार्य अन्तिम चरणमा रहेको छ। बर्दिवास निजगढ खण्डको कुल १६ वटा पुलमध्ये ३ वटा सम्पन्न भएको, ११ वटाको फाउन्डेसन निर्माण भएको र बाँकीको निर्माण कार्य हुँदै गरेको छ। काठमाण्डौ

मेट्रो रेलको यस अघि नै पूर्व सम्भाव्यता अध्ययन भइसकेका ५ वटा रुटमध्ये नारायणगोपाल चौक-रत्नपार्क-सातदोवाटो खण्डको लागि परामर्शदाता छनौट गरी विस्तृत अध्ययन प्रतिवेदन तयार पार्ने क्रममा रहेको।

आयोजनाका लागि आर्थिक वर्ष २०७७/७८ मा रू.८ अर्ब २२ करोड ५३ लाख विनियोजन भएकोमा भौतिक प्रगति ५७% प्रतिशत र वित्तीय प्रगति ५६.१३% प्रतिशत रहेको छ।

## ५.१७ हुलाकी राजमार्ग

तराई मधेशका २१ जिल्लालाई समेट्ने र करिब ८० लाख जनसंख्यालाई प्रत्यक्ष रूपले लाभान्वित तुल्याउने यस हुलाकी राजमार्गअन्तर्गत पूर्व पश्चिम हुलाकी राजमार्ग र सहायक मार्ग गरी जम्मा १ हजार ७ सय ९२ कि.मि. सडक र २ सय १९ वटा पुलहरू पर्दछन् | आर्थिक वर्ष २०६५/६६ देखि नेपाल सरकारले यस राजमार्गलाई विकास गर्न छुट्टै आयोजना खडा गरी अध्ययन, डिजाइन र निर्माणको काम गराउदै आएको छ। यो आयोजना आर्थिक वर्ष २०७४/७५ मा सम्पन्न हुने अनुमान गरिएकोमा संशोधित कार्य तालिका अनुसार आर्थिक वर्ष २०७९/८० सम्ममा सम्पन्न गर्ने लक्ष्य राखिएको छ। यस आयोजनाको प्रारम्भिक लागत अनुमान रू.४७ अर्ब २४ करोड र संशोधित लागत रू.६५ अर्ब २० करोड रहेको छ। कुल लम्बाई १ हजार ७ सय ९२ कि.मि.मध्ये हालसम्म ७ सय ३८ कि.मि. कालोपत्रे र १०० वटा पुलको निर्माण कार्य सम्पन्न भएको छ।

आयोजनाका लागि आर्थिक वर्ष २०७७/७८ मा रू.१० अर्ब ६५ करोड ३६ लाख विनियोजन भएकोमा सोको भौतिक प्रगति ९४ प्रतिशत र वित्तीय प्रगति ९५.७६ प्रतिशत रहेको छ।

## ५.१८ उत्तर दक्षिण लोकमार्ग (कोशी)

भारतको सिमाना जोगवनी देखि बसन्तपुर-खाँदबारी हुँदै नेपालको उत्तरी सिमाना किमाथांका जोड्ने उत्तर दक्षिण (कोशी) लोकमार्गको कुल लम्बाई ३ सय ९० कि.मि रहेको छ। आयोजनाको कार्यक्षेत्र संखुवासभा जिल्लाको खाँदबारी देखि नेपालको उत्तरी सिमा किमाथांका सम्मको कुल लम्बाई १ सय ६२ कि.मि रहेको छ। आर्थिक वर्ष २०६५/६६ देखि सुरु भएको यस आयोजना आर्थिक वर्ष २०८०/८१ सम्ममा सम्पन्न गर्ने लक्ष्य राखिएको छ। आयोजनाको शुरुको लागत अनुमान रू.१६ अर्ब २० करोड रहेको छ। कुल लम्वाई १ सय ६२ कि.मि.मध्ये १ सय ४८ कि.मि. ट्रयाक खुलिसकेको छ।

आयोजनाका लागि आर्थिक वर्ष २०७७/७८ मा रू.८४ करोड २९ लाख विनियोजन भएकोमा वित्तीय प्रगति ८३.८१ प्रतिशत र भौतिक प्रगति ८२ प्रतिशत रहेको छ।

## ५.१९ उत्तर दक्षिण लोकमार्ग (कालीगण्डकी कोरिडोर)

नवलपरासीको गैंडाकोटदेखि मुस्ताङको कोरलासम्म कोरिडोरको कुल लम्बाई ४ सय ३५ कि.मि. रहेको छ। आयोजनाको कुल अनुमानित लागत रू.२७ अर्ब ८० करोड रहेकोमा आर्थिक वर्ष २०७६/७७ सम्म रू.१० अर्ब १० करोड खर्च भएको छ।

हालसम्म बेनी जोमसोम कोरला खण्डको १ सय ८६ कि.मि.मध्ये सम्पूर्ण ट्रयाक खोलि सकिएको छ भने मालढुङ्गा-राम्दी-गैडाकोट खण्डको कुल २ सय ४५ कि.मि.मध्ये २ सय ४४ कि.मि. ट्रयाक खोल्ने कार्य सम्पन्न भई सकेको छ। त्यसैगरी, रिडि मालढुङ्गा सडक खण्डको कुल ८० कि.मि.मध्ये ७५.४ कि.मि. ट्रयाक खोल्ने कार्य सम्पन्न भएको छ।

आयोजनाका लागि आर्थिक वर्ष २०७७/७८ मा रू.१ अर्ब ८५ करोड १४ लाख विनियोजन भएकोमा भौतिक प्रगति ७०.५८ प्रतिशत र वित्तीय प्रगति ७९.८२ प्रतिशत रहेको छ।

### ५.२० उत्तर दक्षिण लोकमार्ग (कर्णाली कोरिडोर)

हुम्ला जिल्लालाई राष्ट्रिय सडक सञ्जालसँग जोड्न हिल्सा देखि सल्लिसल्ला सडक खण्डमा ट्र्याक खोल्ने र त्यसको स्तरोन्नती गर्नका लागि आर्थिक वर्ष २०६९/७० मा कार्यलयको स्थापना भएको हो। आयोजनाअन्तर्गत खुलालु-सिमिकोट (हुम्ला) खण्डमा करिब १ सय ९६ कि.मि. र हिल्सा-सिमिकोट खण्डमा (हुम्ला) ८८ कि.मि. सडक निर्माण गर्ने लक्ष्य रहेको छ। आर्थिक वर्ष २०६५/६६ देखि शुरू भई आर्थिक वर्ष २०७०/७१ मा सम्पन्न हुने लक्ष्य राखिएकोमा संशोधित कार्य तालिका बमोजिम आर्थिक वर्ष २०७९/८० मा सम्पन्न हुने गरी म्याद थप गरिएको छ। आयोजनाको कुल लागत रू.४ अर्ब १० करोड रहेको छ।

हिल्सा देखि सल्लिसल्ला सम्म जम्मा १ सय ४५ कि.मि. सडक रहेको जसमध्ये हिल्सा- सिमिकोट सडक खण्ड ९५ कि.मि. ट्र्याक खोलिएको छ भने सिमिकोट सल्लिसल्ला सडक खण्डको ५० कि.मि.मध्ये ४० कि.मि. ट्र्याक खोलिएको छ भने बाँकि १० कि.मि. खोल्नको लागि ३ खण्डमा ठेक्का व्यवस्थापन भई कार्य सञ्चालन भइरहेको छ। साथै, विभिन्न लम्बाईका ४ वटा बेली ब्रिज निर्माण कार्य सम्पन्न भएको छ। आयोजनाअन्तर्गत हाल जितेगडा देखि लेव्डेसम्म जम्मा ७६ कि.मि. सडक खण्डमा सार्वजनिक यातायातसमेत सञ्चालनमा आएको छ।

आयोजनाका लागि आर्थिक वर्ष २०७७/७८ मा रू.४३ करोड २४ लाख विनियोजन भएकोमा सोको भौतिक प्रगति ६८.२१ प्रतिशत र वित्तीय प्रगति ६६.३६ प्रतिशत रहेको छ।

### ५.२१ काठमाण्डौ-तराई/मधेस द्रुत मार्ग

राजधानीलाई तराई मधेशसँग जोडने सबैभन्दा छोटो मार्ग काठमाण्डौ-तराई/मधेश द्रुत मार्गको कुल लम्बाई करिब ७२.५ कि.मि. रहेको छ। यस द्रुत मार्ग निर्माण कार्य चार वर्षमा सम्पन्न गर्ने गरी निर्माण व्यवस्थापनको जिम्मा नेपाली सेनालाई दिइएको छ। आयोजनाको प्रारम्भिक अनुमानित कुल लागत रू.१ खर्ब ११ अर्ब रहेकोमा संशोधित अनुमान रू.१ खर्ब ७५ अर्ब रहेको छ।

काठमाडौ-तराई/मधेश द्रुत मार्गको विस्तृत परियोजना प्रतिवेदन (DRP) नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भई ठेक्कापट्टाको प्रारम्भिक कार्य सम्पन्न भएको छ। हालसम्म ९१.५ प्रतिशत जग्गा अधिग्रहण कार्य सम्पन्न भएको छ। ढुंगा/माटोको कार्यअन्तर्गत सडक खण्ड ४४.१ कि.मि. को Subgrade Level सम्म तयार गर्न समष्टिगत माटो काट्ने तथा पुर्ने (Cutting & Filling) कार्य हालसम्ममा ९० प्रतिशत सम्पन्न भएको छ। १० वटा बेशक्याम्प निर्माण सम्पन्न भएको, २७ हजार ७ वटा रुख कटान कार्य सम्पन्न भएको छ। कुल छपान भई कटान हुन २७ हजार ७ रूखहरूको सन्दर्भमा १:२५ को अनुपातमा ६ लाख ७५ हजार १ सय ७५ विरूवाहरू रोप्ने योजना मुताविक हालसम्म विभिन्न प्रजातिका रूखहरू एवम् फलफूलका विरूवाहरू गरी ४ लाख २ हजार ८ सय २३ विरूवाहरू विभिन्न स्थानमा रोप्ने कार्य भएको र संरक्षणको व्यवस्थासमेत मिलाइएको छ।

आयोजनाका लागि आर्थिक वर्ष २०७७/७८ मा रू.८ अर्ब ९६ करोड ८८ लाख विनियोजन भएकोमा भौतिक प्रगति ९७.७० प्रतिशत र वित्तीय प्रगति ९७.३५ प्रतिशत रहेको छ। हालसम्म भौतिक प्रगति १६.१६ प्रतिशत र वित्तीय प्रगति १४.५६ प्रतिशत रहेको छ।

## ५.२२ गल्छी-त्रिशुली-मैलुङ्ग-स्याफ्रुबेसी-रसुवागढी सडक

चीनसँगको आर्थिक तथा व्यावसायिक सम्बन्धलाई बढाउन र व्यापार सहजीकरण गर्न महत्त्वपूर्ण रहेको गल्छी-त्रिशुली-मैलुँङ्ग-स्याफ्रुवेसी-रसुवा सडक खण्डलाई गल्छी-मलेखु-भण्डारा हुँदै ठोरीसम्म विस्तार गरी नेपाल-भारत-चीन त्रिदेशीय पारवाहन मार्गका रूपमासमेत निर्माण भइरहेको छ। कुल ८२ कि.मि. लम्वाई र ३० मिटर चौडाइको सडक सीमा कायम गरिएको यस सडकको निर्माण आर्थिक वर्ष २०७९/८० भित्र सम्पन्न गर्ने लक्ष्य रहेको छ।

आर्थिक वर्ष २०७७/७८ मा गल्छी-त्रिशुली-वेत्रावती-मैलुङ्ग खण्डमा १४.१९ कि.मि. सडक कालोपत्रे र ५.३९ कि.मि. ग्राभेल गर्ने कार्य सम्पन्न भएको छ। सडक आयोजनाको हालसम्म १९.३९ कि.मि अस्फाल्ट र २२.९ कि.मि. डी.बि.एम. कालोपत्रे सडक निर्माण सम्पन्न भएको छ। मैलुंग-स्याफ्रुवेशी सडक खण्डको १८ कि.मि. सडकको निर्माण कार्य भइरहेको छ।

आयोजनाका लागि आर्थिक वर्ष २०७७/७८ मा रू.२ अर्ब १४ करोड ४२ लाख विनियोजन भएकोमा भौतिक प्रगति ४४ प्रतिशत र वित्तीय प्रगति ९५.३६ प्रतिशत रहेको छ।

## ५.२३ मेलम्ची खानेपानी आयोजना

सिन्धुपाल्चोकको मेलम्चीस्थित मेलम्ची खोलाको पानी काठमाण्डौमा ल्याई काठमाण्डौ उपत्यकामा प्रतिदिन १७ करोड लिटर खानेपानी वितरण गर्ने उद्देश्यसहित मेलम्ची खानेपानी आयोजना आर्थिक वर्ष २०५५/५६ बाट शुरू गरिएको हो। आर्थिक वर्ष २०७१/७२ मा सम्पन्न गर्ने लक्ष्य रहेको सो आयोजनाको संशोधित कार्य तालिका अनुसार आर्थिक वर्ष २०७८/७९ मा सम्पन्न गर्ने लक्ष्य रहेको छ। आयोजनाको संशोधित अनुमानित कुल लागत ३१२.९ मिलियन अमेरिकी डलर रहेकोमा आर्थिक वर्ष २०७७/७८ सम्म रू.३० अर्ब १६ करोड (करिब ९३ प्रतिशत) खर्च भएको छ।

आयोजनाको मुख्य बाँध, इण्टेक, S4 समेतको कंक्रिटको कार्य सम्पन्न। हेडवर्क्समा नया पक्की पुलसमेत गरि जम्मा 8700 m3 RCC तथा बिबिन्न गेटहरूको Embeded Part को कार्य सम्पन्न। हेडवर्क्समा इनटेक गेट (Gate No. 2A,2B,2C,2D) तथा अन्य Gate no.5, Gate No. 8A, 8B, 8C, 11A, 11B गेटहरूको जडानकार्य सम्पन्न.

अम्बाथान, ग्याल्थुम, सिन्धु तथा सुन्दरीजल सुरुङ्गमा बल्कहेड गेट जडानको कार्य गरिएको, उक्त स्थानमा अनुगमन उपकरण हरूसमेत जडान गरिएको। दातृ निकायको समन्वयमा बिज्ञहरूबाट सुरुङ्गको निरिक्षण कार्य गरिएको। विज्ञ समुहको निरिक्षण प्रतिबेदनको सुझावहरूको कार्यान्वयन गरिएको। मुख्य सुरुङ्गको सञ्चालन परीक्षणको कार्यसमेत सुरु गरिएको। सुरुङ्ग परीक्षणको निर्धारित कार्यबिधि तथा कार्य तालीका बमोजिम फागुन १० गतेबाट बैंकल्पिक पानी पथान्तरण प्रणाली (कफरड्याम, हेडवर्क्स डाईभर्सन सुरुङ तथा पाईप) मार्फत पानी पथान्तरणको कार्य गरिएको सुन्दरीजल पानी प्रशोधन केन्द्रमा फागुन २२ गते पानी उपलब्ध भएको र फागुन २८ गते देखी पानी प्रशोधन केन्द्रको सञ्चालन को कार्य सुरु गरिएको।चैत १५ गते देखि औपचारिक रुपमा काठमाण्डौ उपत्यकामा दैनिक १७ करोड लिटर खानेपानी वितरणका लागि उपलब्ध गराईएको।

समीक्षा अवधिमा करिब ९० दिन जति पानी सञ्चालनको कार्य गरिएको। सुरुङ्गको निरीक्षणका लागि पानी सञ्चालन कार्य बन्द गरिएको र सुरुङ्ग भित्रको पानी क्रमसः सुन्दरीजल, सिन्धु, ग्याल्थुम तथा अम्बाथानबाट खाली गरिने कार्य योजना अनुसार ३८ नम्बर गेट २०७८ असार १ गते बिहान ११ बजेदेखि बन्द गरिएकोमा सोहि दिन साँझ ७ बजे मेलम्ची नदीमा लेदोसहितको भीषण बाढी आएको र हेडवर्क्समा ठुलो आर्थिक क्षति र मानवीय क्षतिसमेत हुन गएको छ।

आर्थिक वर्ष २०७७/७८ मा रू.५ अर्ब ६ करोड ९५ लाख बजेट विनियोजन भएकोमा मेलम्ची प्रथम चरणको भौतिक प्रगति ८४.६४ प्रतिशत र वित्तीय प्रगति ७१.३५ प्रतिशत र मेलम्ची दोस्रो चरणको भौतिक प्रगति ९.४५ प्रतिशत र वित्तीय प्रगति ९.७१ प्रतिशत रहेको छ। त्यसैगरी, समष्टिगत भौतिक प्रगति मेलम्ची प्रथम चरणको भौतिक प्रगति ९९.४७ प्रतिशत र वित्तीय प्रगति ९३.०९ प्रतिशत र मेलम्ची दोस्रो चरणको भौतिक प्रगति २४.८६ प्रतिशत र वित्तीय प्रगति ६.८४ प्रतिशत रहेको छ।

## ५.२४ राष्ट्रपति चुरे संरक्षण कार्यक्रम

हिमालय पर्वत श्रृङ्खलाको महाभारत देखि दक्षिणी भागमा पूर्व-पश्चिमका जिल्लामा फैलिएर रहेको होचो र कमलो पहाड चुरे क्षेत्रको प्राकृतिक स्रोत संरक्षण, दिगो व्यवस्थापन, पारिस्थितिकीय सेवाको सम्वर्द्धनमा टेवा पुऱ्याउने राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको मुख्य लक्ष्य रहेको छ। यस कार्यक्रमले चुरे क्षेत्र पूर्व इलामदेखि पश्चिम कन्चनपुरसम्म ३७ जिल्ला (सुस्ता पूर्व नवलपरासीसमेत)) को कुल १८ लाख ९६ हजार २ सय ५६ हेक्टर भू-भाग समेटेको छ। आर्थिक वर्ष २०६७/६८ देखि राष्ट्रपति चुरे संरक्षण कार्यक्रम शुरुवात गरिएकोमा कार्यक्रमको प्रभावकारिता कायम गर्न एकीकृत कार्यक्रम कार्यान्वयन नीतिको आवश्यकता महशुस गरी नेपाल सरकारले २०७१ आषाढ २ गते राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति गठन गरी आर्थिक वर्ष २०७१/७२ देखि राष्ट्रिय गौरवको आयोजनाको रुपमा कार्यक्रम सञ्चालन गरिदै आएको हो।

कुल लागत रू.२ खर्ब ४९ अर्ब ७० करोड १ लाख रहेको चुरे-तराई मधेश संरक्षण तथा व्यवस्थापन बीस वर्षीय गुरूयोजना नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यावन्यन भई रहेको छ।

आयोजना आर्थिक वर्ष २०७१/७२ देखि सालवसाली कार्यक्रमको रूपमा शुरु भएको थियो भने संशोधित कार्य तालिका अनुसार २० वर्ष अवधिको चुरे-तराई मधेस संरक्षण तथा व्यवस्थापन गुरूयोजना, २०७४ बमोजिम आर्थिक वर्ष २०७४/७५ देखि आर्थिक वर्ष २०९३/९४ सम्म सालवसाली कार्यक्रमको रूपमा रहने छ।

चालु आर्थिक वर्षमा गल्छी, पहिरो, खहरे रोकथाम कार्य, नदी तथा खोला किनारा व्यवस्थापन, तारबारसहित बाँस तथा अन्य प्रजाति खरिद तथा रोपण, अति संवेदनशील क्षेत्र (HOT SPOT) संरक्षण, क्षतिग्रस्त सार्वजनिक भूमि पुनरुत्थान, नदी उकास जग्गा संरक्षण तथा वृक्षारोपण, नदी किनारा हरित पेटी विकास, नर्सरी मर्मत। सुदृढीकरण तथा व्यवस्थापन, गुणस्तरीय बिरुवा तथा बीउ व्यवस्थापन, बाँसको विरुवा उत्पादन तथा खरिद, बाँस/अम्रिसो/अन्य विरुवा रोपण तथा व्यवस्थापन, भिरालो कृषि भूमिमा बहुवर्षीय बाली विस्तार, फलफुलको विरुवा खरिद तथा वितरण, कृषि वन प्रवर्धन, भूमिगत जल पुर्नभरण, पोखरी निर्माण तथा संरक्षण, तालतलैया तथा सिमसार व्यवस्थापन, रेन वाटर रन अफ हार्वेस्टिंग ड्याम, पर्यापर्यटन प्रवर्धन र विकास, जल पुनर्भरण/संरक्षण पोखरी निर्माण, साना सिँचाइ तथा सहकारी सिँचाइ र चुरे क्षेत्रमा अवस्थित जोखिमयुक्त बस्तिहरूको पहिचान एवम् नक्शांकन कार्य सम्पन्न भएका छन्।

कार्यक्रमको लागि आर्थिक वर्ष २०७७/७८ मा रू.१ अर्ब ८२ करोड ७८ लाख विनियोजन भएकोमा भौतिक प्रगति ९३.०१ प्रतिशत र वित्तीय प्रगति ८७.९३ प्रतिशत रहेको छ।

## ५.२५ मिलिनियम च्यालेन्ज एकाउण्ट नेपाल

नेपाल सरकार र अमेरिकी सरकारी निकाय मिलिनियम च्यालेन्ज कर्पोरेशन (Millennium Challenge Corporation-MCC) बीच नेपालमा ऊर्जा र यातयात क्षेत्रका पूर्वाधार विकासका लागि MCC ले ५० करोड अमेरिकी डलर अनुदान सहायता उपलव्ध गराउने सम्बन्धी सम्झौता (Compact Agreement)

सेप्टेम्वर १४, २०१७ मा सम्पन्न भएको थियो। सोको कार्यान्वयनका लागि मिलिनियम च्यालेन्ज एकाउण्ट नेपाल विकास समिति गठन भएको छ। नेपाल सरकारले १३ करोड अमेरिकी डलर सह-लगानी गर्नेछ। प्राप्त हुने अनुदान रकमबाट निर्माण हुने विद्युत प्रशारण आयोजना राष्ट्रिय गौरवको आयोजनाको रूपमा आर्थिक वर्ष २०७५/७६ देखि रहेको छ। प्रशारण लाईनको सम्भाव्यता अध्ययन (Detail Engineering Design) को काम भइरहेको छ भने सडक मर्मततर्फ FWD (Falling Weight Deflect meter) को प्रयोग गरी सडक स्तरोन्नतिका लागि प्रारम्भिक कार्य भइरहेको छ भने पाइलट प्रोजेक्टको डिजाइनको काम शुरू भएको छ। आयोजनाको सब-स्टेशनको जग्गा मूल्य निर्धारण भई मुआब्जा वितरणको काम अन्तिम चरणमा रहेको छ। आयोजना निर्माणको टेण्डर प्रक्रियासम्बन्धी सबै प्राविधिक काम अन्तिम चरणमा रहेको छ।

चालु आर्थिक वर्षमा रू.८ अर्ब २० करोड ७१ लाख बजेट विनियोजन भएकोमा भौतिक प्रगति ३२.३७ प्रतिशत र वित्तीय प्रगति २८.४१ प्रतिशत रहेको छ। त्यसैगरी समष्टिगत भौतिक प्रगति ५.५ प्रतिशत र वित्तीय प्रगति ५.५ प्रतिशत रहेको छ।

# परिच्छेद छ
# भुकम्प पछिको पुनर्निर्माणको प्रगति अवस्था

२०७२ साल बैशाख १२ गतेको विनाशकारी भूकम्प र त्यस पश्चातका पराकम्पका कारण क्षतिग्रस्त भएका निजी तथा सार्वजनिक संरचनाहरूको पुनर्निर्माण छिटो, छरितो र दरिलो रूपमा गर्न भूकम्प पश्चातको आवश्यकता आँकलन (PDNA) प्रतिवेदनले औंल्याए बमोजिम पुनर्निर्माण गर्नका लागि एक स्वायत्त र अधिकार सम्पन्न निकायका रूपमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको स्थापना मिति २०७२ साल पौष १० गते भएको हो।

यस प्राधिकरणबाट भूकम्पबाट बढी क्षति पुगेका ३१ जिल्ला (हाल ३२) मा निजी तथा सार्वजनिक संरचनाहरूको पुनर्निर्माणको काम भइरहेको छ। उक्त जिल्लाहरूमा विभिन्न क्षेत्रगत रूपमा आयोजना कार्यान्वयन इकाई स्थापना गरी तथा केन्द्रीयस्तरबाटसमेत पुनर्निर्माणको कार्य सम्पादन गर्ने व्यवस्था मिलाइएको छ।

भूकम्पबाट क्षतिग्रस्त निजी तथा सार्वजनिक संरचनाहरूको पुनर्निर्माणका लागि करिब रू.४ खर्ब ८८ अर्ब लागत लाग्ने अनुमान गरिएको थियो। पुनर्निर्माणका लागि विभिन्न विकास साझेदारीबाट प्रारम्भिक रूपमा कुल रू.४ खर्ब १० अर्बको प्रतिवद्धता प्राप्त भएकोमा पुनर्निर्माणका लागि मात्र वास्तविक रूपमा रू.२ खर्ब ९४ अर्ब रहेकोमा हालसम्म रू.२ खर्ब ३८ अर्ब बराबरको सहायता सम्झौता भएको छ। पुनर्निर्माणको लागतमध्ये कुल रू.४ खर्ब ८८ अर्बमध्ये आर्थिक वर्ष २०७७/७८ सम्ममा नेपाल सरकार स्रोत र वैदेशिक स्रोतसमेत गरी कुल रू.३ खर्ब ७२ अर्ब खर्च भएको छ।

यस प्राधिकरणको आर्थिक वर्ष २०७७/७८ को बार्षिक प्रगति विवरण निम्नानुसार रहेको छ।

## ६.१ आर्थिक वर्ष २०७७/७८ को शुरु विनियोजन, खुद विनियोजन र खर्चको स्थिति

**तालिका ६.१ विनियोजन र खर्चको स्थिति** (रू.लाखमा)

| क्षेत्रगत | शुरु विनियोजन | खुद वजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| निजी आवास अनुदान | १३१३८३ | २४५६७१ | २२०७७० | ८९.८६ |
| स्थानीय सडक | १८८९३ | २९८९१ | १६६७० | ५५.७७ |
| गुम्बा पुनर्निर्माण | ९५५६ | ७७५१ | ५८७५ | ७५.८० |
| विद्यालय भवन निर्माण-शिक्षा | १८६००५ | २४३७०५ | १९६६५४ | ८०.६९ |
| सरकारी-भवन | ६१७७० | ६२०८३ | ४०५६३ | ६५.३४ |
| स्वास्थ्य-भवन | ७०१६२ | ४९९०६ | १७१६८ | ३४.४० |
| परम्परागत बस्ती | १९३५० | १७४५६ | २०८१ | ११.९२ |
| एकीकृत बस्ती तथा शहरी पूर्वाधार | ७९५९ | ९८१२ | ६०६० | ६१.७६ |
| पुरातात्विक मठ मन्दिर-पुरातत्व विभाग | १७३६७ | १७२७६ | ११२५२ | ६५.१३ |
| पुरातात्विक मठ मन्दिर-पशुपति क्षेत्र विकास कोष | ७०२ | ७०२ | ४७९ | ६८.२३ |
| वित्तिय सुधार | ६४ | ६४ | ६३ | ९७.८३ |
| सुरक्षा निकाय भवन-नेपाल प्रहरी भवन | ० | १०८० | ९८७ | ९१.३४ |
| सुरक्षा निकाय भवन-राष्ट्रिय अनुसन्धान भवन | ० | ३९ | ३९ | १००.०० |
| सुरक्षा निकाय भवन- सशस्त्र प्रहरी भवन | ० | ९ | ९ | १००.०० |

| क्षेत्रगत | शुरु विनियोजन | खुद वजेट | खर्च | प्रतिशत |
|---|---|---|---|---|
| धरहरा, रानीपोखरी तथा अन्य-राष्ट्रिय महत्वका पूर्वाधार पुनर्निर्माण | १७७१८ | १००७४ | ७४८८ | ७४.३३ |
| आयोजना कार्यान्वयन इकाई (EHRP-PMU), राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | ९०७२ | ८०६८ | ३६१५ | ४४.८० |
| **जम्मा** | **५५००००** | **७०३५८८** | **५२९७७२** | **७५.३०** |

स्रोतः राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

उक्त आर्थिक वर्षमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणलाई रू.७० अर्ब ३५ करोड ८८ लाख खुद वजेट रकममध्ये वैदेशिक सहायतातर्फको केही स्रोतको रकम प्राप्त हुन नसकेको कारण रू.५२ अर्ब ९७ करोड ७२ लाख मात्र खर्च भएको छ।

## ६.२ पुनर्निर्माणको हालसम्मको प्रगति विवरण

वि.स. २०७२ सालको विनाशकारी भूकम्प र तत्पश्चातको पराकम्पहरूले निजी आवास, विद्यालय, स्वास्थ्य संस्था, पुरातात्विक सम्पदा तथा सरकारी भवनमा ठूलो क्षति पुगेको थियो। क्षतिग्रस्त संरचनाहरूको पुनर्निर्माणका लागि २०७२ पौषमा राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको स्थापना भई पुनर्निर्माण तथा पुनर्स्थापना कार्य सञ्चालन भएका छन्। भूकम्प पछिको पुनर्निर्माणमा २०७८ असार मसान्तसम्म भएका मुख्य प्रगति विवरणहरू निम्नबमोजिम रहेका छन्।

### ६.२.१ निजी आवास पुनर्निर्माण

निजी घर गुमाएका भूकम्प प्रभावितहरूको पूर्ण क्षति भएकोमा पुनर्निर्माण लाभग्राही र आंशिक क्षति भएकोमा प्रवलीकरण लाभग्राही गरी दुई वर्गमा छुट्याई अनुदान रकम वितरण गर्न थालिएकोमा पुनर्निर्माण लाभग्राहीहरूका लागि पहिलो, दोस्रो र तेस्रो किस्ता गरी क्रमशः रू.५० हजार, रू.१ लाख ५० हजार र रू.१ लाख गरी जम्मा रू.३ लाख प्रदान गर्दै आइरहेको छ। साथै प्रवलीकरण लाभग्राहीका लागि पहिलो किस्ता बापत रू.५० हजार र दोस्रो किस्ता बापत रू.५० हजार गरी जम्मा रू.१ लाख उपलब्ध गराउने व्यवस्था रहेको छ। २०७८ असार मसान्तसम्म जम्मा लाभग्राही संख्या ८ लाख ६६ हजार २ सय ७ जना रहेका छन्। जसमध्ये ९५.७८% ले निजी आवास पुनर्निर्माणका लागि अनुदान सम्झौता गरिसकेका छन् भने सम्झौता गरेकामध्ये ९९.८९% लाई प्रथम किस्ता भुक्तानी गरिएको छ। यससम्बन्धी विस्तृत विवरण निम्न अनुसार रहेको छ।

**तालिका नं. ६.२ निजी आवास पुनर्निर्माण तथा अनुदान वितरणको विवरण**

| क्र.स. | विवरण | २०७८ असार मसान्तसम्म |
|---|---|---|
| १ | जम्मा लाभग्राही संख्या | ८ लाख ६६ हजार २ सय ७ |
| २ | अनुदान सम्झौता संख्या | ८ लाख २९ हजार ६ सय६७ |
| ३ | प्रथम किस्ता भुक्तानी संख्या | ८ लाख २८ हजार ७ सय ६३ |
| ४ | दोस्रो किस्ता भुक्तानी संख्या | ७ लाख ५० हजार ४ सय ५९ |
| ५ | तेस्रो किस्ता भुक्तानी संख्या | ७ लाख ३ हजार ३ सय ७ |
| ६ | निर्माणाधिन घर संख्या | १ लाख ४३ हजार ३ सय |
| ७ | निर्माण सम्पन्न घर संख्या | ६ लाख १५ हजार ४ सय ९३ |

स्रोतः राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

निजी आवास प्रवलीकरणतर्फ गत आर्थिक वर्ष २०७६/७७ सम्म ७७ हजार ९ सय ९९ जना पहिचान भएकोमा आर्थिक वर्ष २०७७/७८ मा ३० हजार १ सय ७२ प्रवलीकरणबाट पुनर्निर्माण लाभग्राहीमा परिवर्तन भएको कारण आर्थिक वर्ष २०७७/७८ को अन्तमा ४७ हजार ८ सय २७ जना मात्र प्रवलीकरण लाभग्राही कायम भएका छन्। जसमध्ये ३५ हजार २ सय २२ जनाले अनुदान सम्झौता गरेका छन् भने ३५ हजार २७ जनाले पहिलो किस्ता बापतको रू.५० हजार प्राप्त गरेका छन्। त्यसैगरी प्रवलीकरण कार्य सम्पन्न गरी २ हजार ३५ जना प्रवलीकरण लाभग्राहीले दोस्रो किस्ता बापतको रकम रू.५० हजार प्राप्त गरेका छन्।

प्राधिकरणको निर्णयबाट गैर लाभग्राहीमा परी चित्त नबुझेमा उक्त व्यक्तिले पुनरावेदन गर्ने व्यवस्था भए बमोजिम आर्थिक वर्ष २०७७/७८ सम्म ५३ हजार जनाले पुनरावेदन समितिमा पुनरावेदन पत्र दर्ता गराएका छन्। तीमध्ये १३ हजार ८ सय ६० पुनरावेदन पत्रहरू जाँचबुझ गरी दर्ता गरिएको छ र आर्थिक वर्ष २०७७/७८ सम्म ९ हजार ५ सय ४२ वटाको फैसला भएको छ। जसमा २ हजार ३ सय ३० लाभग्राही भएका छन्। यस सम्बन्धी विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ६.३: पुनरावेदनको प्रगति अवस्था**

| क्र.सं. | विवरण | आ.व. २०७६/७७ को अन्तसम्म | आ.व. २०७७/७८ मा थप | कुल जम्मा |
|---|---|---|---|---|
| १ | पुनरावेदन समितिमा दर्ताका लागि संकलन भएका पुनरावेदन पत्रहरू | ६७०० | ४६३०० | ५३००० |
| २ | जाँचबुझ गरी दर्ता भएका निवेदन | ५८७८ | ७९८२ | १३८६० |
| ३ | प्रमाण बुझ्ने प्रयोजनका लागि भएका आदेश | ३५२५ | १००५८ | १३५८३ |
| ४ | प्रत्यार्थी झिकाउने मुद्दा आदेश | ३५२५ | १००५८ | १३५८३ |
| ५ | फैसला भएका संख्या | २०५० | ७४९२ | ९५४२ |
| ५.१ | मुद्दा खारेज | ४१४ | ८३ | ४९७ |
| ५.२ | शुरू सदर | २५३० | ३८८६ | ६४१६ |
| ५.३ | निर्णय बदर (७८८ पुनर्निर्माण + १५४२ | १४५ | २१८५ | २३३० |
| ५.४ | तामेली | ६० | २३९ | २९९ |

स्रोतः राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

भूकम्पबाट जोखिमयुक्त देखिएका १ हजार १ सय २ वटा बस्तीहरूमध्ये भौगर्भिक अध्ययनबाट जम्मा ३ सय ४० वटा बस्तीहरू संरक्षण गर्नुपर्ने र २ सय ९९ वटा बस्ती जोखिमयुक्त भएकोले स्थानान्तरण गर्नुपर्ने देखिएको छ। उक्त जोखिमयुक्त बस्तीहरूमा रहेका जोखिम क्षेत्रका लाभग्राहीहरू ४ हजार ७ सय २० मध्ये ४ हजार ९१ लाभग्राहीहरूलाई सुरक्षित स्थानमा बसोबासको व्यवस्था मिलाइएको छ।

भूकम्पबाट प्रभावित भएका भूमिहीन लाभग्राहीहरू जम्मा १२ हजार ७ सय ५७ परिवार पहिचान भएकोमा ११ हजार ५ सय ८० पहिलेकै स्थानमा बस्न चाहने र १ हजार १ सय ७७ अन्यत्र जग्गा खरिद गरी स्थानान्तरण हुन चाहने लाभग्राहीहरू रहेका छन्। आर्थिक वर्ष २०७७/७८ सम्ममा ७ सय ५७ जना भूमिहीन लाभग्राहीलाई सुरक्षित स्थानमा निजी आवास पुनर्निर्माण गर्न रू.२ लाख जग्गा खरिद अनुदान प्रदान गरिएको छ।

भौगर्भिक अध्ययनका आधारमा स्थानान्तरण गर्नुपर्ने बस्तीहरूका लागि सम्भावित स्थानहरूको छनोटसहित ७९ एकीकृत बस्ती विकास गर्नको लागि स्वीकृत भएकोमा हालसम्म ३४ वटा एकीकृत बस्ती विकासको कार्य सम्पन्न भएको छ भने ३६ वटाको एकीकृत बस्ती विकास गर्ने कार्य भैरहेको छ। त्यसैगरी, जोखिमयुक्त बस्ती सुधार, संरक्षण एवम् बस्ती विकास गरी एकीकृत बस्ती बसाउनको लागि ६६ वटा प्रस्तावहरूमध्ये ३४ वटा बस्तीको बस्ती सुधार, संरक्षण एवम् बस्ती विकास कार्य सम्पन्न भएको छ भने ७ वटा बस्तीको बस्ती सुधार, संरक्षण एवम् बस्ती विकास कार्य जारी रहेको छ।

### ६.२.२ क्षतिग्रस्त संरचनाको समग्र पुनर्निर्माण

भूकम्पबाट क्षति भएका शिक्षण संस्था, स्वास्थ्य संस्था, पुरातात्विक सम्पदा, सरकारी तथा सार्वजनिक भवन, सडकलगायतका भौतिक संरचनाहरूको २०७८ असार मसान्तसम्मको समग्र पुनर्निर्माणको प्रगति अवस्था तालिका नं. ३ मा देखाइएको छ।

**तालिका नं.६.४ क्षतिग्रस्त संरचनाको पुनर्निर्माणमा भएको प्रगति**

| क्र.सं. | विवरण | जम्मा पुनर्निर्माण गर्नुपर्ने क्षति | आ.व. २०७२/७३ | आ.व. २०७३/७४ | आ.व. २०७४/७५ | आ.व. २०७५/७६ | आ.व. २०७६/७७ | आ.व. २०७७/७८ | जम्मा सम्पन्न | निर्माणाधीन |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सरकारी भवनहरूको पुनर्निर्माण | ४१५ | ० | १८२ | ६६ | ५५ | ५० | ३५ | ३८८ | २० |
| २ | विद्यालय भवनहरूको पुनर्निर्माण | ७५५३ | ० | २४५६ | १३६० | १२४७ | ९९५ | ५८९ | ६६४७ | ९०६ |
| ३ | स्वास्थ्य संस्था भवनहरूको पुनर्निर्माण | ११९७ | ८३ | २९६ | २६४ | २२ | ३३ | ५३ | ७५१ | ३५४ |
| ४ | पुरातात्विक सम्पदाहरूको पुनर्निर्माण | ९२० | ० | ५६ | १२९ | १९५ | ७३ | १३३ | ५८६ | १९५ |
| ५ | सुरक्षा निकायका भवनहरूको पुनर्निर्माण | ३८३ | ० | १८ | ७५ | ९० | २४ | ९ | २१६ | ० |

स्रोतः राष्ट्रिय पुनर्निर्माण प्राधिकरण

आर्थिक वर्ष २०७७/७८ मा थप ५ सय ८९ वटा विद्यालयको पुनर्निर्माण कार्य सम्पन्न भई हालसम्म ६ हजार ६ सय ४७ वटा (८८ प्रतिशत) विद्यालयहरूको पुनर्निर्माण कार्य सम्पन्न भएको छ भने बाँकी रहेको ९ सय ६ (१२ प्रतिशत) विद्यालयहरूको पुनर्निर्माण कार्य जारी रहेको छ। त्यसैगरी, आर्थिक वर्ष २०७७/७८ मा थप ५३ वटा स्वास्थ्य संस्थाहरू, ३५ वटा सरकारी भवन, १ सय ३३ वटा पुरातात्विक सम्पदाहरू, ७८ वटा गुम्बाहरू, ९ वटा सुरक्षा निकायका भवनहरूको पुनर्निर्माण सम्पन्न

भइ हालसम्म क्रमशः ७ सय ५१ वटा स्वास्थ्य संस्था, ३ सय ८८ वटा सरकारी भवन, ५ सय ८६ वटा पुरातात्विक सम्पदाहरू, ३ सय ७३ वटा गुम्बाहरूको पुनर्निर्माण कार्य सम्पन्न भएको छ। आर्थिक वर्ष २०७७/७८ को अन्तसम्ममा ३ सय ५४ वटा स्वास्थ्य संस्थाहरू, २० वटा सरकारी भवन, १ सय ९५ वटा पुरातात्विक सम्पदाहरूको पुनर्निर्माण कार्य जारी रहेको छ। साथै, आर्थिक वर्ष २०७७/७८ मा रानीपोखरी, धरहरा टावर, सिंहदरवारलगायतका महत्वपूर्ण सम्पदाहरूको निर्माण कार्य सम्पन्न भएको छ।

आर्थिक वर्ष २०७७/७८ मा १ सय ९८ कि.मी. सडकको निर्माण सम्पन्न गरी हालसम्म ६ सय ५७ कि.मी. सडकको निर्माण सम्पन्न भएको र १ सय ७ कि.मी निर्माणाधीन अवस्थामा रहेको छ। ती सडकमा पर्ने ९ वटा पुलको निर्माण सकिएको छ भने ६ वटाको निर्माणाधीन अवस्थामा रहेका छन्।

## ६.३ पुनर्निर्माणका समस्या तथा चुनौतीहरू

- कोभिड-१९ को कारणले गत आर्थिक वर्षमा कार्य सम्पन्न हुन नसकी चालु आर्थिक वर्षमा निरन्तरता दिन कतिपय कार्यक्रम र बजेट विनियोजन हुन नसकेकोले अर्थ मन्त्रालयबाट थप बजेट प्राप्त गर्ने विषय।
- शहरी निजी आवास पुनर्निर्माणले अपेक्षित गति लिन नसकेको। विद्यालय तथा स्वास्थ्य संस्था पुनर्निर्माणको लागि कतिपय स्थानमा विद्यालयको नाममा जग्गा नभएको हुँदा जग्गा व्यवस्थापनमा कठिनाई भएको।
- आर्थिक वर्ष २०७७/७८ भित्रै सम्पन्न गर्ने लक्ष्य राखिएको तर कोभिड-१९ को महामारी लगाएतका कारणबाट सम्पन्न हुन नसकेका पुनर्निर्माणसँग सम्बन्धित बाँकी कार्यहरू आर्थिक वर्ष २०७८/७९ को पहिलो चौमासिक अवधि भित्र सम्पन्न गर्ने विषय।
- Exim Bank India को प्रक्रियागत ढिलाईका कारण अपेक्षित प्रगति हासिल गर्न कठिनाई।
- दक्ष कालिगढको अभाव, पुरातत्व विभागको कमजोर संस्थागत क्षमता, स्थानीय रूपमा हुने विभिन्न प्रकारका विवादका कारण पुरातात्विक सम्पदाहरूको पुनर्निर्माणको गति अपेक्षा अनुरूप तीब्र बनाउन नसकिएको।
- २०७८ पौष १० पश्चात प्राधिकरणको समयावधी समाप्त हुने हुँदा पुनर्निर्माणको बाँकी कार्यहरू सम्बन्धित निकायमा हस्तान्तरण गरी समयमै सम्पन्न गर्ने विषय।

## परिच्छेद सात
## क्षेत्रगत मन्त्रालय/निकायको प्रगतिको अवस्था

आर्थिक वर्ष २०७७/७८ मा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार विभिन्न मन्त्रालयहरूबाट सम्पादित कार्यहरूको मुख्य मुख्य प्रगति विवरणहरू देहाय अनुसार रहेको छ।

### ७.१ अर्थ मन्त्रालय

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ स्वीकृत गराई कार्यान्वयनमा आएको।
- सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ स्वीकृत भई कार्यान्वयनमा आएको।
- मन्त्रालयगत बजेट सूचना प्रणाली (LMBIS), एकल खाता कोष प्रणाली (TSA) र कम्प्युटराइज सरकारी लेखा प्रणाली (CGAS) बीच रियल टाइम इन्टिग्रेसन हुने व्यवस्था गरिएको।
- कोरोना प्रभावित क्षेत्रमा उद्योग/प्रतिष्ठानलाई पुनकर्जा कोषमार्फत चालु पुँजीको लागि रू.१ खर्ब ४८ अर्ब ७५ करोड पुनकर्जा स्वीकृत गरी ४८ हजार ८ सय ९० ऋणीहरूमा पुनकर्जाको पहुँच पुगेको छ।
- सहुलियतपूर्ण कर्जा अनुदानअन्तर्गत ७१ हजार ६ सय ६१ ऋणीलाई रू.३ अर्ब ८५ करोड ४४ लाख कर्जा प्रवाह भएको छ।

### ७.२ उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय

**तालिका ७.१**

| कार्य विवरण | भौतिक प्रगति |
|---|---|
| सिँचाइ सुविधा पुगेको क्षेत्र (हेक्टर) | १५ लाख ९ हजार |
| ठूला तथा मझौला नदीमा तटबन्ध निर्माण (कि.मि.) | १ हजार २ सय ९ |
| जलविद्युत उत्पादन क्षमता (मेगावाट) | १ हजार ६ सय ८५ |
| प्रसारण लाइन निर्माण (६६ के.भी. भन्दा बढी) (स.कि.मि.) | ४ हजार ६ सय ४० |
| ३३ के.भी. प्रशारण लाइन विस्तार (कि.मि.) | ६ हजार ४८ |
| विद्युतमा पहुँच पुगेको जनसंख्या (प्रतिशत) | ९३ |
| राष्ट्रिय प्रसारण प्रणालीबाट विद्युतमा पहुँच प्राप्त गर्ने जनसंख्या (प्रतिशत) | ९० |
| प्रति व्यक्ति विद्युत खपत (किलोवाट/घण्टा.) | ३ सय २५ |
| विद्युत चुहावट (प्रतिशत) | १७.१८ |
| घरेलु सौर्य ऊर्जा प्रणाली जडान (संख्या) | ९ लाख ५९ हजार ७ सय |
| घरायसी वायोग्यास प्लान्ट निर्माण (संख्या) | ४ लाख ३२ हजार ९ सय २० |
| सुधारिएको फलामे चुलो (संख्या) | १ लाख ३३ हजार ४ सय ४० |

## ७.३ उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

**तालिका ७.२**

| कार्य विवरण | भौतिक प्रगति |
|---|---|
| लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योगको स्थापना र सञ्चालनमार्फत रोजगारी सिर्जना | १ लाख ४० हजार |
| ठूला उद्योग दर्ता (संख्या) | ४२ |
| मझौला उद्योग दर्ता(संख्या) | ४९ |
| घरेलु तथा साना उद्योग दर्ता | ४६ हजार |
| लघु उद्यमीको स्तरोन्नती | ४ हजार |
| लघु उद्यमी सिर्जनालगायतका अन्य कार्यक्रमबाट रोजगारी सिर्जना | १ लाख ४० हजार |
| निजी क्षेत्रकोसमेत साझेदारीमा सीपमूलक तालिम | ० |
| तोकिएको दुर्गम जिल्लामा खाद्यान्न ढुवानी | १७ हजार मे.टन |
| राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा खाद्यान्न भण्डार | २५ हजार मे.टन |
| सार्क खाद्य सुरक्षा बैंकमा खाद्यान्न मौज्दात | ८ हजार मे.टन |
| तोकिएको दुर्गम जिल्लाहरूमा आयोडिनयुक्त नुन ढुवानी | ९४ हजार क्वीन्टल |
| निकासीमा वृद्धि | रू.४३ अर्ब |
| निकासी आयात अनुपात | १:१०.९ |
| कुल गार्हस्थ्य उत्पादनमा निकासीको अनुपात | ३.३ |

- गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) सञ्चालन निर्देशिका, २०७७, कार्यविधि स्वीकृत भएको।
- सीपमूलक क्षमता अभिवृद्धि तथा उद्यमशीलता निर्देशिका, २०७७, कार्यविधि स्वीकृत भएको।
- शुरुवाती पुँजी (Startup Capital) कर्जा प्रवाह कार्यविधि स्वीकृत भएको।
- बाराको अंमलेखगञ्जदेखि चितवनको लोथरसम्म पेट्रोलियम पाइपलाइन निमार्ण र झापाको चारआलीमा पेट्रोलियम भण्डारण गृह निर्माण गर्न नेपाल सरकार, मन्त्रिपरिषद्मा प्रस्ताव पेश भएको।
- सेफगार्डस, एन्टी -डम्पिङ्ग तथा काउण्टरभेलिङ्ग नियमावली नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भएको।
- उद्योग विभागमा रू.१ खर्ब ५६ अर्बको लगानीमा २ सय ३ उद्योग दर्ता भई ११ हजार ८ सय ३३ रोजगारी सिर्जना भएको।
- उद्योग विभागमा रू.३२ अर्ब २० करोडको विदेशी लगानी प्रतिवद्धता र ५ हजार ६ सय ९७ रोजगारीको अवसर दिलाउने गरी १ सय ८३ वटा वैदेशिक लगानीका परियोजनाहरू स्वीकृत भएको।
- वैदेशिक रोजगारीबाट फर्केका १ हजार ८ सय युवाहरूलाई स्वदेशमा स्वरोजगार र रोजगारका अवसर दिलाउने गरी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको।
- ९ हजार ४ सय २० जनालाई रोजगारीसहितको व्यावसायिक सीपमूलक तालिम सञ्चालन गरिएको।

- प्रदेश १ का विभिन्न औद्योगिक प्रतिष्ठान तथा तालिक प्रदायक संस्थाहरूबाट १ हजार ३ सय जनालाई रोजगारीसहितको औद्योगिक प्रशिक्षण तालिम सञ्चालन गरिएको।
- ग्रामिण क्षेत्रका २५ हजार जनालाई वित्तीय साक्षरता तालिम प्रदान गरिएको।
- ग्रामिण क्षेत्रका ५५ वटा सहकारी संस्थाहरूको क्षमता अभिवृद्धि तथा साना किसान विकास बैंकमार्फत थोक कर्जा परिचालन गरिएको।
- दमक औद्योगिक क्षेत्र, झापा र मयुरधाप औद्योगिक क्षेत्र मकवानपुरको शिलान्यास भएको।
- अर्घाखाँचीमा बहुमुल्य पत्थर (ज्यास्पर) १० वर्ग कि.मि सर्भेक्षण कार्य सम्पन्न भएको।
- रोल्पाको लुङ्ग्रीखोलामा ५० हेक्टर सुनको भौगर्भिक नक्सांकन, जिओकेमिकल परीक्षण र टोपो सर्भे सम्पन्न।
- सात वटै प्रदेशमा गुणस्तर तथा नापतौल कार्यालयहरू स्थापना भएको।
- गोरखाको ग्याजीमा ५ वर्ग कि. मि. म्याग्दीको ओखरवोटमा ५ वर्ग कि. मि. क्षेत्रमा तामा तथा फलाम प्रारम्भिक भौगर्भिक अन्वेषण कार्य सम्पन्न गरिएको।
- निकासीयोग्य वस्तुको बजार प्रवर्द्धन गर्न Export Potential Product Profile तयार गरिएको। ।
- उद्योग विभाग परिसर, काठमाण्डौमा सार्क हस्तकला केन्द्र निर्माण (भवन निर्माण) कार्य सम्पन्न भएको।
- नेपालगञ्जमा एकीकृत जाँच चौकीको निर्माण कार्य शुरु भएको।
- चोभारमा सुक्खा बन्दरगाह निर्माण कार्य ९० प्रतिशत सम्पन्न भएको।
- मुस्ताङ्गको कोराला नाकामा ICD निर्माणका लागि पूर्व सम्भाव्यता अध्ययन सम्पन्न भएको।
- १७ दुर्गम जिल्लाहरूको ५३ स्थानमा फाल्गुण मसान्तसम्म ९३ हजार ९ सय ८४ क्वीन्टल नून ढुवानी गरिएको।
- आपूर्ति व्यवस्था सुदृढ बनाउन तथ्याङ्क प्रणालीको विकास गर्न Integrated Trade and Supply Management Information System (ITSMIS) सम्बन्धी सफ्टवेयर निर्माण गरिएको।

## ७.४ कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

- कानूनसम्बन्धी पुस्तिका प्रकाशन, मोबाइल एप्स सञ्चालन तथा ३ सय ६० वटा विद्यमान ऐन, कानून अपलोड गरी वेभसाइट अद्यावधिक गरिएको।
- सञ्चार माध्यमबाट कानुनी सचेतना सम्बन्धी २४ वटा कार्यक्रम प्रसारण भएको।
- शैक्षिक संस्थाहरूमा ७ वटा अन्तरक्रिया तथा कानुनी सचेतना कार्यक्रम सञ्चालन गरिएको।
- नमुना कानून निर्माण तथा कानून तर्जुमा सहजीकरण गरिएको।
- प्रदेश तथा स्थानीय तहका कानून र सोको कार्यान्वयनको अवस्था अध्ययन गरी प्रतिवेदन तयार गर्ने कार्य सम्पन्न भएको।
- ५ वटा क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न भएको।
- निःशुल्क कानुनी सहायताको प्रभावकारिता सम्बन्धी ५ वटा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको।
- न्यायिक समितिको क्षमता अभिवृद्धि सम्बन्धी १३ वटा कार्यक्रम सञ्चालन गरिएको।

## ७.५ कृषि तथा पशुपन्छी विकास मन्त्रालय

कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट सञ्चालन गरिएका कार्यक्रमबाट हासिल भएका भौतिक प्रगतिको उपलव्धि सम्बन्धी विवरण

**तालिका ७.३**

| कार्य विवरण | भौतिक प्रगति |
|---|---|
| **मुख्य वालीहरुः** | |
| खाद्यान्न उत्पादन | १ करोड ५ लाख ५८ हजार मे.टन |
| धान | ५६ लाख २१ हजार मे.टन |
| मकै | २९ लाख २६ हजार मे.टन |
| गहुँ | २० लाख ९ हजार मे.टन |
| तरकारी | ४१ लाख ९६ हजार मे.टन |
| उखु | ३३ लाख ३ हजार मे.टन |
| दूध | २४ लाख २३ हजार मे.टन |
| माछा | १ लाख ३ हजार मे.टन |
| मासु | ५ लाख ५७ हजार मे.टन |
| **प्रति हेक्टर उत्पादकत्वः** | |
| धान | ३.८२ मे.टन |
| मकै | ३.०५ मे.टन |
| गहुँ | २.८० मे.टन |
| तरकारी | १४.४५ मे.टन |
| **रासायनिक मल विक्रि वितरणः** | |
| युरिया | २ लाख २३ हजार ३ सय ५९ मे.टन |
| डिएपि | १ लाख ४० हजार १ सय ६७ मे.टन |
| पोटास | १३ हजार ९७ मे.टन |
| बाली विमाको प्रिमियममा अनुदान भुक्तानी | रू.५ करोड ४५ लाख ३७ हजार ७ सय ५९ |
| पशुपन्छी तथा मत्स्य विमाको प्रिमियममा अनुदान भुक्तानी | रू.१ अर्ब २४ करोड २१ लाख ६३ हजार |
| | |
| **नेपाल कृषि अनुसन्धान परिषद तथा फार्म केन्द्रहरूमा मूल तथा स्रोत बीउ उत्पादन** | |
| खाद्यान्न उत्पादन (धान, मकै, गहुँ) | १ हजार ८३ मे.टन |
| दलहन उत्पादन | १० मे.टन, |
| तेलहन उत्पादन | १२.२ मे.टन |
| तरकारी उत्पादन | ३.९८ मे.टन |
| खाद्यान्न बालीमा SRR | २०.२९ प्रतिशतले वृद्धि |
| **उत्पादन क्षेत्रफल विस्तार** | |
| खाद्यान्न | ७ हजार ४ सय ६१ हेक्टर |

| | |
|---|---|
| फलफूल(स्याउ,सुन्तला) | १ हजार १४ हेक्टर |
| तरकारी/आलु | २ हजार ७ सय ३९ हेक्टर |
| मसलाबाली(अदुवा/बेसार/अलैंची) | ७ सय ३५ हेक्टर |
| माछा | २ सय ९ हेक्टर |
| कफी | ७ सय  हेक्टर |
| फलफूलको बेर्ना, विरूवा र आलङ्कारिक विरुवा बिक्री वितरणसमेत | ७० हजार ९७ |
| ८ जिल्लाका उखु कृषकहरूलाई अनुदान | रू.९७ करोड १८ लाख २३ हजार १ सय ९० |
| बाली बीमा बीमाङ्क | रू.२ अर्ब ७५ करोड ३७ लाख ६० हजार २ सय ९७ |
| पशु तथा मत्स्य बीमा बीमाङ्क | रू ३६ अर्ब ८३ करोड २२ लाख ३३ हजार ७ सय ५७ |
| खोपको गुणस्तर परीक्षण संख्या | ७५ वटा नमुना |
| धुलो दुध उत्पादन | ११ लाख २९ हजार के.जी |
| खोरेत, पि. पि. आर.लगायत रोग नियन्त्रणको लागि खोप उत्पादन | ४ करोड ४५ लाख |
| पशुपन्छीतर्फ क्वारेन्टीन जाँच | ४ हजार ८ सय ८० |
| उन्नत कृषि प्रविधिको विकास (संख्या) | २३ |
| जोन (संख्या) | १ सय ६ |
| सुपर जोन (संख्या) | १६ |
| ब्लक (संख्या) | ७ सय ५३ |
| पकेट (संख्या) | २ हजार ३ सय २१ |

- नेपाली चियाको प्रवर्द्धनको लागि "Nepal Tea Quality From The Himalayas" नामक ट्रेडमार्कको प्रयोग गरिएको।
- २ सय ४६ वटा चक्लाबन्दीको कार्य सम्पन्न भइ भुक्तानी सम्पन्न।
- ८६ वटा महिला तथा पिछडिएको समुहहरूमा १ सय ३६ वटा मेशिनरी औजार (पावर टिलर, ब्रस मेशिन, च्याफकटर आदि) वितरण गरिएको।
- २ सय ४९ वटा माटोको नमूना परीक्षण गरिएको।
- नेपाल कृषि अनुसान्धान परिषद् र CIMMYT को सहकार्यमा नेपालको माटोको डिजिटल नक्सा तयार गरिएको जसबाट माटोमा भएको अम्लीयपना, जैविक पदार्थ,नाइट्रोजन, फोस्फरस, पोटासियमलगायत अन्य सुक्ष्य पोषक तत्वको बारेमा सहजै जानकारी प्राप्त गर्न सहयोग पुग्ने।
- ६७ वटा प्राविधिक शिक्षालयको साझेदारीमा व्यवसायकि उत्पादन कार्यक्रम सञ्चालन गरिएको।
- विभिन्न शैक्षिक संस्थासँग  सम्झौता गरी  २ सय ८० कृषि स्नातक (ईन्टर्न) विद्यार्थी परिचालन गरिएको।
- ६६ हजार ८ सय ३८ संख्यामा खाद्य आयात निर्यात निरीक्षण तथा प्रमाणीकरण गरिएको।

- दूध तथा दुग्ध जन्य पदार्थ ढुवानी गर्ने सवारी साधनमा राख्ने लोगोको डिजाइन सार्वजनिक गरिएको।
- मुलुकलाई पशुपन्छीजन्य उत्पादन (कुखुराको अण्डा, मासु तथा धुलो दुध) मा आत्मनिर्भर भएको घोषणा गरिएको।
- जापानलगायत अन्य देशहरूमा करीब ५५ हजार लिटर घ्यू निर्यात गरिएको।
- ४५ कृषकलाई बर्डफ्लु रोग नियन्त्रण बापत क्षतिपुर्ति प्रदान गरिएको।
- विभिन्न जिल्लामा १ सय ३८ वटा भणडारण, प्राथमिक प्रशोधन वा प्रशोधन उद्योग स्थापना/जैतुन प्रशोधन प्लान्ट स्थापनाको लागि अनुदान प्रवाह सम्पन्न गरिएको।
- १७ वटा बीउ प्रशोधन केन्द्रको निर्माण कार्य सम्पन्न भएको।
- २ हजार ४ सय ९१ वटा सौर्य तथा सानासिँचाइ मर्मत सम्भार तथा निर्माण सम्पन्न भएको।
- ५ हजार ३ सय ६९ वटा कृषि मेशिनरी यन्त्र वितरण भएको।
- २१ वटा नर्सरीहरूको प्रस्तावना स्वीकृत गरी कार्यसम्पन्न भएका फर्महरूलाई ५० प्रतिशत अनुदान रकम भुक्तानी गरिएको।

## ७.६ खानेपानी मन्त्रालय

**तालिका ७.४**

| कार्य विवरण | भौतिक प्रगति |
|---|---|
| आधारभूत स्तरको खानेपानी सेवावाट लाभान्वित जनसंख्या (हालसम्म) | ९३.२१ |
| उच्च मध्यमस्तरको खानेपानी सेवावाट लाभान्वित जनसंख्या (हालसम्म) | २४.६५ |
| शहरी क्षेत्रका प्रशोधनसहितका ढल प्रणालीमा जोडिएका जनसंख्या (हालसम्म) | २.१ |
| खानेपानी आयोजना सम्पन्न | ७ सय ३३ |
| खानेपानी सेवाबाट लाभान्वित जनसंख्या | १० लाख २८ हजार ८ सय ५७ |
| सेवा पुनस्थापना भएका आयोजना | १ सय ९२ |
| आधारभूत खानेपानी सेवाबाट पुन लाभान्वित भएको जनसंख्या | १ लाख २८ हजार |
| भुकम्पबाट क्षतिग्रस्त दोश्रो चरणमा सम्पन्न आयोजना | १ सय १५ |
| ढल प्रशोधन तथा दिसाजन्य लेदो व्यवस्थापन आयोजनाबाट लाभांन्वित जनसंख्या | १ हजार ३ सय ८५ |
| स्रोत संरक्षण कार्य सम्पन्न | १० स्थान |
| डिप ट्युवेलको अनुमति पत्र वितरण | १ सय |
| आधारभूत सरसफाइ सेवा (हालसम्म) | १०० प्रतिशत |

- संघबाट प्रदेशमा गएका सशर्त र प्रदेशका समानीकरण तथा अन्य अनुदानबाट सम्पन्न भएका खानेपानी आयोजनाहरूबाट ३ लाख ४१ हजार १ सय ६२ जनसंख्या आधारभूतस्तरको खानेपानी सेवाबाट लाभान्वित भएको।
- १९ स्थानमा सार्वजनिक शौचालय निर्माण सम्पन्न भएको।
- ७ वटै प्रदेशमा १/१ वटाको दरले वाटर एम्बुलेन्स (पानी परीक्षण घुम्ती भ्यान) नियमित सञ्चालनमा रहेको।

- काठमाण्डौ उपत्यकाभित्र १० स्थानमा वाटर ए.टि.एम. जडान कार्य सम्पन्न भएको।
- आर्थिक वर्ष २०७७/७८ मा ३ सयभन्दा बढी नगरपालिका/गाउँपालिकाका ८ हजार ३ सयभन्दा बढी खानेपानी प्रणालीहरूको तथ्याङ्क संकलन भइसकेको।
- खानेपानी पहुँचमा नपुगेको जनसमुदाय (Cluster) हरूको पहिचान गरिएको र खानेपानी गुणस्तर सम्बन्धी तथ्याङ्क संकलन शुरु गरिएको।

## ७.७ गृह मन्त्रालय

आर्थिक वर्ष २०७७/७८ मा सामाजिक सुरक्षा कार्यक्रमबाट लाभग्राहीको विवरण

**तालिका ७.५**

| कार्य विवरण | भौतिक प्रगति |
|---|---|
| सामाजिक सुरक्षा भत्ता वितरण | |
| जेष्ठ नागरिक अन्य | १३ लाख १४ हजार २ सय १ |
| जेष्ठ नागरिक दलित/कर्णाली | २ लाख ६ हजार ३ सय ९ |
| एकल तथा विधुवा महिला | ६ लाख ३१ हजार ८४ |
| पूर्ण अपाङ्ग | ५५ हजार ५९ |
| अति अशक्त अपाङ्ग | १ लाख ५ हजार ५१ |
| लोपोन्मुख जनजाति | २२ हजार ५ सय ४४ |
| दलित बालबालिका | ४ लाख २१ हजार ३ सय ४३ |
| बालपोषण अन्य | ६ लाख ९९ हजार ८ सय ५५ |
| **जम्मा** | **३४ लाख ५५ हजार ४ सय ४६** |
| सामाजिक सुरक्षा भत्ता भुक्तानी | रू.६८ अर्ब ६५ करोड |
| बैंकिङ्ग प्रणालीमार्फत सामाजिक सुरक्षा भत्ता भुक्तानी गर्ने स्थानीय तह | ५ सय ३९ |
| बैंकिङ्ग प्रणालीमार्फत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने कुल लाभग्राही संख्या | २१ लाख ८८ हजार |
| घटना दर्ताका पुराना अभिलेख डिजिटाइजेन गर्ने स्थानीय तह | ६ सय ८८ |

- विपद् जोखिम वित्तीय व्यवस्थापन रणनीति, २०७८ तर्जुमा गरिएको।
- ७७ जिल्लामा राष्ट्रिय परिचयपत्र कार्यक्रम लागु गरिएको।
- बालपोषण भत्ता पोषण भत्ता लागु भएका थप ११ जिल्ला ( (सप्तरी, बारा, धनुषा, रसुवा, कपिवस्तु, रोल्पा, रुकुम पूर्व, रुकुम पश्चिम, दैलेख, सल्यान र बैतडी) का थप १ लाख ७५ हजार ३ सय ५२ लाभग्राही बालबालिका प्रणालीमा प्रविष्ट भएको)
- विपद् प्रभावितलाई सामाजिक संरक्षण प्रदान ४ हजार ९ सय ३७ जनालाई अनुदान प्रदान गरिएको।
- सुरक्षा निकायको ५५ वटा भवन निर्माण सम्पन्न गरिएको।

## ७.८ परराष्ट्र मन्त्रालय

- मुलुकको अन्तर्राष्ट्रिय सम्बन्धलाई समग्र मार्गदर्शन गर्दै इतिहासमै पहिलो पटक एकीकृत दस्तावेजको रुपमा परराष्ट्र नीति, २०७७ जारी गरिएको।

- कन्सुलर सेवा कार्यविधि, २०७७ स्वीकृत भै कार्यान्वयनमा आएको।
- "Accelerating the realization of gender equality and the empowerment of all women and girls" विषयक High Level Meeting on the Twenty-fifth Anniversary of the Fourth World Conference (Beijing+25) लाई सम्माननीय राष्ट्रपतिज्यूले भर्चुअल सम्बोधन गर्नुभएको।
- विभिन्न ९ वटा मुलुकहरूसँग द्विपक्षीय संयन्त्रको बैठक सम्पन्न भएको।
- नेपाल र जनवादी गणतन्त्र चीनबाट २०७७ मंसिर २३ मा भिडियो कन्फरेन्समार्फत संयुक्त रुपमा सगरमाथा/झुमुलङ्माको नयाँ उचाई (८८४८.८६ मिटर) को घोषणा गरिएको।
- सार्कको कार्यक्रम समितिको ५८औं बैठक नेपालको अध्यक्षतामा काठमाण्डौमा सम्पन्न भएको।
- नेपाल-भारत सीमासम्बन्धी प्रमाण संकलनका लागि गठित विज्ञ समूहले आफ्नो प्रतिवेदन माननीय परराष्ट्र मन्त्रिज्यू समक्ष बुझाएको।
- नेपाल-भारत ऊर्जा सहयोग सम्बन्धी सहसचिवस्तरीय Joint Working Group (JWG) र ऊर्जा सचिवस्तरीय Joint Steering Committee (JSC) बैठकहरू सम्पन्न भएका।
- Sierra Leone, गाम्बिया र Commonwealth of Dominica गरी तीन मुलुकसँग नेपालको कूटनीतिक सम्बन्ध स्थापना भएको। नेपालसंग कूटनीतिक सम्बन्ध स्थापना भएका मुलुकहरूको संख्या १७० पुगेको छ।
- नेपाल र भारतका परराष्ट्र/विदेश सचिवस्तरीय बैठक काठमाण्डौमा सम्पन्न भएको
- चिनीयाँ State Councilor and Minister of National Defense Gen. Wei Fenghe ले नेपाल भ्रमण गर्नुभएको।
- संयुक्त राष्ट्र संघअन्तर्गतको Committee on Development Policy (CDP) को त्रिवर्षीय समीक्षा बैठकले नेपाललाई अतिकम विकसित मुलुलको स्तरबाट स्तरोन्नतिका लागि सिफारिश गरेको।

## ७.९ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

**तालिका ७.६**

| कार्य विवरण | भौतिक प्रगति |
|---|---|
| लगानी बोर्डबाट स्वीकृत परियोजना (हालसम्म) | २७ वटा |
| स्वीकृत लगानी रकम (हालसम्म) | रू.८ खर्ब ३५ अर्ब ७ करोड |
| | |

- संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ जारी भएको।
- मानव अधिकार सम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजना तर्जुमा भई नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत भएको।
- ठूला र जटिल प्राविधिक क्षमता आवश्यक पर्ने भौतिक निर्माणको लागि EPC माध्यबाट खरिद गर्ने निर्देशिका,२०७८ मन्त्रिपरिषद्बाट स्वीकृत भएको।
- अपराध अनुसन्धान र अभियोजनलाई तथ्यपरक र वैज्ञानिक बनाउन अभियोजन नीति तथा मार्गदर्शन, २०७७ जारी भएको।
- खरिद कार्यलाई गुणस्तरीय, प्रतिस्पर्धी, मितव्ययी र स्वच्छ बनाउन सार्वजनिक निकायमा खरिद कार्य गर्ने कर्मचारीको योग्यता निर्धारण मापदण्ड, २०७८ जारी गरिएको।
- Doing Business - Gap Analysis सहित सुधार कार्ययोजना तयार गरिएको।

- राजस्व अनुसन्धान विभागबाट मालवस्तु तथा ढुवानीका साधनको अनुगमन प्रणाली (Vehicle & Consignment Tracking System – VCTS) पूर्णरुपमा कार्यान्वयनमा ल्याईएको।
- राष्ट्रिय सतर्कता केन्द्रबाट २४ वटा राष्ट्रिय गौरव/अन्य आयोजनाहरूको प्रविधिक परीक्षण सम्पन्न गराई अन्तिम प्रतिवेदन प्राप्त भएको।
- नेपालको संविधानको धारा ५३ एवम् सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिम राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व कार्यान्वयनका सम्बन्धमा भए गरेका कार्य र हासिल गरिएका उपलब्धिहरूसहितको वार्षिक प्रतिवेदन तयारी गरी सम्माननीय प्रधानमन्त्रीमार्फत राष्ट्रपति समक्ष पेश भएको।
- विदेशी मुद्रा सटही एवम् स्थानान्तरण सुविधा सिफारिस सम्बन्धी कार्यविधि लगानी बोर्डबाट स्वीकृत गरिएको।
- सूचना प्रविधि विभागको एक्यूटिनिक्स प्रणालीको प्रयोग गरी Vehicle & Consignment Tracking System -VCTS को Security Audit (VAPT Audit) सम्पन्न भएको।
- महान्यायाधिवक्ताको कार्यालयसमेत २० वटा सरकारी वकील कार्यालयहरूको भवन निर्माण सम्पन्न गरिएको।
- नागरिक मोबाइल एप्सलाई प्रयोगमा ल्याइएको।
- सिंहदरबार मुख्य प्रशासनिक भवनको उद्घाटन, स्थानान्तरण र व्यवस्थापन सम्पन्न गरिएको।
- सिंहदरबारको मुख्य प्रशासनिक भवनमा स्टुडियो निर्माण निर्माण सम्पन्न गरिएको।
- काठमाडौं उपत्यकाको ट्राफिक व्यवस्थापन सम्बन्धी कार्ययोजना, २०७८ तयार गरी कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाइएको।
- राष्ट्रिय गौरव, रुपान्तरणकारी एवम् अन्य राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरूको १२ वटा प्रतिवेदन तयार गरिएको।
- राष्ट्रिय सतर्कता केन्द्रमा प्राप्त १ हजार ४२ वटा उजुरीहरूमध्ये ५ सय ९८ वटा उजुरीहरू फछ्र्यौट गरिएको।
- लगानी बोर्ड परियोजना बैंक व्यवस्थापन सुचना प्रणाली IBN-Project Bank Management Information System -IBNPBMIS) को परीक्षण शुभारम्भ गरिएको।
- राजस्व अनुसन्धान विभागबाट राजस्व चुहावट (बिदेशी बिनिमयसमेत) मा रू.२४ अर्ब ७७ करोड बिगो कायम गरी मुद्दा दायर गरिएको।
- राजस्व अनुसन्धान विभागबाट मालवस्तु तथा ढुवानीका साधनको अनुगमन प्रणाली (Vehicle & Consignment Tracking System – VCTS) पूर्ण रुपमा कार्यान्वयनमा ल्याईएको।

## ७.१० भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

**तालिका ७.७**

| कार्य विवरण | भौतिक प्रगति |
|---|---|
| सहकारी संघ संस्था संख्या (हालसम्म) | २९ हजार ८ सय ८६ |
| सहकारी संघ संस्थाको कुल सदस्य संख्या (हालसम्म) | ७३ लाख |
| सहकारी संस्थाको कुल शेयर पुंजी (हालसम्म) | रू.९४ अर्ब |

| | |
|---|---|
| सहकारी संस्थाको कुल बचत (हालसम्म) | रू.४ खर्ब ७७ अर्ब |
| सहकारी संस्थाबाट हुने कुल लगानी (हालसम्म) | रू.४ खर्ब २३अर्ब |
| सहकारी मार्फत् थप प्रत्यक्ष रोजगारी (हालसम्म) | ८८ हजार जना |
| सहकारी क्षेत्रमा तालिम प्राप्त जनशक्ति | १ हजार ८ सय ९२ |
| अत्याधुनिक LiDAR प्रविधिमा आधारित Airborne Survey बाट पश्चिम तराईको क्षेत्रको सर्भेक्षण | १४ हजार ५ सय वर्ग किलोमिटर |
| नाप नक्साः जम्मा | १६ हजार ७ सय ८६ हेक्टर |
| गाउँब्लक नापी | ४ सय ४५ हेक्टर |
| पुनःनापी | २ हजार ६ सय ३६ हेक्टर |
| विशेष नापी | १३ हजार ३ सय ९ हेक्टर |
| छुट नापी | ३ सय ९६ हेक्टर |
| राजस्व संकलन | |
| रजिष्ट्रेशन शुल्क | रू.३२ अर्ब ४६ करोड ५० लाख, |
| पुंजीगत लाभकर | रू.१४ अर्ब ४१ करोड १० लाख |
| अन्य | रू.१० अर्ब ७८ करोड ३८ लाख |

- सर्वोच्च शिखर सगरमाथाको उचाई आफ्नै जनशक्ति र स्रोत साधनबाट मापन गरी नयाँ उचाई घोषणा गरिएको।
- गैर कानुनी रुपमा कब्जा गरिएको २ सय २० विगाहा १५ कठ्ठा सरकारी जग्गा नेपाल सरकारको नाममा कायम गरिएको।
- अनलाइन प्रविधिबाट छिटो, छरितो, विश्वसनीय एवम् प्रभावकारी ढंगबाट जग्गा कारोबार गर्न सबै १ सय २६ भूमिसुधार तथा मालपोत कार्यालयहरूमा Land Record Information Management System (LRIMS) प्रणाली लागु गरिएको।
- सेवाग्राहीले घरैबाट वा भूसेवा केन्द्रबाट जग्गाको कारोबार गर्न सक्ने प्रणाली Public Access Model (PAM) विकास गरी ५० वटा मालपोत कार्यालयहरूमा लागु गरिएको।
- Free & Open Source मा आधारित भौगोलिक सूचना प्रणालीको माध्यमबाट नापनक्सा सम्बन्धी सेवा प्रवाह गर्न Nepal Land Information System(NeLIS) र अनलाइन प्रविधिबाट कित्तानापी नक्सा सम्बन्धी सेवाहरू प्राप्त गर्न Merokitta प्रणालीको विकास गरी १० नापी कार्यालयहरूमा सञ्चालनमा ल्याईएको।
- भूमिको समुचित उपयोग, दीगो व्यवस्थापन र वैज्ञानिक वर्गीकरणका लागि आवश्यक भूउपयोग नक्सा/डाटा तयार गरी हालसम्म ३ सय ८२ स्थानीय तहमा भूउपयोग नक्सा/डाटा हस्तान्तरण गरिएको।
- गरिब घरपरिवारको पहिचान गरी परिचयपत्र वितरणका लागि २३ जिल्लाबाट संकलित तथ्याङ्क विश्लेषण गरी ११ लाख १० हजार ७ सय ७० गरिब घरपरिवारको तथ्याङ्क संकलन भई प्रशोधन तथा विश्लेषण भएको।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (COPoMIS) मा ८ हजार सहकारी संस्थाहरूलाई आबद्ध गरिएको।

- पूर्वाधार विकास, योजना तर्जुमा, बिपद् व्यवस्थापन जस्ता कार्यका लागि आधारभूत नक्साको रुपमा रहेको स्थलरुप नापी नक्सा अद्यावधिक राख्न १ सय ७ स्थलरूप नक्सा सिटहरूको फिल्ड भेरिभिकेसन तथा नक्सा अद्यावधिक कार्य सम्पन्न गरिएको।
- वागमती प्रदेशअन्तर्गत काठमाण्डौ, ललितपुर र भक्तपुरमा ४९ नयाँ र १ पुरानो तेस्रो दर्जाका नियन्त्रण विन्दुहरू पूर्वेक्षण, मोनुमेन्टेशन, observation तथा डाटा प्रशोधन कार्य सम्पन्न गरिएको।
- प्रदेश नं.२अन्तर्गत पर्सा, सर्लाही र सिराहामा ३५ नयाँ तेस्रो दर्जाका विन्दुहरूको पूर्वेक्षण, मोनुमेन्टेशन, observation तथा डाटा प्रशोधन कार्य सम्पन्न गरिएको।
- प्रदेश नं.१अन्तर्गत संखुवासभा जिल्लामा ३० वटा तेस्रो दर्जाका नियन्त्रण विन्दुहरूको मोनुमेन्टेसन सम्पन्न गरिएको।
- वर्दिबास-मिर्चैया सडक खण्डमा २२ कि.मि. समतलन नापी सर्भेक्षण, ओखलढुङ्गा जिल्लामा हिलेपानी-दिक्तेल सडक खण्डमा समतलन नापीका लागि ५० कि.मि मोनुमेन्टेशन कार्य सम्पन्न गरिएको।
- जग्गा प्रशासन सम्बनधी सेवा प्रवाह गर्ने नापी तथा मालपोत कार्यालयहरूको भौतिक अवस्थामा सुधार गरी १७ वटा कार्यालयहरूलाई आधुनिक सुविधायुक्त, प्रविधिमैत्री कार्यालयको रुपमा रुपान्तरण गरिएको।

## ७.११ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

**तालिका ७.८**

| कार्य विवरण | भौतिक प्रगति |
|---|---|
| जिल्ला सदरमुकाममा बाटो पुग्ने (हालसम्म) | ७६ |
| पिच सडक पुगेको जिल्ला (हालसम्म) | ७२ |
| कालो पत्रे सडक | १६ हजार ६ सय १४ कि.मि. |
| खण्डास्मिथ सडक | ८ हजार ९ सय कि.मि. |
| माटे सडक | ९ हजार ६ सय ८८ कि.मि. |
| नियमित र पटके सडक मर्मत | ७ हजार १ सय ८७ कि.मि. |
| आवधिक सडक मर्मत | ४ सय २४ कि.मि. |
| पुल निर्माण संख्या | २ हजार ७ सय १३ |

- २ लाख ७७ हजार ५ सय ५९ सवारी चालक अनुमतिपत्र (स्मार्ट कार्ड वितरण गरिएको।
- १६ हजार १० सवारी साधनहरूमा ईम्बोस्ड नम्बर प्लेट जडान गरिएको।
- पूर्व पश्चिम विद्युतीय रेलमार्गअन्तर्गत बर्दिवास निजगढ खण्डमा १८ कि.मि ट्राकबेड निर्माण र २ वटा पुलहरू निर्माण।

## ७.१२ महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय

- महिलाद्वारा उत्पादित सामाग्रीको प्रदर्शनी सम्बन्धी मापदण्ड, २०७७ स्वीकृत भएको।
- जीविकोपार्जन सुधार तथा स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ नेपाल सरकार (मन्त्रिपरिषद्) बाट स्वीकृत भएको।
- हातैमा उद्यम एप्स सञ्चालन मापदण्ड, २०७७ स्वीकृत गरी एप तयार गरिएको।

- महिला उद्यमी समुन्नती पुरस्कार मापदण्ड, २०७७ स्वीकृत भएको र सातै प्रदेशका महिला उद्यमीलाई सम्मान गरिएको।
- CEDAW/BPFA को दोस्रो कार्यान्वयन कार्ययोजना तयार गरिएको।
- बालबालिका सम्बन्धी नियमावली स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश गरिएको।
- बहु आयामिक नमुनाग्राम स्थापना सम्बन्धी अवधारणा पत्र, २०७७ स्वीकृत भएको।
- महिला उद्यमशिलता सहजीकरण केन्द्र स्थापना सम्बन्धी कार्यविधि, २०७७ स्वीकृत भएको।
- मानव वेचविखन तथा ओसारपसार विरुद्धको राष्ट्रिय प्रतिवेदन, २०७७ प्रकाशन गरिएको।
- ज्येष्ठ नागरिक अस्पतालसहितको पशुपति वृद्धाश्रम निर्माणको लागि करिब रू.८० करोड लागतको DPR तयार गरिएको।
- गण्डकी प्रदेश तनहुँको ढकालटारमा बालसुधार गृह निर्माण गर्ने प्रयोजनको लागि ९ सय जना क्षमता भएको सुधार गृहको DPR तयार गरिएको।
- लैङ्गिक हिंसामुक्त समाज निर्माणका लागि साझा अभियान सञ्चालन मापदण्ड निर्माण गरिएको।
- लैङ्गिक हिंसा तथा मानव वेचविखनमा परेका ७८ जना पिडितलाई अन्तर्राष्ट्रिय र १ हजार २ सय ५३ जना पिडित महिलालाई आन्तरिक उद्धार गरिएको।
- १ सय ३ जना गर्भवती तथा सुत्केरी महिलाको उद्धार गरिएको।
- हराएका, वेवारिस र जोखिममा परेका ३ हजार ८ सय ७ जना बालबालिकाको उद्धार गरिएको।
- ३ सय ५५ जना सडक बालबालिका उद्धार तथा पुनःस्थापना गरी ५८ जनालाई पारिवारिक पुनर्मिलन गरिएको।
- काठमाडौं, ललितपुर, भक्तपुर, चितवन र तनहुँ जिल्लाका १ सय ६३ वटा बाल गृहहरूको अनुगमन गरी ८ वटा बाल गृहबाट ७३ जनाको उद्धार गरी ६५ जना बालबालिकाको पारिवारिक पुनर्मिलन र ८ जनाको पुनःस्थापना गरिएको।
- १ हजार ६ सय २६ जना अपाङ्गता भएका व्यक्तिलाई सहायक सामग्री वितरण गरिएको।
- खगेन्द्र नवजीवन केन्द्रमा १ सय जना, कुष्ठरोग निवारण संघमा १ सय ३२ जना र नेपाल अपाङ्ग महिला संघमा १० जनालाई पुनर्स्थापना सेवा उपलब्ध गराइएको।

### ७.१३ युवा तथा खेलकूद मन्त्रालय

**तालिका ७.९**

| कार्य विवरण | भौतिक प्रगति |
|---|---|
| युवा स्वरोजगार कोषबाट स्वरोजगार सिर्जना | ५ हजार ७ सय ६६ जना |
| व्यवसाय र व्यवसायीको बीमा | २ हजार ३ सय १४ जना |
| ब्याज अनुदान | १९ जना |
| बाढी पहिरोको प्रकोपबाट प्रभावितहरूको उद्दार, राहत वितरण, विपद् व्यवस्थापन गर्न स्काउट परिचालन | २ सय ९६ जना |
| कोरोनासम्बन्धी सचेतना अभियान, क्वारेन्टाइन र आइसोलेन निर्माणलगायतका कार्यमा स्काउट स्वयंसेवक परिचालन | ७६ हजार ७ सय ९४ जना |
| धनगढी रङ्गशाला निर्माण | ४० प्रतिशत सम्पन्न |

| | |
|---|---|
| मुलपानी क्रिकेट मैदान तथा रंगशाला निर्माण | २७ प्रतिशत सम्पन्न |

- नवप्रवर्तन केन्द्र सञ्चालनको लागि नमोबुद्ध न.पा. काभ्रे र काठमाण्डौ विश्वविद्यालयसँग सम्झौता भएको। नगरपालिकाले केन्द्र सञ्चालनका लागि ५३ रोपनी जग्गा उपलब्ध गराएको। काठमाण्डौ विश्वविद्यालयसँगको सहकार्यमा केन्द्रको गुरुयोजना तयार गरिएको।
- प्रदेश र संघीय नमुना युवा संसदको अभ्यास Virtual रुपमा सञ्चालन गरिएको। यस कार्यक्रममा कुल २ सय ८३ युवाहरूले नेतृत्व विकासको अवसर प्राप्त गरेको।
- शिक्षा, स्वास्थ्य, उद्यमशीलता, नेतृत्व विकास, मनोसामाजिक परामर्श जस्ता विषयमा भौतिक तथा अभौतिक माध्यमबाट ३ हजार भन्दा बढी युवाहरूलाई परामर्श तथा मार्गदर्शन प्रदान गरिएको।
- विभिन्न वाणिज्य बैंक र सम्बन्धित स्थानीय तहहरूसँगको साझेदारीमा ७ सय ११ युवाहरूलाई सहुलियतपूर्ण कर्जामा पहुँच वृद्धि गर्न उनीहरूका लागि उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम सञ्चालन गरिएको।
- फुटबल र क्रिकेटका अन्तर्राष्ट्रियस्तरको त्रिदेशीय प्रतियोगिता आयोजना भएको।
- विज्ञान प्रविधि उद्यमशीलता तथा नवप्रवर्तनमा युवा वैज्ञानिक सम्मेलनको आयोजना गरिएको।

### ७.१४ रक्षा मन्त्रालय

- नेपाली सैनिक विपद् व्यवस्थापन निर्देशिका तयार भई लागु गरिएको।
- काठमाण्डौं-तराई/मधेश द्रुतमार्ग निर्माण कार्य भइरहेको।
- कर्णाली करिडोर सडकअन्तर्गत खुलालु-लैफु-सरिसल्ला खण्डको ट्र्याक निर्माण तथा २ वटा बेलिवृज जडान सम्पन्न गरी सडक विभागलाई हस्तान्तरण गरिएको।
- कालीगण्डकी करिडोरअन्तर्गत रिडि-मालढुङ्गा खण्डको १०.३६ कि.मि. ट्र्याक निर्माण सम्पन्न गरी सडक विभागलाई हस्तान्तरण गरिएको।
- बेनीघाट-आरुघाट-लार्केभञ्ज्याङ्ग सडक ट्र्याक निर्माण तथा स्तरोन्नतिको कार्य सम्पन्न गरिएको।
- नेपाली सेनाअन्तर्गत १ सय ६ वटा भवन निर्माण कार्य सम्पन्न।
- कोभिड-१९ रोकथाम, नियन्त्रण तथा प्रति कार्यको लागि नेपाली सेनाबाट दैनिक पेट्रोल, क्वारेन्टाइन, आइसोलेसन, Holding Area सुरक्षार्थ, Health Desk, शव व्यवस्थापन र RRT/PRT मा दैनिक ५ हजार ५ सय जनशक्ति परिचालन गरिएको।
- वीरेन्द्र अस्पतालमा २० Ventilators सहितको ICU Ward र १०० बेडको Isolation Ward मा कोभिड-१९ संक्रमितहरूको उपचार भईरहेको।
- कोभिड-१९ संक्रमणको शुरुवात देखि आर्थिक वर्ष ०७७/७८ अन्त्यसम्म कुल ९ हजार ३ सय २४ जनाको शव व्यवस्थापन गरिएको।
- ३ हजार ६ सय ९२ जनालाई सर्पदंश उपचार सेवा र ८४ जना सुत्केरी महिलाको हवाई उद्धार गरिएको।
- विभिन्न २४ स्थानमा ७ हजार ३ सय ६८ जनालाई निःशुल्क स्वास्थ्य सेवा प्रदान गरिएको।
- नेपाल सरकारको "एक नागरिक एक फलफुल विरुवा" कार्यक्रमअन्तर्गत १ लाख ७२ हजार विरुवा रोपिएको।

- विपद्मा परेका ७ सय ९३ जनालाई जमिन तथा हवाई उद्धार र २२ स्थानमा राहत सामग्री ढुवानी गरिएको।

## ७.१५ राष्ट्रिय योजना आयोग

- मध्यमकालीन खर्च संरचना तथा वार्षिक विकास कार्यक्रम तर्जुमा।
- २ वटा आयोजनाको तेस्रो पक्ष मूल्याङ्न भएको।
- ५ वटा राष्ट्रिय नीतिहरूको पुनरावलोकन, २ वटा प्रभाव अध्ययन र १७ समसामयिक विषयमा अध्ययन।
- समपूरक र विशेष अनुदान १०० प्रतिशत वितरण भएको।

## ७.१६ वन तथा वातावरण मन्त्रालय

**तालिका ७.१०**

| कार्य विवरण | भौतिक प्रगति |
|---|---|
| विरुवा उत्पादन खरिद वितरण | २ करोड १६ लाख १७ हजार |
| वन क्षेत्रको अनुमानित राजश्व | रू.४ अर्ब ६ करोड |
| काठको उत्पादन | १ करोड ९४ लाख २४ हजार क्यू.फिट |
| पानी मुहान पोखरी संरक्षण र सिमसार व्यवस्थापन | ८ सय ७३ |
| घाँसे मैदान व्यवस्थापन | ४ हजार ३ सय ८४ हेक्टर |
| हरित उद्यान निर्माण व्यवस्थापन | २३ |
| गल्छी पहिरो नियन्त्रण तथा रोकथाम | २ सय २० |
| वन क्षेत्रवाट रोजगारी सृजना (पूर्ण रोजगारी) | ५१ हजार ९ सय ७० |
| कृषि वन प्रणाली प्रवर्धन | १ सय ४२ हेक्टर |
| गैंडाको संख्या | ७ सय ५२ |
| अर्नाको संख्या | ४ सय ९८ |
| स्थानीय पालिकाहरूमा भू-उपयोगी योजना तयारी | २० वटा |
| काठ उत्पादन | १ करोड ९४ लाख २४ हजार क्यू. फिट |
| क्षतिपूरक वृक्षारोपण | २ सय ७ हेक्टर |
| सुगन्धित तेल उत्पादन | ४६ टन |
| हर्वल केयर उत्पादन | ६४ लाख ७४ हजार ७ सय १३ थान |
| उद्यम प्रवर्धन तथा विकास | १ हजार ८ सय ९६ वटा |
| वनपथ निर्माण | ८८ कि.मी. |
| पर्यटक पदमार्ग निर्माण (.) | २३ कि.मि |
| डडेलो नियन्त्रणका लागि पानीपोखरी निर्माण | १ सय ७ कि.मि |
| पर्यटकीय पदमार्ग निर्माण | २७ कि.मि. |

- २० वटा समूह/सहकारीमार्फत पकेट क्षेत्रमा व्यावसायिक खेती कार्य सम्पन्न गरिएको।
- २ सय ८९ वटा वन्यजन्तुका लागि पानी पोखरी निर्माण तथा मर्मत भएको।
- १ सय २२ वटा पानीपोखरी निर्माण र १ सय ६७ वटा पानी पोखरी मर्मत गरिएको।

- २५ वटा सिमसार क्षेत्र व्यवस्थापन/पुनर्स्थापना गरिएको। (चितवन ६, शुक्लाफाँटा ४, लाम्टाङ २, पर्सा १, कोशीटप्पू २, बर्दिया ४, रारा १ र अन्नपूर्ण ५ वटा)
- रामसार सूचीमा सूचीकृत सिमसार क्षेत्र मैदिताल र दिपांग तालमा संरचना निर्माण गरिएको।
- १२ वटा स्थानमा पर्यापर्यटन क्षेत्र प्रवर्धन कार्यक्रम गरिएको।
- २६ वटा तालतलैया/सिमसार संरक्षण तथा व्यवस्थापन गरिएको।
- १ सय ३८ वटा गल्छी, पहिरो, खहरे रोकथाम गरिएको।
- सगरमाथालगायत ६ वटा हिमाल सरसफाई गरी २७ हजार ६ सय ७१ के.जी. फोहोर संकलन गरिएको।
- उच्च हिमाली क्षेत्रमा रहेका १ सय २ वटा स्थायी नमुना प्लटहरूको स्थापना भई मापन भएको।
- कृषि तथा वन विश्वविद्यालयका ७० जना तथा त्रिभुवन विश्वविद्यालयका १ सय ७४ जना इन्टर्नहरूलाई इन्टर्नशीप गराईएको र १२ विद्यार्थीले शोध कार्य सम्पन्न।
- स्थानीय तहहरूसंगको साझेदारीमा शहरी वन विकास कार्यक्रम सञ्चालन गरिएको।

## ७.१७ शहरी विकास मन्त्रालय

**तालिका ७.११**

| कार्य विवरण | भौतिक प्रगति |
|---|---|
| शहरी सुविधा उपभोग गर्ने जनसख्या | ६२.४ प्रतिशत |
| सुरक्षित नागरिक आवास निर्माण | |
| सरकारी भवन निर्माण (सभाहलसमेत) | १० |
| सडक निर्माण (कालो पत्रसहित) | १६० कि.मि. |
| सतह नाली निर्माण | १६० कि.मि. |

- खर र फुसका छाना भएका घर प्रतिस्थापन गरी सुरक्षित आवास निर्माण गर्न १३ हजार ५ सय ९६ लाभग्राही छनौट गरी ११ हजार ८ सय ७९ लाभग्राहीसँग सम्झौता भएको।
- ३ हजार २ सय ६९ आवास इकाईको जस्तापाता सामाग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको।
- संघीय संसद भवन निर्माण कार्य ३२.५% सम्पन्न भएको।
- ललितपुरको गोदावरीमा ३ हजार क्षमताको सभाहल भवन निर्माण सम्पन्न।
- वुटवलमा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रको पहिलो फेजको निर्माण सम्पन्न र दोस्रो फेजको ६५% प्रगति भएको।
- वुटवल अन्तर्राष्ट्रिय प्रदर्शनी केन्द्रको ३०% भौतिक प्रगति भएको।
- दमकमा भ्यू टावर निर्माण ४०% सम्पन्न भएको।
- संघीय मन्त्री आवास भवन निर्माण कार्य ६२% सम्पन्न भएको।
- विराटनगर, वीरगञ्ज, भैरहवा, र नेपालगञ्जमा १ सय ४९ कि.मि. सडक तथा नाला निर्माण सम्पन्न भएको।
- बन्चरे डाँडा Sanitary Landfill Site को पहिलो फेजको ७०% र दोस्रो फेजको ३०% निर्माण सम्पन्न भएको।

- नयाँ शहर आयोजनाअन्तर्गत १ सय १५ कि.मि. सडकको ट्र्याक खोल्ने, २२.८९ कि.मि. सडक कालोपत्रे गर्न र २९ कि.मि. Rigid Pavement गर्ने आदि कार्य सम्पन्न भएको।

## ७.१८ सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

**तालिका ७.१२**

| कार्य विवरण | भौतिक प्रगति (२०७७/७८ सम्मको) |
|---|---|
| इन्टरनेट ग्राहकको घनत्व | ९० प्रतिशत |
| रेडियोको राष्ट्रिय पहुँच वृद्धि | ८७ प्रतिशत |
| मोबाइल टेलिफोनको ग्राहक संख्या | ३ करोड ८७ लाख |
| हुलाक सेवामा अनलाइन ट्र्याकिङ्ग प्रणाली | ७५ जिल्ला |
| स्थानीय तहको केन्द्रमा ब्रोडब्याड इन्टरनेट पहुँच | ७ सय १३ |
| अप्टिकल फाइबर विस्तार | १० हजार ५ सय ८२ कि.मि. |
| फिक्स्ड ब्रोडव्यान्ड सेवा विस्तार | २५.०९ प्रतिशत |
| मोवाइल ब्रोडव्यान्ड सेवा विस्तार | ६५.४७ प्रतिशत |
| डिजिटल टेलिभिजन पहुँच (घरधुरी) | ७२ प्रतिशत |
| सरकारी सेवालाई अनलाइनमार्फत प्रवाह गर्ने (निकाय) | २२ |

- अनुमतिपत्रको अवधि बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकहरूको सम्पत्ति व्यवस्थापन नियमावली, २०७८ स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश गरिएको।
- राष्ट्रिय सूचना प्रविधि विकास समिति गठन (तेस्रो संसोधन) आदेश, २०७७ स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश गरिएको।
- नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यवस्थापन तथा सञ्चालन) (पहिलो संसोधन) निर्देशिका, २०७७ स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश गरिएको।
- सरकारी निकायको वेबसाईट निर्माण तथा व्यवस्थापन सम्बन्धी निर्देशिका, २०७७ स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेश गरिएको।
- राष्ट्रिय प्रसारण (दशौं संशोधन) नियमावली, २०७७ मन्त्रिपरिषद्बाट स्वीकृत भई नवीकरण छुट भई प्रसारण संस्थाको नवीकरण कार्य भएको।
- चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) (छैठौं संशोधन) नियमावली मन्त्रिपरिषद्बाट स्वीकृत भई २०७७ असार मसान्तसम्म इजाजतपत्र नवीकरण भएका प्रदर्शकलाई आर्थिक वर्ष २०७७/७८ मा लाग्ने नवीकरण दस्तुर पूर्ण छुट दिने कार्य भएको
- इन्टरनेटलाई अत्यावश्यक सेवामा समावेश गरी नेपाल राजपत्रमा सूचना प्रकाशन भएको।
- हालसम्म अप्टिकल फाइबर १ हजार १ सय ६० कि.मी. विच्छाइएको।
- ७० वटा सामुदायिक माध्यमिक विद्यालयहरूमा डिजिटल साक्षरता कार्यक्रम सञ्चालन गरिएको।
- ५० वटा सरकारी निकायका ५० वटा सूचना प्रविधिसम्बन्धी प्रणालीहरूको Security Audit सम्पन्न गरिएको।
- २ सय ९२ वटा स्थानीय निकायको केन्द्र, थप २ हजार ३ सय ११ वटा वडा कार्यालय, १ हजार ४ सय ५ वटा स्वास्थ्य केन्द्र, थप २ हजार १ सय ३२ वटा सामुदायिक माध्यमिक विद्यालयमा ब्रोडब्याण्ड सेवा विस्तार गरिएको।

- सामाजिक सुरक्षा कोष, नागरिक लगानी कोष, कर्मचारी सञ्चय कोष, लोक सेवा आयोग र निर्वाचन आयोगको मतदाता परिचयपत्रलाई नागरिक एप्समा आबद्ध गरिएको।
- सिंहदरवार परिसरभित्र सरकारी नेटवर्क र अप्टिकल फाइवर व्यवस्थापन कार्य सम्पन्न गरिएको।
- नागरिक एपबाटै बैंक खाता खोल्न सकिने तथा सवारी कर, मालपोतलगायतका विवरण हेर्न मिल्ने सुविधा थप गरिएको।
- महालेखा नियन्त्रक कार्यालयलाई GIDC सिंहदरवारदेखि DRC हेटौंडासम्म जोड्न 2 Gbps को Optical Fiber Lease Line उपलब्ध गराइएको।
- हालसम्म विभिन्न सरकारी निकायहरूका ६१ वटा website/web portal हरूको web security audit सम्पन्न भएको।
- १ हजार विद्यालयमा IT Lab स्थापना गर्ने कार्य सम्पन्न गरिएको।
- हालसम्म ६ सय ८५ स्थानीय निकायमा 4 G/LTE सेवा विस्तार गरिएको।
- ५ सय ८७ निकायमा E-Attendance Device Active भएको।
- नागरिक एप्स निर्देशिका जारी भई नागरिक एप्स पूर्ण रुपमा सञ्चालनमा आएको।
- नेपाल सरकारको २७ वटा सूचना प्रणालीलाई विद्युतीय हस्ताक्षर मैत्री बनाइएको।
- प्रेस पास जारी/नवीकरण, अनलाइन मिडिया दर्ताको कार्य अनलाइनमार्फत सुरु गरिएको।
- प्रसारण पहुँच वृद्धिका लागि बागमती प्रदेशको चरीकोट दोलखामा ५ सय वाट क्षमताको नयाँ एफएम रिले प्रसारण केन्द्र स्थापना गरी प्रसारण शुरु गरिएको।

### ७.१९ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

**तालिका ७.१३**

| **कार्य विवरण** | **भौतिक प्रगति** |
|---|---|
| कालोपत्रे सडक | ४ हजार ३ सय ४५ कि.मी. |
| खण्डास्मिथ सडक | १३ हजार ४ सय १६ कि.मी. |
| माटे सडक | ४५ हजार ४ सय ६ कि.मी. |
| ग्रामीण सडक पुल निर्माण | ६ सय १३ वटा |
| सडक पुगेको गा.पा./नगरपालिका केन्द्र | ६ सय १३ वटा |
| झोलुङ्गे पुल | ९ हजार १ सय ७३ |
| स्थानीय तहको प्रशासकीय भवन निर्माण | २९ |
| स्थानीय तहको नयाँ प्रशासकीय भवन निर्माण शुरूवात | १ सय ७४ |
| तराई-मधेश समृद्धि कार्यक्रमअन्तर्गत सम्पन्न कार्यहरू | |
| सामूहिक आवास भवन निर्माण | ३ सय ६४ (९५ प्रतिशत) |
| सामुदायिक पूर्वाधार निर्माण | २ सय ३७ (९२ प्रतिशत) |
| साना सडक स्तरोन्नति | २३.६ कि.मी. (९६ प्रतिशत) |
| खानेपानी तथा सरसफाई | ११ (८५ प्रतिशत) |
| पारम्परिक पेशा प्रवर्धनात्मक एवम् आय आर्जन तथा जीवनस्तर सुधार कार्यक्रम | ६१ वटा (५९ प्रतिशत) |
| सिँचाइ तथा नदी नियन्त्रण | ४.२ कि.मी. (९३ प्रतिशत) |

| | |
|---|---|
| विपद् न्यूनीकरण पूर्वाधार | ५ (१०० प्रतिशत) |

- प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यविधि स्वीकृत भई सातै प्रदेशमा स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय स्थापना गरिएको।
- स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७७ स्वीकृत भएको।
- स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ स्वीकृत भएको।
- तराई मधेश समृद्धि कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ स्वीकृत भएको।
- थप १३ वटा नमूना कानून तर्जुमा गरी प्रदेश तथा स्थानीय तहमा पठाइएको।
- समावेशी भवनको सम्पूर्ण निर्माण कार्यमध्ये स्ट्रक्चर निर्माण सम्बन्धी कार्य ४७ प्रतिशत सम्पन्न भएको।
- मुगु हुम्ला लिङ्क सडकको १२.५० किमी सडक निर्माण सम्पन्न भएको।
- स्थानीय स्तरका ३२ बटा सडकपुल निर्माण सम्पन्न भएको।
- २ सय ६ वटा खानेपानी आयोजना निर्माण सम्पन्न भई १ लाख १० हजार जना लाभान्वित भएको।
- ६८ वटा योजना सम्पन्न भई २२ हजार ३ सय ३७ जना लाभान्वित भएको।
- विद्यालय, स्वास्थ्य चौकी तथा सार्वजनिक स्थानमा ५८ संस्थागत शौचालय निर्माण सम्पन्न भएको।

## ७.२० संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

**तालिका ७.१४**

| कार्य विवरण | भौतिक प्रगति |
|---|---|
| विदेशी पर्यटन आगमन | २ लाख ३० हजार |
| विदेशी पर्यटकको औसत बसाई | १५.१ दिन |
| प्रति पर्यटक खर्च (प्रति दिन) | ६५ अमेरिकी डलर |
| पर्यटन क्षेत्रमा थप प्रत्यक्ष रोजगारी सिर्जना | ३ हजार ८ सय |
| कुल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान | २.०५ प्रतिशत |
| बर्षैभरि सञ्चालन योग्य विमानस्थल (संख्या) | ३७ |
| नेपाल आउने अन्तर्राष्ट्रिय विमान सेवा (संख्या) | २७ |

- मानित विश्वविद्यालयको सट्टा नेपाल पर्यटन तथा पर्वतारोहण अध्ययन प्रतिष्ठानको व्यवस्था गर्न बनेको विधेयक, २०७७ को मस्यौदा मन्त्रिपरिषद्मा पेश भएको।
- हवाई नीति, २०७७ को मस्यौदा मन्त्रिपरिषद्मा पेश भएको।
- पर्यटन पूर्वाधार तथा पर्यटन उद्यान साझेदारी (सञ्चालन तथा व्यवस्थापन), २०७७ निर्देशिका स्वीकृत भएको।
- ऐतिहासिक किल्ला र गढीहरूको पुनर्निर्माणअन्तर्गत मकवानपुरगढीको ५० प्रतिशत र दुगुनागढीको ३० प्रतिशत निर्माण कार्य सम्पन्न भएको।

- ईन्द्रसरोवर, सन्दकपुर, पञ्चासे, भादागाँउ, निग्लिहवा र धनुषाधामको प्रथम चरणको कार्य ९७% र दोस्रो चरणको ६०% कार्य सम्पन्न भएको।
- एक प्रदेश एक पर्यटकीय पूर्वाधार विकासअन्तर्गत रारा क्षेत्रको प्रथम चरणको ९०% र मुक्तिनाथ क्षेत्रको आनि गुम्बा पुनर्निर्माण, कागबेनीको पिण्डस्थान पुनर्निर्माणको प्रथम चरणको ८०% पुनर्निर्माण कार्य सम्पन्न भएको।
- ग्रेट हिमालयन ट्रेल निर्माण (मकालु, कञ्चनजङ्गा, यासट्रिल, च्छो रोल्पा) लगायतका क्षेत्रमा १ सय ३० कि.मि. र सगरमाथा हेरिटेज ट्रेल, धार्चे मनास्लु, हेलम्बु लाङटाङ ट्रेललगायतका स्थानमा दोश्रो चरणको ५० कि.मि. निर्माण कार्य सम्पन्न भएको।
- नारायणी नदी किनार (नारायणी पुलदेखी उत्तरपूर्व) सौन्दर्यीकरण तथा Lighting व्यवस्थाको लागि निर्माण कार्य सुरु भएको।
- जनकपुर क्षेत्रको पञ्चकोशी परिक्रमा पथमा पूर्वाधार निर्माण ३ कि.मी. सम्पन्न भएको।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पूर्णरुपमा बुटिक एयरपोर्टको रुपमा रुपान्तरणअन्तर्गत Domestic and International Terminal Building Renovation कार्य सम्पन्न भई Canopy Construction को ६३% कार्य सम्पन्न भएको।
- कपिलबस्तु तिलौराकोट पुरातात्विक क्षेत्रको संरक्षणको लागि २५ विघा जमिन अधिग्रहण गरिएको।
- कालिकोट विमानस्थल कालोपत्रे निर्माण कार्य ७५% सम्पन्न भएको।
- गुल्मी विमानस्थल कालोपत्रे निर्माण कार्य ७७% सम्पन्न भएको।

## ७.२१ स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

**तालिका ७.१५**

| कार्य विवरण | भौतिक प्रगति |
|---|---|
| स्वास्थ्य संस्थाबाट प्रसुति सेवा लिने | ६३ प्रतिशत |
| परिवार नियोजनको आधुनिक साधन प्रयोग दर | ३८ प्रतिशत |
| चार पटकसम्म गर्भवती जाँच गर्ने | ५५ प्रतिशत |
| दक्ष स्वास्थ्यकर्मी द्वारा प्रसुति सेवा प्राप्त गर्ने | ५९ प्रतिशत |
| भिटामिन ए प्राप्त गर्ने सुत्केरी महिला | ५९ प्रतिशत |
| तोकिए बमोजिमका सबै खोप पाउने बालबालिका | ७७ प्रतिशत |
| दादुरा खोप प्राप्त गर्ने बालबालिका | ८२ प्रतिशत |
| बाल मृत्युदर (५ वर्ष मुनिको) | २८ प्रति हजार |
| नवजात शिशु मृत्युदर | १६ प्रति हजार |
| निःशुल्क मुटुरोग उपचार पाउने | ५.०७७ हजार |
| निःशुल्क औषधि उपलब्धता | ४९ प्रकार |

- कोरोनालगायत अन्य संक्रामक रोग विरुद्ध कार्यरत सबै स्वास्थ्यकर्मीलाई निःशुल्क स्वास्थ्य उपचार सम्बन्धी निर्देशिका कार्यान्वयनमा ल्याइएको।
- निजी अस्पतालहरूलाई विपद् तथा महामारीको समयमा सरकारले उपयोग गर्ने सम्बन्धी कार्यविधि २०७७, कार्यान्वयनमा आएको। ।
- कोरोना लागेका स्वास्थ्यकर्मीलाई निःशुल्क उपचार गर्ने कार्यविधि कार्यान्वयनमा ल्याइएको।

- कोभिड-१९ बिरूद्धको खोप सञ्चालन गरी २६ लाख २१ हजार ४ सय ७६ जनालाई पहिलो मात्रा र ११ लाख ८८ हजार ८ सय ६८ जनालाई पूर्ण खोप प्रदान गरिएको।
- नागरिक सचेतनाका लागि रेडियो तथा टेलिभिजनहरूबाट जनचेतनाका सामग्री प्रसारण गरिएको।
- ९६ प्रयोगशालाहरूमा PCR परीक्षण सेवा विस्तार गरी ३४ लाख ४६ हजार ५ सय ८६ जनाको RT PCR र २ लाख ५२ हजार ५४ जनाको एन्टिजेन परीक्षण गरिएको।
- कोरना संक्रमणलाई नियन्त्रण गर्न संक्रमितहरूको सम्पर्कमा आएका व्यक्तिहरू र बिदेशबाट आएका व्यक्तिहरूको सबै स्थानीय तहमा क्वारिन्टिनको व्यवस्था गरिएको।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल साथै चीन र भारतसँग सिमाना जोडिएको ११ वटा स्थलगत नाकामा हेल्थ डेस्क सञ्चालन गरिएको।
- काठमाण्डौ उपत्यकासहित सातै प्रदेशका स्वास्थ्य कर्मीहरूलाइ प्रशिक्षक प्रशिक्षण तालिम प्रदान गरी स्वास्थ्य चौकी सम्म कोभिड-१९ को कन्ट्याक्ट ट्रेसिङ गरिएको।
- काठमाण्डौ उपत्यकामा ३ सय शैयाको सरूवा रोग अस्पतालको लागि काठमाण्डौको चन्द्रागिरी न.पा. वार्ड नं. ९ दहचोकमा जग्गा प्राप्तिको लागि मन्त्रिपरिषद्मा पेश गरिएको।
- पूर्णखोप सुनिश्चितताको निर्देशिका परिमार्जन गरी मन्त्रिस्तरबाट स्वीकृत भएको।
- एक चिकित्सक/स्वास्थ्यकर्मी एक स्वास्थ्य संस्था कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि स्वीकृत भई १० अस्पतालहरूमा कार्यान्वयन भएको।
- प्रदेश स्तरमा ५० शैयाको सरूवारोग अस्पताल निर्माण कार्यको लागि रकम हस्तान्तरण गरिएको।
- संघीय र प्रदेशिक अस्पताल गरी थप २ सय ४० वटा आइ.सि.यु शैय्या थप गरिएको।
- सातै प्रदेश स्थित संघीय अस्पतालहरूमा ५० शैयाको सरूवारोग विभाग निर्माणको लागि भवनको प्रोटोटाईपसहित रकम हस्तान्तरण गरिएको।
- हरेक स्थानीय तहमा एक अस्पताल रहने गरी जनसंख्याको आधारमा ५ देखि १५ शैयासम्मको ३ सय ९६ अस्पतालहरूको शिलान्यास भई भवन डिजाईनको प्रोटोटाईपसहित स्थानीय तहमा रकम हस्तान्तरण गरिएको।
- सातै प्रदेश स्थित संघीय अस्पतालहरूमा ५० शैयाको सरूवारोग विभाग निर्माणको लागि भवनको प्रोटोटाईपसहित रकम हस्तान्तरण गरिएको।
- सर्भाइकल र स्तन क्यान्सर रोगको निःशुल्क स्क्रिनिङ सेवा निर्देशिका तयार गरी प्रत्येक प्रदेशमा ६५ लाख र स्थानीय तहमा २ लाखका दरले वित्तीय हस्तानतरण गरी स्थानीय तहमा कार्यक्रम प्रारम्भ भएको।
- ६ सय ९७ स्थानीय तहमा पूर्णखोप घोषणा भएको।
- त्रि.वि. शिक्षण अस्पताल, मनमोहन कार्डियोथोरासिक भास्कुल तथा ट्रन्सप्लाण्ट सेन्टर, बि.पि. कोईराला लायन्स सेन्टर फर अप्थाल्मिक स्टडिज, कान्ति बाल अस्पताल, राष्ट्रिय ट्रमा सेन्टर, बीर अस्पताल, शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, कोशी अस्पताल, नारायणी अस्पताल, भरतपुर अस्पताल, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, भेरी अस्पताल, सुर्खेत प्रादेशिक अस्पताल, डडेलधुरा अस्पताल र महाकाली प्रादेशिक अस्पतालबाट गरिव तथा विपन्न बर्गलाई आकस्मिक स्वास्थ्य सेवा निःशुल्क गर्ने कार्यविधि बमोजिम सम्बन्धित अस्पतालबाट सेवा प्रारम्भ गरिएको।

- ६९ जिल्लाको ७ सय ३६ स्थानीय तहमा स्वास्थ्य बिमा कार्यक्रम विस्तार गरी कुल १२ लाख ८३ हजार २ सय ९३ परिवारको ४२ लाख १४ हजार ७ सय ७३ (१८.८५%) नागरिकको स्वास्थ्य बीमा गरिएको।
- परोपकार प्रसुति तथा स्त्रीरोग अस्पतालले विभिन्न जिल्ला अस्पतालसँग सम्झौता गरी स्याटेलाईट क्लिनिक सञ्चालन गरिएको।
- देश भरी  सय २ सय १८ स्थानमा नागरिक आरोग्य सेवा केन्द्र स्थापना गरिएको।
- सबै प्रदेशमा नागरिक आरोग्य कार्यक्रममार्फत जीवनशैली शिविर व्यवस्थापन तथा स्तन.पा.न गराइरहेका महिलालाई समेत निःशुल्क आयुर्वेदिक स्वास्थ्य सेवा प्रदान गरिएको।
- ५९ हजार २ सय ५८ जना महिला स्वास्थ्य स्वयं सेविकाहरूलाई निःशुल्क स्वास्थ्य बिमा गरिएको।
- महिला स्वास्थ्य स्वयं सेविकाको यातायात खर्च दोब्बर गरिएको।
- बैतडीको खोड्पे, दैलखको राकम कर्णाली, गुल्मीको रिडी, बाग्लुङ अस्पताल, तनहुँको भानु, भरतपुर अस्पताल, धादिङको गजुरी, बर्दिवास अस्पताल, सिराहा र मोरङको सुन्दर हरैचा स्वास्थ्य संस्थामा ट्रमा सेवा बिस्तार गरिएको।

## ७.२२ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

**तालिका ७.१६**

| कार्य विवरण | भौतिक प्रगति |
|---|---|
| पूर्व प्राथमिक शिक्षामा सहजै देखिने भर्ना दर | ८७.६ प्रतिशत |
| कक्षा १ मा बालविकासको अनुभवसहित भर्ना हुन आउने बालबालिकाको दर | ७०.२ प्रतिशत |
| **खुद भर्ना दर** | |
| क) आधारभूत तह (कक्षा १-८ सम्म) | ९४.७ प्रतिशत |
| ख) माध्यमिक तह (कक्षा ९-१२) | ५१.२ प्रतिशत |
| **टिकाउ दर** | |
| क) कक्षा ८ सम्म | ८२.२ प्रतिशत |
| ख) कक्षा ९ देखि १२ सम्म | २९.२ प्रतिशत |
| लैङ्गिक समता सूचक (आधारभूत तहको खुद भर्ना दरको आधारमा ) | ०.९९ अनुपात |
| लैङ्गिक समता सूचक (माध्यमिक तहको खुद भर्ना दरको आधारमा ) | १.०१ अनुपात |
| साक्षरता दर (५ वर्षमाथि) | ८५ प्रतिशत |
| साक्षरता दर (१५-२४ वर्ष उमेर समूहको) | ८९ प्रतिशत |
| दिवा खाजा प्राप्त गर्ने विद्यार्थी (जिल्ला) | ७७ |
| सामुदायिक विद्यालयका छात्रालाई निःशुल्क स्यानिटरी प्याड वितरण | ७ सय ५३ स्थानीय तह |
| इन्टरनेट सुविधा पुगेको विद्यालय (सामुदायिक) | ४१ प्रतिशत |
| नयाँ कक्षाकोठा निर्माण | १ लाख ५ हजार ९ सय ४५ |
| उच्च शिक्षामा सहजै देखिने भर्ना दर | १४.१ प्रतिशत |
| सीपमूलक तालिम (छोटो अवधि) | ५ लाख ९ हजार |
| प्राविधिक शिक्षा प्रशिक्षण | ४ लाख ६१ हजार |

| | |
|---|---|
| प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका लागि प्रशिक्षक प्रशिक्षण | ८ हजार ४ सय ३ |
| गुणस्तर सूनिश्चितता तथा प्रत्यायन प्राप्त क्याम्पस | ६० |
| WASH सुविधासहित शौचालय निर्माण भएको विद्यालय | ७३.८ प्रतिशत |

- दिगो विकासको लक्ष्य नम्बर ४ (SDG 4) कार्यान्वयनका लागि राष्ट्रिय कार्य ढाँचा (National Framework) स्वीकृत भएको।
- शिक्षण स्वयंसेवक परिचालन कार्यविधि, २०७७ जारी गरिएको।
- अनिवार्य र निःशुल्क शिक्षा सम्बन्धी नियमावली, २०७७ जारी गरिएको।
- कोभिड-१९ का कारण विद्यालय सञ्चालन हुन नसकेको अवस्थामा सिकाई सहजीकरण निर्देशिका, २०७७ जारी गरिएको।
- विद्यालय शिक्षासम्बन्धी आकस्मिक कार्ययोजना, २०७७ जारी।
- सिकाइ निरन्तरता र शैक्षिक सत्र व्यवस्थापनका लागि कक्षा १ देखि कक्षा १० सम्मको लागि पाठ्यवस्तु समायोजन ढाँचा, २०७७ जारी गरिएको।
- विद्यालय सञ्चालन कार्यढाँचा २०७७ कार्यान्वयनमा रहेको।
- हालसम्म ६० वटा उच्च शैक्षिक संस्थाले गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) प्राप्त गरेका।
- मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक संघीय संसदमा विचाराधीन रहेको।
- योगमाया आयुर्वेद विश्वविद्यालय स्थापना गर्न बनेको विधेयक संघीय संसदमा पेश भएको।
- सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ५ सम्मका विद्यार्थीलाई विद्यालयमा टिकाई राख्न दिवा खाजा कार्यक्रमअन्तर्गत ७७ जिल्लाका २९ लाख ९ हजार ५ सय ३७ बालबालिका लाभान्वित भएका।
- मुलुकभरका करिब २६ लाख छात्रछात्रा लाभान्वित हुने गरी छात्रवृत्ति प्रदान गर्न स्थानीय तहमा वित्तीय हस्तान्तरण गरिएको। विपन्न लक्षित छात्रवृत्तिको लागि छनौट भएका १७ हजार १ सय ३९ जना विद्यार्थीको बैंक खातामा रकम निकासा भएको।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सञ्चालनका लागि ६ हजार ३६ विद्यालयहरूमा कक्षा कोठा निर्माण, शौचालय निर्माण, सूचना प्रविधि एवम् शैक्षिक सामग्री व्यवस्थापन, विशेष विद्यालय सुविधा विस्तार, डाटा केन्द्र स्थापनालगायतका परियोजनाहरू सञ्चालन हुने गरी परियोजनाहरू छनौट भई कार्यान्वयनको लागि स्थानीय तहमा बजेट वित्तीय हस्तान्तरण भएको।
- सार्वजनिक विद्यालयको समग्र सुधारका लागि सार्वजनिक विद्यालय सबलीकरण दशक २०७६-८५ अभियान सञ्चालन गरिएको।
- विद्यालयको भौतिक सुधार,महिला, दलित, जनजाति, सीमान्तकृत, अल्पसंख्यक विद्यार्थीहरूको लागि छात्रवृत्तिको व्यवस्था र योग्य प्रतिस्पर्धी शिक्षकको व्यवस्था गरिएको।
- दूर तथा खुला सिकाइका माध्यमबाट शिक्षकको पेशागत विकास कार्यक्रम सञ्चालन गरिएको।
- कक्षाकोठा निर्माण, विज्ञान प्रयोगशाला निर्माण, विद्यालयमा पुस्तकालय स्थापना, विद्यालयमा सूचना प्रविधि प्रयोगशाला स्थापना कार्य सम्पन्न भएको।

- माध्यामिक तहदेखि नै प्राविधिक तथा व्यावसायिक शिक्षालाई जोड दिदै सबै स्थानीय तहका न्यूनतम एक विद्यालयमा प्राविधिक धारको पठन पाठन गराउने नीतिअन्तर्गत हालसम्म ६ सय ३५ वटा स्थानीय तहमा प्राविधिक शिक्षाको पहुँच पुगेको।
- विद्यालय तहको पाठ्यक्रममा नेपालको गौरव, संस्कृति, सभ्यता र मूल्य मान्यता, राष्ट्रिय एकताको सम्वर्द्धन एवम् नागरिकको कर्तव्यबोधका विषयहरूसमेत समावेश गर्दै नयाँ पाठ्यक्रम लागु गरिएको।
- अनलाइन, टेलिभिजन एवम् रेडियोमार्फत १ सय ४ वटा शैक्षिक रेडियो कार्यक्रम उत्पादन र प्रशारण गरिएको।
- २ सय २८ वटा श्रव्यदृश्य पाठ उत्पादन र युट्युबमा अपलोड गरिएको।
- कक्षा ९ र ११ का ४ सय ८० वटा विषयगत श्रव्यपाठ उत्पादन गरिएको।
- कक्षा ९ र १० का अनिवार्य विषयका १ सय ९० वटा श्रव्यपाठ उत्पादन गरिएको।
- कक्षा १ देखि ८ का ९ सय ७० वटा विषयगत श्रव्यदृष्यपाठको उत्पादन गरिएको।
- कक्षा १ देखि १० का शिक्षण सिकाइ सम्बन्धी विषयगत पाठहरू उत्पादन र प्रत्येक दिन टेलिभिजन र रेडियो नेपाल तथा सामुदायिक रेडियो एफएमबाट समेत नियमित प्रशारण गरिएको।
- देशभरका सबै सामुदायिक विद्यालयमा अध्ययनरत १३ लाख ४० हजार छात्रालाई स्थानीय तहमार्फत सेनेटरी प्याड निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाइएको।
- शिक्षण सिकाइलाई प्रभावकारी बनाउन आधारभूत तहसम्म रंगिन पाठ्यपुस्तक उपलब्ध गराइएको।
- टेलिभिजनबाट प्रसारण हुने पाठरूलाई अपाङ्गतामैत्री बनाउन ५९ वटा पाठहरूको परीक्षणको कार्य सम्पन्न भएको।
- कैलालीको गेटा मेडिकल कलेज अस्पताल निर्माण कार्यको ९९ प्रतिशत कार्य सम्पन्न भएको।
- वुटवल मेडिकल कलेजको लागि जग्गा प्राप्तिको कार्य सम्पन्न भएको।

### ७.२३ श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

**तालिका ७.१७**

| कार्य विवरण | भौतिक प्रगति |
|---|---|
| प्रतिष्ठानमा बालश्रम निरीक्षण (प्रति वर्ष) | १ हजार ७ सय ६२ |
| प्रतिष्ठान निरीक्षण (श्रम) | १ हजार ८ सय ३० |
| सामाजिक सुरक्षा कोषमा लाभग्राहीको संख्या | १ लाख १६ हजार ६ सय ६८ |
| सामाजिक सुरक्षा योजनामा समावेश हुने प्रतिष्ठान/रोजगारदाताको संख्या | २ हजार ५ सय ८ |
| प्रधानमन्त्री रोजगार कार्यक्रमवाट रोजगारी प्राप्त | १ लाख ६९ हजार ७ सय २५ |

- कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ मन्त्रिपरिषद्बाट स्वीकृत भएको।
- बालश्रम मुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ स्वीकृत भएको।
- योगदानमा आधारित सुरक्षा योजना कार्यविधि, २०७५ को दोस्रो संसोधन स्वीकृत भएको।
- संघ, प्रदेश र स्थानीय तहको लागत साझेदारीमा आधारित व्यावसायिक तथा सीप विकास तालिम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ स्वीकृत भएको।

- ७ सय ५३ स्थानीय तहबाट बेरोजगार व्यक्तिको सूचीकरणको लागि भएको सूचना बमोजिम संकलित बेरोजगार व्यक्तिहरूको सूचीलाई रोजगार व्यवस्थापन सूचना प्रणाली (EMIS) प्रविष्ट गर्ने कार्य भएको।
- श्रमिक सूचना बैंकसमेतको कार्य गर्ने गरी EMIS को स्तरोन्नति कार्य भएको।
- रेडियो नेपालबाट नेपाली, मैथिली, भोजपुरी र थारू भाषामा सार्वजनिक सरोकारको सन्देश (PSA) प्रशारण भईरहेको र नेपाल टेलिभिजनबाट प्रधानमन्त्री रोजगार कार्यक्रम पाक्षिक रुपमा सञ्चालन भएको।
- गुरुयोजना बमोजिम बालश्रम मुक्त स्थानीय तह घोषणा कार्य शुरुवात भएको।
- महामारीका कारण रोजगारी गुमाएका श्रमिक, साना किसान, असहाय व्यक्ति, गरिब तथा विपन्न वर्गका परिवारलाई लक्षित गरी स्वास्थ्य, शिक्षा, सीप विकास तालिम र रोजगारी एवम् आय आर्जन सम्बन्धी विशेष कार्यक्रमअन्तर्गत ११ हजार ७ जनालाई व्यावसायिक तथा सीप विकास सम्बन्धी तालिम प्रदान गरिएको।

## परिच्छेद आठ
## कोभिड-१९ को संक्रमण, रोकथाम तथा नियन्त्रण

विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका अतिरिक्त संक्रमणको प्रभाव न्यूनीकरण गर्दै नागरिकको दैनिक जीवनयापन र मुलुकको आर्थिक र सामाजिक गतिविधिलाई सामान्यीकरण गर्न देहाय बमोजिम राहत, सहुलियत, छुट एवम् अन्य विभिन्न वित्तीय तथा मौद्रिक उपायहरू अवलम्बन गरी कार्यान्वयन गरिएको थियो।

### ८.१ आर्थिक पुनरूत्थान, रोजगारी सिर्जना र राहतका लागि गरिएका प्रबन्ध

आर्थिक पुनरुत्थानको लागि मौद्रिक सहजीकरण गर्ने, कर्जाको ब्याजदर कम गर्ने, लगानीयोग्य साधनको उपलब्धता बढाउने र महामारीबाट प्रभावित क्षेत्रहरूको वर्गीकरण गरी असर परेको आधारमा नियामकीय सहजीकरण गर्ने।

- आर्थिक पुनरुत्थानमा सहजीकरण गर्न मौद्रिक नीतिले लचिलो अडान लिइएको। आर्थिक वर्ष २०७७/७८ मा विस्तृत मुद्राप्रदायको वृद्धिदर २१.८ प्रतिशत र मौद्रिक क्षेत्रबाट प्रवाह हुने निजी क्षेत्रतर्फको कर्जाको वृद्धिदर २६.३ प्रतिशत कायम भएको।
- मौद्रिक सहजीकरणमार्फत कर्जाको ब्याजदर एकल अंक कायम हुन सकेको। २०७७ असारमा कर्जाको भारित औसत ब्याजदर १०.११ प्रतिशत रहेकोमा २०७८ असारमा ८.४३ प्रतिशत कायम भएको।
- कोभिड-१९ महामारीबाट प्रभावित तोकिएका पेशा, उद्यम र व्यवसायहरूलाई सहुलियत ब्याजदरमा पुनरकर्जा सुबिधा उपलब्ध गराइएको। आर्थिक वर्ष २०७७/७८ मा कुल रू.१ खर्ब ४८ अर्ब ७५ करोड पुनरकर्जा स्वीकृत भई २०७८ असार मसान्तमा रू.१ खर्ब २२ अर्ब ७० करोड लगानी भएको।
- नेपाल सरकारको ब्याज अनुदानमा संचालित सहुलियतपूर्ण कर्जाको विस्तार गर्दै प्रभावकारिता बढाइएका कारण अर्थतन्त्रको पुनरुत्थानमा सहयोग पुगेको। २०७८ असार मसान्तसम्ममा १ लाख ४ हजार १ सय ९ ऋणीलाई सहुलियतपूर्ण कर्जा प्रवाह भई रू.१ खर्ब ६१ अर्ब ४४ करोड कर्जा लगानी भएको।
- कोभिड-१९ प्रभावित पर्यटन र घरेलु, साना तथा मझौला उद्यम क्षेत्रको व्यवसाय निरन्तरतामा सहयोग पुऱ्याउन ती क्षेत्रका श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानीका लागि व्यवसाय निरन्तरता कर्जा कार्यान्वयनमा ल्याइएको। २०७८ असार मसान्तसम्ममा रू.९५ करोड ६७ लाख कर्जा स्वीकृत भएको।
- कोभिड-१९ बाट अति प्रभावित उद्योग व्यवसाय सुचारु गर्न सहजीकरण गर्ने उद्देश्यले चालु पुँजी कर्जा उपयोग गरेका ऋणीलाई चालु पुँजी कर्जाको अधिकतम २० प्रतिशत थप कर्जा उपलब्ध गराउन सक्ने व्यवस्था गरिएकोमा १६ हजार १ सय ८२ ऋणीलाई रू.१४ अर्ब २४ करोड कर्जा प्रवाह भएको।
- आवधिक कर्जा मात्र उपयोग गरेका ऋणीलाई सोही कर्जाको धितोमा अधिकतम १० प्रतिशतसम्म थप कर्जा उपलब्ध गराउन सक्ने व्यवस्था गरिएकोमा ७ हजार २ सय ६९ ऋणीलाई रू.९ अर्ब ३६ करोड कर्जा प्रवाह भएको।

- कोभिड-१९ को कारण परियोजना निर्माण सम्पन्न/सञ्चालन हुन नसकेको अवस्थामा बैंक तथा वित्तीय संस्थाले कर्जाको ग्रेस अवधि थप गर्नसक्ने व्यवस्था गरिएकोमा ९ सय ९३ ऋणीको जम्मा रू.५२ अर्ब कर्जाको ग्रेस अवधि थप भएको।
- कोभिड-१९ को कारण कर्जाको साँवा र ब्याज भुक्तानी गर्न समस्यामा परेका ऋणीहरूका लागि कर्जा भुक्तानी अवधि थप गर्ने व्यवस्था भए बमोजिम १९ हजार ७ सय ८६ ऋणीको जम्मा रू.९३ अर्ब ६३ करोड कर्जाको भुक्तानी अवधि थप भएको।
- कर्जाको पुनर्संरचना तथा पुनःतालिकीकरण गर्न सक्ने व्यवस्था बमोजिम २०७७ पुस मसान्तसम्म कोभिड-१९ बाट प्रभावित क्षेत्रका २१ हजार ६ सय १७ उद्यमी व्यवसायीको रू.१ खर्ब २९ अर्ब २१ करोड कर्जा पुनर्संरचना तथा पुनःतालिकीकरण भएको।

**८.२ रोजगारी सिर्जना गर्न वित्तीय साधनको उपलब्धता प्राथमिकता प्राप्त क्षेत्रतर्फ बढाउने, मुलुकभित्र रोजगारी सिर्जना र उद्यमशीलता विकास गर्न प्रोत्साहन गर्ने**

- वाणिज्य बैंकले कुल कर्जा लगानीको २०७८ असार मसान्तसम्म न्यूनतम ११ प्रतिशत, २०७९ असार मसान्तसम्म १३ प्रतिशत र २०८० असार मसान्तसम्म १५ प्रतिशत कृषि क्षेत्रमा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएकोमा २०७८ असार मसान्तमा उक्त क्षेत्रमा कुल कर्जाको १३.२ प्रतिशत (रू.४ खर्ब २५ अर्ब ८३ करोड) प्रवाह भएको।
- वाणिज्य बैंकहरूले कुल कर्जा लगानीको २०७८ असार मसान्तसम्म न्यूनतम ६ प्रतिशत, २०७९ असार मसान्तसम्म ७ प्रतिशत, २०८० असार मसान्तसम्म ९ प्रतिशत र २०८१ असार मसान्तसम्म १० प्रतिशत ऊर्जा क्षेत्रमा कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था गरिएकोमा २०७८ असार मसान्तमा उक्त क्षेत्रमा कुल कर्जाको ६ प्रतिशत (रू.१ खर्ब ९४ अर्ब १३ करोड) प्रवाह भएको।
- वाणिज्य बैंकहरूले कुल कर्जा लगानीको २०७८ असारमा न्यूनतम ११ प्रतिशत, २०७९ असारमा १२ प्रतिशत, २०८० असारमा १४ प्रतिशत र २०८१ असारमा १५ प्रतिशत लघु, घरेलु, साना तथा मझौला उद्यम क्षेत्रमा रू.१ करोड भन्दा कम रकमको कर्जा प्रवाह गर्नुपर्ने व्यवस्था रहेकोमा २०७८ असार मसान्तमा यस प्रकारको कर्जा १०.१ प्रतिशत (रू.३ खर्ब २७ अर्ब ८० करोड) प्रवाह भएको।
- वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीले आफ्नो कुल कर्जा लगानीको न्यूनतम ५ प्रतिशत विपन्न वर्गमा प्रवाह गर्नुपर्ने व्यवस्था रहेकोमा २०७८ असार मसान्तमा कुल कर्जाको ७ प्रतिशत प्रवाह भएको।
- पुनरकर्जा, सहुलियतपूर्ण कर्जा तथा व्यवसाय निरन्तरता कर्जाको विस्तारबाट प्रत्यक्ष एवम् अप्रत्यक्ष रुपमा रोजगारी सिर्जना र उद्यमशीलता विकासमा सघाऊ पुगेको।
- नियामकीय सहजीकरणबाट कर्जा विस्तार हुन गएको कारणसमेत रोजगारी सिर्जनामा सघाऊ पुगेको।

**८.३ कोभिड-१९ बाट प्रभावित क्षेत्र, पेशा, व्यवसायलाई वित्तीय सहुलियत तथा राहत उपलब्ध गराउने**

- आन्तरिक उत्पादन अभिवृद्धि, रोजगारी सिर्जना र उद्यमशीलता विकासमा प्रोत्साहन गर्ने उद्देश्यले व्यवस्था गरिएका सहुलियतपूर्ण कर्जाहरूमध्ये ९ प्रकारका सहुलियतपूर्ण कर्जाहरूमा नेपाल सरकारबाट ५ प्रतिशत ब्याज अनुदान प्रदान गरिएको। महिला उद्यमशीलता कर्जाको लागि भने ६ प्रतिशत ब्याज अनुदान प्रदान गरिएको।

- कोभिड-१९ महामारीबाट प्रभावित तोकिएका पेशा, उद्यम र व्यवसायहरूलाई नेपाल राष्ट्र बैंकबाट सहुलियत ब्याजदरमा पुनरकर्जा सुबिधा उपलब्ध गराइएको।
- कोभिड-१९ प्रभावित पर्यटन र घरेलु, साना तथा मझौला उद्यम क्षेत्रको व्यवसाय निरन्तरतामा सहयोग पुऱ्याउन ती क्षेत्रका श्रमिक तथा कर्मचारीको पारिश्रमिक भुक्तानीका लागि नेपाल सरकारबाट सहुलियत ब्याजदरमा व्यवसाय निरन्तरता कर्जा उपलब्ध गराइएको।
- कर्जाको ब्याजदर एकल अंकमा झरेको साथै मुद्रास्फीति लक्षित सीमाभित्र रहेको कारण व्यवसाय लागत घटेका कारण राहत भएको।

## ८.४ कर सहुलियत, सुविधा तथा छुट

- कोभिड-१९ बाट संक्रमित बिरामीहरूको उपचारका लागि प्रयोग हुने भन्सार उपशीर्षक ३००४.९०.९० मा पर्ने रेमडिसिभिर (Remdesivir) औषधिको पैठारीमा लाग्ने भन्सार महसुल पूर्ण रुपमा छुट दिइएको।
- जीवनदायक अक्सिजन, अक्सिजन सिलिण्डर, अक्सिजन कन्सन्ट्रेटर, अक्सिजन फ्लो मिटर, अक्सिजन रेगुलेटर, ब्लड ग्यास एनालाइजर, ICU Bed लगायतका मालवस्तुको पैठारीमा लाग्ने सम्पूर्ण कर, महसुल एवम् शुल्क पूर्ण रुपमा छुट दिइएको।
- विभिन्न दातृ पक्षबाट स्वास्थ्य मन्त्रालय वा अस्पतालहरूलाई हस्तान्तरण गर्ने गरी सहयोगस्वरुप प्रदान गरेका कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारमा प्रयोग हुने उपकरण, स्वास्थ्य सामग्री तथा औषधिहरूमा राजस्व छुट प्रदान गरिएको।
- आर्थिक ऐनमार्फत देहाय बमोजिमका छुट सुविधा प्रदान गरिएकोः
  - वार्षिक रू.२० लाखसम्मको कारोबार वा रू.२ लाखसम्म आय भई आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४) बमोजिम कर लाग्ने करदातालाई आय वर्ष २०७६/७७ मा लाग्ने करमा ७५ प्रतिशत छुट दिइएको।
  - आयकर ऐन, २०५८ को दफा ४ को उपदफा (४क) बमोजिम कारोबारको आधारमा कर बुझाउने वार्षिक रू.२० लाखदेखि रू.५० लाखसम्मको कारोबार भएका करदातालाई आय वर्ष २०७६/७७ मा लाग्ने करमा ५० प्रतिशत छुट दिइएको।
  - वार्षिक रू.१ करोडसम्मको कारोबार भएका व्यक्तिलाई आय वर्ष २०७६/७७ मा आयकर ऐन, २०५८ बमोजिम लाग्ने करमा २५ प्रतिशतले छुट दिइएको।
  - होटल, ट्राभल, ट्रेकिङ्ग, यातायात वा हवाई सेवाको वार्षिक रू.१ करोडभन्दा बढी कारोबार गर्ने व्यक्तिलाई आय वर्ष २०७६/७७ मा आयकर ऐन, २०५८ बमोजिम लाग्ने करमा २० प्रतिशतले छुट दिइएको।
  - कुनै व्यक्तिले आर्थिक वर्ष २०७६/७७ मा नेपाल सरकार, प्रदेश वा स्थानीय तहले स्थापना गरेको कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा योगदान गरेको रकम उक्त वर्षको करयोग्य आय गणना गर्दा खर्च कट्टि गर्न पाउने व्यवस्था गरिएको।
  - कुनै व्यक्तिले आर्थिक वर्ष २०७७/७८ मा नेपाल सरकार, प्रदेश वा स्थानीय तहले स्थापना गरेको कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषमा योगदान गरेको रकम उक्त वर्षको करयोग्य आय गणना गर्दा खर्च कट्टी गर्न पाउने व्यवस्था गरिएको।

➢ औद्योगिक व्यवसाय ऐन, २०७६ र नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम व्यावसायिक सामाजिक जिम्मेवारी बहन गर्ने प्रयोजनका लागि आर्थिक वर्ष २०७७/७८ मा छुट्याइएको रकममध्ये नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको विशिष्टिकृत अस्पतालको पूर्वाधार निर्माण वा उपकरण वा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय वा मन्त्रालयले तोकेको स्वास्थ्य संस्थालाई उपलब्ध गराएको कोभिड-१९ को उपचारसँग सम्बन्धित स्वास्थ्य उपकरण तथा सामग्रीमा लागेको खर्च आयकर प्रयोजनका लागि कट्टि गर्न पाउने व्यवस्था गरिएको।

## ८.५ खर्च व्यवस्थापनमा गरिएका प्रबन्ध

- कोभिड-१९ को संक्रमणको निःशुल्क परीक्षण तथा बिरामीको सम्पूर्ण उपचार खर्च निःशुल्क गरिएको। व्यक्तिगत सुरक्षा उपकरण निःशुल्क गर्ने गरी बजेट व्यवस्था गरिएको।
- कोभिड-१९ संक्रमण जोखिम नियन्त्रण गर्न आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ सम्ममा प्रदेश र स्थानीय तहमासमेत गरी जम्मा रू.१४ अर्ब ७८ करोड खर्च भएको। नेपाल सरकारको बजेट र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा स्थापित कोरोना रोकथाम, नियन्त्रण तथा उपचार कोषबाट निकासा, रकमान्तर र प्रदेश तथा स्थानीय तहलाई वित्तीय हस्तान्तरण गरिएको।
- नेपाल सरकारका अस्पतालहरू र प्रादेशिक अस्पतालहरूमा मेशिन उपकरण खरिद, रिएजेन्ट, पिसिआर मेशिन र किट, बेड, मास्क, सेनिटाइजरसहित व्यक्तिगत सुरक्षा उपकरणहरू, आइसियु खरिद गर्न बजेट निकासा गरिएको। विभिन्न स्थानमा क्वारेन्टाइन निर्माण र सञ्चालन खर्च, विदेशबाट उद्धार गरिएका नागरिकको उद्धार खर्च, क्वारेन्टाइन स्थलमा राखिएको अवधिको सम्पूर्ण खर्च व्यहोरिएको।
- संक्रमित बिरामीको अवस्था हेरी औषधि, खाने बस्ने खर्च, चिकित्सकको जोखिम भत्तासहित प्रति बिरामी प्रति दिन खर्च अस्पताललाई उपलब्ध गराइएको।
- कोभिड-१९ उपचारमा अग्रपंक्तिमा संलग्न चिकित्सक, स्वास्थ्यकर्मी र प्रयोगशालामा काम गर्ने कर्मचारीलाई जोखिम भत्ता उपलब्ध गराइएको।
- मुलुकभरका अस्पतालहरूको पूर्वाधार विकासमा उच्च प्राथमिकता दिई बजेट विनियोजन गरिएको।
- नेपाल सरकार मन्त्रिपरिषद्बाट २०७७/६/१ मा कोभिड-९ रोकथाम, नियन्त्रण तथा उपचारमा प्रत्यक्ष रुपमा संलग्न हुने चिकित्सक, नर्स, स्वास्थ्य प्राविधिक, महिला स्वास्थ्य स्वंयमसेविका, स्वंयमसेवक तथा सरसफाईमा संलग्न हुने श्रमिक, शव व्यवस्थापनमा संलग्न जनशक्ति, एम्बुलेन्स चालक, प्रत्यक्ष संलग्न हुने सुरक्षाकर्मी र कर्मचारीलाई २०७७ श्रावण १ गते देखि कोरोना अवधिभर रू.२५ लाखको निःशुल्क बिमा/क्षतिपूर्ति प्रदान गर्ने निर्णय भएको।
- तीनै तहका सरकारहरूले आपसी समन्वयका माध्यमबाट कोभिड-१९ को व्यवस्थापन गरिरहेका छन्।
- मिति २०७८ असार ३१ गतेसम्ममा नेपालमा ३७ लाख ५७ हजार ५ सय ७२ जनाको PCR विधिवाट परीक्षण गरिएकोमा ७ लाख ३२ हजार २ सय ७२ जना कोरोना पोजिटिभ देखिएको छ भने ३ लाख ९५ हजार ८ सय ५३ जनाको Antigen विधिवाट परीक्षण गरिएकोमा ७५ हजार १ सय ३० जनामा कोरोना पोजिटिभ देखिएमा ६ लाख ८२ हजार ६ सय ८२ जना निको भइसकेका छन्। नेपालमा निको हुने दर ९३.२ प्रतिशत रहेको छ।

- कोभिड विरुद्धको प्रतिकार्यको लागि विभिन्न मित्र राष्ट्र, संयुक्त राष्ट्र संघअन्तर्गत विश्व स्वास्थ्य संगठनलगायतका निकाय, राष्ट्रिय/अन्तराष्ट्रिय संघ/संस्था, व्यक्तिलगायतवाट कोभिड-१९ महामारी रोकथाम, नियन्त्रण र उपचारको लागि आवश्यक अक्सिजन प्लान्ट/ट्याक/कन्सन्ट्रेटर, पीपीई, स्यानिटाइजर, मास्क, ल्याव सम्बन्धी औजार उपकरण, औषधिलगायत गरी करिब रू.५१ अर्ब बराबरका स्वास्थ्य सामाग्रीहरू सहयोग स्वरुप प्राप्त भएका छन्।

**तालिका ८.१ कोरोना नियन्त्रण तथा उपचारमा भएको खर्चको विवरण** (रू. हजारमा)

| आर्थिक वर्ष | बजेट | खर्च | कैफियत |
|---|---|---|---|
| २०७६/७७ | ३३६६७३६ | २१७९५०७ | |
| २०७७/७८ | १३७१४५०० | १०५२५२४१ | संघ |
| २०७७/७८ | २३८४७५५ | १७८१२३६ | प्रदेश |
| २०७७/७८ | ४८५७२० | २५५६७८ | स्थानीय तह |
| कोभिड कोष (COVID Fund) | १७४५६९ | ४२७७८ | |
| जम्मा | २०१२६२८० | १४७८४४४० | |

स्रोतः स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# परिच्छेद नौ
# बजेट तर्जुमा र कार्यान्वयनमा देखिएका समस्या र समाधानका सुझावहरू

बजेट स्रोत र साधनको यथार्थपरक अनुमान, विनियोजनमा प्राथमिकीकरण र दक्षतापूर्ण कार्यान्वयनको विवेकशील सामाञ्जस्यताबाट राष्ट्रिय आवश्यकतालाई सम्वोधन गर्ने अर्थ राजनैतिक दस्तावेज हो। सार्वजनिक वित्तको महत्वपूर्ण कार्यात्मक औजारको रूपमा बजेटले अर्थतन्त्रको गति र दिशालाई निर्दिष्ट गरेको हुन्छ। बजेटले सामान्यतया एक वर्षको सरकारको आम्दानी, खर्च र ऋणलाई समेटेको हुन्छ। राजस्व र वैदेशिक अनुदानबाट नपुग हुने स्रोतलाई वैदेशिक र आन्तरिक ऋणबाट पूर्ति गर्ने गरिन्छ। व्यवस्थापिकाले पारित बजेट सरकारका विभिन्न निकायबाट खर्च भएको रकमको महालेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखा परीक्षण र महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गरी मूल्याङ्कन र प्रतिवेदन तयार गर्ने गरिएको छ। महालेखा परीक्षकको प्रतिवेदनलाई सार्वभौम सम्पन्न व्यवस्थापिकामा छलफल गरी सार्वजनिक स्रोतको संकलन, विनियोजन र उपयोगमा कार्यकारीउपर जनप्रतिनिधिको नियन्त्रण कायम हुने व्यवस्था गरी सार्वजनिक उत्तरदायित्व र जवाफदेहितालाई सुनिश्चित गर्ने संवैधानिक र कानुनी प्रबन्ध गरिएको छ।

## ९.१ बजेट तर्जुमामा देखिएका समस्या

**(क) स्रोत अनुमानका विद्यमान समस्याहरूः**

- अनौपचारिक अर्थतन्त्रको बाहुल्यताले अर्थतन्त्रको यथार्थ आकार मापन नहुनु,
- राजस्वको प्रक्षेपण वैज्ञानिक विधिमा आधारित नहुनु,
- आन्तरिक ऋणलाई बजेट घाटा पूर्तिको स्रोत मात्र मानिनु,
- प्रतिवद्धता र सम्झौता नभएको स्रोतसमेतलाई वैदेशिक सहायतातर्फ समावेश गरिनु,
- निश्चित सिद्धान्त, आधार र विधिको अवलम्वन नगरी गैर कर राजस्वको प्रक्षेपण गरिनु,
- मध्यमकालीन खर्च संरचनाको उद्देश्य मुताविक प्रयोग नहुनु।

**(ख) स्रोत परिचालनका विद्यमान समस्याहरूः**

- राष्ट्रिय पुँजी निर्माण, औद्योगिकीकरण र वैदेशिक लगानीको न्यूनताले अर्थतन्त्रको क्षमता कमजोर हुनाले कराधारको पर्याप्त विकास हुन नसक्नु,
- राजस्वको ठूलो हिस्सा वस्तु तथा सेवाको आयातमा निर्भर रहनु,
- आन्तरिक मूल्य अभिवृद्धि करलाई राष्ट्रिय कराधार संरक्षण गर्ने गरी सुदृढ बनाउन नसकिनु,
- अन्तःशुल्क उद्देश्य अनुरुप परिचालन गर्न नसकिनु,
- सार्वजनिक संस्थानबाट नेपाल सरकारको लगानी अनुरूपको प्रतिफल प्राप्त नहुनु,
- गैरकर राजस्व संकलनमा पर्याप्त ध्यान नदिनु,
- प्रविधिमा आधारित वस्तु तथा सेवा व्यवसाय अनुरूप कर कानून र प्रणालीमा सुधार नहुनु,
- राजस्व असुल गर्ने निकायहरूबीच सुचना आदानप्रदान र समन्वयको कमी हुनु,
- अध्ययन, अनुसन्धान र विश्लेषण नगरी छुट दिने प्रवृत्तीका कारण करको दायरा विस्तार गर्ने नीति प्रभावकारी नहुनु,
- वैदेशिक सहायताको सम्पूर्ण हिस्सा राष्ट्रिय बजेटमा समावेश नहुनु।

**(ग) विनियोजनमा देखिएका समस्याहरूः**

- बजेट सीमा निर्धारण तथ्य र विश्लेषणमा आधारित नभई बढोत्तरी विधिमा आधारित हुनु,
- बजेट विनियोजनमा कानुनी प्रावधानको पालना कमजोर रहनु,
- आवधिक योजना, मध्यमकालीन खर्च संरचना र कार्यक्रम तथा बजेटबीच तादाम्यता कायम नहुनु,
- बजेट तर्जुमाका लागि पर्याप्त गृह कार्य नगर्नु,
- तोकिएको बजेट सीमाभन्दा बढी बजेट प्रस्ताव गर्ने प्रवृत्ति बढ्दै जानु,
- कार्यान्वयन क्षमता नहेरी बजेट प्रस्ताव र विनियोजन गरिनु,
- प्राविधिक अध्ययन र प्रयाप्त तयारी विना बजेट माग गर्ने प्रवृत्ति कायम रहनु,
- संघ, प्रदेश र स्थानीय तहका कार्यक्रममा दोहोरोपना रहनु,
- दीर्घकालिन दायित्वको असर र प्रभावको पर्याप्त विश्लेषण नगरी सामान्य कार्यक्रम/आयोजनाका लागि समेत स्रोत सहमति/सुनिश्चितता प्रदान गरिनु,
- बहुवर्षीय सहमति प्राप्त र स्रोत सहमति/सुनिश्चितता प्रदान गरिएका कार्यक्रम/आयोजनामा बजेट प्रस्ताव नगरी आर्थिक वर्षको बीचमा थप बजेट माग गर्ने र निकासा दिने प्रवृत्तिमा सुधार हुन नसक्नु,
- स्वीकृत वार्षिक कार्यक्रममा समावेश नभएका आयोजनाहरूका लागि आर्थिक वर्षको बीचमा रकम माग गर्ने प्रवृत्ति कायमै रहनु,
- अवण्डामा बजेट राख्नु र तोकिएको समयमा बाँडफाँट नगरिनु,
- वितरणमुखी कार्यक्रमप्रतिको मोह बढ्दै जानु।

**(घ) आयोजना छनौट र प्राथमिकीकरणमा देखिएका समस्याहरूः**

- मध्यमकालीन खर्च संरचनालाई उद्देश्य अनुसार कार्यान्वयन नगरिनु,
- पूर्व तयारी नभएका कार्यक्रम/आयोजनाहरूमा बजेट प्रस्ताव र विनियोजन हुनु,
- हरेक वर्ष साना र टुक्रे नयाँ आयोजना थप्ने प्रवृत्ति बढ्दै जानु,
- अन्तरनिकाय समन्वय कमजोर हुँदा आयोजनामा दोहोरोपना कायमै रहनु,
- राष्ट्रिय आयोजना बैंकको प्रभावकारी कार्यान्वयन नहुनु,
- राष्ट्रिय आवश्यकता र प्राथमिकता अनुसारका परियोजना विकास नगरी विकास साझेदारसँग आयोजना प्रस्ताव र सम्झौता गरिनु,
- बहुवर्षीय ठेक्का सम्बन्धी मापदण्डको पुर्ण पालना नहुनु,
- संघीय इकाईहरू बीच आयोजना तर्जुमा र छनौटका मानक, मापदण्ड र आधारहरूमा एकरूपता नहुनु,
- तीन तहका सरकारबीच आयोजना वर्गीकरण सम्बन्धी मापदण्ड पालना नगरिनु।

## ९.२ बजेट कार्यान्वयनमा देखिएका समस्या

- कार्यान्वयन क्षमताको आंकलन नगरी बजेट विनियोजन गरिनु,
- सामाजिक सुरक्षा खर्च हरेक वर्ष बढ्दै जानुका साथै सामाजिक सुरक्षा खर्चलाई विपन्न र गरिव लक्षित बनाउन नसकिनु,
- तीन तहका सरकारबीच निकायगत र कार्यक्रमगत दोहोरोपना हुनु,
- मन्त्रालय/विभागमा आयोजना खडा गरी चालु खर्च बढाउने प्रवृत्ति बढ्दै जानु,
- विस्तृत परियोजना प्रतिवेदन, वातावरणीय परीक्षण, जग्गा प्राप्ति र जग्गाको मुआब्जा वितरण नगरी ठेक्का प्रक्रिया शुरु गर्नु,
- अनुगमन तथा मूल्याङ्कन प्रणाली नतिजामूलक बनाई सुधारको औजारको रूपमा स्थापित गर्न नसक्नु,
- सालबसाली आयोजनामा अपर्याप्त रकम विनियोजन हुँदा समय र लागत दुवै बढ्न गई आयोजना अनुशासन कायम हुन नसक्नु,
- स्थानीय नागरिक अवरोध हुनु,
- उत्तरदायित्व र जवाफदेहिता बहन गर्ने प्रणाली कमजोर रहनु,
- कर्मचारीहरूको कार्यसम्पादनलाई निजको वृत्ति विकाससँग आवद्ध नगरिने,
- निर्माणसँग सम्बन्धित आयोजनाको Alignment परिवर्तन भइरहनु,
- अन्तर तह तथा अन्तर निकाय समन्वय, सहकार्य तथा सहयोग कमजोर हुनु,
- निर्माण व्यवसायीहरूको क्षमताको परीक्षण नगरी ठेक्का दिंदा समयमा काम सम्पन्न नहुनु,
- न्यूनतम रकममा ठेक्का बोल कबोल गर्ने, ठेक्का ओगट्ने र पछि ठेक्का छाड्ने तथा Variation हुने प्रवृत्तिका कारण तोकिएको समय र लागतमा कार्य सम्पन्न नहुनु,
- खरिद व्यवस्थापन (Procurement management) तथा करार व्यवस्थापन (Contract Management) कमजोर हुनु,
- आयोजना/परियोजना प्रमुखलाई व्यवस्थापकीय स्वायत्ता नदिनु तथा अनुमानयोग्य सरुवा प्रणाली स्थापित गर्न नसकिनु,
- जटिल प्रकृतिका आयोजनामा काम गर्ने विज्ञ कर्मचारी र कामदारको अभाव हुनु,
- सरल, सहज र नियमित रूपमा निर्माण सामाग्रीको आपूर्ति हुन नसक्नु,
- नियामक निकायको अधिक संलग्नताले निर्णय क्षमतामा संकुचन भई समयमा कार्य सम्पन्न हुन नसक्नु,
- सीमित ठेकेदारले धेरै आयोजना ओगट्ने प्रवृत्ति रहनु।

## ९.३ लेखा प्रणाली तथा अभिलेख व्यवस्थापनका समस्या

- नगदमा आधारित लेखा प्रणालीका कारण सबै आम्दानी खर्च, सम्पत्ति र दायित्वको एकीकृत हिसाब आउन नसक्नु,
- सूचना प्रविधिमा आधारित प्रणालीमा देखा पर्ने समस्याले समयमा लेखाङ्कन र प्रतिवेदन हुन नसक्नु,
- प्रदेश र स्थानीय तहसमेतको आम्दानी र खर्चको एकीकृत विवरण तयार हुन सक्ने गरी प्रणालीको विकास हुन नसक्नु,

- off Budget र off Treasury बाट सञ्चालित वैदेशिक सहायताका कार्यक्रम राष्ट्रिय लेखा प्रणालीमा नसमेटिनु,
- वैदेशिक सहायताको शोधभर्ना समयमा प्राप्त नहुनाले तोकिएको समयमा आयोजनाको लेखा तयार हुन नसक्नु,
- सोझै भुक्तानी र वस्तुगत सहायताको प्रतिवेदन समयमै प्राप्त हुन नसक्नु,
- बजेट तर्जुमा, कार्यान्वयन र अनुगमन/मूल्याङ्कनमा प्रयोग भइरहेका सूचना प्रविधिमा आधारित समग्र प्रणालीको प्राविधिक अडिट हुन नसक्दा सुधारका क्षेत्र पहिचान हुन नसक्नु,

## ९.४ बजेट तर्जुमामा गर्नुपर्ने सुधार

### (क) स्रोत आँकलन र परिचालनलाई वास्तविकतामा आधारित बनाउनेः

- समष्टिगत आर्थिक परिसूचकहरूको आँकलन गर्ने वैज्ञानिक बिधि तर्जुमा गरी कुल गार्हस्थ उत्पादनको वास्तबिक आकार पहिचान गर्ने प्रणालीको विकास गर्ने,
- दीर्घकालीन सोचसहितको राजस्व नीतिको तर्जुमा गर्ने र राजस्व प्रक्षेपण बढोत्तरीको सिद्धान्तका आधारमा नभई सबै आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याउने गरी स्वचालित प्रणली स्थापित गर्ने,
- विकास सहायतालाई राष्ट्रिय प्राथमिकता र आवश्यकताका क्षेत्रमा केन्द्रित गर्ने,
- मुद्रास्फीति, लागत र तिर्न सक्ने क्षमताका आधारमा गैर कर राजस्वको प्रक्षेपण गर्ने,
- सार्वजनिक ऋण वहन गर्न तथा पुँजी निर्माण गर्ने क्षमताको नियमित विश्लेषण गरी आन्तरिक तथा बाह्य ऋणको हिस्सा तथा प्राप्तिको स्रोत निर्धारण गर्ने।
- आन्तरिक ऋणका नयाँ उपकरणहरू परिचालन गर्ने।
- वैदेशिक सहायता परिचालनमा बजेट सहायतालाई प्राथमिकता दिनु पर्ने।
- बजेट सीमा निर्धारण तथ्य र विश्लेषणमा आधारित हुनु पर्ने।

### (ख) विनियोजन कुशलता बढाउनेः

- मध्यम आय हुने राष्ट्रमा स्तरोन्नती, दिगो विकासका लक्ष्यलगायतका अन्तर्राष्ट्रिय प्रतिवद्धता प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्ने,
- दीर्घकालीन सोच, दिगो विकासका लक्ष्य, आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक कार्यक्रम तथा बजेट बीचको अन्तरसम्बन्धलाई सुदृढ तुल्याउने,
- सार्वजनिक खर्चलाई संवैधानिक दायित्व पूरा गर्ने र निजी क्षेत्रको लगानीलाई उत्प्रेरित गर्ने गरी व्यवस्थापन गर्ने।
- समग्र अर्थतन्त्रलाई गतिशिल बनाई राजस्व परिचालनमा सहयोग पुग्ने गरी राष्ट्रिय पुँजी निर्माणमा योगदान दिने ठूला आयोजनामा लगानी केन्द्रित गर्ने।
- संविधानको अनुसूची र कार्य विस्तृतीकरण प्रतिवेदनमा उल्लेखित अधिकार क्षेत्र अनुरूप संघ, प्रदेश र स्थानीय तहले कार्यक्रम/आयोजना तर्जुमा गर्ने,
- मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework- MTEF) लाई यथार्थपरक र संस्थागत बनाई त्यसैको आधारमा बजेट तर्जुमा गर्ने,

- विस्तृत परियोजना प्रतिवेदन तयार नभएका र परियोजनाको पूर्व तयारीका कार्यहरू (जग्गा प्राप्ति, वित्तीय व्यवस्था, वातावरणीय परीक्षण, सीमाङ्कन आदि) पूरा नभएका आयोजनाहरूमा रकम विनियोजन नै नगर्ने नीति अवलम्बन गरी आयोजना प्रवेशमा गुणस्तर कायम गर्ने,
- सामाजिक सुरक्षाका कार्यक्रमहरूमा रहेको तहगत दोहोरोपना हटाई एकीकृत गर्ने। लाभान्वित हुने लाभग्राहीहरूको खण्डीकृत तथ्याङ्क राख्ने प्रणालीको विकास गरी एकद्वार प्रणालीमार्फत कार्यक्रम कार्यान्वयन गर्ने,
- संघीय सरकारबाट वितरण गरिने अनुदान सम्बन्धी एकीकृत नीति बनाउने,
- निरन्तर वृद्धि हुँदै गएका इन्धन, मर्मत, तालिम तथा गोष्ठी, कार्यक्रम, भ्रमण, अनुगमन तथा मूल्याङ्कन, मर्मत, बैठक भत्ता, कार्यालय सञ्चालन र विविध खर्च जस्ता चालु खर्चमा भएको अस्वभाविक वृद्धिलाई नियन्त्रण गर्न खर्चको मापदण्ड प्रभावकारी कार्यान्वयन गर्नुपर्ने।
- सवारी साधन, सरकारी भवन, ल्यापटप, फर्निचर फिक्चर्स, सफ्टवेयर निर्माण जस्ता पुँजीगत खर्चमा एकरूपता र मितव्ययिता कायम गर्न खर्चको मापदण्ड तयार गरी कार्यान्वयन गर्ने,
- स्रोत सहमति प्रदान गरिएका कार्यक्रम/आयोजनाकहरूको लागि आवश्यक पर्ने पर्याप्त रकम सम्बन्धित निकायले नियमित बजेट सीमाबाट प्रस्ताव गर्ने र त्यसरी प्रस्ताव नगरेमा आर्थिक वर्षको बीचमा सो बापत निकासा नदिने,
- आयोजनाको पुनरावलोकन गरी संख्या घटाउने। तत्काल नयाँ आयोजना सकेसम्म थप नगर्ने। आयोजना बैंकमा समावेश भएका आयोजनाहरूका लागि मात्र बजेट विनियोजन गरी कार्यान्वयन गर्ने,
- छरिएर रहेका सीप विकास तालीम कार्यक्रमहरू एकीकृत रूपमा सञ्चालन गर्ने।

## ९.५ बजेट कार्यान्वयनमा गर्नुपर्ने सुधार

- सार्वजनिक उत्तरदायित्व, जवाफदेहिता एवम् वित्तीय अनुशासन पालना गर्ने/गराउने विषयमा अर्थ मन्त्रालयले नेतृत्वदायी भूमिका र उदाहरणीय एवम् अनुकरणीय व्यवहार प्रदर्शन गर्ने,
- महालेखा परीक्षकको प्रतिवेदनमा उल्लिखित कैफियतलाई कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गराइनु पर्ने,
- अर्थ मन्त्रालयले प्रचलित कानूनले तोकेको मितिभित्र बजेट कार्यान्वयनलाई सहजीकरण हुने गरी बजेट कार्यान्वयन मार्गदर्शन पठाउने,
- बजेट सार्वजनिक भएपछि पूर्व तयारीका कार्यहरू असार मसान्तभित्रै सम्पन्न गरी आर्थिक वर्षको शुरुवातदेखि नै कार्यान्वयन कार्ययोजनासहित बजेट कार्यान्वयन शुरू गर्ने,
- स्वीकृत कार्यक्रममा नपरेका कार्यक्रम/आयोजनाका लागि आर्थिक वर्षको बीचमा निकासा दिन निरूत्साहित गर्ने,
- बजेट तर्जुमा गर्दाको उद्देश्य नै परिवर्तन हुने गरी आर्थिक वर्षको बीचमा कार्यक्रम संशोधन नगर्ने,
- ढुंगा, गिट्टी, बालुवा लगायतका निर्माण सामग्रीको आपूर्ति व्यवस्थापन सहज बनाउने,
- आयोजना प्रमुखसँग कार्यक्षेत्र, वित्तीय, सञ्चालन र कार्यान्वयन तालिका, वार्षिक खरिद योजना, गुणस्तर र प्रतिफललगायतका शर्तहरू राखी नतिजामूलक कार्यसम्पादन सम्झौता गर्ने।
- जग्गा प्राप्ति, वातावरणीय प्रभाव अध्ययन र रुख कटानको सुनिश्चितता भएपछि मात्र ठेक्का बन्दोवस्त गर्ने परिपाटी बसाल्ने।

- अर्थ मन्त्रालयको पूर्व सहमति विना कुनै पनि निकायले थप आर्थिक दायित्व सिर्जना नगर्ने विषयमा सम्वेदनशील हुने र अर्थ मन्त्रालयले पनि निकासा नदिने।
- विशेषतः जग्गा बापतको मुआब्जा रकम बजार मूल्य भन्दा अधिक हुँदै गएकोले विकास निर्माणको लागत अत्याधिक बढी भई अर्थतन्त्र नै बोझिलो हुने एवम् लगानीसमेत निरूत्साहित हुनाले प्रचलित कानूनमा संशोधन गरी घरजग्गा रजिष्ट्रेशन, धितो र मुआब्जा लगायतमा स्पष्ट आधार सहितको एउटै मूल्य निर्धारण गर्ने व्यवस्था गर्नुपर्ने,
- अन्तर तह र अन्तर निकाय समन्वयलाई प्रभावकारी बनाई कार्यान्वयनमा तीब्रता दिने,
- आर्थिक वर्षको अन्तमा मात्र भुक्तानी गर्ने प्रचलनलाई निरुत्साहित गरी काम सम्पन्न भएपछि प्राप्त विलको तोकिएकै समयमा भुक्तानी दिने,
- अनुगमन प्रणालीलाई प्रभावकारी बनाई कार्यक्रम कार्यान्वयनको सुधारात्मक औजारको रूपमा विकास गर्ने,
- आयोजनाहरूको अनुगमन र नियमन प्रभावकारी बनाउन प्राविधिक परीक्षण प्रयोगशाला स्थापना गर्ने।
- सूचना प्रविधिमा आधारित एकीकृत अनुगमन मूल्याङ्कन प्रणालीको विकास गर्ने,
- निर्माण सम्पन्न भएका आयोजनाहरूको Technical Audit लाई प्रभावकारी बनाउने,
- तीनै तहको सरकारको एकीकृत वित्तीय प्रतिवेदन प्राप्त हुने व्यवस्था गर्ने,
- सक्षम जनशक्ति विकास र परिचालनमा जोड दिने,
- निर्माण व्यवसायीहरूको क्षमताको आधारमा मात्र ठेक्का दिने प्रणालीको विकास गर्ने,
- वैदेशिक सहायता परिचालन गर्न सम्झौता गर्दा कै बखत पालना गर्नुपर्ने शर्तहरूका विषयका बारेमा स्पष्ट हुने,
- निर्माण आयोजनाको गुणस्तरमा सुधार ल्याउन निर्माण सम्पन्न भएको कम्तिमा पाँच वर्ष सम्मको मर्मतको जिम्मेवारी निर्माण व्यवसायीले नै लिनु पर्ने व्यवस्था गर्ने,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ संस्थाले बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा क्रमशः प्रदेश, स्थानीय र राष्ट्रिय बजेटमा समावेश गरी कार्यान्वयन गर्ने,

## ९.६ राष्ट्रिय गौरवका आयोजना कार्यान्वयनका समस्या र समाधानका उपाय

**समस्याहरू**

- आयोजनाको पहिचान र छनौट निश्चित सिद्धान्त र मापदण्डको आधारमा नहुनु,
- आयोजना निर्माण गर्ने मोडालिटी, कुल लागत, समयावधि, जग्गा प्राप्ति/मुआब्जा, क्षतिपूर्ति, पुनर्वास र विस्तृत आयोजना प्रतिवेदन जस्ता आयोजना विकासका पूर्व चरण पुरा नगरी आयोजना शुरूवात गर्नाले आयोजना निर्माणमा अन्यौलता र शिथिलता देखिनु।
- विशेषतः सडक आयोजनाको रेखाङ्कन (Alignment) मा बारम्बार परिवर्तन हुँदा लागत अस्वभाविक रूपमा बढनु र निर्माण अवधि अनिश्चित हुनु।
- आयोजनाहरूको समग्र ठेक्का व्यवस्थापनमा नै कमजोरी रहनु,
- दक्ष प्राविधिक कर्मचारी तथा श्रमिक र निर्माण सामाग्रीहरूको अभावका कारण समयमै निर्माण कार्य सम्पन्न नहुनु,

- अन्तर तह र अन्तर निकाय कार्यगत समन्वय प्रभावकारी नहुनु,
- विशेषतः जग्गा बापतको मुआब्जा रकम बजार मूल्य भन्दा अधिक हुँदै गएकोले विकास निर्माणको लागत अत्याधिक बढी भई समग्र अर्थतन्त्र नै बोझिलो हुने अवस्था देखिनु,
- आयोजनाहरूको लागत र समय बढ्ने प्रवृत्तिले गर्दा लगानी निरूत्साहित हुने अवस्था देखिनु,
- घरजग्गा रजिष्ट्रेशन, धितो र मुआब्जामा फरक फरक मूल्य कायम हुनु,
- आयोजनाबाट प्रभावित बासिन्दाहरूसँग समन्वयको अभावका कारण पटक पटक आयोजना सञ्चालनमा अवरोध सिर्जना हुनु,
- आयोजना कार्यान्वयन गर्दा कार्ययोजना अनुसार कार्यान्वयन नहुनु र आयोजना शुरू भइसकेपछि कार्यक्षेत्र विस्तार गर्ने प्रवृत्तिका कारण आयोजनाको लागत र समय वृद्धि हुनु,
- निर्माण अवधिमा देखिने भौगर्भिक कठिनाईहरूले आयोजनाको साथर्कतामा नै प्रश्न उठ्ने गरेको,
- वित्तीय र भौतिक प्रगतिलाई मात्र आयोजना सफलताको आधार मानिने प्रचलन हुँदा गुणस्तरमा ध्यान नदिनु।

**समाधानका उपायहरू**

- आयोजना व्यवस्थापन तथा सञ्चालन सम्बन्धी छुट्टै कानुनी व्यवस्था गर्ने,
- आयोजनाहरूको पहिचान र छनौट निश्चित सिद्धान्त र मापदण्डको आधारमा हुनु पर्ने,
- आयोजना सञ्चालन पूर्वका चरणहरू जस्तैः जग्गा प्राप्ति, प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणीय प्रभाव मूल्याङ्कन, रूख कटान, विस्तृत परियोजना प्रतिवेदन जस्ता पक्षहरूको टुङ्गो लागेपछि मात्र कार्यान्वयन शुरू गर्ने,
- आयोजना निर्माण तथा कार्यान्वयन ढाँचा निर्धारण गरे पश्चात मात्र बजेटमा समावेश गर्ने,
- मुआव्जा, क्षतिपूर्ति, बस्ती स्थानान्तरण तथा पुनर्बास सम्बन्धी विषयलाई सम्वोधन गर्न जग्गा मूल्याङ्कनको आधारलाई समसामयिक बनाउन नयाँ कानून निर्माण गर्नुपर्ने,
- आयोजना शुरु भएपछि कार्यक्षेत्र विस्तार गर्ने प्रवृत्तिलाई निश्चित मापदण्ड र आधारमा सीमित गर्ने,
- राष्ट्रिय गौरवको आयोजनामा हुने कानुनी विवाद, स्थानीय अवरोध एवम् खरिद सम्बन्धी विषयमा द्रूत निर्णय गर्न सक्ने विधिसहितको छुट्टै कानुनी प्रबन्ध गर्ने,
- आयोजना निर्माण, व्यवस्थापन तथा सञ्चालनलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रशासकीय नेतृत्वलाई जिम्मेवार बनाउने। आयोजना क्रियाकलापको नतिजा मापन गर्न स्पष्ट मानक र प्रतिफल सूचकसहित कार्यसम्पादन सम्झौता गरी समीक्षासहित परियोजना व्यवस्थापकलाई Grading गरी जवाफदेही तुल्याउने,
- निश्चित विधि र मापदण्डको आधारमा सरूवालाई अनुमानयोग्य बनाउने,
- नतिजा खाकामा आधारित अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कानून तर्जुमा गरी विकास परिणामको लागि व्यवस्थापकीय प्रबन्धमा आधारित प्रणाली लागु गर्न लजिकल फ्रेमवर्कको प्रभावकारी कार्यान्वयन गर्ने,
- आयोजनाको पहिलो चरणको निर्माण पूर्ण रूपमा सम्पन्न नहुँदै दोस्रो चरणको निर्माण कार्यमा प्रवेश नगर्ने,

- आयोजनाको लागि विकास सहायता परिचालन गर्ने गरी द्विपक्षीय तथा बहुपक्षीय दातृ निकायसँग वार्ता गर्दा प्रतिवद्धता अनुरूप तोकिएकै समयमा सहायता प्राप्त हुने सुनिश्चितता भएपछि मात्र आयोजनाको लागि वैदेशिक स्रोत व्यवस्थापन गर्ने,
- आयोजना निर्माण अवधिभर निर्माणजन्य सामाग्री र जनशक्तिको अभाव हुन नदिने विशेष प्रबन्ध गर्ने,
- आयोजनाको पोर्टफोलियो लगानी ढाँचा सार्वजनिक, निजी र सामुदायिक सम्बन्धका विषयमा आयोजना स्वीकृत पूर्व नै निश्चित हुनु पर्ने,
- ठेक्का सम्झौता भएपछि सरकार र करारको अर्को पक्ष बीच विवाद सिर्जना जस्तैः रनिङ्ग विल ढिला भुक्तानी, निर्माणस्थलको उपलव्धता, सम्बन्धित पक्षवाट अनुमति लिन हुन ढिलाई, निर्माण सामग्री निकाल्ने क्वेरी साईटको अनिश्चितता र तेस्रो पक्ष बीमा विवादका कारण वहस पैरबिमा पर्याप्त प्रमाण र आधार पेश नगर्दा सरकारको विपक्षमा फैसला हुने र मध्यस्थकर्ताको आदेशले भुक्तानी दिनुपर्ने कारणलेसमेत दायित्व बढ्ने गरेकाले यस्ता विषयहरूमा राष्ट्रिय विकास समस्या समाधान समितिवाट विवाद व्यवस्थापन गर्ने उपाय अवलम्वन गर्ने,
- जग्गा प्राप्ति, वातावरणीय प्रभाव अध्ययन र रूख कटानको सुनिश्चितता भएपछि मात्र ठेक्का बन्दोवस्त गर्ने परिपाटी बसाल्ने आयोजना निर्माण तथा कार्यान्वयन ढाँचा निर्धारण गरे पश्चात मात्र बजेटमा समावेश गर्ने,
- राष्ट्रिय गौरवका आयोजनाका संख्यामा पुनरावलोकन गरी नतिजामा गौरव गर्न योग्य हुने गरी आयोजनाहरूको कार्यान्वयन सुनिश्चित गर्ने।

# निष्कर्ष

विश्वव्यापी रूपमा गत आर्थिक वर्षदेखि नै फैलिएको कोभिड-१९ को महामारीबाट हाम्रो अर्थतन्त्र पनि प्रभावित हुन पुग्यो। विकास समृद्धिको यात्रामा महामारीले केही व्यवधान खडा गरेको देखियो। कोभिड-१९ को प्रभाव न्यूनीकरण गर्न संक्रमण रोकथाम, नियन्त्रण, उपचार र खोप व्यवस्थापनका लागि गरिएका पहलकदमीका कारण अर्थतन्त्रमा अनपेक्षित हानी हुन पाएन। अर्थतन्त्र सञ्चालनका सबै अवयवहरूको योगदानका कारण सरकारी खर्च विनियोजनको तुलनामा ८१.१५ प्रतिशत र राजस्व संकलन ९६.७४ प्रतिशत रहन पुग्यो। गत आर्थिक वर्षको तुलनामा सरकारी खर्चतर्फ ९.४२ प्रतिशत र राजस्वतर्फ १८.२१ प्रतिशतले वृद्धि भएको देखिन्छ।

कोभिड-१९ को महामारीको प्रतिकुलका वावजूद अधिकांश समष्टिगत आर्थिक परिसूचकहरू सकारात्मक नै रहन पुगेको देखिन्छ। आर्थिक वर्षको दोस्रो चौमासिकदेखि कोभिड-१९ को प्रभाव क्रमशः न्यून हुँदै जानाले आर्थिक क्रियाकलापमा आएको तीव्रताले सरकारी खर्च र राजस्व दुबैमा उल्लेख्य योगदान गरेको देखियो।

भूकम्पपछिको पुनर्निर्माणले लिएको तीब्रता, माथिल्लो तामाकोशी जलविद्युत आयोजना र मेलम्ची खानेपानी आयोजनाको निर्माणमा भएको ठोस प्रगतिले आयोजना व्यवस्थापन प्रति नागरिकको संसयपूर्ण मनोविज्ञानमा सकारात्मक प्रभाव परेको देखिन्छ भने पुँजीगत खर्चसमेत गत आर्थिक वर्षको तुलनामा २१ प्रतिशतले वृद्धि भएको देखिन्छ।

कुल गार्हस्थ उत्पादनमा उत्पादनमूलक क्षेत्रको न्यून योगदान रहनु, राजस्वको ठूलो हिस्सा अप्रत्यक्ष करमा निर्भर रहनु, आर्थिक क्रियाकलापको ठूलो हिस्सा राष्ट्रिय लेखा प्रणालीमा समावेश नहुनु, उपभोग, बचत र लगानी बीच ठूलो फालसा कायमै रहनु जस्ता अर्थतन्त्रका संरचनागत समस्याको निराकरणमा राज्य संयन्त्रको सही उपभोग नभएसम्म सार्वजनिक वित्त व्यवस्थापनमा चुनौती थपिदै जाने देखिन्छ। तसर्थ, विद्यमान आर्थिक कार्यविधि कानूनको पूर्ण पालना, आयोजना व्यवस्थापनमा सुशासन, दक्ष, सक्षम र प्रभावकारी राजस्व व्यवस्थापन, सार्वजनिक खर्चको उत्पादनशिलता, वित्तीय उत्तरदायित्व र जवाफदेहिताको अवलम्वन एवम् बजेट अनुशासन कायम गर्न सम्वद्ध सबैको प्रतिवद्धता र सोही अनुरूपको कार्यव्यवहारले सार्वजनिक वित्त व्यवस्थापनमा सुधारको ढोका खोल्ने अपेक्षा गर्न सकिन्छ।

# अनुसूचीहरू

अनुसूची- १

## आर्थिक वर्ष २०७७/७८ को राजस्वको लक्ष्य तथा असुली विवरण

रू.लाखमा

| क्र.सं. | राजस्व शीर्षक | आ.व.२०७७/७८ को वार्षिक लक्ष्य | आ.ब. २०७७/७८ को असुली | असुली प्रतिशत |
|---|---|---|---|---|
| १ | **भंसार महशुल** | **१९३५५४७** | **२०१३८९६** | **१०४.०५%** |
| | पैठारी | १७०४३१४ | १६८१८५२ | ९८.६८% |
| | निकासी | २९५६ | २८७१ | ९७.१२% |
| | पूर्वाधार कर | १५२७३५ | २२४३७८ | १४६.९१% |
| | भन्सारको अन्य आय | ५८९९ | १०४४४ | १७७.०४% |
| | कृषि सुधार शुल्क | ६९६४३ | ९४३५२ | १३५.४८% |
| २ | **मूल्य अभिबृद्धि कर** | **३०२१६८७** | **२८२०१९१** | **९३.३३%** |
| | उत्पादन, विक्री, सेवा | ११२०३६२ | ११६५३५७ | १०४.०२% |
| | पैठारी | १९०१३२५ | १६५४८३४ | ८७.०४% |
| ३ | **अन्तःशुल्क** | **१५५५०४१** | **१३३७८०५** | **८६.०३%** |
| | आन्तरिक उत्पादन | ९८९२२९ | ८१५८५५ | ८२.४७% |
| | पैठारी | ५६५८१२ | ५२१९५० | ९२.२५% |
| ४ | **शिक्षा सेवा शुल्क** | **१३४९७** | **३६७६** | २७.२४% |
| ५ | **आयकर** | **२३८०३८७** | **२३००७७३** | **९६.६६%** |
| | आयकर | २१५०३१३ | २०७७७०५ | ९६.६२% |
| | ब्याज कर | २३००६२ | २२३०६८ | ९६.९६% |
| ६ | **अन्य कर** | **२२३३४३** | **२२४७२५** | **१००.६२%** |
| | **कर राजस्व जम्मा** | **९१२९४९०** | **८७०१०६६** | **९५.३१%** |
| ७ | **गैर कर जम्मा** | **९८८०९४** | **६८२१४४** | **६९.०४%** |
| | **कूल राजस्व जम्मा** | **१०११७५८४** | **९३८३२११** | **९२.७४%** |
| ८ | **अन्य प्राप्ति** | ० | ४०४३३० | |
| | **जम्मा राजस्व/प्राप्ति** | **१०११७५८४** | **९७८७५४१** | **९६.७४%** |

स्रोतः राजस्व व्यवस्थापन महाशाखा

अनुसूची-२

# आ.व. २०७६/७७ र २०७७/७८ को राजस्व असुलीको तुलनात्मक विवरण

रू.लाखमा

| क्र.सं. | राजस्व शीर्षक | राजस्व संकलन | | परिवर्तन प्रतिशत |
|---|---|---|---|---|
| | | २०७६/७७ | २०७७/७८ | |
| **१** | **भंसार महशुल** | **१३७९९०३** | **२०१३८९६** | **४५.९४** |
| | पैठारी | ११७५८५६ | १६८१८५२ | ४३.०३ |
| | निकासी | ११२४ | २८७१ | १५५.४८ |
| | पूर्वाधार कर | १४२००० | २२४३७८ | ५८.०१ |
| | भन्सारको अन्य आय | ५०७९ | १०४४४ | १०५.६२ |
| | कृषि सुधार शुल्क | ५५८४४ | ९४३५२ | ६८.९६ |
| **२** | **मूल्य अभिवृद्धि कर** | **२२४०१६५** | **२८२०१९१** | **२५.८९** |
| | उत्पादन, विक्री, सेवा | ९८२०९७ | ११६५३५७ | १८.६६ |
| | पैठारी | १२५८०६८ | १६५४८३४ | ३१.५४ |
| **३** | **अन्तःशुल्क** | **१००६२६९** | **१३३७८०५** | **३२.९५** |
| | आन्तरिक उत्पादन | ६४९७९८ | ८१५८५५ | २५.५६ |
| | पैठारी | ३५६४७१ | ५२१९५० | ४६.४२ |
| **४** | **शिक्षा सेवा शुल्क** | **५८३८** | **३६७६** | **-३७.०३** |
| **५** | **आयकर** | **२१९७४१२** | **२३००७७३** | **४.७०** |
| | आयकर | १९७७४४१ | २०७७७०५ | ५.०७ |
| | ब्याज कर | २१९९७१ | २२३०६८ | १.४१ |
| **६** | **अन्य कर** | **१७०९६८** | **२२४७२५** | **३१.४४** |
| | **कर राजस्व जम्मा** | **७०००५५५** | **८७०१०६६** | **२४.२९** |
| **७** | **गैर कर जम्मा** | **९३६९१२** | **६८२१४४** | **-२७.१९** |
| | **कूल राजस्व जम्मा** | **७९३७४६६** | **९३८३२११** | **१८.२१** |
| **८** | **अन्य प्राप्ति** | **४७५६५८** | **४०४३३०** | **-१५.००** |
| **जम्मा राजस्व/प्राप्ति** | | **८४१३१२४** | **९७८७५४१** | **१६.३४** |

स्रोतः राजस्व व्यवस्थापन महाशाखा

अनुसूची- ३

## चालु, पुँजीगत र वित्तीय व्यवस्थातर्फ कुल विनियोजन र खर्चको विवरण

रू.लाखमा

| क्र.सं. | विवरण | कूल विनियोजन | कूल खर्च | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु खर्च | ९४८९४०६ | ८४६१२१७ | ८९.१६ |
| २ | पुँजीगत खर्च | ३५२९१७५ | २२८८५८८ | ६४.८५ |
| ३ | वित्तीय व्यवस्था | १७२७८७३ | १२१६२२६ | ७०.३९ |
| | **कूल जम्मा** | **१४७४६४५४** | **११९६६०३०** | **८१.१५** |

स्रोतः LMBIS/महालेखा नियन्त्रक कार्यालय

अनुसूची- ४

## आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ को कुल खर्चको तुलनात्मक विवरण

रू.लाखमा

| क्र.सं. | विवरण | आ.व.२०७६/७७ | आ.व.२०७७/७८ | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | नगद खर्च | १०४८६८९४ | ११६०३३३४ | १०.६५ |
| २ | गैर नगद खर्च | ४२६४३७ | ३६२६९६ | (१४.९५) |
| | **कूल जम्मा** | **१०९१३३३१** | **११९६६०३०** | **९.६५** |

स्रोतः LMBIS/महालेखा नियन्त्रक कार्यालय

अनुसूची- ५

## आर्थिक वर्ष २०७६/७७ र २०७७/७८ को तुलनात्मक खर्च विवरण

रू.लाखमा

| क्र.सं. | विवरण | आ.व.२०७६/७७ | आ.व.२०७७/७८ | वृद्धि प्रतिशत |
|---|---|---|---|---|
| १ | चालु खर्च | ७८४२९१४ | ८४६१२१७ | ७.८८ |
| २ | पुँजीगत खर्च | १८९१४०१ | २२८८५८८ | २१.०० |
| ३ | वित्तीय व्यवस्था | ११७९०१६ | १२१६२२६ | ३.१६ |
| **कूल जम्मा** | | **१०९१३३३१** | **११९६६०३०** | **९.६५** |

स्रोतः LMBIS/महालेखा नियन्त्रक कार्यालय

अनुसूची- ६

## आर्थिक वर्ष २०७७/७८ को आर्थिक वर्गीकरण अनुसार शीर्षकगत खर्चको विवरण

रू.लाखमा

| ख.सं.नं. | खर्च शीर्षक | नेपाल सरकार | वैदेशिक सहयोग नगद | नगद जम्मा | वस्तुगत तथा सोझै भुक्तानी | कूल जम्मा |
|---|---|---|---|---|---|---|
| २११११ | पारिश्रमिक कर्मचारी | ९१२८२१ | २८६ | ९१३१०७ | ० | ९१३१०७ |
| २१११२ | पारिश्रमिक पदाधिकारी | ११२६५ | ० | ११२६५ | ० | ११२६५ |
| २११२१ | पोशाक | २३६२७ | २ | २३६२९ | ० | २३६२९ |
| २११२२ | खाद्यान्न | १३१८०० | ० | १३१८०० | ० | १३१८०० |
| २११२३ | औषधी उपचार खर्च | २८३५ | ५ | २८४० | ० | २८४० |
| २११३१ | स्थानीय भत्ता | ७४५६ | १ | ७४५७ | ० | ७४५७ |
| २११३२ | महंगी भत्ता | ५५०६१ | ५ | ५५०६६ | ० | ५५०६६ |
| २११३३ | फिल्ड भत्ता | ११२ | ० | ११२ | ० | ११२ |
| २११३४ | कर्मचारीको बैठक भत्ता | १२१३ | ३३ | १२४६ | १ | १२४७ |
| २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ११६३ | ० | ११६३ | ० | ११६३ |
| २११३६ | वैदेशिक भत्ता | ७८२८ | ० | ७८२८ | ० | ७८२८ |
| २११३९ | अन्य भत्ता | १६९७० | ४४ | १७०१४ | ० | १७०१४ |
| २११४१ | पदाधिकारी बैठक भत्ता | ३९८ | १ | ३९८ | ० | ३९८ |
| २११४२ | पदाधिकारी अन्य सुबिधा | ३५१७ | १ | ३५१८ | ० | ३५१८ |
| २११४९ | पदाधिकारी अन्य भत्ता | १६४ | ० | १६४ | ० | १६४ |
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ३५४८ | ० | ३५४८ | ० | ३५४८ |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | १०८९३ | ० | १०८९३ | ० | १०८९३ |
| २१२१४ | कर्मचारी कल्याण कोष | १२ | ० | १२ | ० | १२ |
| २१२१९ | अन्य सामाजिक सुरक्षा खर्च | १९७ | ० | १९७ | ० | १९७ |
| २१२२२ | पदाधिकारीको योगदानमा आधारित निवृतभरण तथा उपदा | १ | ० | १ | ० | १ |
| २१२२३ | पदाधिकारीको योगदानमा आधारित बीमा कोष खर्च | १८ | ० | १८ | ० | १८ |
| २२१११ | पानी तथा बिजुली | १७८८४ | ७८ | १७९६२ | ० | १७९६२ |
| २२११२ | संचार महसुल | ८३१९ | १६३ | ८४८२ | २ | ८४८४ |
| २२२११ | इन्धन (पदाधिकारी) | १११२ | १० | ११२२ | ० | ११२२ |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | २२७७६ | ५११ | २३२८७ | ४ | २३२९१ |
| २२२१३ | सवारी साधन मर्मत खर्च | १४८५७ | ४४१ | १५२९८ | ८ | १५३०६ |
| २२२१४ | वीमा तथा नवीकरण खर्च | ५७५४ | ५४ | ५८०७ | ० | ५८०७ |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ५६८२ | ८३ | ५७६५ | ३ | ५७६८ |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ४३८२ | ४४ | ४४२६ | ० | ४४२६ |
| २२२९१ | अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | १३०३ | ६ | १३०९ | ० | १३०९ |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २२३४४ | ११७४ | २३५१८ | १३० | २३६४७ |
| २२३१२ | पशुपंक्षीहरूको आहार | १६९९ | ० | १६९९ | ० | १६९९ |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | ३०८ | ६ | ३१४ | ० | ३१४ |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | १७९५ | १७ | १८१२ | ० | १८१२ |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ५८३७ | २०७ | ६०४४ | ७ | ६०५१ |
| २२३१९ | अन्य कार्यालय संचालन खर्च | १०६१ | ५० | ११११ | ० | ११११ |
| २२४११ | सेवा र परामर्श खर्च | १०३९८ | ९५९७ | १९९९५ | ५५०७ | २५५०२ |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | १२९५ | ३०४ | १५९९ | १३ | १६१२ |
| २२४१३ | करार सेवा शुल्क | ५३७५४ | ६६८ | ५४४२३ | ० | ५४४२३ |
| २२४१९ | अन्य सेवा शुल्क | ८१७२ | १०८ | ८२७९ | २४७ | ८५२६ |
| २२५११ | कर्मचारी तालिम खर्च | ६६०४ | २४७ | ६८५१ | ६५ | ६९१६ |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी | २९३१ | ७०२२ | ९९५३ | १११३ | ११०६६ |
| २२५२१ | उत्पादन सामग्री / सेवा खर्च | ९४०९ | ० | ९४०९ | ० | ९४०९ |
| २२५२२ | कार्यक्रम खर्च | ६३१११ | १२३२१ | ७५४३२ | ८३८० | ८३८१२ |

| ख.सं.नं. | खर्च शीर्षक | नेपाल सरकार | वैदेशिक सहयोग नगद | नगद जम्मा | वस्तुगत तथा सोझै भुक्तानी | कूल जम्मा |
|---|---|---|---|---|---|---|
| २२५२९ | विविध कार्यक्रम खर्च | ३७१७ | २६ | ३७४३ | ० | ३७४३ |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | ९३०१ | ६८७ | ९९८८ | ३५ | १००२३ |
| २२६१२ | भ्रमण खर्च | १०७५९ | ६९ | १०८२८ | २५ | १०८५३ |
| २२६१३ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ७८ | ० | ७८ | ० | ७८ |
| २२६१९ | अन्य भ्रमण खर्च | ५४३ | ० | ५४३ | ० | ५४३ |
| २२७११ | विविध खर्च | २३८४७ | २५९ | २४१०६ | ३ | २४१०८ |
| २४१११ | वैदेशिक ऋणको व्याज | ६२८०६ | ० | ६२८०६ | ० | ६२८०६ |
| २४२११ | आन्तरिक ऋणको व्याज | २८४६०६ | ० | २८४६०६ | ० | २८४६०६ |
| २५१११ | गैह्र वित्तीय संस्थानहरूलाई चालु सहायता | ५००३ | ४ | ५००८ | ० | ५००८ |
| २५११२ | गैह्र वित्तीय संस्थानहरूलाई पूँजीगत सहायता | ३१२८ | ३३२६ | ६४५४ | ० | ६४५४ |
| २५२११ | गैह्र वित्तीय व्यवसायहरूलाई चालु सहायता | ३१ | ९९ | १३० | ० | १३० |
| २५२१२ | गैह्र वित्तीय व्यवसायहरूलाई पूँजीगत सहायता | ९५० | ० | ९५० | ० | ९५० |
| २५३१५ | अन्य सहायता | १३३ | ० | १३३ | ० | १३३ |
| २६२११ | अन्तराष्ट्रिय सदस्यता शुल्क तथा सहयोग | २५८७ | ० | २५८७ | ० | २५८७ |
| २६३११ | स्थानीय निकाय निःशर्त चालु अनुदान | ८४३० | ० | ८४३० | ० | ८४३० |
| २६३१२ | स्थानीय निकाय सःशर्त चालु अनुदान | १४६ | २४२ | ३८८ | ० | ३८८ |
| २६३२२ | स्थानीय निकाय सःशर्त पुँजीगत अनुदान | ४०५५ | १२९६१ | १७०१६ | ० | १७०१६ |
| २६३३१ | समानिकरण अनुदान | १४५१६८३ | ० | १४५१६८३ | ० | १४५१६८३ |
| २६३३२ | शसर्त अनुदान | १८८५९२८ | ४०९६४३ | २२९५५७१ | ६४१२ | २३०१९८२ |
| २६३३३ | विषेश अनुदान | ८९४९१ | ० | ८९४९१ | ० | ८९४९१ |
| २६३३४ | समपुरक अनुदान | १०२७२४ | ० | १०२७२४ | ० | १०२७२४ |
| २६४११ | सरकारी निकाय, समिति एवं बोर्डहरूलाई निःशर्त चालु अ | ३०६५८ | ० | ३०६५८ | ४२ | ३०७०० |
| २६४१२ | सरकारी निकाय, समिति एवं बोर्डहरूलाई सःसर्त चालु अ | २१८५२५ | १७५२३८ | ३९३७६२ | ६०६ | ३९४३६९ |
| २६४१३ | अन्य संस्थालाई अनुदान‘ सःशर्त | ४००२४ | २७४९६ | ६७५२० | २६०९ | ७०१२९ |
| २६४२१ | सरकारी निकाय, समिति, बोर्ड — पुँजीगत निःशर्त अनुदान | ७००७३ | ० | ७००७३ | ० | ७००७३ |
| २६४२२ | सरकारी निकाय, समिति, बोर्ड — पुजिगत सःशर्त अनुदान | १४७८०३ | ३१७०७ | १७९५१० | ४५९२ | १८४१०२ |
| २६४२३ | अन्य संस्थालाई सःशर्त पुँजीगत अनुदान | १०८५४१ | १२१२२९ | २२९७७० | ० | २२९७७० |
| २७१११ | सामाजिक सुरक्षा | ७००३६८ | ० | ७००३६८ | ० | ७००३६८ |
| २७११२ | अन्य सामाजिक सुरक्षा | ५१९६ | ७३५४१ | ७८७३८ | ० | ७८७३८ |
| २७२११ | छात्रवृत्ति | ५३३२ | १३०५ | ६६३७ | ० | ६६३७ |
| २७२१२ | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १४७३ | ० | १४७३ | ० | १४७३ |
| २७२१३ | औषधी खरिद खर्च | १३६५८ | ५४९७२ | ६८६३० | १६९८७ | ८५६१७ |
| २७३११ | निवृत्ति भरण तथा अशक्त वृत्ति | ५५८६९० | ० | ५५८६९० | ० | ५५८६९० |
| २७३१२ | उपदान | ५९९० | ३३ | ६०२३ | ० | ६०२३ |
| २७३१३ | सेवा निवृत्तको संचित विदा | ५३६७० | ८ | ५३६७८ | ० | ५३६७८ |
| २७३१४ | सेवा निवृत्तको औषधी उपचार | ७३५८३ | ० | ७३५८३ | ० | ७३५८३ |
| २७३१५ | मृत कर्मचारीको सुविधा तथा सहायता | ११७ | ० | ११७ | ० | ११७ |
| २८१४१ | जग्गाको भाडा | ७२ | ० | ७२ | ० | ७२ |
| २८१४२ | घर भाडा | १९९१३ | ५३८ | २०४५१ | २२ | २०४७३ |
| २८१४३ | सवारी साधन तथा मेशिनर औजार भाडा | ८१८ | ११९ | ९३७ | ० | ९३७ |
| २८१४९ | अन्य भाडा | ४०४ | २ | ४०६ | ० | ४०६ |
| २८२११ | राजस्व फिर्ता | ५२४ | ० | ५२४ | ० | ५२४ |
| २८२१२ | न्यायिक फिर्ता | ३५१ | ० | ३५१ | ० | ३५१ |
| २८२१९ | अन्य फिर्ता | १ | ० | १ | ० | १ |
| २८९११ | भैपरी आउने चालु खर्च | ० | ० | ० | ० | ० |
| ३११११ | आवासिय भवन निर्माण/खरिद | २०५ | ० | २०५ | ० | २०५ |
| ३१११२ | गैर आवासीय भवन निर्माण/खरिद | २९५१३७ | १७२६०९ | ४६७७४६ | ३७९४ | ४७१५४० |
| ३१११३ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | १०४ | ९ | ११३ | ० | ११३ |

| ख.सं.नं. | खर्च शीर्षक | नेपाल सरकार | वैदेशिक सहयोग नगद | नगद जम्मा | वस्तुगत तथा सोझै भुक्तानी | कूल जम्मा |
|---|---|---|---|---|---|---|
| ३१११४ | जग्गा बिकास कार्य | ३० | ० | ३० | ० | ३० |
| ३११२१ | सवारी साधन | ११०३७ | १२६७ | १२३०४ | १२१८ | १३५२२ |
| ३११२२ | मेशिनरी तथा औजार | ८२७९७ | १०३७४ | ९३१७१ | ८३५६ | १०१५२७ |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | ९०८५ | ८६७ | ९९५३ | २ | ९९५५ |
| ३११३१ | पशुधन तथा बागवानी विकास खर्च | ८१ | २१ | १०१ | ० | १०१ |
| ३११३२ | अनुसन्धान तथा विकास सम्बन्धि खर्च | १३९ | १६९ | ३०९ | ० | ३०९ |
| ३११३४ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ६२६७ | ४६८ | ६७३५ | ११८९ | ७९२४ |
| ३११३५ | पूंजीगत परामर्श | १०९५ | ० | १०९५ | ० | १०९५ |
| ३११४१ | सुरक्षा प्रणाली तथा उपकरण प्राप्ति खर्च | २०३७४ | ० | २०३७४ | ० | २०३७४ |
| ३११५१ | सडक तथा पूल निर्माण | ५४७६०८ | ३११८६० | ८५९४६९ | ६६६१७ | ९२६०८६ |
| ३११५२ | रेलमार्ग तथा हवाई मैदान निर्माण | ८१७७ | ३११२१ | ३९२९८ | ० | ३९२९८ |
| ३११५३ | विद्युत संरचना निर्माण | ३०९ | ० | ३०९ | ० | ३०९ |
| ३११५४ | तटबन्ध तथा बाँध निर्माण | ६७२६० | ९५१४ | ७६७७३ | ३७१ | ७७१४४ |
| ३११५५ | सिंचाई संरचना निर्माण | ५२८१६ | ४१९६० | ९४७७६ | ० | ९४७७६ |
| ३११५६ | खानेपानी संरचना निर्माण | ७२९७२ | १७२४० | ९०२१२ | ६६६० | ९६८७२ |
| ३११५७ | वन तथा वातावरण संरक्षण | ८७२६ | २६७२ | ११३९८ | १५ | ११४१३ |
| ३११५८ | सरसफाई संरचना निर्माण | १९०४५ | १२०७ | २०२५३ | ६६७८ | २६९३० |
| ३११५९ | अन्य सार्वजनिक निर्माण | १७२८७३ | १२७७२ | १८५६४५ | ० | १८५६४५ |
| ३११६१ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | ४४९७ | ५४० | ५०३७ | ० | ५०३७ |
| ३११७१ | पूँजीगत सुधार खर्च सार्वजनिक निर्माण | ३०४२९ | १६८९ | ३२११८ | ० | ३२११८ |
| ३११७२ | पूँजीगत अनुसन्धान तथा परामर्श | ४६०५२ | १६१८५ | ६२२३७ | १६०२१ | ७८२५८ |
| ३१४११ | जग्गा प्राप्ति खर्च | ६७९६४ | १९९७० | ८७९३४ | ० | ८७९३४ |
| ३१४४१ | करार लीज तथा लाइसेन्स खरिद प्राप्ति खर्च | ५ | ३ | ८ | ० | ८ |
| ३१५११ | भैपरी आउने पूँजीगत | ८ | ५७ | ६५ | ० | ६५ |
| ३२१४२ | सार्वजनिक संस्थानमा ऋण लगानी | १०८३८१ | ५१२१६ | १५९५९७ | १८४६५३ | ३४४२५० |
| ३२१५१ | संस्थानमा शेयर लगानी | १४५४४५ | १०२००० | २४७४४५ | २०३११ | २६७७५६ |
| ३२२५१ | वैदेशिक शेयर लगानी | १९१७ | ० | १९१७ | ० | १९१७ |
| ३३१९५ | ऋणपत्र मार्फत प्राप्त ऋण साँवा भुक्तानी | ३६९०११ | ० | ३६९०११ | ० | ३६९०११ |
| ३३२४२ | वैदेशिक ऋण सांवा भुक्तानी | २३३२९२ | ० | २३३२९२ | ० | २३३२९२ |
| | **जम्मा** | **९८५०५५४** | **१७५२७८०** | **११६०३३३४** | **३६२६९६** | **११९६६०३०** |

स्रोतः LMBIS/महालेखा नियन्त्रक कार्यालय

## आर्थिक वर्ष २०७७/७८ को नेपाल सरकार र बैदेशिक स्रोत तर्फको खर्चको विवरण

रू.लाखमा

| ख.सं.नं. | विवरण | जम्मा खर्च | नेपाल सरकार | नगद अनुदान | सोझै भुक्तानी अनुदान | सोधभर्ना हुने अनुदान | बस्तुगत सहायता | जम्मा अनुदान | नगद ऋण | सोझै भुक्तानी ऋण | सोधभर्ना हुने ऋण | जम्मा ऋण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २१११११ | पारिश्रमिक कर्मचारी | ९१३१०७ | ९१२८२१ | | | १४८ | | १४८ | | | १३७ | १३७ |
| २१११२ | पारिश्रमिक पदाधिकारी | ११२६५ | ११२६५ | | | | | ० | | | | ० |
| २११२१ | पोशाक | २३६२९ | २३६२७ | | | ० | | ० | | | २ | २ |
| २११२२ | खाद्यान्न | १३१८०० | १३१८०० | | | | | ० | | | | ० |
| २११२३ | औषधी उपचार खर्च | २८४० | २८३५ | | | २ | | २ | | | ३ | ३ |
| २११३१ | स्थानीय भत्ता | ७४५७ | ७४५६ | | | | | ० | | | १ | १ |
| २११३२ | महंगी भत्ता | ५५०६६ | ५५०६१ | | | ० | | ० | | | ४ | ४ |
| २११३३ | फिल्ड भत्ता | ११२ | ११२ | | | | | ० | | | | ० |
| २११३४ | कर्मचारीको बैठक भत्ता | १२४७ | १२१३ | | १ | २२ | | २४ | ३ | | ७ | १० |
| २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ११६३ | ११६३ | | | ० | | ० | | | | ० |
| २११३६ | वैदेशिक भत्ता | ७८२८ | ७८२८ | | | | | ० | | | | ० |
| २११३९ | अन्य भत्ता | १७०१४ | १६९७० | | | ३९ | | ३९ | | | ५ | ५ |
| २११४१ | पदाधिकारी बैठक भत्ता | ३९८ | ३९८ | | | ० | | ० | | | ० | ० |
| २११४२ | पदाधिकारी अन्य सुबिधा | ३५१८ | ३५१७ | | | ० | | ० | | | ० | ० |
| २११४९ | पदाधिकारी अन्य भत्ता | १६४ | १६४ | | | ० | | ० | | | ० | ० |
| २१२१२ | योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ३५४८ | ३५४८ | | | | | ० | | | | ० |
| २१२१३ | योगदानमा आधारित बीमा कोष खर्च | १०८९३ | १०८९३ | | | ० | | ० | | | ० | ० |
| २१२१४ | कर्मचारी कल्याण कोष | १२ | १२ | | | | | ० | | | | ० |
| २१२१९ | अन्य सामाजिक सुरक्षा खर्च | १९७ | १९७ | | | | | ० | | | | ० |
| २१२२२ | पदाधिकारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | १ | १ | | | | | ० | | | | ० |
| २१२२३ | पदाधिकारीको योगदानमा आधारित बीमा कोष खर्च | १८ | १८ | | | | | ० | | | | ० |
| २२१११ | पानी तथा बिजुली | १७९६२ | १७८८४ | ० | | १७ | | १७ | | | ६१ | ६१ |
| २२११२ | संचार महसुल | ८४८४ | ८३१९ | ० | २ | ५१ | | ५३ | ३ | | १०९ | ११२ |
| २२२११ | इन्धन (पदाधिकारी) | ११२२ | १११२ | | | १० | | १० | | | ० | ० |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | २३२९१ | २२७७६ | १ | ४ | १३८ | | १४२ | | | ३७३ | ३७३ |
| २२२१३ | सवारी साधन मर्मत खर्च | १५३०६ | १४८५७ | ६ | ८ | १२९ | | १४३ | | | ३०६ | ३०६ |
| २२२१४ | वीमा तथा नवीकरण खर्च | ५८०७ | ५७५४ | १ | | २६ | | २७ | | | २६ | २६ |
| २२२२१ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ५७६८ | ५६८२ | | ३ | ३९ | | ४२ | | | ४३ | ४३ |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ४४२६ | ४३८२ | | | ८ | | ८ | | | ३५ | ३५ |

| ख.सं.नं. | विवरण | जम्मा खर्च | नेपाल सरकार | नगद अनुदान | सोझै भुक्तानी अनुदान | सोधभर्ना हुने अनुदान | बस्तुगत सहायता | जम्मा अनुदान | नगद ऋण | सोझै भुक्तानी ऋण | सोधभर्ना हुने ऋण | जम्मा ऋण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २२२९१ | अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | १३०९ | १३०३ | | | २ | | २ | | | ४ | ४ |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | २३६४७ | २२३४४ | ३४ | १३० | ४०४ | | ५६७ | ५३ | | ६८३ | ७३६ |
| २२३१२ | पशुपंक्षीहरूको आहार | १६९९ | १६९९ | | | | | ० | | | | ० |
| २२३१३ | पुस्तक तथा सामग्री  खर्च | ३१४ | ३०८ | | | ३ | | ३ | | | ४ | ४ |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | १८१२ | १७९५ | | ० | ७ | | ७ | | | १० | १० |
| २२३१५ | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ६०५१ | ५८३७ | | ७ | ५५ | | ६२ | १ | | १५० | १५२ |
| २२३१९ | अन्य कार्यालय संचालन खर्च | ११११ | १०६१ | | | ४९ | | ४९ | | | १ | १ |
| २२४११ | सेवा र परामर्श खर्च | २५५०२ | १०३९८ | २३ | ५५०७ | १९६७ | | ७४९६ | | | ७६०७ | ७६०७ |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | १६१२ | १२९५ | १७ | १३ | ८ | | ३९ | २७३ | | ६ | २७९ |
| २२४१३ | करार सेवा शुल्क | ५४४२३ | ५३७५४ | १ | | २०८ | | २०९ | २९ | | ४३० | ४५९ |
| २२४१९ | अन्य सेवा शुल्क | ८५२६ | ८१७२ | | २४७ | ७५ | | ३२२ | | | ३२ | ३२ |
| २२५११ | कर्मचारी तालिम खर्च | ६९१६ | ६६०४ | | ६५ | २१० | | २७५ | २२ | | १५ | ३८ |
| २२५१२ | सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी  खर्च | ११०६६ | २९३१ | | १११३ | ५४८ | | १६६० | | | ६४७५ | ६४७५ |
| २२५२१ | उत्पादन सामग्री / सेवा खर्च | ९४०९ | ९४०९ | | | | | ० | | | | ० |
| २२५२२ | कार्यक्रम खर्च | ८३८१२ | ६३१११ | ६५५ | ५१५५ | ६१९० | ३१०५ | १५१०६ | ३५८ | १२० | ५११७ | ५५९५ |
| २२५२९ | विविध कार्यक्रम खर्च | ३७४३ | ३७१७ | | | २३ | | २३ | | | २ | २ |
| २२६११ | अनुगमन, मूल्यांकन खर्च | १००२३ | ९३०१ | २ | ३५ | ३३६ | | ३७३ | ३ | | ३४६ | ३४९ |
| २२६१२ | भ्रमण खर्च | १०८५३ | १०७५९ | १ | २५ | ३१ | | ५७ | | | ३८ | ३८ |
| २२६१३ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ७८ | ७८ | | | | | ० | | | | ० |
| २२६१९ | अन्य भ्रमण खर्च | ५४३ | ५४३ | | | | | ० | | | | ० |
| २२७११ | विविध खर्च | २४१०८ | २३८४७ | | ३ | ९१ | | ९४ | ६ | | १६२ | १६८ |
| २४१११ | वैदेशिक ऋणको व्याज | ६२८०६ | ६२८०६ | | | | | ० | | | | ० |
| २४२११ | आन्तरिक ऋणको व्याज | २८४६०६ | २८४६०६ | | | | | ० | | | | ० |
| २५१११ | गैह्र वित्तीय संस्थानहरूलाई चालु सहायता | ५००८ | ५००३ | | | | | ० | | | ४ | ४ |
| २५११२ | गैह्र वित्तीय संस्थानहरूलाई पूँजीगत सहायता | ६४५४ | ३१२८ | | | | | ० | ३३२६ | | | ३३२६ |
| २५२११ | गैह्र वित्तीय व्यवसायहरूलाई चालु सहायता | १३० | ३१ | | | ८२ | | ८२ | | | १७ | १७ |
| २५२१२ | गैह्र वित्तीय व्यवसायहरूलाई पूँजीगत सहायता | ९५० | ९५० | | | | | ० | | | | ० |
| २५३१५ | अन्य सहायता | १३३ | १३३ | | | | | ० | | | | ० |
| २६२११ | अन्तराष्ट्रिय सदस्यता शुल्क तथा सहयोग | २५८७ | २५८७ | | | | | ० | | | | ० |
| २६३११ | स्थानीय निकाय निःशर्त चालु अनुदान | ८४३० | ८४३० | | | | | ० | | | | ० |
| २६३१२ | स्थानीय निकाय सःशर्त चालु अनुदान | ३८८ | १४६ | | | | | ० | | | २४२ | २४२ |
| २६३२२ | स्थानीय निकाय सःशर्त पुँजीगत अनुदान | १७०१६ | ४०५५ | | | | | ० | | | १२९६१ | १२९६१ |
| २६३३१ | समानिकरण अनुदान | १४५१६८३ | १४५१६८३ | | | | | ० | | | | ० |

| ख.सं.नं. | विवरण | जम्मा खर्च | नेपाल सरकार | नगद अनुदान | सोझै भुक्तानी अनुदान | सोधभर्ना हुने अनुदान | बस्तुगत सहायता | जम्मा अनुदान | नगद ऋण | सोझै भुक्तानी ऋण | सोधभर्ना हुने ऋण | जम्मा ऋण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २६३३२ | शसर्त अनुदान | २३०१९८२ | १८८५९२८ | १३९७४ | ६३६२ | ७८९४३ | | ९९२७९ | १५५७६८ | ५० | १६०९५८ | ३१६७७६ |
| २६३३३ | विषेश अनुदान | ८९४९१ | ८९४९१ | | | | | ० | | | | ० |
| २६३३४ | समपुरक अनुदान | १०२७२४ | १०२७२४ | | | | | ० | | | | ० |
| २६४११ | सरकारी निकाय, समिति एवं बोर्डहरूलाई निःशर्त चालु अनुदान | ३०७०० | ३०६५८ | | ४२ | | | ४२ | | | | ० |
| २६४१२ | सरकारी निकाय, समिति एवं बोर्डहरूलाई सःसर्त चालु अनुदान | ३९४३६९ | २१८५२५ | ५१३४० | ६०६ | १९७ | | ५२१४३ | ११८१६९ | | ५५३२ | १२३७०१ |
| २६४१३ | अन्य संस्थालाई अनुदान‘ सःशर्त | ७०१२९ | ४००२४ | ९७७४ | २६०९ | ३५९७ | | १५९७९ | १४००० | | १२६ | १४१२६ |
| २६४२१ | सरकारी निकाय, समिति, बोर्ड — पुँजीगत निःशर्त अनुदान | ७००७३ | ७००७३ | | | | | ० | | | | ० |
| २६४२२ | सरकारी निकाय, समिति, बोर्ड — पुजिगत सःशर्त अनुदान | १८४१०२ | १४७८०३ | | ४५९२ | २२२९ | | ६८२१ | २३३७२ | | ६१०६ | २९४७८ |
| २६४२३ | अन्य संस्थालाई सःशर्त पुँजीगत अनुदान | २२९७७० | १०८५४१ | | | ७८ | | ७८ | २०००३ | | १०११४८ | १२११५२ |
| २७१११ | सामाजिक सुरक्षा | ७००३६८ | ७००३६८ | | | | | ० | | | | ० |
| २७११२ | अन्य सामाजिक सुरक्षा | ७८७३८ | ५१९६ | ५५७ | | | | ५५७ | ७२९८५ | | | ७२९८५ |
| २७२११ | छात्रवृत्ति | ६६३७ | ५३३२ | | | १८३ | | १८३ | | | ११२१ | ११२१ |
| २७२१२ | उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १४७३ | १४७३ | | | | | ० | | | | ० |
| २७२१३ | औषधी खरिद खर्च | ८५६१७ | १३६५८ | ३३४९९ | | ८०३२ | १४०१५ | ५५५४६ | १००४८ | २९७२ | ३३९३ | १६४१३ |
| २७३११ | निवृत्ति भरण तथा अशक्त वृत्ति | ५५८६९० | ५५८६९० | | | | | ० | | | | ० |
| २७३१२ | उपदान | ६०२३ | ५९९० | | | १५ | | १५ | | | १८ | १८ |
| २७३१३ | सेवा निवृत्तको संचित विदा | ५३६७८ | ५३६७० | | | ४ | | ४ | | | ४ | ४ |
| २७३१४ | सेवा निवृत्तको औषधी उपचार | ७३५८३ | ७३५८३ | | | | | ० | | | | ० |
| २७३१५ | मृत कर्मचारीको सुविधा तथा सहायता | ११७ | ११७ | | | | | ० | | | | ० |
